श्री बादरायण-विरचित

ब्रह्मसूत्रम्

(भावबोधक टीका एवं नेपाली अनुवाद सहित)

अनुवादक

डा. प्रसन्न चन्द्र गौतम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री बादरायण–विरचित

ब्रह्मसूत्रम्

(भावबोधक टीका एवं नेपाली अनुवाद सहित)

अनुवादक

डा. प्रसन्न चन्द्र गौतम

प्रकाशक

कुलचन्द्र गौतम स्मृति संस्था

गैह्रीधारा, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुस्तक : **ब्रह्मसूत्रम् (भावबोधक टीका एवं नेपाली अनुवाद सहित)**

प्रकाशक : कुलचन्द्र गौतम स्मृति संस्था
गैह्रीधारा, काठमाडौं
फोन नं. ०१–४४१०८२७
Email : info@kgssnepal.org
Website: www.kgssnepal.org

अनुवादक : डा. प्रसन्न चन्द्र गौतम

संस्करण : प्रथम संस्करण (२०७८ भाद्र) ५०० प्रति

सर्वाधिकार © : डा. प्रसन्न चन्द्र गौतम

मूल्य : रू. ३९९।–

कम्प्युटर : रामसुन्दर हुमागाईं
पुतलीसडक, काठमाडौं, ९८५१०७४५२०

मुद्रण : एक्सिस प्रिन्टर्स प्रा. लि.
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ०१–५५३६८६१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रस्तावना

विश्वव्यापीकोभिडको महामारीबाट जोगिन आफ्नै घरमा बन्दी झैं बस्नु परेको हामी सबैले अनुभव गरिरहेका छौं । यो परिस्थितिमा गतवर्ष म पनि पढ्ने कोठामा थुप्रिएका खेस्रा तथा विभिन्न पुस्तक र सन्दर्भ सामग्रीहरू मिलाइरहेको थिएँ । स्वाध्यायनका क्रममा थुप्रिएका तिनै सामग्रीहरूमा जगद्गुरु श्रीशङ्कराचार्यको भाष्य पनि भेटें।

ऋग्वेदको अनुवाद गर्ने क्रममा १५ वर्ष अगाडि मैले सो भाष्य एकसरो अध्ययन गरेको थिएँ तर गहिरिएर मनन गर्ने आवश्यकता परेको थिएन । त्यसैले यो अवधिमा श्री बादरायणको 'वेदान्त सूत्र' आत्मज्ञानका लागि पुनः पढ्न सुरु गरें । यो अत्यन्तै कठिन रचना रहेछ । यसको विस्तृत अध्ययनको निम्ति वेदका ऋचा, गीताका श्लोक, आरण्यक, उपनिषद् र समस्त प्राचीन दर्शनहरू समेतको सहायता लिनुपर्दो रहेछ । यी ग्रन्थहरूमा दिनको १०।१२ घण्टा रमाउँदा घरभित्रै बन्दी हुनुपरेको अनुभूति पनि भएन ।

एक पाश्चात्य दार्शनिकले भनेका छन् "यदि कुनै ग्रन्थको अध्ययन गर्नुछ भने त्यसलाई आफ्नो मातृभाषामा अनुवाद गरेर त्यसबारे अरूलाई बताउने प्रयास गर्नुपर्दछ ।" यही उपदेशलाई आत्मसात् गरी 'ब्रह्मसूत्र'को नेपालीमा अनुवाद गरेको हुँ ।

यसको रचना मुनि बादरायणले ईशा पूर्व १२०० तिर गर्नुभएको मानिन्छ । ईश्वी ८०० तिर शङ्कराचार्यले यसको भाष्य लेख्नु भएको थियो । यसलाई ४ खण्ड, प्रत्येक खण्डमा ४ अध्याय र त्यसपछि अधिकरण गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयवस्तुको प्रस्तुति बादरायणकै हो अथवा शङ्कराचार्यको भन्ने बारे मतैक्य छैन।

ब्रह्म सूत्रको अध्ययनका निमित्त प्राचीन संस्कृत साहित्यको केही ज्ञान हुनु आवश्यक छ । यो परिशिष्टमा सङ्क्षिप्त रूपले दिइएको छ । बादरायणलाई वेदव्यास भनेर शङ्कराचार्यले किटान गर्नुभएको पाइन्न । सूत्रहरूमा गीता, महाभारत, जैमिनि, इत्यादि र पछि निस्केका दार्शनिक विचारहरू पनि देखिएकाले ब्रह्मसूत्रलाई ईशापूर्व १२०० तिरको रचना भन्ने मान्यता दिइनुलाई विज्ञानपरक मान्न सकिँदैन । वेदव्यासको आश्रम दमौली (तनहुँ जिल्ला, नेपाल) मा भएको मानिन्छ। बदरीनाथमा पनि उहाँको आश्रम थियो कि भन्ने बारेमा अहिलेसम्म केही प्रमाण पाइएको छैन।

शङ्कराचार्यको भाष्यलाई धेरै समयसम्म पूर्ण मान्यता प्राप्त थियो तर ईशाको १०/११ शताब्दीदेखि यसमा प्रश्न उठ्न थाले । रामानुजाचार्य (ई १०/११), निम्बार्क (ई १२), माध्वाचार्य (ई १३), बल्लभाचार्य (ई १५) आदिले शंङ्कराचार्यको अद्वैतवाद र कर्मकाण्ड प्रतिको आस्थालाई खण्डन गर्दै द्वैतवाद, द्वैताद्वैतवाद र शुद्धाद्वैतवादको धारणा प्रस्तुत गर्न थाले। शङ्कराचार्यकै भाष्यलाई बढी मान्यता दिएर ईशापूर्व १८/१९ ताका पाश्चात्य विद्वान्हरू जस्तै विल्सन, डिउसन, म्याक्समूलर इत्यादिले आफ्नै तरिकाले भाष्य प्रस्तुत गरेका छन्।

बादरायणको समयसम्ममा भारतवर्षमा वेदको कर्मकाण्ड पक्षले ठूलो प्रभुत्व पाइसकेको बुझिन्छ। विशुद्ध वर्णाश्रमको ह्रास भएर पैत्रिक जाति प्रथा, अत्यधिक पूजापाठ, पशुबलि, अधिकारी वा अनधिकारीको विभाजन हुन थालिसकेको थियो । सयकडौं ब्राह्मण ग्रन्थहरू र आरण्यकलाई श्रुति भनेर वेदमन्त्र सरह मान्यता दिई समाजलाई अनभिज्ञ राख्ने र अन्धविश्वास फैलाउने परम्परा व्यवस्थित हुन थालेको थियो।

आरण्यकबाट फुटेर धेरै उपनिषद्हरूको रचना भैसकेको थियो। यी उपनिषद्हरूको प्रादुर्भाव हुँदा जीवात्मा, ब्रह्म, आत्मा, पुनर्जन्म, जीवनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उद्देश्य इत्यादि बारे आफ्नो आफ्नो धारणा राखेर शिक्षा दिने प्रथा पनि बसिसकेको पाइन्छ । न्याय, वैशेषिक, मीमांसा, साङ्ख्य, लोकायत, तन्त्र, एकात्मवाद र अनेकात्मवाद इत्यादि दार्शनिक विचारहरूको प्रादुर्भाव भैसकेको थियो भन्ने बुझिन्छ।

यी सबैलाई हेर्दा त्यस समयमा भारतवर्षमा अत्यन्तै महत्त्वपूर्ण बौद्धिक पुनर्जागरण भएको देखिन्छ । त्यसैले महावीरबाट जैन सम्प्रदाय र सिद्धार्थ गौतमबाट बौद्ध दर्शन / सम्प्रदाय प्रतिपादित भयो। भारतवर्षमा विदेशीहरूको आक्रमण पनि हुन थाल्यो । पतञ्जलिको योगसूत्र, जैमिनिको पूर्व मीमांसा इत्यादि निस्के । तन्त्रले महत्त्व प्राप्त गर्न सुरु गर्यो । यी सबैले गर्दा शङ्कराचार्यले कर्मकाण्डलाई बढी प्राथमिकता दिंदै चारवटा धाम स्थापना गरेर शङ्करभाष्य लेख्नुभयो। जसमा उहाँले ब्राह्मण ग्रन्थहरू, उपनिषद् र आरण्यक सबैलाई वेदमन्त्रको मान्यता दिनुभएको छ। त्यसैले 'शब्द', 'श्रुति', 'स्मृति' र 'शास्त्र' लाई उहाँले वेदको दर्जा दिनुभएको छ र 'प्रमाण' मान्नु भएको छ जुन वेद विपरीत हो। सम्पूर्ण भाष्यमा केवल ऋग्वेदको यम सूक्त बाहेक अरु कुनै मन्त्र (श्रुति) पाइन्न।

सूत्र रचनाको परम्परामा एउटै सूत्रमा शिष्यको प्रश्न वा संशय र गुरुको उत्तर वा समाधान इङ्गित गरिएको हुन्छ भन्ने जान्नु आवश्यक छ। वाक्य पूर्ण नहुँदा सूत्रलाई व्याख्या गर्नुपर्ने हुन्छ । त्यसैले सूत्रलाई व्याख्या गर्दा विद्वान्हरूमा मतैक्यता पाइन्न। कति अवस्थामा त अर्थको अनर्थ गरेको पाइन्छ। स्वामी गम्भीरानन्दज्यूले अंग्रेजीमा गर्नुभएको अनुवादमा क्लिष्ट संस्कृत शब्दहरूको सही अर्थ लगाउन रत्नप्रभा, न्याय निर्णय तथा भामतीको समेत सहायता लिनु भएको हुनाले त्यस्ता शब्दहरूलाई उहाँकै किटान अनुसार लिएको छु।

अध्ययन कै क्रममा मैले परस्पर विरोधी व्याख्याहरू भएको पनि पाएँ तर प्रत्येक सूत्रको अलग्गै अर्थ नगरेर त्यसको अगाडि र पछाडि आउने सूत्रहरूलाई पनि विषय अनुसार समावेश गरी तिनकै शब्दहरूभित्र रहेर अर्थ गर्न सके सही अर्थ थाहा पाउन सकिने रहेछ । मैले त्यही पद्धतिअनुसार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावानुवाद गरेको छु । सकेसम्म कम टिप्पणी गर्दै सान्दर्भिक मन्त्रहरू पनि उल्लेख गरेको छु, जुन परिशिष्टमा दिइएका छन् ।

नयाँ तरिकाले रचना गरिएको यो प्रस्तुतिमा मैले आवश्यक प्रमाण तथा स्रोतको रूपमा उपयोग गरेका सम्पूर्ण मन्त्र, श्लोक र तिनका सन्दर्भ, तिनका भावानुवाद र प्राचीन पूर्वीय दर्शन आदिको पनि संक्षिप्त परिचय टिपोट संलग्न गरी परिशिष्ट समेत तयार गरेको छु । यसले पाठक वर्गलाई निश्चय नै केही सहजता प्रदान गर्नेछ ।

श्री शाङ्करभाष्यलाई नै अकाट्य प्रमाण मान्ने पूर्व प्रकाशनहरू भन्दा यो सामग्रीको प्रस्तुति फरक छ । यसको कारण ममा रहेको अज्ञानता पनि हुनसक्छ तर गत १५।२० वर्षदेखि मैले प्राचीन संस्कृत वाङ्मयको स्वाध्याय प्राचीन विशुद्ध आन्वीक्षिकी सिद्धान्त अनुसार गरेको हुनाले यो मौलिक रचना तपाइँ समक्ष प्रस्तुत गर्ने साहस गरेको छु । स्मरण रहोस्, यसै आन्वीक्षिकी पद्धतिबाट पूर्वीय दर्शन निस्किएको हो र यसैलाई आज "वैज्ञानिक अनुसन्धानमूलक अध्ययन" भनिन्छ ।

प्राचीन संस्कृत वाङ्मय हामी सबैको धरोहर हो । जीविकोपार्जनको बाध्यताले गर्दा परम्परागत एवं शास्त्रीय तरिकाले श्लोक र मन्त्रहरू कण्ठस्थ गर्ने अवसर प्राप्त गर्नबाट वञ्चित भएका जिज्ञासुहरूले पनि यस्ता अमूल्य निधिमा रहेको ज्ञान सजिलैसँग प्राप्त गर्न सकुन् भन्ने उद्देश्य लिएर यो रचना यहाँहरू समक्ष प्रस्तुत गरेको छु । यसबारे विज्ञ पाठकवर्गबाट अमूल्य सुझाव र स्वस्थ टिप्पणी प्राप्त हुने अपेक्षा गर्दछु ।

विनीत,

डा. प्रसन्न चन्द्र गौतम

एवरडिन, संयुक्त अधिराज्य बेलायत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृतज्ञता ज्ञापन

यो सामग्री तयारी गर्ने क्रममा मलाई धेरै महानुभावहरूबाट साथ, सहयोग र हौसला बढाउने अभिव्यक्तिहरू प्राप्त भएका छन् । त्यस क्रममा उल्लेखनीय सहयोग गर्ने निम्न व्यक्तिहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

सर्वप्रथम विद्यार्थी पुस्तक भण्डारका अध्यक्ष श्री शान्त गौतमबाट प्राप्त चौतर्फी सहयोगका निम्ति उहाँप्रति अत्यन्तै आभारी छु ।यो पाण्डुलिपिको पहिलो खेस्रा टाइप गरिदिनुहुने एवरडीन विश्वविद्यालयमा अध्ययनरत श्रीमाधवप्रसाद घिमिरे र दोस्रो खेस्रा पुनः टाइप गरी पुस्तकाकारमा फरम्याट गरेर प्रेसमा पठाउन योग्य बनाइदिनुहुने श्री रामसुन्दर हुमागाईं दुबै जनालाई विशेष धन्यवाद दिन्छु। त्यस्तै भाषा सच्याई शुद्धाशुद्धिसमेत अत्यन्तै सूक्ष्म दृष्टिले हेरिदिनुभएकोमा श्री ठमनाथ घिमिरेप्रति अत्यन्तै आभारी छु।

यो पाण्डुलिपीमा देखिएका संस्कृति व्याकरण तथा नेपाली लेखनशैलीलाई समेत शुद्ध तरिकाले परिमार्जन गरिदिनु भएकोमा म प्रा.डा. श्री काशीनाथ न्यौपाने तथा उहाँका सहयोगी डा. विपिन शर्मा एवम् श्रद्धा शर्माप्रति अत्यन्तै कृतज्ञ छु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री कुलचन्द्र गौतम स्मृति संस्थाका अध्यक्ष एवं वरिष्ठ अधिवक्ता श्रीरामप्रसाद गौतम र त्यस संस्थाकी महासचिव श्रीमती उषा गौतमज्यूप्रति यो पुस्तक प्रकाशन गर्ने व्यवस्था मिलाइदिनुभएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय सूची

प्रथम अध्याय

पहिलो पाउः समन्वयात्मक विवेचनाद्वारा सहमति

	विषयहरू	सूत्र संख्या	पृष्ठ
१.	ब्रह्म परिचय	१ – २७	१
२.	इन्द्रद्वारा प्रतर्दनलाई उपदेश	२८ – ३१	७

दोस्रो पाउ : अप्रत्यक्ष प्रमाणहरू

१.	सर्वव्यापी, सर्वहारा ब्रह्म	१ – १०	९
२.	हृदय र आँखा भित्र रहने प्रभु	११ – १७	१२
३.	आन्तरिक शासक	१८ – २०	१४
४.	अदृश्य	२१ – २३	१५
५.	ब्रह्माण्डीय पुरुषः वैश्वानर	२४ – ३२	१५

तेस्रो पाउ : विश्वको आधार नै ब्रह्म

१.	वासस्थान	१ – ७	१८
२.	भूमा नै ब्रह्म हो	८	२०
३.	ॐ अक्षर नै ब्रह्म हो	९ – १३	२०
४.	सूक्ष्मरूप	१४ – २१	२१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५.	तेजस्वी	२२	२३
६.	नापिएको	२४ – २५	२३
७.	देवताहरू	२६ – ३३	२४
८.	शूद्रवर्जित	३४ – ३८	२७
९.	ज्योर्तिमय, आकाश	३९ – ४१	२८
१०.	सुषुप्त अवस्था	४२ – ४३	२९

चौथो पाउ : प्रधान र ब्रह्म एउटै होइनन्

१.	तर्कसम्मत	१ – ७	३०
२.	चमसमा (कचौरामा)	८ – १०	३१
३.	संख्यामूलक	११ – १३	३२
४.	प्रथम कारण	१४ – १५	३३
५.	वालाकि–अजातशत्रु सम्वाद	१६ – १८	३४
६.	सन्दर्भ	१९ – २२	३५
७.	भौतिक पदार्थको श्रोत	२३ – २८	३६

द्वितीय अध्याय

पहिलो पाउ : सांख्य तथा वैशेषिक दर्शनहरूको खण्डन

१.	स्मृति	१ – २	३८
२.	योग	३	३९
३.	प्रकृति	४ – ११	३९
४.	विद्वान्	१२	४१
५.	ब्रह्मानुभव	१३	४२
६.	कर्ता र कारण	१४ – २०	४२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७.	सत्कर्म तथा दुष्कर्म	२१ – २३	४४
८.	सामग्री सहित सृजना	२४ – ३१	४५
९.	पूर्णतया रूपान्तरण	३२ – ३६	४६
१०.	सर्वशक्तिमान् मायावी	३७	४७
११.	उद्देश्यहीन		४७
१२.	सर्वगुण सम्पन्न		४९

दोस्रो पाउ : सांख्य, वैशेषिक, बौद्ध, जैन, दर्शनको खण्डन तथा ईश्वर

१.	सांख्य दर्शनको खण्डन	१ – १०	५०
२.	वैशेषिकको विरोध	११ – १७	५३
३.	बौद्ध दर्शनको खण्डन	१८ – ३२	५५
४.	जैन दृष्टिकोणको खण्डन	३३ – ३६	५९
५.	ईश्वर निर्देशक मात्रै होइन	३७ – ४१	६१
६.	पञ्चरात्रको खण्डन	४२ – ४५	६३

तेस्रो पाउ : वेदान्ती तथा शङ्कालुको वादविवाद

१.	अन्तरिक्ष निर्मित होइन	१ – ७	६४
२.	वायुको उत्पत्ति	८	६६
३.	ब्रह्म विपरीत	९ – १०	६६
४.	पानीको उत्पत्ति	११	६७
५.	पृथ्वीको उत्पत्ति	१२	६७
६.	दैवेच्छा	१३	६७
७.	प्रलय	१४	६८
८.	मन र बुद्धि	१५	६८
९.	जन्म र मृत्यु	१६	६८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१०.	आत्मा अनन्त अनादि हुन्छ	१७	६९
११.	ज्ञान र आत्मा	१८ - ३२	६९
१२.	आत्मा मध्यस्थ हो	३३ - ४०	७३
१३.	ईश्वरमा निर्भरता	४१ - ४२	७४
१४.	आत्मा र ब्रह्मको सम्बन्ध	४३ - ५३	७४

चौथो पाउ : प्राण तथा इन्द्रियहरूको विवेचना

१.	ब्रह्मबाट उत्पत्ति	१ - ४	७८
२.	अङ्गहरू, प्राणहरूको संख्या र नाप	५ - ७	७९
३.	मुख्य प्राण	८ - १३	७९
४.	प्राणका अङ्गका देवताहरू	१४ - १६	८१
५.	प्राणहरू	१७- १९	८२
६.	निर्माण गर्ने र पहिचान दिने परमेश्वर हो	२०	८२

तेस्रो अध्याय

पहिलो पाउ : आत्मा र शरीरको सम्बन्ध

१.	शरीर त्याग	१ - ७	८४
२.	पुनर्जन्म	८ - ११	८६
३.	सोमलोक प्राप्ति	१२ - २१	८७
४.	प्रकृतिसँग मिल्ने	२२	९०
५.	आत्माबारे	२३ - २७	९०

दोस्रो पाउ : तत् त्वम् असि : महावाक्य

१.	स्वप्नावस्था	१ - १०	९२
२.	ब्रह्मको प्रकृति	११ - २१	९५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३.	नेति नेति	२२ – ३०	९७
४.	एक्लो सत्यता	३१ – ३७	९९
५.	ईश्वरदत्त फल	३८ – ४१	१०१

तेस्रो पाउ : उपनिषद् र ब्राह्मण ग्रन्थहरूको सामञ्जस्य

१.	सर्वसम्मति	१ – ५	१०४
२.	पृथक् विषय तथा ध्यान	६ – ८	१०५
३.	ॐ सबैमा मिल्ने	९ – १३	१०६
४.	प्रयोजन रहित	१४ – १५	१०८
५.	पुरुष र हिरण्यगर्भ	१६ – १७	१०८
६.	आचमन र प्राण	१८	१०९
७.	समान विद्या (ध्यान)	१९	१०९
८.	बेग्लै विद्या	२० – २५	११०
९.	कर्मफल त्याग्नुपर्ने (असल र खराब)	२६ – २८	११२
१०.	आत्माको गति र मार्ग	२९ – ३१	११३
११.	पुनर्जन्म	३२	११४
१२.	ब्रह्मको स्वभाव	३३	११४
१३.	मतैक्यता	३४ – ३९	११५
१४.	अग्निहोत्र	४० – ४१	११६
१५.	अनिवार्यता	४२	११७
१६.	वायु तथा प्राण उपासना	४३	११७
१७.	अग्निरहस्य (वाजसानेयी)	४४ – ५२	११८
१८.	आत्मा तथा शरीर	५३ – ५४	१२०
१९.	ध्यान तथा यज्ञ सम्बन्धी	५५ – ५६	१२१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२०. वैश्वानरको ध्यान	५७	१२१
२१. ध्यानका विभिन्नता	५८ - ५६	१२२

चौथो पाउ : ब्रह्मज्ञानको आधार

१.	ब्रह्मज्ञान तथा अनुष्ठानहरू	१ – १७	१२५
२.	के सन्यास शास्त्र सम्मत छ ?	१८ – २०	१२८
३.	स्तुतिको महत्त्व	२१ – २२	१२९
४.	आख्यानको महत्त्व	२३ – २४	१३०
५.	कर्मकाण्डबाट मुक्त अवस्था	२५	१३१
६.	मुक्तिको निम्ति वर्णाश्रम	२६ – २७	१३१
७.	खाद्याखाद्य बारेका तर्कहरू	२८ – ३१	१३२
८.	मुक्ति नचाहने व्यक्तिले वर्णाश्रमको बाध्यता	३२ – ३५	१३३
९.	वर्णाश्रम विना ज्ञान प्राप्ति	३६ – ३९	१३४
१०.	सन्यासीहरू र गृहस्थाश्रम	४०	१३५
११.	ब्रह्मचारीले पाप गरेमा उसलाई बहिष्कार गर्नुपर्दछ ?	४१ – ४३	१३५
१२.	यज्ञको फल कसले पाउँछ ?	४४ – ४६	१३६
१३.	ब्रह्मज्ञानी अवस्थामा पुग्न निदिध्यासन	४७ – ४९	१३७
१४.	बाल्यावस्था सरह	५०	१३८
१५.	ज्ञानको फलप्राप्ति	५१ – ५२	१३९

चौथो अध्याय

पहिलो पाउ : विभिन्न उपासना, विधिहरू बारे

१.	पाठ र प्रार्थना	१ – २	१४०
२.	स्वयं र ब्रह्मको ऐक्यता	३ – ५	१४१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३.	पूरक अवयवको उपयोग	६	१४१
४.	ध्यान गर्ने आसन	७ – १२	१४२
५.	ब्रह्म ज्ञान र कर्मका फल	१३	१४३
६.	पुण्य पनि शेष रहँदैन	१४ – १९	१४४

दोस्रो पाउ : सगुण ब्रह्मज्ञानीको मृत्युपरान्तगति (यात्रा)

१.	वाणी र मन को काम	१ – २	१४७
२.	मन प्राणमा विलीन हुन्छ?	३	१४८
३.	प्राण जीवात्मामा मिल्दछ?	४ – ६	१४८
४.	के सबै आत्माहरू एउटै बाटोबाट जान्छन् ?	७	१४९
५.	अग्निदाह तथा ब्रह्म प्राप्ति	८ – ११	१४९
६.	निर्गुण ब्रह्मज्ञानीको मृत्युको अवस्थामा हुने प्रक्रिया	१२ – १६	१५०
७.	सगुण ब्रह्मज्ञानीको मृत्युको अवस्थामा हुने प्रक्रिया	१७ – २१	१५१

तेस्रो पाउ : आत्मा जाने बाटो

१.	ब्रह्मलोकको बाटो (देवयान)	१ – १४	१५४
२.	सगुण ब्रह्म र उपासना	१५ – १६	१५७

चौथो पाउ : ब्रह्म प्राप्ति अथवा मोक्ष

१.	के ब्रह्म प्राप्ति नयाँ उपलब्धि हो ?	१ – ३	१५९
२.	किन तत् त्वम् असि भनिएको ?	४	१६०
३.	निर्गुण ब्रह्म प्राप्त गर्ने आत्माको विवेचना	५ – ७	१६०
४.	सगुण ब्रह्मप्राप्त आत्माले चिताए मात्रै पुग्छ?	८ – ९	१६१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. शरीर धारण गर्ने इच्छा १० – १४ १६२
६. शरीर प्रवेश १५ – १६ १६३
७. दैवी शक्ति प्राप्ति १७ – २२ १६४

परिशिष्ट

१. प्राचीन संस्कृत साहित्य परिचय १६६
(१) धार्मिक पद्धतिबाट प्राचीन संस्कृत साहित्यको विवेचना १६६
(२) वैज्ञानिक वा बौद्धिक पद्धतिबाट प्राचीन संस्कृत साहित्यको विवेचना १६८
(३) केही मुख्य मुख्य ग्रन्थहरू १७१
२. प्राचीन पूर्वीय दर्शन परिचय १७३
३. उपनिषद्का सन्दर्भ मन्त्रहरूको भावानुवाद २०७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रथम–अध्याय

पहिलो पाउ

वेदान्त वाक्यहरूको समन्वय

तलका ३१ सूत्रहरूले उपनिषद्मा भएका परस्पर विरोधी मन्त्रहरूमा समानता भएको देखाउँदै ब्रह्मको ऐक्यता देखाएको पाइन्छ। दुई वा तीन सिद्धान्तहरू वा प्रतिपादनहरूलाई एक अर्कोमा समावेश गराउने तर्कलाई अविद्या भनिन्छ। यस्ता जटिल र समावेशित तर्क, प्रतिपादन वा सिद्धान्तहरू केलाई–केलाई अलग गर्नुलाई विद्या भनिन्छ। पूर्वमीमांसकहरूले कर्मकाण्ड आत्मा र परमात्मालाई समवेतरूपले समावेश गरेबाट उपनिषद्का ब्रह्मवादीहरूले त्यो प्रथालाई अविद्या र विशुद्ध ब्रह्मको विवेचनालाई विद्या भन्ने गरेको देखिन्छ।

१. ब्रह्म परिचय

अथाऽतो ब्रह्मजिज्ञासा ॥१॥

अथ – अब; अतः – यसकारणले; ब्रह्मजिज्ञासा – ब्रह्मको जिज्ञासा गरिन्छ।

जन्माद्यस्य यतः ॥२॥

यतः जसबाट; जन्मादि – उत्पत्ति र स्थिति विनाश इत्यादि; यस्य– विश्वको हुन्छ, त्यो नै ब्रह्म हो।

शास्त्रयोनित्वात् ॥३॥

शास्त्र – श्रुति तथा स्मृतिहरू; योनित्वात् – मुहान अर्थात् स्रोतबाट।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्तु समन्वयात् ॥४॥

तु – तर; तत् – त्यो (ब्रह्ममा); समन्वयात् – समेटिएको हुनाले।

भावार्थ :- ब्रह्मबाटै यो विश्वको सृष्टि स्थिति र नाश आदि भएको हो। यही नै सबै श्रुति र स्मृतिहरूको सार हो। त्यसकारण अब ब्रह्मका विषयमा जिज्ञासा राख्नु पर्दछ।

टिप्पणी :- यी चारै सूत्रहरूको व्याख्याको निम्ति तै.स. ३:१; ऋ. १०-१८.१–७; बृउ. ३,४,५; छाउ. ७.१.१५ लाई लिन सकिन्छ।

ईक्षतेर्नाशब्दम् ॥५॥

ईक्षते – दृष्टिकोणबाट; न – होइन; अशब्दम् – श्रुति विपरीत (प्रधान आदि जगत् को कारण होइनन्) ।

गौणश्चेन्नात्मशब्दात् ॥६॥

चेत् – यदि भनिए पनि; गौण – गौण छ (ईक्षणको प्रयोग) आत्मशब्दात्- आत्म शब्द को प्रयोगले गर्दा।

तन्निष्ठस्य मोक्षोपदेशात् ॥७॥

मोक्ष – मोक्षको; उपदेशात् – शिक्षा दिइएकोले; तन्निष्ठस्य – त्यसैमा अर्थात् ब्रह्ममा निष्ठापूर्वक रहने हुनाले।

हेयत्वावचनाच्च ॥८॥

हेयत्व – तिरस्कृत (त्याग्ने योग्य); अवचनात् – न भनिएकोले; च – पनि।

भावार्थ :- ब्रह्म आनन्दले परिपूर्ण छ। यो तथ्यलाई प्रचुर मात्रामा शास्त्रले दोहोऱ्याई दोहोऱ्याई घोषणा गरेका छन्। आत्मा तथा ब्रह्मलाई फरक प्रमाणित गरेका छन्। यो कल्पना र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुमानले इच्छाइएको होइन – शास्त्रीय शिक्षाले यसको पूर्णतया निदान भएको छ। ब्रह्मलीन हुनु नै पूर्ण आनन्दमय हुनु हो। ब्रह्म नै सम्पूर्ण विश्वको श्रोत हो।

टिप्पणी :- यी आठै सूत्रहरूले ब्रह्मको अस्तित्व प्रमाणित गर्ने प्रयास गरेका छन् तर एकातिर ब्रह्मलाई अस्तित्वविहीन, निर्गुण भनिएको छ भने अर्कोतिर ब्रह्मलाई नै विश्वको स्रोत र त्यसमा विलीन हुनसके स्वयं पनि आनन्दमय होइन्छ भनेको छ। यसरी पारस्परिक विरोधाभास देखिन्छ।

स्वाप्ययात् ॥९॥

स्व अप्ययात् – आफैंमा विलीन हुनाले।

गतिसमान्यात् ॥१०॥

गति – ज्ञान; समान्यात् – समान भएबाट।

श्रुतत्वाच्च ॥११॥

च – पनि; श्रुत – श्रुतिहरूबाट।♦

आनन्दमयोऽभ्यासात् ॥१२॥

आनन्दमयः – आनन्दले परिपूर्ण; अभ्यासात – पटक पटक दोहोऱ्याइएको कारणले।

♦ पूर्व–मीमांसकहरूले वेदका मन्त्रहरूमा ब्रह्मको उल्लेख नै छैन भनेर यो मन्त्रबारे शङ्का गरेका छन् तर के बुझ्नुपर्दछ भने वेदमा भएका देवताहरू नै ब्रह्मका रूप हुन्– तिनका नाम हुन्। त्यसैले यो श्रुति विपरीत टिप्पणी होइन। बृ.उ.४,५ तथा छा. उ. ७.१.१५ बाट यो बढी स्पष्ट हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विकारशब्दान्नेति चेन्न प्राचुर्यात् ॥१३॥

विकार शब्दात् – परिमार्जित शब्दद्वारा; न – होइन; इति चेत् – यस्तो सम्भिकए पनि; न – होइन; प्राचुर्यात् – प्रचुरमात्रामा भएको हुनाले।

तद्धेतुव्यपदेशाच्च ॥१४॥

च – तथा; तत् हेतु व्यपदेशात् – त्यसको कारण (स्रोत) मानिएको हुनाले।◆◆

मान्त्रवर्णिकमेव च गीयते ॥१५॥

च – तथा; मान्त्र वर्णिकम् एव – मन्त्रले त्यही एकलाई वर्णन; गीयते – गरिएको हुनाले।

नेतरोऽनुपपत्तेः ॥१६॥

न – होइन; इतर – अर्को; अनुपपत्ते – तर्कविहीन।

भेदव्यपदेशाच्च ॥१७॥

च – तथा; भेद व्यपदेशात् – फरकलाई प्रमाणित गरेको।

कामाच्च नानुमानापेक्षा ॥१८॥

च – तथा; कामात् – इच्छाइएकोले; न – होइन; अनुमान अपेक्षा – अनुमानित भावना।

◆◆ 'तत्' बारे विभिन्न मत पाइन्छन्। कसैले तत्लाई 'प्रथमकारण' मानेका छन्। योग दर्शनले 'तत्' लाई तथ्य मान्दछ र यसका ३ स्वभाव बताउँछ (त्रिस्वभाव)। यी हुन् परिकल्पित स्वभाव, परतन्त्र स्वभाव र परिनिष्पन्न स्वभाव। यी तीनै स्वभावका समन्वयबाट ब्रह्मज्ञान हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अस्मिन्नस्य च उद्योगम् शास्ति ॥१९॥

च – तथा; शास्ति – शास्त्रीय शिक्षा; तद योगम् – पूर्णतया निदान, यस्य – यसको, अस्मिन् – यस–प्रकरणसँग।

अन्तस्तद्धर्मोपदेशात् ॥२०॥

अन्तः – भित्र भएको; तत् धर्म उपदेशात् – उसका गुणहरू सिकाइएबाट– उपदेश गरिएको हुनाले।

भावार्थ :– ईश्वरका गुणहरूबारे सिकाइएको छ र ईश्वर अरूभन्दा फरक छन् भन्ने उपदेश पनि गरिएको छ।

टिप्पणी :– बृहदारण्यक उपनिषद्को मन्त्रबाट (बृउ. ७,९) लिइएको देखिन्छ। 'जो सूर्यमा छ र सूर्यलाई भित्रैबाट नियन्त्रण गर्दछ तर सूर्यलाई यसको अनुभूति हुँदैन त्यही नै तिम्रो अमर आत्मा हो' र ईश्वरभन्दा फरक छ। यहाँ ब्रह्म र इश्वर फरक छन् भनिएको छ। यी दुई मन्त्रहरू एक अर्काका पूरक हुन्।

भेदव्यपदेशाच्चान्यः ॥२१॥

च – तथा; भेद व्यपदेशात् – फरक बताइएको हुनाले; अन्य – अरुबाट।

भावार्थ :– ब्रह्मका विषयमा श्रुति विपरीत दृष्टिकोण राख्न मिल्दैन। यदि आत्मालाई माने पनि त्यो गौण नै रहन्छ। किनभने निष्ठावान् आत्माले मुक्ति खोज्छ र ब्रह्म मैं विलीन हुन्छ भन्ने उपदेश गरिएको छ। यो धारणालाई कसैले तिरस्कार (खण्डन) गरेको छैन।

टिप्पणी :– ब्रह्मलाई नै प्रधान कारण माने पनि "आत्मा" शब्दले त्यसलाई गौण बनाउँछ। निर्गुणी अर्थात् सत्व, रजः तमः यी तीन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अस्तित्व नै नभएको ब्रह्मले अस्तित्व भएको विश्व कसरी सृष्टि गर्छ ? त्यसैले आत्मा र ब्रह्म फरक हुन्। आत्मा जीव हो र ब्रह्ममा लीन हुन्छ। यस्तो व्याख्या पनि पाइन्छ।

आकाशस्तल्लिङ्गात् ॥२२॥

आकाशः – आकाश शब्द; तल्लिङ्गात् – त्यो विशेषता भएकोले।

अत एव प्राणः ॥२३॥

अत एव – यस कारणले; प्राणः – प्राण (ब्रह्म) हो।

ज्योतिश्चरणाभिधानात् ॥२४॥

ज्योतिः – प्रकाश; चरणाभिधानात् – खुट्टाको उल्लेख भएकोले।

भावार्थ :- अन्तरिक्षको विशेष चिह्न भएकोले प्राण नै ब्रह्म हो। खुट्टाको उल्लेख भएकोले प्रकाश नै ब्रह्म हो।

टिप्पणी :- यहाँ खुट्टालाई गायत्रीको पाद भनेर सङ्केत गरिए पनि यसलाई "ब्रह्मकै पाउ" सम्झनु पर्ने देखिन्छ। तलका सूत्रहरूबाट बढी स्पष्ट हुन्छ।

छन्दोऽभिधानान्नेति चेन्न तथा चेतोऽर्पणनिगदात् तथा हि दर्शनम् ॥२५॥

छन्दोऽभिधानात् – (गायत्री) छन्द उल्लेख भएकोले; चेत् – यदि, भनिए पनि; न –(त्यसो) होइन; तथा – त्यसरी; चेतोऽर्पणनिगदात् – मनलाई समर्पण गरेकोले; तथाहि – त्यसरी नै; तथा दर्शनम् – अन्त वर्णन गरिएको पाइन्छ।

भूतादिपादव्यपदेशोपपत्तेश्चैवम् ॥२६॥

च – पनि; भूतादिपादव्यपदेश – भूत आदि का पाउले नै सम्पूर्णको प्रतिनिधित्व गर्दैछ; एवम् – यो यस्तै हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपदेशभेदान्नेति चेन्नोभयस्मिन्नप्यविरोधात ॥२७॥

उपदेश–भेदात् – सिकाइएकोमा फरक परेकोले; न – त्यसो होइन; इति चेत् – यदि यस्तो मानिएमा, न – नहुने; अविरोधात् – विरोध नभएकोले, उभयस्मिन् अपि – दुवै अवस्थामा।

भावार्थ :– गायत्री छन्दको पाउ (खुट्टा) उल्लेख भए पनि त्यसो होइन किनकि मनले ब्रह्मलाई समर्पण गरेको हो । सबै दर्शनशास्त्रहरूले त्यही बताउँछन् । यहाँ पाउले नै सम्पूर्ण विश्वको प्रतिनिधित्व गर्दछ। ब्रह्मको पाउमा सम्पूर्ण विश्व निहित छ भन्नु अथवा ब्रह्मको पाउमा सबै समर्पित हुनु भनेको एउटै कुरो हो; यसमा कुनै फरक छैन।

टिप्पणी :– यी सूत्रहरूमा "ब्रह्म" को उल्लेख नभए पनि आशयबाट यस्तो बुझिन्छ । ब्रह्मको वर्णन गर्दा दर्शन र सबै उपनिषद्हरूले सहमति जताएका छन् । छा.३.१२.५. बाट यसको पुष्टि हुन्छ।

२. इन्द्रद्वारा प्रतर्दनलाई उपदेश

प्राणस्तथाऽनुगमात् ॥२८॥

प्राणः– प्राण नै ब्रह्म हो, तथा – त्यस्तो, अनुगमात् – बुझिन्छ।

न वक्तुरात्मोपदेशादिति चेदध्यात्मसम्बन्धभूमा ह्यस्मिन् ॥२९॥

न – यसो होइन; आत्मउपदेशात् – आफ्नै निम्ति उपदेश गरिएको; वक्तुः – गुरू (उपदेश गर्ने वक्ता); इति चेत् – यस्तो सम्झिएमा; हि – किनभने; अस्मिन् – यसमा; अध्यात्म – सम्बन्ध – भूमा – स्वयं आत्माबारे प्रचुर सन्दर्भ छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शास्त्रदृष्ट्या तूपदेशो वामदेववत् ॥३०॥

तु – तर; उपदेशः – शिक्षा; शास्त्रदृष्टया – शास्त्रोक्त वचन आत्मसात् गरिएकोले; वामदेववत् – वामदेवले झैँ हुन्छ।

जीवमुख्यप्राणलिङ्गान्नेति चेन्नोपासात्रैविध्यादाश्रितत्वादिह तद्योगात् ॥३१॥

जीवमुख्यप्राणलिङ्गात् – जीव स्वयंको मुख्य प्राण भएकोले; न – होइन, इति चेत् – यस्तो सम्झिएमा पनि; उपासात्रैविध्यात् – तीन पटकको उपासनाबाट; आश्रितत्वात् – स्वीकार भए अनुसार; इह – यहाँ; तद्योगात् – ती (ब्रह्म र प्राण) जोडिएको पाइएकाले।

भावार्थ :- प्राण त आत्मा हो भनेर उपदेश गरिएको छ। ऋषि वामदेवले स्वयंलाई ब्रह्म हुँ भनेको जस्तै अरूले पनि भनेका छन् तर त्यसो होइन किनभने ब्रह्मलाई आत्मा मानेमा ब्रह्मको ३ रूपमा उपासना गर्नुपर्दछ। ती मुख्य प्राण, आत्मा र ब्रह्म हुन्।

टिप्पणी :- "अध्यास" बाट सत्यता थाहा हुँदैन। उदाहरणको निम्ति "म यो शरीर हुँ" भनेमा "म" आत्मा र "शरीर" लाई एउटैमा खप्ट्याइएको हुन्छ। यो "मेरो शरीर हो" भनेमा शरीर र म अलग्गै हो भन्ने बुझिन्छ तर आशय एउटै देखिन्छ। त्यसैले आत्मा, प्राण र ब्रह्मलाई कसैले एउटासँग वा अर्कोसँग वा कसैले तीनवटैलाई खप्ट्याएर मन्तव्य दिएको हुनाले यो विवाद देखिएको हो। यस्तो अध्यास तर्कसङ्गत हुँदैन। वास्तवमा यी तीनै फरक हुन् – मुख्य प्राणले शरीरमा आत्मा दिन्छ, ब्रह्म निर्गुण हो, यसैमा आत्मा लीन हुन्छ।

यहाँ न्याय र वैशेषिक दर्शनलाई तथा बुद्धमार्गीहरूको आत्मख्याति र असत्‌ख्यातिलाई पनि मान्यता दिइएको छैन।

□□

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रथम-अध्याय

दोस्रो पाउ

अप्रत्यक्ष प्रमाणहरू

परिचय

पहिलो अध्यायमा ब्रह्मलाई सम्पूर्ण ब्रह्माण्डको श्रोत भनेर परिचय गराउँदा केही शब्दहरूले प्रत्यक्ष रूपले ब्रह्मलाई इङ्गित नगरे पनि अपरोक्ष रूपले ब्रह्मलाई नै किटान गरेको हो भन्ने देखाइएको छ। यस्ता अपरोक्ष अन्य शब्दहरू र प्रतिपादनहरू पनि छन् । यसरी दोस्रो तथा तेस्रो अध्यायहरूमा यस्तै विवेचनाहरू गरिएका छन्।

१. सर्वव्यापी, सर्वहारा ब्रह्म

सर्वत्र प्रसिद्धोपदेशात् ॥ १॥

सर्वत्र – सबैतिर; प्रसिद्ध – नाम चलेको; उपदेशात् – सिकाइएकाले।

विवक्षितगुणोपपत्तेश्च ॥२॥

च – तथा; विवक्षित गुणोपपत्तेः – चाहिने गुणहरू मिलेकाले।

अनुपपत्तेस्तु न शारीरः ॥३॥

अनुपपत्ते – न मिलेकोले; तु – अर्को तिर (कारणले); न – होइन; शारीर – आत्मा।

कर्मकर्तृव्यपदेशाच्च ॥४॥

कर्म – काम; कर्तृ – काम गराउने; व्यपदेशात् – उल्लेख गरिएकाले; च – पनि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- ब्रह्मका मिल्ने गुणहरू प्रसिद्ध रूपले सर्वत्र सिकाइएका छन् तर आत्मामा यी गुणहरू नमिल्ने र आत्मालाई काम गराउने ब्रह्म भएको हुनाले पनि यस्ता शब्दहरूले ब्रह्मलाई इङ्गित गर्दैनन् ।

शब्दविशेषात् ॥५॥

शब्द – शब्द; विशेषात् – फरक परेकोले ।

स्मृतेश्च ॥६॥

स्मृतेः – स्मृतिबाट; च – पनि ।

अर्भकौकस्त्वात्तद्व्यपदेशाच्च नेति चेन्न निचाय्यत्वादेवं व्योमवच्च ॥७॥

अर्भकौकस्त्वात् – रहने स्थलको सूक्ष्मताले; तद् – त्यस्तो; उपदेशात् – सिकाइएको बाट; च – पनि; न – होइन; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; निचाय्यत्वात् – ध्यान गर्नका निमित्त; एवं – तथा; व्योमवत् – शून्य (अन्तरिक्ष) जस्तै; च – पनि ।

सम्भोगप्राप्तिरिति चेन्न वैशेष्यात् ॥८॥

सम्भोगप्राप्तिः – दुःख र आनन्दको अनुभूति; इति चेत् – यस्तो सम्झिए पनि; न – यस्तो होइन; वैशेष्यात् – फरक हुनाले ।

भावार्थ :- शब्द नै फरक परेकाले, स्मृतिले पनि त्यस्तै भनेकाले, ब्रह्म रहने स्थल अति सूक्ष्म हुन्छ भन्ने सिकाइए पनि, त्यसो होइन, त्यो त शून्य सरह हो र ध्यान गर्न भनिएको भए पनि त्यसले दुःख र सुखको अनुभूति गर्ने हुनाले ब्रह्म र आत्मा फरक भएको बुझ्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी :- यी आठवटै सूत्रहरूले विशेषतः छान्दोग्य उपनिषद्मा भनिएका आत्मा तथा ब्रह्म का बारेमा भएका विवेचनालाई समेटने प्रयास गरेका छन् । यहाँ ब्रह्मलाई निर्गुण मानिएको छ। त्रिगुणी जीवात्मालाई सुख दुःखको अनुभूति हुने हुँदा र कसै-कसैबाट आत्मालाई र कसैबाट ब्रह्मलाई मुटुभित्रको सूक्ष्म स्थलमा निवास गर्दछ भनिएकोले आत्मालाई कर्म र ब्रह्मलाई कर्ता बताउने प्रयास गरिएको देखिन्छ।

अत्ता चराचरग्रहणात् ॥९॥

अत्ता-भक्षक; चराचर - गति भएका तथा नभएका स्थिर; ग्रहणात् - ग्रहण गर्नका लागि।

प्रकरणाच्च ॥१०॥

प्रकरणात् - सन्दर्भ / प्रसङ्ग अनुसार; च - पनि।

भावार्थ :- चल-अचल सम्पूर्णलाई ग्रहण गर्दै सबैको भक्षण गर्ने ब्रह्म नै हो किनभने यही प्रसङ्ग यहाँ पनि छ।

टिप्पणी :- ऋग्वेदबाट लिइएको यो सूत्रबारे मुण्डक उपनिषद्मा (३.१.१.१) विवेचना गरिएको छ। यस अनुसार खाने चाहिँ जीव हो नखाएर हेर्ने चाहिँ ब्रह्म हो भने पनि सबै चल-अचल विश्व त ब्रह्म मैं लीन हुने हुनाले खाने चरोलाई ब्रह्म सम्फिइएको छ। ऋग्वेदको मन्त्रको उल्टो अर्थ लगाइएको छ । कठोपनिषद्मा नाचिकेतसले यमसँग सोधेको प्रसङ्ग पनि यहाँ जोडिएको छ । ब्रह्मवादीले ब्रह्मलाई भक्षक (भोक्ता) मानेका छन् भने वेदान्तीले जीवात्मालाई भक्षक (भोक्ता) मानेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. हृदय र आँखा भित्र रहने प्रभु

गुहां प्रविष्यवात्मानौ हि तद्दर्शनात् ॥११॥

गुहाँ – गुहा (मुटुभित्रको खोपिल्टो); प्रविष्टौ – प्रवेश गरेका; आत्मानौ – दुई आत्मा; हि – साच्ची नै; तत् दर्शनात् – त्यही देखिएकोले ।

विशेषणाच्च ॥१२॥

विशेषणात् – तोकिए अनुसार, च – पनि ।

भावार्थ :- मुटुभित्रको सूक्ष्म खोपिल्टामा दुई आत्माको बास हुन्छ भन्ने सत्य हो किनभने त्यही देखिन्छ। यही तोकिएको पनि छ।

टिप्पणी :- यहाँ दुई वटा आत्मा भनिएको छ, अवश्य पनि यहाँ परमात्मा र आत्मालाई भनिएको हुनुपर्दछ तर त्यसो नभएर दुईटैलाई एकै अर्थमा लिइएको पनि देखिन्छ । आत्मालाई जीवको मुख्य प्राण मानिएकोले परमात्मालाई र आत्मालाई एउटै मान्न गाह्रो छ । कठोपनिषद्मा विवेचना गरिएको यो सन्दर्भमा दुईटै आत्मा नभएर एउटा आत्मा हो र अर्को चैतन्य हो पनि भनिएको छ । मुण्डक – उपनिषद्मा बताइएको "दुईवटा चराहरू मध्ये एउटाले फल खान्छ र अर्को हेरिरहन्छ" मा फल खाने जीवात्मा हो र नखाने चाहिँ ब्रह्मात्मा हो भनेर बुझिएको छ। त्यसैले यो सूत्रमा दुवैलाई आत्मा भन्दा परस्पर विरोधी आशय देखिन्छ।

अन्तर उपपत्तेः ॥१३॥

अन्तरः – भित्रपट्टि भएको; उपपत्तेः – तर्कसम्मत हुनाले ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थानादिव्यपदेशाच्च ॥१४॥

च – तथा; स्थान आदि – आसन इत्यादि; व्यपदेशात् – बताइएबाट।

सुखविशिष्याभिधानादेव च ॥१५॥

सुख-विशिष्ट-अभिधानात् – परमानन्दको सन्दर्भ भएको; एव – अवश्य च – पनि।

श्रुतोपनिषत्कगत्यभिधानाच्च ॥१६॥

श्रुतः – सुनिएको; उपनिषत्क – उपनिषदमा भएको; गतिः – सत्य ज्ञान; अभिधानात् – बताइएबाट; च – पनि।

अनवस्थितेरसम्भवाच्च नेतरः ॥१७॥

अनवस्थितेः – स्थायी नहुने हुनाले; च – पनि; असम्भवात् – असम्भव भएको हुनाले; न इतर – अरु कुनै हुन सक्तैन।

भावार्थ :- वासस्थानलाई दृष्टिभित्र बताइएको हुनाले यो तर्कसम्मत भएको तथा वेदमन्त्र (श्रुति) तथा उपनिषद्ले पनि दिएको सत्यज्ञान अनुसार तथा परमानन्दको सन्दर्भ भएबाट पनि यो परब्रह्म नै हो, अरु कुनै हुन सक्दैन।

टिप्पणी :- आँखामा देखिने छवि त क्षणिक हुन्छ, जसको छवि देखिएको हो त्यो हटेमा त्यो छवि पनि हट्दछ। स्थायीरूपले दृष्टिमा वास हुने त्यो परमानन्द चैतन्य श्रुति तथा उपनिषद्हरूले दिएको सत्यज्ञान अनुसार परब्रह्म नै हो। यी सूत्रहरू मुख्यतया सत्यकाम जीवात्मा र उनका शिष्य उपकोशलको संवादमा आधारित छन्। ऋग्वेदको "पुरुष" लाई सत्यकामले "जो आँखामा देखिन्छ, त्यही पुरुष नै ब्रह्म हो" भनेर सिकाएका थिए –छा. ४.१५.१।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. आन्तरिक शासक

अन्तर्याम्यधिदैवादिषु तद्धर्मव्यपदेशात् ।१८॥

अन्तर्यामी – आन्तरिक शासक; अधिदैव–आदिषु – दैविक तथा अन्य सन्दर्भमा; तत् धर्म व्यपदेशात् – त्यसमा विशेष लक्षणको वर्णन गरिएको हुनाले ।

न च स्मार्तमतद्धर्माभिलापात् ॥१९॥

न – न त; च – पनि; स्मार्तम् – स्मृति (सांख्य) अनुसार; अतत् धर्म अभिलापात् – त्यसको विशेष लक्षण विपरीत बताइएकाले ।

शारीरश्चोभयेऽपि हि भेदेनैनमधीयते ॥२०॥

शरीरः – वैयक्तिक आत्मा; च – पनि; न – होइन; उभये अपि – दुवैका; हि – किनभने; भेदेन – फरक भएकोले; एनम् – यो (जीव); अधीयते – पढिन्छ ।

भावार्थ :- ब्रह्मलाई देवताहरूका तथा अन्य सन्दर्भमा अन्तर्यामी भन्दै त्यसका विशेष लक्षणहरू बताइएका छन् तर ती लक्षणहरू त सांख्य विपरीत छन् । यो व्यक्तिगत आत्मा पनि होइन किनभने दुवै फरक छन् । त्यसैले यो 'जीव' हो भन्ने पढिन्छ ।

टिप्पणी :- १९ औं सूत्रको 'न' लाई २० औं मन्त्रमा ल्याइएको छ । यी तीन सूत्रहरूले कण्वस्मृति र बृहदारण्यक–उपनिषद्को मतभेदबारे इङ्गित गर्दै आत्मा र ब्रह्म फरक भएको बताउँदछन् । एउटै शरीरमा आत्मा र परब्रह्म रहन सक्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. अदृश्य

अदृष्यत्वादिगुणको धर्मोक्तेः ॥२१॥

अदृश्य – नदेखिने; इत्यादि – इत्यादि; गुणकः – गुण भएको; धर्म उक्तेः– प्रकृति भनिएकोले।

विशेषणभेदव्यपदेशाभ्यां च नेतरौ ॥२२॥

च – तथा; विशेषण–भेद–व्यपदेशाभ्यां – विभिन्नता तथा परिचयात्मक गुणबारे उपदेश गरिएबाट; इतरौ – ती दुई अन्य; न – होइनन्।

रूपोपन्यासाच्च ॥२३॥

रूप उपन्यासात् – आकार र रूप बताइएको हुनाले; च – पनि।

भावार्थ :– देख्नै नसकिने भए पनि विभिन्नता तथा परिचयात्मक गुणहरूका बारेमा पनि उपदेश गरिएको हुनाले र रूप पनि बताइएको हुनाले यी दुई बाहेक अरू होइन।

टिप्पणी :– मुण्डक उपनिषद्मा इङ्गित गरिएका, अदृश्य भए पनि भिन्न परिचयात्मक गुण तथा रूप इत्यादिबाट आत्मा र ब्रह्म कै बारे विवेचना गरिएको हो भन्न सकिन्छ अर्थात् ब्रह्म र पुरुष फरक हुन्। मुउ. २.१.३–४।

५. ब्रह्माण्डीय पुरुष : वैश्वानर

वैश्वानरः साधारणशब्दविशेषात् ॥२४॥

वैश्वानरः – वैश्वानर (ब्रह्मण्डीय व्यक्ति/पुरुष/नर); साधारणशब्द–विशेषात् – सामान्यतया प्रयोग गरिने शब्दहरूबाट (थाहा पाइएबमोजिम) जानिएको हुनाले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्मर्यमाणमनुमानं स्यादिति ॥२५॥

स्मर्यमाणम् – स्मृतिमा वर्णन गरिए बमोजिम; अनुमानम् – अन्दाजी; स्यात् – हुनुपर्दछ; इति – यसकारणले।

शब्दादिभ्योऽन्तः प्रतिष्ठानाच्च नेति चेन्न तथा दृष्ट्युपदेशादसंभावात्पुरुषमपि चैनमधीयते ॥२६॥

शब्द – आदिभ्यः – शब्द इत्यादिका कारणबाट; अन्तः – भित्र; च प्रतिष्ठानात् – पनि स्थापना गरिएको; न – होइन; इति चेत् – यस्तो बुझिएमा; न – होइन; दृष्टि उपदेशात् – हेर्न उपदेश गरिएकोबाट; असम्भवात् – असम्भव भएकोले; च – तथा; पुरुषम् – व्यक्तिलाई; अपि – पनि; एनम् – उसलाई; च – पनि; अधीयते – भन्दछन्।

अतः एव न देवता भूतं च ॥२७॥

अतः एव – यसकारणले; न – होइन; देवता – देवता; च – पनि; भूतं – तत्त्व (अन्य)।

साक्षादप्यविरोधं जैमिनिः ॥२८॥

साक्षात् – प्रत्यक्ष; अपि – झण्डै; अविरोधम् – विरोध नभएको; जैमिनिः – जैमिनि भन्दछन्।

अभिव्यक्तेरित्याश्मरथ्यः ॥२९॥

अभिव्यक्तेः – व्यक्त वा प्रस्फुटित भएकोले; इति – यस्तो; आश्मरथ्यः – आश्मरथ्य भन्दछन्।

अनुस्मृतेबादरिः ॥३०॥

अनुस्मृतेः – सधै सम्झनको निम्ति; बादरीः – बादरी भन्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संपत्तेरिति जैमिनिस्तथा हि दर्शयति ॥३१॥

संपत्तेः – खप्ट्याएर गरेका ध्यान मनन अनुसार; इति–यस्तो जैमिनिः – जैमिनि भन्दछन्; हि – किनभने; तथा – त्यस्तो; दर्शयति – देखाउँछ।

आमनन्ति चैनमस्मिन् ॥३२॥

च – पनि; आमनन्ति – उनीहरू सम्झिन्छन्; एनं – यो; अस्मिन् – यो ठाउँमा (पुलमा, बाँधमा, प्रादेश मात्र)।

भावार्थ :- वैश्वानरलाई अग्नि, पुरुष, देवता, इत्यादि पनि भनिएको छ। स्मृतिमा पनि यस्ता वर्णन गरिएका छन्। शब्दहरूभित्र निहित सम्झिएमा पनि यो सम्भव छैन किनकि यी सबै अन्दाजी हुन् र बादरीले यस्ता उपदेशलाई सधैँ सम्झिन सजिलो होस् भन्ने हेतुले हो भनेका छन्। आश्मरथ्यले पनि यस्तै भनेका छन्। जैमिनिले पनि यसलाई खप्ट्याएर ध्यान गरिएकोबाट यस्तो बुझिएको हो, वास्तवमा ब्रह्म र वैश्वानर फरक हुन्, देवता वा अन्य कुनै तत्त्व पनि होइनन् भन्ने बारेमा पनि कुनै विरोध गरेका छैनन्।

टिप्पणी :- वैश्वानरलाई नै देवता, ब्रह्म, मुख्य प्राण इत्यादि मान्ने बारे भएका विवेचनामा माथि दिइएका सूत्रहरूमा ब्रह्म भनेर किटेर नभनिए पनि परोक्ष रूपले यसैलाई सबैभन्दा अलग, निर्गुण, अदृष्य, र ब्रह्माण्डको स्रोत बताउने प्रयास भएको छ। अन्तिम सूत्रमा भनिएको 'यो ठाउँमा' लाई जावाल उपनिषद्मा सिकाइएको *सम्पत* उपासनालाई इङ्गित गरिएको छ तर यस्तो उपासना केवल ब्रह्मलाई पुरुष अथवा ब्रह्माण्डीय पुरुषको रूपमा सम्झिएर ध्यान गर्न सजिलो होस् भन्ने उद्देश्य मात्र हो भन्ने बारे जैमिनि, बादरायण तथा आश्मरथ्य सबैको मतैक्य भएको देखिन्छ। (जाउ.२)

□□

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रथम-अध्याय

तेस्रो पाउ

विश्वको आधार नै ब्रह्म

यसमा ब्रह्मलाई नै विश्वको आधार मान्ने सिद्धान्तको प्रतिपादन गरिएको छ।

१. वासस्थान

द्युभ्वाद्यायतनं स्वशब्दात् ॥१॥

द्यु-भू-आदि- दिव्य लोक पृथ्वीलोक इत्यादि; आयतनम् - निवासस्थान; स्व - स्वयं; शब्दात् - शब्दबाट।

मुक्तोपसृप्यव्यपदेशात् ॥२॥

मुक्त-उपसृप्य - मुक्तात्माको उद्देश्य/लक्ष उपलब्धि; व्यपदेशात् - यस्तो उपदेश गरिएकोले।

नानुमानमतच्छब्दात् ॥३॥

न - होइन; अनुमानम् - अनुमानित; अतत्शब्दात् - कुनै त्यो शब्द नभएकोले।

प्राणभृच्च ॥४॥

प्राणभृत - जीवित-जीव; च - पनि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भेदव्यपदेशात् ॥५॥

भेद – फरक; उपदेशात् – उपदेश गरिएकोले।

प्रकरणात् ॥६॥

प्रकरणात् – प्रकरण वा सन्दर्भबाट।

स्थित्यदनाभ्यां च ॥७॥

स्थिति अदनाभ्याम् – अनाशक्त भए पनि खाइरहने; च – पनि।

भावार्थ :– ब्रह्म नै दिव्यलोक, पृथ्वीलोक अन्तरिक्ष, मन इत्यादिको वासस्थान हो र मुक्तिको लक्ष्य पनि त्यहीं पुग्नु वा उपलब्धि हो भन्ने उपदेश गरिएको छ। ब्रह्मलाई त्यस्तो होइन भन्ने कुनै शब्दको प्रमाण छैन र यो असान्दर्भिक बहस पनि हो। अनाशक्त भए पनि "खाइरहन्छ" भनिएकोले जीव र ब्रह्म फरक हुन्।

टिप्पणी :– यी सात सूत्रहरूले ब्रह्मको बारेमा उल्लेख गरेका विभिन्न मतहरूलाई औंल्याएका छन्। जीवात्मा भित्रै आकाश, अन्तरिक्ष, पृथ्वी, अन्तर्मन, ब्रह्म, छन् भन्ने मतको खण्डन गर्दै मुण्डक उपनिषद्का २'२'११ २:२, ५, २.१.१० छान्दोग्य उपनिषद्को ६, ५, ४ लाई सङ्केत गर्दछन्। मुण्डक ३, २, ९ तथा ३, १, १ मा इङ्गित गर्दै जीवात्मा र ब्रह्म फरक भएको पुष्टि गरेका छन्। अन्ततः समस्त अनुभूति र ब्रह्माण्ड ब्रह्ममैं भएको पुनः पुनः निर्णायक रूपमा देखाउने प्रयास गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. भूमा नै ब्रह्म हो

भूमा संप्रसादादध्युपदेशात् ॥८॥

भूमा – बाहुल्य व्यापक (ईश्वर); संप्रसादात् अधि – गहिरो निद्राभन्दा माथि (प्राण भन्दा ठूलो), उपदेशात् – सिकाइएबाट।

धर्मोपपत्तेश्च ॥९॥

च – तथा; धर्म उपपत्तेः – गुणहरू मिल्दछन्।

भावार्थ :- ईश्वर नै ब्रह्म हो किनभने यो प्राण भन्दा पनि माथि छ र यसका गुणहरू पनि सिकाइएको जस्तै गरी मिल्दछन्।

टिप्पणी :- नारद र सनत्कुमार सम्वाद; छान्दोग्य उपनिषद्मा आधारित यी दुई सूत्रहरूले पनि जीव वा प्राण भन्दा पनि श्रेष्ठ ब्रह्म नै हो भनेर उपदेश गरेका छन्। (छा.७.२३;७.२४.१.)

३. ॐ अक्षर नै ब्रह्म हो

अक्षरमम्बरान्तधृतेः ॥१०॥

अक्षरं – निर्विकल्प अक्षर ॐ; अम्ब – आकाश; अन्तधृतेः – समेटिएकोले।

सा च प्रशासनात् ॥११॥

सा – त्यो; च – तथा; प्रशासनात् – आदेशानुसार।

अन्यभावव्यावृत्तेश्च ॥१२॥

अन्यभावव्यावृत्तेः – अन्य गुणहरू बाहेक; च – पनि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईक्षतिकर्मव्यपदेशात् सः ॥१३॥

ईक्षतिकर्म – हेर्ने काम; व्यपदेशात् – उपदेश गरिएबाट; सः – त्यसलाई (उसलाई बताएको हो)।

भावार्थ :– अक्षुण्ण निर्विकल्प निराकार हुँदै अन्तरिक्ष समेत सबै समेटिने तथा अन्य गुणहरूसँग नमिल्ने भएकोले आदेशानुसार ॐ नै ब्रह्म हो।

टिप्पणी :– बृहदारण्यक उपनिषद्मा याज्ञवल्क्यले गार्गीको प्रश्नको उत्तरमा अक्षरलाई नै ब्रह्म हो भनेका छन्। अक्षर मा नै सबै समाहित हुने हुँदा अक्षर नै ब्रह्म हो किनभने यसको कुनै गुण र परिमाण छैन। यही अक्षर अनन्त छ। अक्षुण्ण छ र यही नै ब्रह्म हो। ऋग्वेदमा क लाई सम्पूर्ण ब्रह्माण्डको सृष्टिकर्ता भनिएको छ।

प्रश्नोपनिषद्मा पनि यसको थप व्याख्या छ। त्यहाँ पुरुष र हिरण्यगर्भको सन्दर्भमा के बताइएको छ भने हेर्ने काम प्रश्न देखिने पुरुष हो। ध्यानबाट कल्पना गरिएको हिरण्यगर्भ हो। अर्थात् सबैभन्दा श्रेष्ठ र कठिन परिश्रमबाट सान्निध्य गर्न सकिने नै ब्रह्म हो। ॐ ब्रह्म नै हो।

४. सूक्ष्मरूप

दहर उत्तरेभ्यः ॥१४॥

दहरः – सानो ठाउँ; उत्तरेभ्य – पछिका कारणहरूले।

गतिशब्दाभ्यां तथा हि दृष्टं लिंगं च ॥१५॥

गतिशब्दाभ्यां – गमन तथा शब्द (स्मृति) अनुसार; तथा हि – तदनुसार; दृष्टम् – देखिन्छ (यो); लिंगं – चिह्नाउने सङ्केत; च – पनि (छ)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धृतेश्च महिम्नोऽस्यास्मिन्नुपलब्धेः ॥१६॥

च – पनि; धृतेः – धारण गरिएको (आफ्नो ठाउँमा); अस्य महिम्नः – यो महत्ता; उप्लब्धेः – देखिएबाट; अस्मिन् – यसको (ब्रह्मको)।

प्रसिद्धेश्च ॥१७॥

प्रसिद्धेः – नाम चलेको प्रसिद्ध; च – पनि।

इतरपरामर्शात् स इति चेन्ना असम्भवात् ॥१८॥

इतर – परामर्शात् – अन्यसँग सन्दर्भ भएकोले; सः – त्यो जीवात्मा; इति चेत् – यस्तो सम्झिएमा; न – हुँदैन; असम्भवात् – असम्भव भएकोले।

उत्तराचेत् आर्विभूतस्वरूपस्तु ॥१९॥

उत्तराचेत् – यसपछि आउने ज्ञानबाट; आर्विभूतस्वरूपः – सत्यस्वरूप देखिएकोले; तु – तथापि (परन्तु)।

अन्यार्थश्च परामर्शः ॥२०॥

च – पनि; अन्य अर्थः – अर्कै उद्देश्यको निम्ति; परामर्शः – विचार विमर्श गरिएबाट।

अल्पश्रुतेरिति चेत्तदुक्तम् ॥२१॥

अल्पश्रुतेः – उपनिषद्ले यसको सूक्ष्मरूप ठोकुवा गरेपछि; इति चेत् – यस्तो बुझिएमा; तत् – त्यो; उक्तम् – भनि सकिएको छ।

भावार्थ :- पछि दिइने कारणहरूले के सिद्ध हुन्छ भने हृदयभित्रको सूक्ष्मस्थलमा रहने नै ब्रह्म हो। किनभने यो श्रुतिअनुसार छ तथा ब्रह्मलोक तर्फको गतिको पनि सङ्केत भएको देखिन्छ। ब्रह्माण्ड धारण गर्ने यो सूक्ष्म आकाशको महत्ता पनि देखिएको छ। यो प्रसिद्ध छ। यसबारे अन्य आत्मा (जीव)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

को सन्दर्भ भए तापनि यो जीवात्मा हो भन्ने सम्झिनु हुँदैन किनभने यो असम्भव हुन्छ। अर्कै उद्देश्यको निम्ति विचार विमर्श गरिए पनि उपनिषद्ले यसको सूक्ष्मता ठोकुवा गरेको हुनाले यसबारे संशय छैन।

टिप्पणी :- छान्दोग्य उपनिषद् (८, १, १ तथा ८, १, ३) मा सूक्ष्म आकाशलाई ब्रह्म बताइएको सन्दर्भमा यी ८ सूत्रहरूले यही धारणाको विभिन्न तर्कहरूद्वारा पुष्टि गरेको देखिन्छ।

५. तेजस्वी

अनुकृतेस्तस्य च ॥२२॥

अनुकृतेः – कार्य पश्चात; तस्य – त्यसको; च – पनि।

अपि च स्मर्यते ॥२३॥

अपि च – त्यही कुरा पनि; स्मर्यते – स्मृतिले भन्दछ।

भावार्थ :- त्यसैले गरेपछि (सबै चम्किन्छन्) त्यही कुरा स्मृतिले पनि भन्दछ। ब्रह्मको चमकबाट नै सबै चम्केका छन्।

टिप्पणी :- मुण्डक उपनिषद् २.२.११ तथा गीता १५.१२ मा बताइएको विशुद्ध तेज नै ब्रह्म हो। ब्रह्मद्वारा नै सूर्य चन्द्र सारा चम्कन्छन्।

६. नापिएको

शब्दादेव प्रमितः ॥२४॥

शब्दात् एव – वेद मन्त्र बाट; प्रमित – नापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हृद्यपेक्षया तु मनुष्याधिकारत्वात् ॥२५॥

तु – तर; अपेक्षया – अपेक्षा (उम्मेद) गरे अनुसार; हृदि – मुटुभित्र; मनुष्य– अधिकारत्वात् – मनुष्यको अधिकार भएको हुनाले।

भावार्थ :- वेदमन्त्रले नापेर दिएको हुनाले यो मुटुभित्र रहन्छ भन्नु मानिसको अधिकार हो।

टिप्पणी :- ऋग्वेदको पुरुषसूक्तमा 'पुरुष' लाई बुढिऔंलो भन्दा पनि सानो भनिएको सन्दर्भमा यो सूक्ष्म ब्रह्म मुटुभित्र अटाएको हुन्छ भन्ने अधिकार वेद पढ्ने मानिसको हुन्छ (ऋ.१०.९०.)।

७. देवताहरू

तदुपर्यपि बादरायणस्संभवात् ॥२६॥

तदुपरि अपि – तिनीहरू माथि पनि; बादरायणः – बादरायण अनुसार; संभवात् – हुन सक्तछन्।

विरोधः कर्मणिति चेन्नाअनेकप्रतिपत्तेर्दर्शनात् ॥२७॥

विरोधः – विरोध; कर्मणि – पूजापाठ यज्ञ; कर्मकाण्ड इत्यादि; चेत् – बुझिएअनुसार; अनेक प्रतिपत्तेः – अनेकौं रूप लिएका; दर्शनात् – देखिन्छन्।

शब्द इति चेन्नातः प्रभवात्प्रत्यक्षानुमानाभ्याम् ॥२८॥

शब्द – वेदमन्त्र; इति चेत् – यस्तो सम्झिनु; न – हुँदैन; अतः – तिनबाट (त्यसकारणले); प्रभवात् – उत्पन्न हुन्छ; प्रत्यक्ष – प्रत्यक्ष; र अनुमानाभ्यां – अनुमान निष्कर्षबाट।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अत एव च नित्यत्वम् ॥२९॥

च – पनि; अतः एव – यसकारणले; नित्यत्वं – अनन्त र कहिल्यै नाश नहुने ।

समाननामरूपत्वाच्चावृत्तावप्यविरोधो दर्शनात् स्मृतेश्च ॥३०॥

समान–नामरूपत्वात् – उस्तै नाम र रूप भएबाट; च – पनि; आवृत्तौ – विश्वचक्र; अविरोधः – विरोध नभएको; दर्शनात् – देखिएबाट; स्मृतेः स्मृतिबाट; च – पनि ।

मध्वादिष्वसम्भवादनधिकारं जैमिनिः ॥३१॥

मधु – आदिषु – मधु विद्या इत्यादिमा; असंभवात् – असंभव भएबाट; जैमिनिः – जैमिनिले; अनधिकारं – अनाधिकारी (असक्षम) भनेका छन् ।

ज्योतिषि भावाच्च ॥३२॥

च – पनि; ज्योतिषि – प्रकाश पुञ्जमा; भावात् – हुने (शब्दहरू) हुनाले ।

भावं तु बादरायणोऽस्ति हि ॥३३॥

तु – तर; बादरायणः – बादरायण; भावं – क्षमताको अस्तित्व; हि – निम्ति; अस्ति – हुन्छ ।

भावार्थ :- बादरायणले वेदपाठी मानिसहरू भन्दा पनि माथिल्ला व्यक्तित्व (देवता) हरू हुन्छन् भनेका छन् । यिनीहरूले अनेकौं रूप लिएका हुन्छन् र पूजा कर्मकाण्ड गर्दा विरोध हुँदैन । यिनीहरू वेदमन्त्रबाट उत्पन्न भएका हुन्छन् । जो नित्य छन् । यो प्रत्यक्ष देखिन्छ र निष्कर्षमा पनि पुगिन्छ । यिनीहरूको समानरूप र नाम भएबाट कालचक्र (विश्वचक्र) मा विरोध पुग्दैन । यस्तै देखिन्छ र स्मृतिले पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यही भन्दछ तर जैमिनिका अनुसार यिनीहरू मधुविद्या इत्यादि प्राप्त गर्न असक्षम हुन्छन् । यिनीहरू केवल प्रकाशपुञ्जबाट उत्पन्न भएका शब्दहरू हुन् तर बादरायणले यिनमा मधुविद्या इत्यादि प्राप्त गर्ने क्षमता हुन्छ भनेका छन्।

टिप्पणी :- सूत्र २४ मा वेद पढ्ने अधिकारीले ब्रह्म साक्षात्कार गर्न सक्तछ भनेकोले अरुले पनि ब्रह्मज्ञान प्राप्त गर्न सक्तछन् कि सक्दैनन् भन्ने प्रश्न उठ्न सक्तछ। त्यसैले यी ८ सूत्रहरूमा यसबारे छलफल गरिएको छ। वेदपाठी मनुष्यहरूले मात्र ब्रह्मज्ञान प्राप्त गर्न सक्तछन् भन्ने कुरालाई बादरायणले मान्दैनन्। जैमिनिले वेद नपढ्ने ब्रह्मज्ञान (मधुविद्या) प्राप्त गर्न असक्षम हुन्छन् भनेका छन्।

यी आठै सूत्रहरू मुख्यधारबाट फरक देखिए पनि अति महत्त्वपूर्ण छन्। छान्दोग्य उपनिषद ४.२.५ मा रैक्व ऋषिले राजा जानश्रुतिलाई 'तँ शूद्र होस् त्यसकारण ब्रह्मज्ञानको अधिकारी होइनस्' भनेको प्रसङ्ग छ । यसलाई कर्मकाण्डीहरूले अर्कै अर्थ लगाएर शूद्र भनेको दुःखी हो भन्ने मन्तव्य दिएका छन् तर जैमिनिले शूद्रलाई नै ब्रह्मज्ञानको अधिकारी हुँदैन भनेका हुन् । बादरायणको मन्तव्यमा वेद नपढे पनि ब्रह्मज्ञान प्राप्त गर्न सकिन्छ भन्ने स्पष्ट देखाइएको छ। अर्थात् जात र परम्परा बाहिरबाट पनि ब्रह्मज्ञान प्राप्त गर्न सकिन्छ । ३४-३८ सूत्रहरूमा यसै विषयमा थप विवेचना गरिएको पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८. शूद्रवर्जित

शुगस्य तदनादरश्रवणात् तदाद्रवणात् सूच्यते हि ॥३४॥

अस्य – यसलाई (अनुमति भयो); शुक् – शोकको; तत् अनादर श्रवणात् – त्यो अपमान सुनेर; तत् आद्रावणात् – त्यसको सामीप्य हुन लागेकोबाट; हि – कारणले; सूच्यते – सूचना गर्दछ (सङ्केत गर्दछ)।

क्षत्रियत्वागतेश्चोत्तरत्र चैत्ररथेन लिङ्गात् ॥३५॥

च – पनि; क्षत्रियत्वगतेः – उसको क्षत्रियत्वको ज्ञान भएकोले; उत्तरत्र – त्यसपछि; लिङ्गात् – सङ्केतबाट; चैत्ररथेन – राजा चित्ररथको वंशज।

संस्कारपरामर्शात्तदभावाभिलापाच्च ॥३६॥

संस्कार–परामर्शात् – जातकर्म गरिएको जानकारी प्राप्त भएकोले; च – पनि; तत् अभाव अभिलापात् – तिनको अभाव घोषणा भएकोले।

तदभावनिर्धारणे च प्रवृत्तेः ॥३७॥

तत् – त्यो; अभाव – अभाव; निर्धारणे – निर्धारण भएबाट; प्रवृत्तेः – प्रवृत्तिले; च – पनि।

श्रवणाध्ययनार्थप्रतिषेधात् स्मृतेश्च ॥३८॥

श्रवण – सुन्न; अध्ययन – पढ्न; अर्थ – बुझ्न; प्रतिषेधात् – निषेध गरिएकोले; च – पनि; स्मृतेः – स्मृतिमा।

भावार्थ :– यसलाई त्यो अपमान सुनेर दुःख लाग्यो । अपमान गर्ने नजिकै आउँदै गरेको सङ्केत पनि प्राप्त भयो । त्यसपश्चात् चित्ररथ राजाको वंशज र क्षत्रियको जातकर्म गरिएको ज्ञान भएपछि तिनीमा शूद्रत्वको अभाव बुझिएको हुनाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनलाई रैक्वले शिक्षा दिन मञ्जुर गरे। शूद्रलाई सुन्न, पढ्न, अर्थ बुझ्न स्मृतिमा पनि निषेध गरिएको हुनाले प्रवृत्तिले पनि शूद्रलाई ब्रह्मज्ञान दिन मिल्दैन।

टिप्पणी :- गौतम तथा वशिष्ठले शूद्रहरूलाई वेद पढ्न पूर्णतया निषेध गरेको पाइन्छ। यिनका स्मृतिहरूमा 'शूद्रले वेदमन्त्र सुने मात्र पनि उसको कानमा लाहा र सीसा भरिदिनु' भनिएको छ।

मनुस्मृति अनुसार भने शूद्रले वेदमन्त्र बाहेक अरु अध्ययन गर्न सक्तछन् र ब्रह्मज्ञान प्राप्त गर्न सक्दछन् भनिएको छ। मनुस्मृतिले शूद्रलाई वेद पढ्न निषेध गरे पनि र तिनको जातकर्म र संस्कार नभए पनि शूद्रहरूलाई पनि ब्रह्मज्ञान प्राप्त हुन सक्तछ। यसको उदाहरणमा सत्यकाम जावाल, बिदुर र धर्मव्याधहरू पाइन्छन्।

९. ज्योर्तिमय, आकाश

कम्पनात् ॥३९॥

कम्पयमान स्पन्दन हुने कारणले (प्राण)।

ज्योतिर्दर्शनात् ॥४०॥

ज्योर्तिमय भएकाले।

आकाशोऽर्थान्तरत्वादिव्यपदेशात् ॥४१॥

आकाशः – आकाशको; अर्थान्तर इत्यादि – नाम रूप आदिबाट फरक अर्थ भएको; उपदेशात् – उपदेश गरिएकोले।

भावार्थ :- ब्रह्म कम्पायमान र प्रकाशयुक्त भएको हुनाले र आकाश इत्यादिको फरक अर्थमा उपदेश गरिएकोले यो ब्रह्म नै हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी :- प्राणबाट स्पन्दन हुने हुँदा र स्पन्दनबाटै ब्रह्माण्ड भएकोले प्राण नै ब्रह्म हो । ब्रह्म साक्षात्कार गर्दा तेजपुञ्ज देखिने भएकाले ज्योति नै ब्रह्म हो । अन्तरिक्षको आकाश नाम र रूप नभएकोले र अन्य सबैको नाम र रूप हुने हुँदा आकाश वा अन्तरिक्ष नै ब्रह्म हो । यस प्रकारका दार्शनिक विचारहरू कठोपनिषद् ३, ३, २ तथा छान्दोग्य उपनिषद् ८, ६, ५, ८, ३, ४ इत्यादिमा विभिन्न सन्दर्भ छन् ।

१०. सुषुप्त अवस्था

सुषुप्त्युत्क्रान्त्योर्भेदेन ॥४२॥

सुषुप्ति उत्क्रान्त्योः – गहन निद्रा तथा मृत्यु; भेदेन – फरक भएको हुनाले ।

पत्यादि शव्देभ्य ॥४३॥

पति–आदि–शव्देभ्यः – स्वामी इत्यादि शब्दबाट ।

भावार्थ :- गहन निद्रा र मृत्यु फरक भएको र स्वामी इत्यादि भनिएकोले यो ज्ञान नै ब्रह्म हो ।

टिप्पणी :- सुषुप्त अवस्था अर्थात् गहिरो निद्रामा जीवात्माको ब्रह्ममा मिलन हुन्छ भन्ने धारणा अनुसार र ब्रह्मलाई ब्रह्माण्डको स्वामी अधिपति भनिएबाट पनि ब्रह्मको पहिचान हुन्छ । बृहदारण्यक उपनिषद् ४, ४, २ र ४, ३, २१ मा राजा जनक र याज्ञवल्क्यको संवाद माथिका यी दुई सूत्रहरूले प्रस्तुत गरेको देखिन्छ ।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रथम–अध्याय

चौथो पाउ

प्रधान र ब्रह्म एउटै होइनन्

१. तर्कसम्मत

आनुमानिकमप्येकेषामिति चेन्न शरीररूपकविन्यस्तगृहीतेर्दर्शयति च ॥१॥

आनुमानिकम् – अनुमानित; अपि – तै पनि; एकेषाम् – (उपनिषद्) कुनै एकमा; इति चेत् – यस्तो सम्झिएमा; न – (यसो) होइन; शरीर–रूपक–विन्यस्त – गृहिते – शरीररूपधारी सम्झिएको हुनाले, च – पनि; दर्शयति – देखाउँछ (उपनिषद्ले)।

सूक्ष्मं तु तदर्हत्वात् ॥२॥

तु – परन्तु; सूक्ष्मं – सूक्ष्म; तत् अर्हत्वात् – त्यो ठहर गरिएकोले।

तदधीनत्वादर्थवत् ॥३॥

तत् – त्यसमा; अधीनत्वात् – आधारित भएबाट; अर्थवत् – सार्थक हुन्छ।

ज्ञेयत्वावचनाच्च ॥४॥

च – पनि; ज्ञेयत्व अवचनात् – जानिए पनि नभनिएको; (अव्यक्त)।

वदतीति चेन्न प्राज्ञो हि प्रकरणात् ॥५॥

वदति – भन्दछ (बोल्दछ); इति चेत् – यस्तो सम्झिएमा; न – होइन; हि – किनभने; प्राज्ञः – ज्ञानी (आत्मा); प्रकरणात् – सन्दर्भ अनुसार भएबाट।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रयाणामेव चैवमुपन्यासः प्रश्नश्च ॥६॥

त्रयाणाम् – तीन मध्ये; एव – मात्रै; च – पनि; एवं – यस्तो प्रकारले; उपन्यासः – प्रस्तुत भएको; प्रश्नश्च – प्रश्न पनि।

महद्वच्च ॥७॥

महत् वत् – महत सरह; च – पनि।

भावार्थ :- अनुमानित भए पनि वा कुनै उपनिषद्मा छ भन्ने सम्झिए पनि त्यसो होइन किनभने त्यसलाई शरीररूपधारी भनेर उपनिषद्ले देखाएका छन्। त्यो सूक्ष्म ठहरिएको छ। त्यसमा आधारित भए यस्ता तर्कहरूको केही अर्थ हुन्छ। प्रधानलाई अव्यक्त पनि भनिएको छ। ज्ञानीहरूले पनि त्यसो होइन, सन्दर्भ अनुसार बुझ्नुपर्दछ भनेका छन्। तीनमध्ये महत् सरह ब्रह्म भएकोले प्रश्न पनि यस प्रकारले गर्नुपर्दछ।

टिप्पणी :- कपिल जस्ता मुनिहरूले दिएको सांख्यले जीव, प्रधान कारण र पुरुषको प्रतिपादन गरेको छ। कठोपनिषद्लाई प्रमाण मान्दै ब्रह्मलाई नै प्रधान कारण मान्नुपर्ने तर्क गरेको छ। माथिका ७ सूत्रहरूले यसको खण्डन गर्दै अव्यक्तलाई प्रधान कारण हुन सक्दैन भनेका छन्। प्रधान कारण स्थूल आकारको हुन्छ। अव्यक्त अतिसूक्ष्म र निराकार हुन्छ। ब्रह्म निराकार छ, अव्यक्त छ। त्यसैले सांख्यको तर्क मिल्दैन।

२. चमसमा (कचौरामा)

चमसवदविशेषात् ॥८॥

चमसवत् – कचौरा जस्तै; अविशेषात् – विशेषता रहित हुनाले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्योतिरूपक्रमा तु तथा ह्यधीयत एके ॥९॥

तु – तर; ज्योतिरूपक्रमा – आगोबाट गणना गर्दै; तथा – तथा; हि – त्यसकारणले; अधीयते – पढ्दछन्; एके – कोही ।

कल्पनोपदेशाच्च मध्वादिवदविरोधः ॥१०॥

कल्पना उपदेशात् – कथित उपदेश गरिएबाट; च – तथा; मधु आदि वत् – मधुविद्या इत्यादि जस्तै; अविरोध – असङ्गत छन् ।

भावार्थ :– कुनै विशेषता नभएको कचौरा जस्तै यज्ञलाई प्रधान कारण मान्न सकिन्न । कोही आगोबाट गणना शुरू गरेर पढ्दछन् कोही भने कल्पनाको आधारमा । तैपनि यो उपदेशसँग असङ्गत छैन ।

टिप्पणी :– श्वेताश्वेतर उपनिषद् ४.५ मा बाखो र बाखीको सम्बन्ध छ। सांख्य दर्शनले सत्वः रजः तम अर्थात् तीन तत्त्वहरूको प्रादुर्भाव भएकोले प्रकृति र पुरुष भन्ने आशय देखाउँछ। छान्दोग्य उपनिषद्मा ६, २, २-४; ६, ४, १ पुरुषबाट यी तत्त्वहरू निस्केका हुन् भन्ने देखिन्छ। सूर्यलाई मधुविद्या मानिएको छ। बाखो र बाखीलाई उपमाको रूपमा प्रयोग गरिएको हो । त्यसैले यो तर्क असङ्गत छैन । सांख्यको प्रकृति प्रधान कारण होइन। पुरुष नै ब्रह्म हो, प्रधान कारण पनि हैन ।

३. संख्यामूलक

न संख्योपसंग्रहादपि नानाभावादतिरेकाच्च ॥११॥

न – होइन (मिल्दैन); अपि – तै पनि; संख्या उपसंग्रहात् – संख्या तोकिएको हुनाले; च – तथा; अतिरेकात् – त्यो बढी हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राणादयो वाक्यशेषात् ॥१२॥

प्राण आदय – प्राण आदि; वाक्यशेषात् – पूरक मन्त्र अनुसार।

ज्योतिषैकेषामसत्यन्ने ॥१३॥

ज्योतिषा – प्रकाशद्वारा; एकेषाम् – कसैलाई; अन्ने – अन्न खाद्यान्न; असति – जब हुन्न।

भावार्थ :– संख्या तोकिएको छ यसकारणले त्यस्तो भन्न मिल्दैन। त्यो बढी हुन्छ। प्राण इत्यादि वर्णन गरिएको मन्त्र अनुसार र खाद्यान्न नभएकोले प्रकाशद्वारा गणना गरिएको छ।

टिप्पणी :– बृहदारण्यक ४.४.२१, ४.४.१६ तथा ४.४.१७ का सन्दर्भ अनुसार यी तीन सूत्रहरू प्रस्तुत भएका छन्।

सांख्यका २५ (पञ्चजन्य, अर्थात् प्रकृति, महत्, अन्तरिक्ष, वायु, आगो, पानी र पृथ्वी तथा तिनीहरूबाट निस्केका पाँच तत्त्व तथा एघार इन्द्रियहरू) र पुरुष गर्दा २६ हुन्छन् र अन्न नभएकोमा प्रकाशलाई गणना गरिएको छ। त्यसैले सांख्य दर्शन अनुसारको प्रधान ब्रह्म हुन सक्दैन भनेर यी तीन सूत्रहरूले देखाएका छन्।

४. प्रथम कारण

कारणत्वेन चाकाशादिषु यथाव्यपदिष्येक्तेः ॥१४॥

च – तथा; कारणत्वेन – कारण नै; आकाश आदिषु – अन्तरिक्ष इत्यादि; यथा व्यपदिष्ट उक्ते – जसरी प्रस्तुत गरेको छ भनि सिकाइएको छ।

समाकर्षात् ॥१५॥

सम – उस्तै; आकर्षात् – देखाइएबाट अर्थात् पूर्णरूपले आकर्षण गरेर।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- अन्तरिक्ष इत्यादिबारे जसरी प्रस्तुत गरी सिकाइएको छ, ती मन्त्रहरूद्वारा र उस्तै देखाइएबाट पुरुषलाई नै प्रधान कारण मान्नुपर्दछ।

टिप्पणी :- अगाडिका तीन सूत्रहरूले नपुगेर यी दुई सूत्रहरूमार्फत अन्य कुनै उपनिषद्मा केही अर्कै भनिए पनि ब्रह्म नै प्रधान कारण हो भनेर देखाएका छन्।

५. वालाकि – अजातशत्रु सम्वाद

जगद्वाचित्वात् ॥१६॥

जगत् – विश्व; वाचित्वात् – भनिएकोले।

जीवमुख्यप्राणलिङ्गान्नेति चेत्तद् व्याख्यातम् ॥१७॥

जीव मुख्य प्राण–लिङ्गात् – जीवको विशेष पहिचान गराउने मुख्य प्राण बाट; न – होइन; ईति चेत् – यो बुझ; तत् – त्यसलाई; व्याख्यातम् – व्याख्या गरिसकिएको छ।

अन्यार्थं तु जैमिनिःप्रश्नव्याख्यानाभ्यामपि चैवमेके ॥१८॥

अन्यार्थं – अर्कै उद्देश्यको निम्ति; तु – तर; जैमिनिः – जैमिनि; प्रश्नव्याख्यानाभ्याम् – प्रश्नको व्याख्यामा; अपि च – र पनि; एवम् – यसप्रकारले; एके – कसैले।

भावार्थ :- 'विश्व' भनिएको छ। जीवात्माको पहिचान गराउने मुख्य प्राण होइन भन्ने कुराको व्याख्या गरिसकिएको छ। जैमिनि पनि यो अर्कै उद्देश्यको निम्ति कसैलाई प्रश्नोत्तर गरिएको हो भन्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी :- अजातशत्रुले बालाकिलाई ब्रह्मज्ञान दिन्छन् । कौशितकी उपनिषद्को ४, १९, २० मा यो सन्दर्भ बताइएको छ। ब्रह्म नै मुख्य हो। ब्रह्मले नै जीवन दिन्छ, प्राण पनि दिन्छ।

६. सन्दर्भ

वाक्यान्वयात् ॥१९॥

वाक्य अन्वयात् – अन्वय अनुसार अर्थ जोडिएको हुनाले।

प्रतिज्ञासिद्धेर्लिङ्गमित्याश्मरथ्यः ॥२०॥

प्रतिज्ञा सिद्धे – (प्रस्ताव) प्रस्तुत विचारको पूर्णताको निम्ति; लिंङ्गम् – चिह्न; आश्मरथ्यः – आश्मरथ्यको; इति–यस्तो मत छ।

उत्क्रमिष्यत एवं भावादित्यौडुलोमिः ॥२१॥

उत्क्रमिष्यत – शरीर छोड्नै लागेको (मर्नै लागेको); एवं भावात् – यस्तै भएकोले; इति – यसरी; औडुलोमिः – ऋषि औडुलोमि भन्दछन्।

अवस्थितेरिति काशकृत्स्नः ॥२२॥

अवस्थितेः – अस्तित्व भएकोले; इति – यस्तो; काशकृत्स्नः – काशकृत्स्न मुनि भन्दछन्।

भावार्थ :- शब्दहरूको अन्वयानुसार अर्थ जोडिएको हुन्छ। (प्रस्ताव) प्रस्तुत विचारको पूर्णता सिद्ध भएको चिह्नाउने उद्देश्य हो भन्ने आश्मरथ्यको कथन छ। औडुलोमिले पनि शरीर छोड्दा आत्मा ब्रह्ममा लीन हुन्छ भनेका छन् साथै काशकृत्स्न ऋषिले ब्रह्मको अस्तित्व भएको हुनाले यस्तो हुन्छ भनेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी :- बृउ. २,४.५ मा आत्मालाई नै ब्रह्म भनेको हो भन्ने आशय पनि देखिएकोले त्यसो होइन भनेर काशकृत्स्नले औडुलोमि र आश्मरथ्यको खण्डन गरेका छन्।

७. भौतिक पदार्थको श्रोत

प्रकृतिश्च प्रतिज्ञादृष्टान्तानुपरोधात् ॥२३॥

प्रकृतिः – भौतिक श्रोत; च – पनि; प्रतिज्ञा दृष्टान्त–अनुपरोधात् – प्रस्ताव तथा उदाहरण फरक नपरेकाले।

अभिध्योपदेशाच्च ॥२४॥

अभिध्योपदेशात् – इच्छाइएको वक्तव्य; च – पनि।

साक्षाच्चोभयाम्नानात् ॥२५॥

साक्षात् – सोझै शाश्वत; च – पनि; उभय आम्नानात् – दुबै पढाइएको हुनाले।

आत्मकृतेः परिणामात् ॥२६॥

आत्मकृतेः – आफैंले आफैंलाई उत्पन्न गरेको कारणले; परिणामात् – परिवर्तन भएर।

योनिश्च हि गीयते ॥२७॥

योनिः – उद्गम स्रोत; हि – कारणले; गीयते – घोषणा गरिन्छ, भनिन्छ।

भावार्थ :- भौतिक पदार्थको स्रोतबारे प्राप्त उदाहरण र प्रस्तावमा फरक नपरेकोले इच्छाइएको वक्तव्य पनि त्यही भएकोले योनिले आफूलाई स्वयं सृजना गरेर परिवर्तन भैरहने हुँदा ब्रह्मलाई नै सबैको उद्गम स्रोत घोषणा गरिन्छ।

टिप्पणी :- स्पष्ट नै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एतेन सर्वे व्याख्याता व्याख्याताः ॥२८॥

एतेन – यी सूत्रहरूबाट; सर्वे – सबै सम्पूर्ण; व्याख्याताः – व्याख्या हुन्छ।

भावार्थ :– यी सूत्रहरूबाट सम्पूर्ण व्याख्या भएको छ।

टिप्पणी :– यी सूत्रहरूद्वारा ब्रह्म बाहेक अन्य दृष्टिकोण भएका सबै दर्शनहरू फरक र अमिल्दो भएको स्पष्ट भयो।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वितीय-अध्याय

पहिलो पाउ

सांख्य तथा वैशेषिक दर्शनहरूको खण्डन

परिचय

पहिलो अध्यायमा ब्रह्मलाई सबैको स्रोत हो भनेर सबै उपनिषद्हरूले प्रमाणित गर्ने प्रयास गरेको बताइएको छ तर वेदले परम पुरुषलाई विश्वको स्रोत बताएको छ। स्मृतिहरूले यो पुष्टि गरेका छन्। यो पुरुष बारे तल बहस गर्दा सबै बुँदाहरूलाई समेट्न सकिएको छैन।

यो अध्यायमा सांख्य र वैशेषिक दर्शनहरूलाई खण्डन गरिएको छ। साथै दर्शन र स्मृतिमा अन्ततोगत्वा केही विरोध छैन भन्ने देखाएर सहमति गर्ने प्रयास पनि गरिएको छ।

१. स्मृति

स्मृत्यनवकाशदोषप्रसङ्ग इति चेन्ना-
न्यस्मृत्यनवकाशदोषप्रसङ्गात् ॥१॥

स्मृति-अनवकाश-दोष-प्रसङ्गः - (कपिल मुनिको सांख्य) स्मृतिलाई कार्य क्षेत्र नै नदिने दोष लाग्दछ, इति चेत् - यस्तो सम्झिएमा; न - होइन; अन्य-स्मृति-अनवकाश-दोष-प्रसङ्गात् - अन्य स्मृतिलाई पनि कुनै कार्यक्षेत्र नदिएको दोष लाग्ने कारणले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इतरेषां चानुपलब्धेः ॥२॥

च – तथा; इतरेषां – अन्य; अनुपलब्ध – पाईंदैन।

भावार्थ :– सांख्य दर्शन र स्मृतिहरूलाई मान्यता नदिए अन्य स्मृतिहरूलाई पनि मान्यता नदिएको दोष लाग्दछ कि भन्न मिल्दैन किनभने शास्त्रमा प्रधान बाहेक अन्य सांख्यका शब्दहरू उल्लेख भएको पाइदैन।

भावार्थ :– अन्य शब्द (जस्तै महत् इत्यादि) पनि वेदमा पाईंदैन।

२. योग

एतेन योगः प्रत्युक्तः ॥३॥

एतेन – यसैबाट, योगः – योग दर्शनको, प्रयुक्तः – खण्डन हुन्छ।

भावार्थ :– यस्तो मानेमा योग दर्शनको पनि खण्डन हुन्छ। (तर पूर्णतया खण्डन हुँदैन किनभने श्वेताश्वतर उपनिषद्मा योगको उल्लेख छ।)

३. प्रकृति

सूत्र ४ – ११ सम्म प्रकृति विपरीत विवेचना गरिएका छन्।

न विलक्षणत्वादस्य तथात्वं च शब्दात् ॥४॥

न – होइन; विलक्षणत्वात् – उल्टो प्रकार वा प्रकृति हुने भएकोले; अस्य – यसको; तथात्वम् – त्यसो भएकोले; च – पनि; शब्दात् – शास्त्रबाट।

भावार्थ :– ब्रह्मलाई प्रधान कारण मान्न मिल्दैन किनभने विश्वको प्रकार ब्रह्म भन्दा उल्टो छ र शास्त्रहरूले पनि यही समर्थन गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिमानिव्यपदेशस्तु विशेषानुगतिभ्याम् ॥५॥

तु - तर; अभिमानि-व्यपदेशः - मुख्य मुख्य (इन्द्रियहरूका) देवी देवताको उल्लेख भएकोले; विशेष-अनुगतिभ्याम् - स्थायित्व तथा विशेषताको कारणले।

भावार्थ :- तर यी देवी देवता, यिनका विशेष कारण, उद्देश्य र स्थायित्वले गर्दा उल्लेख भएका मात्र हुन्।

दृश्यते तु ॥६॥

तु - तर, दृश्यते - देखिन्छन्।

भावार्थ :- तर ब्रह्मको अस्तित्वका उदाहरण चेतन प्राणीहरू सबैबाट देखिएकै छन्।

असदिति चेन्न प्रतिषेधमात्रत्वात् ॥७॥

असत् - अस्तित्व नभएको; इति चेत् - यस्तो सम्झिएमा; न - होइन; - प्रतिषेध-मात्रत्वात् - खण्डन मात्रै गरिएको हो।

अपीतौ तद्वत्प्रसङ्गादसमञ्जसम् ॥८॥

अपीतौ - प्रलय कालमा; तद्वत् - त्यस्तो; प्रसङ्गात् - कारणले, असमञ्जसम् - असङ्गत हुन्छ।

भावार्थ :- यदि प्रलयकालमा सम्पूर्ण दोषसहित ब्रह्माण्ड ब्रह्ममा लीन हुने हो भने ब्रह्ममा दोष देखिने हुन्छ त्यो त असङ्गत कुरो हो।

न तु दृष्यन्तभावात् ॥९॥

न - होइन; तु - तर; दृष्टान्तभावात् - उदाहरणहरू भएकोले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- ब्रह्ममा दोष लाग्दैन भन्ने विभिन्न उदाहरणबाट देखिन्छ, त्यसैले यो भन्न मिल्दैन।

स्वपक्षदोषाच्च ॥१०॥

च – पनि; स्वपक्ष – आफ्नै तर्फका; दोषाः – दोषहरूबाट।

भावार्थ :- यही दोष सांख्यको प्रस्तावमा पनि देखिन्छ।

तर्काप्रतिष्ठानादप्यन्यथाऽनुमेयमिति चेदेवमप्यनिर्मोक्षप्रसङ्गः ॥११॥

तर्क अप्रतिष्ठानात् – तर्कको निष्कर्ष नभएकोले; अपि – पनि; अन्यथा – अन्य तरिकाबाट; अनुमेयम् – विचार विमर्श गर्नुपर्छ; इति चेत् – यस्तो सम्झिएमा; एवम् अपि – तैपनि; अविमोक्षप्रसङ्गः – मुक्ति रहित हुने स्थिति हुन्छ।

भावार्थ :- तर्कका आधारमा मात्र निष्कर्षमा पुगिन्न र अर्कै तरिकाबाट विचार विमर्श गर्नुपर्छ भन्ने सम्झिएमा पनि श्रुतिबाहेक अन्य कुनैबाट मुक्ति प्राप्त हुँदैन, अर्थात् चेतन ब्रह्म नै चैतन्य तथा भौतिक प्रकृतिको स्रोत हो।

टिप्पणी :- सूत्र ४ – ११ क्लिष्ट छन् र परस्पर विरोधी हुन् भन्ने शङ्का उठ्दछ तर बादरायणले सकेसम्म कर्मकाण्डी र दार्शनिकमा सम्झौता गराउन प्रयास गरेको देखिन्छ।

४. विद्वान्

एतेन शिष्यपरिग्रहा अपि व्याख्याताः ॥१२॥

एतेन – यिनलाई; शिष्ट–अपरिग्रहाः – विद्वान्हरूले मान्यता नदिएको; अपि – पनि; व्याख्याताः – व्याख्या गरिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :– (सांख्य, वैशेषिक इत्यादिलाई), यिनलाई विद्वान्हरूले व्याख्या गरी मान्यता नदिएको पाइन्छ।

५. ब्रह्मानुभव

भोक्त्रापत्तेरविभागश्चेत्स्याल्लोकवत् ॥१३॥

भोक्त्रापत्तेः – भोग्य नै भोक्ता हुने कारणले; अविभागः – पृथक् हुन सक्दैन; चेत् – सम्झिएमा; स्यात् – हुन सक्दछ; लोकवत् – सामान्य अनुभव भएबाट।

भावार्थ :– भोग्य र भोक्ता एउटै हुन सक्दैन भन्ने सम्झिएमा त्यसो होइन किनकि सामान्य अनुभवबाट पनि यस्तो भएको देखिन्छ।

६. कर्ता र कारण

तदनन्यत्वमारम्भणशब्दादिभ्यः ॥१४॥

तत् अनन्यत्वम् – तिनमा फरक छैन; आरम्भण–शब्द–आदिभ्यः – उद्‌गम (स्रोत) इत्यादि शब्दहरू लेखिएको हुनाले।

भावार्थ :– (भोग्य तथा भोक्ता : कारण र फल इत्यादि) तिनीहरूमा उद्‌गम इत्यादि लेखिएको हुनाले फरक छैन।

भावे चोपलब्धेः ॥१५॥

भावे – (कारण) अस्तित्व भएको; च – पनि/तथा; उपलब्धेः – अनुभव गरिएको।

भावार्थ :– कारणको अस्तित्व भएकोले फलको अनुभव हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सत्त्वाच्चावरस्य ॥१६॥

सत्त्वात् – अस्तित्व भएकोले; च – पनि; अवरस्य –(कार्यको) पहिले नै।

भावार्थ :- (कारण) को अस्तित्व पहिले नै भएकोले पनि (कारण र फलमा फरक छैन)

असद्व्यपदेशान्नेति चेन्न धर्मान्तरेण वाक्यशेषात् ॥१७॥

असत् – अस्तित्वहीन; व्यपदेशात् – घोषणा गरिएकोले; न – हुँदैन (फलको अस्तित्व); इति चेत् – यस्तो सम्झिएमा; न – त्यसो होइन; वाक्यशेषात् – पूरक वाक्यहरूबाट; धर्म अन्तरेण – गुणमा फरक भएकोले।

भावार्थ :- पहिले कुनै कारणको पनि अस्तित्व नै थिएन भन्ने घोषणा गरिएकाले पछि निस्केका फलको पनि अस्तित्व हुँदैन भन्ने सम्झिनु हुँदैन किनभने गुणमा फरक भएको पूरक वाक्यहरूबाट देखिन्छ।

युक्तेः शब्दान्तराच्च ॥१८॥

युक्तेः – तर्क युक्त; शब्द अन्तरात् – अन्य श्रुति बाट; च – पनि।

भावार्थ :- तर्कयुक्त विचार तथा अन्य उपनिषद्हरूबाट पनि (कारण र फलको सम्बन्ध देखिन्छ)।

पटवच्च ॥१९॥

पटवत् – वस्त्र जस्तो; च – पनि।

भावार्थ :- पट्याएको कपडालाई खोलेर फैलाएपछि वस्त्र रहेछ भन्ने थाहा हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यथा च प्राणादि ॥२०॥

यथा – यस्तो,च – तथा, प्राण आदि – श्वासप्रश्वास इत्यादि ।

भावार्थ :- श्वास प्रश्वासबाट पनि यस्तो देखिन्छ ।

टिप्पणी :- १४–२० सम्मका सूत्रहरूमा कर्ता र कारणको विवेचना गरिएको छ । सांख्य तथा बौद्ध दर्शनअनुसार ब्रह्मलाई प्रधानकारण मान्न मिल्दैन भन्ने तर्कलाई बादरायणले यी ७ सूत्रहरूबाट खण्डन गरेका छन् ।

यसको निम्ति छान्दोग्य उपनिषद् ६.१.१; ६.२.१; ६.४.१६; ६.१.३; ३.९.१; तैत्तिरीय उपनिषद् २.७.१; ऐतरेय १.१.१. बृहदारण्यक २.४.६; ४.४.१९; २.४.१३; ४.४.५ इत्यादिको प्रमाण इङ्गित गरेको देखिन्छ ।

७. सत्कर्म तथा दुष्कर्म

यदि जीवात्मा र ब्रह्ममा फरक नभए ब्रह्मबाट दुष्कर्महरू पनि हुन्छन् भन्ने दार्शनिकहरूको तर्कको खण्डन गर्ने सूत्रहरू २१ – २३ ।

इतरव्यपदेशाद्धिताकरणादिदोषप्रसक्तिः ॥२१॥

इतर–व्यपदेशात् – अर्कैको उल्लेख गरिएकोले; हित–अकरण–आदि–दोष–प्रसक्तिः – कुशल मङ्गल नगर्ने (अहित गर्ने) दोष लाग्दछ ।

भावार्थ :- (जीवात्मा र ब्रह्ममा फरक नभएको सन्दर्भमा) अर्कैको उल्लेख भएबाट ब्रह्मलाई अहित गर्ने दोष लाग्न सक्दछ ।

अधिकं तु भेदनिर्देशात् ॥२२॥

तु – तर; अधिकम् – अरु भन्दा धेरै बढी महत्त्वको; भेद निर्देशात् – फरक घोषणा भएकाले ।

CC-0: Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- तर ब्रह्मको अरुभन्दा धेरै बढी महत्त्व भएको र फरक भएको घोषणा भएकाले ब्रह्मबाट दोष लाग्ने काम हुँदैन।

टिप्पणी :- छान्दोग्य ६, ८, ७ मा श्वेतकेतुलाई "तँ त्यो होस्" भनेकोलाई इङ्गित गरेर वादीले ब्रह्मलाई पनि त दोष लाग्न सक्छ भन्ने तर्क प्रस्तुत गरेको हो।

अश्मादिवच्च तदनुपपत्तिः ॥२३॥

अश्म–आदि–वत् – ढुङ्गा इत्यादि जस्ता; च – पनि; तदनुपपत्तिः – असङ्गत हुन्छन्।

भावार्थ :- माटोबाट ढुङ्गा मात्र होइन हीरा जवाहरातहरू पनि पैदा हुन्छन् भने ढुङ्गा भयो भन्दैमा माटोलाई (पृथ्वी) दोष दिनु असङ्गत हुन्छ।

८. सामग्री सहित सृजना

उपसंहारदर्शनान्नेति चेन्न क्षीरवद्धि ॥२४॥

उपसंहार–दर्शनात् – सहायक सामग्रीहरू बटुलेको देखेको हुनाले; न – होइन; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; क्षीरवत् – दूध जस्तो; हि – कारणले।

भावार्थ :- केही कुनै सामग्री बनाउनु पर्दा सहायक सामग्री बटुलेको देखिन्छ। यस्तो सम्झिएमा, त्यसो होइन किनभने दूध जस्तोबाट (दही) बन्दछ।

देवादिवदपि लोके ॥२५॥

देवादिवत् – देवता इत्यादि जस्ता; अपि – पनि; लोके – संसारमा छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- संसारमा देवता इत्यादि जस्ता पनि हुन्छन् (जसलाई कुनै सामग्रीबाट उत्पन्न गराइएको होइन)।

टिप्पणी :- दूधको कारणले दही बन्दछ पानीबाट त बन्दैन, त्यस्तै कुनै सहायक सामग्री विना कसरी ब्रह्मले सृजना गर्न सक्दछन् ? यस्तो सम्झिएमा त्यसो होइन स्वतः उत्पन्न हुने देवता ऋषिहरू पनि हुन्छन्।

९. पूर्णतया रूपान्तरण

कृत्स्नप्रसक्तिर्निरवयवत्वशब्दकोपो वा ॥२६॥

कृत्स्न-प्रसक्तिः - सम्पूर्ण रूपान्तरणको संभावना; निरवयवत्वशब्द-कोपः - अङ्गविहीनता उपनिषद्को उल्लङ्घन; वा - अथवा।

भावार्थ :- ब्रह्म नै विष्णु हुने हो भने सम्पूर्ण रूपान्तरणको संभावना अथवा ब्रह्म अङ्गविहीन हुन्छ भन्ने उपनिषद् वाक्यको उल्लङ्घन हुन्छ।

श्रुतेस्तु शब्दमूलत्वात् ॥२७॥

तु - तर; श्रुतेः - श्रुति अनुसार; शब्दमूलत्वात् - श्रुतिबाटै पहिचान गरिएको।

भावार्थ :- तर श्रुति अनुसार त्यस्तो हुन सक्दैन किनभने श्रुतिबाटै ब्रह्मको पहिचान हुन्छ।

आत्मनि चैवम् विचित्राश्च हि ॥२८॥

हि - किनभने, एवं - यो प्रकारले; आत्मनि - आत्मामा; च - पनि; विचित्रा - विभिन्न प्रकारका।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- किनभने ब्रह्म यो प्रकारले आत्मामा तथा विभिन्न रूपमा; जस्तै देवता; ऋषि इत्यादिमा रहन्छ।

स्वपक्षदोषाच्च ॥२९॥

स्वपक्ष–दोषात् – वादिको दोषयुक्त प्रस्तावले; च – पनि।

भावार्थ :- वादिको दोषयुक्त प्रस्तावले पनि यसको समर्थन गर्दछ।

१०. सर्वशक्तिमान् मायावी

सर्वोपेता च तद्दर्शनात् ॥३०॥

च – पनि; सर्वोपेता – सबै शक्तियुक्त; तद्दर्शनात् – देखिएको हुनाले।

भावार्थ :- श्रुतिमा देखिएको हुनाले ब्रह्म सर्वशक्तिमान् पनि हो।

विकरणत्वान्नेति चेत्तदुक्तम् ॥३१॥

विकरणत्वात् – अङ्गविहीनताले; न – होइन (ब्रह्म); इति चेत् – यस्तो सम्झिएमा; उक्तम् – बताइसकिएको छ।

भावार्थ :- ब्रह्म अङ्गहीन हो भन्ने सम्झिएमा त्यस्तो हैन भनेर अगाडि नै बताइएको छ।

११. उद्देश्यहीन

न प्रयोजनवत्त्वात् ॥३२॥

न – होइन (कारण); प्रयोजन–वत्त्वात् – उद्देश्यको आवश्यकताले।

भावार्थ :- उद्देश्यको आवश्यकता हुने हुँदा ब्रह्म नै कारण होइन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लोकवत्तु लीलाकैवल्यम् ॥३३॥

तु – तर; लोकवत् – संसारमा देखिएको जस्तो; लीला–कैवल्यम् – (सृष्टि) केवल आमोद प्रमोद हो।

भावार्थ :– (तर ब्रह्मको निम्ति त) संसारमा देखिएको जस्तो केवल आमोद प्रमोद हो।

वैषम्यनैर्घृण्ये न सापेक्षत्वात्तथाहि दर्शयति ॥३४॥

वैषम्य नैर्घृण्ये – पक्षपात तथा निर्दयता; न – हुँदैन; सापेक्षत्वात् – अन्य पक्षहरूले गर्दा; तथा – तथा; हि – कारण; दर्शयति – देखाउँछ।

भावार्थ :– विभिन्न पक्षहरूबाट हेर्दा ब्रह्ममा निर्दयता तथा पक्षपात हुँदैन तथा श्रुतिहरूले पनि यही देखाउँछन्।

न कर्माविभागादिति चेन्नानादित्वात् ॥३५॥

न – होइन; कर्म–अविभागात् – कामको विभाजन नभएकोले; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; अनादित्वात् – अनादि भएकोले (प्रारम्भ नभएकोले)।

भावार्थ :– कामको विभाजन नभएकोले यस्तो हुन सक्दैन भन्ने सम्झिएमा त्यस्तो होइन किनभने विश्व त अनादि हो, यसको प्रारम्भ वा अन्त हुँदैन।

उपपद्यते चाप्युपलभ्यते च ॥३६॥

च अपि – त्यसमाथि पनि; उपपद्यते – यो तर्क सङ्गत छ; च – तथा; उपलभ्यते – भेटिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- त्यसमाथि पनि यो तर्कसङ्गत छ र (श्रुतिमा पनि) भेटिएको छ।

१२. सर्वगुण सम्पन्न

सर्वधर्मोपपत्तेश्च ॥३७॥

सर्व–धर्म–उपपत्तेः – सबै गुण भएकाले; च – पनि।

भावार्थ :- विश्वको सृष्टिका निम्ति चाहिने सबै गुणहरू (ब्रह्ममा) भएकाले पनि ब्रह्म नै ब्रह्माण्डको कारण हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वितीय-अध्याय

दोस्रो पाउ

सांख्य, वैशेषिक, बौद्ध, जैन दर्शनको खण्डन तथा ईश्वर

१. सांख्यदर्शनको खण्डन

पृष्ठभूमि :

अव्यक्त-प्रकृति पुरुषको सान्निध्यमा आएपछि महत् तत्त्वको सृजना हुन्छ र त्यसपछि सृष्टि क्रमशः सुरु हुँदै जान्छ भन्ने सांख्य दर्शनको सिद्धान्त छ।

रचनानुपपत्तेश्च नानुमानम् ॥१॥

रचना-अनुपपत्तेः - विश्व रचनाको असम्भाव्यताको कारणले; च - पनि; न - होइन; अनुमानम् - अनुमान गरिएको।

भावार्थ :- अनुमान गरिएका अन्य कारणहरूले तथा विश्व रचनाको असम्भाव्यताले (सांख्यको प्रधान) मुख्य कारण हुन सक्दैन।

प्रवृत्तेश्च ॥२॥

प्रवृत्तेः - प्रवृत्तिको, च - पनि।

भावार्थ :- सृजना (रचना) गर्ने प्रवृत्ति पनि (नभएकोले)।

पयोऽम्बुवच्चेत् तत्रापि ॥३॥

पयः - अम्बु-वत् - पानी र दूध जस्तो; चेत् - सम्झिएमा; अपि - पनि; तत्र - त्यहाँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- दूध र पानीले जस्तो जीवन रक्षा गर्ने हो भन्ने सम्झिएमा त्यहाँ पनि चेतनाको (उद्देश्यको) आवश्यकता पर्दछ।

व्यतिरेकानवस्थितेश्चानपेक्षत्वात् ॥४॥

च – तथा; व्यतिरेक–अनवस्थितेः– कुनै बाह्य कारणको अनुपस्थिप्रति; अनपेक्षत्वात् – निर्भर नभएको हुँदा।

भावार्थ :- तथा, कुनै अन्यको अनुपस्थिति र स्वयं कुनैमा निर्भर नभएकोले प्रकृति मुख्य कारण होइन।

अन्यत्राभावाच्च न तृणादिवत् ॥५॥

च – तथा; अभावात् – नभएकोले; अन्यत्र – अन्यत्र; न – हुन सक्दैन; तृण–आदि–वत् – घाँस आदि झैं।

भावार्थ :- अन्यत्र पनि नभएकोले घाँस इत्यादिझैं प्रकृतिको रूपान्तरण हुन सक्दैन।

अभ्युपगमेऽप्यर्थाभावात् ॥६॥

अपि – ता पनि; अभ्युपगमे – जब मानिए पनि; अर्थ–अभावात् – उद्देश्य नभएको हुनाले।

भावार्थ :- प्रकृतिलाई नै मानिए पनि उद्देश्य नभएको हुनाले सृष्टिको कारण मान्न सकिन्न।

पुरुषाश्मवदिति चेत्तथाऽपि ॥७॥

पुरुष–अश्मवत् – उदाहरणको निम्ति पुरुष तथा चुम्बकीय ढुङ्गा झैं; इति चेत् – यस्तो सम्झिएमा; तथा अपि – तै पनि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :– लङ्गडो व्यक्तिले अन्धोलाई बाटो देखाए जस्तो वा चुम्बकीय ढुङ्गाले फलामलाई ताने जस्तो उदाहरण दिइए पनि यी कठिनाइहरू हट्दैनन् ।

अङ्गित्वानुपपत्तेश्च ॥८॥

अङ्गित्व–अनुपपत्तेः – प्रधान कारणको अरु गुणहरूसँग सम्बन्ध हुन नसक्ने हुँदा, च – पनि ।

भावार्थ :– प्रधान कारण मातहतका गुणहरूसँग सम्बन्ध हुन नसक्ने कारणले पनि यो मिल्दैन ।

अन्यथाऽनुमितौ च ज्ञशक्तिवियोगात् ॥९॥

च – तथा; अन्यथा अनुमितौ – अन्य तरिकाले प्रयत्न गरिए पनि; ज्ञशक्ति वियोगात् – बुद्धि शक्ति नहुनाले त्यस्तो भन्न मिल्दैन ।

विप्रतिषेधाच्चासमञ्जसम् ॥१०॥

च – तथा, विप्रतिषेधात् – परस्पर विरोधी भएकाले, असमञ्जसम् – असङ्गत हुन्छ ।

भावार्थ :– बुद्धि शक्ति नभएकाले तथा अन्य उदाहरणहरू पनि परस्पर विरोधी भएकाले यो असङ्गत हुन्छ ।

टिप्पणी :– माथिका सूत्रहरूले सांख्य दर्शनको खण्डन गर्ने प्रयास गरेका छन् । सांख्यको प्रधान कारण पुरुष/प्रकृतिलाई ब्रह्माण्डको स्रोत मान्न खोजिएको असङ्गत हुन्छ किनभने त्यहाँ चेतनाको आवश्यकता पर्छ – सो छैन । सृजना गर्ने प्रवृत्ति पनि छैन । घाँसले गाईको दूध बनाउँदा गाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चाहिन्छ, त्यसै दूध बन्न सक्दैन, चुम्बकले फलाम तान्दा त्यहाँ चुम्बकीय आकर्षण हुनुपर्दछ। स्वयं रूपान्तरण गर्न अशक्य भएको र त्यहाँ कुनै बाह्य शक्ति पनि नभएकाले यस्तो सम्झन मिल्दैन।

प्रधान कारण निर्गुण हुनुपर्दछ तर प्रकृति सत्व, रजस, तमस गुणहरूसँग सम्बन्धित छ – तसर्थ यो परस्पर विरोधी प्रस्ताव हो। ब्रह्म नै प्रधान कारण वा ब्रह्माण्डको सृष्टिकर्ता हो – पुरुष वा प्रकृति होइन।

२. वैशेषिकको विरोध

पृष्ठभूमि :

वैशेषिक दर्शनानुसार ब्रह्माण्ड ६ पदार्थहरूले बनेको छ – द्रव्य, सामान्य, गुण, विशेष, कर्म, समवाय। (पदार्थ; पदको अर्थ)। प्रलयपछि अणुहरू मात्र आफ्ना–आफ्ना गुणसहित निष्क्रिय भएर अदृष्ट रहन्छन्। केही कालपछि अदृश्य ती परमाणुहरू आपसमा जोडिन्छन् – यस्ता युगल अणुहरूबाट सम्पूर्ण सृष्टि हुन्छ। यी युगल अणुहरू जोडिएर त्रिसंयुज द्रव्यहरू बन्दछन्। द्रव्यमा गुण र कर्म हुन्छ।

अन्तरिक्ष (आकाश), समय (काल), दिक् (शून्यता), स्वयं (आत्मा) र मनस् (मन) द्रव्य होइनन्। मनस् र आत्माको संयोजनबाट बुद्धि बन्दछ। आत्मामा चैतन्य हुँदैन, ज्ञानेन्द्रियले दिएको सूचनालाई मनले सङ्कलन गर्दछ। ११–१७ सूत्रहरूले वैशेषिक दर्शनको खण्डन गर्ने प्रयास गरेका छन्।

महद्दीर्घवद्वा ह्रस्वपरिमण्डलाभ्याम् ॥११॥

महत् – दीर्घ – वत् – लामो वा बृहत् भए पनि; वा – अथवा; ह्रस्वपरिमण्डलाभ्याम् – छोटो र सूक्ष्मबाट।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- छोटो र सूक्ष्मबाट अथवा लामो ठूलोबाट ब्रह्म निर्माण भए पनि सृष्टि त ब्रह्मबाटै हुन्छ।

उभयथाऽपि न कर्मातस्तदभावः ॥१२॥

अपि उभयथा – दुवै दृष्टिकोणबाट; न – होइन (मिल्दैन); न कर्म – कार्य हुँदैन; अतः यसकारणले; तत् अभावः – (त्यहाँ) त्यसको अभाव छ।

भावार्थ :- दुवै पक्षबाट (परमाणु, युगल अणु वा त्रिसंयुज) लाई अदृश्यबाट सृष्टि गर्ने प्रेरणा प्राप्त भए पनि त्यहाँ काम नहुने हुँदा सृष्टि वा प्रलय हुन सक्दैन।

समवायाभ्युपगमाच्च साम्यादनवस्थितेः ॥१३॥

समवाय अभ्युपगमात् – समवाय अङ्गीकार गरेकाले; च–पनि; साम्यात् – तार्किक विश्लेषणबाट हेर्दा यहाँ; अनवस्थितेः – अनन्त प्रतिगमन हुन्छ।

भावार्थ :- परमाणुलाई जोड्ने समवायलाई अङ्गीकार गरेकोले तार्किक विश्लेषणबाट हेर्दा यहाँ अनन्त प्रतिगमन देखिन्छ।

नित्यमेव च भावात् ॥१४॥

नित्यम् एव – चिरस्थायी; च – तथा; भावात् – भएकाले।

भावार्थ :- परमाणुहरू चिरस्थायी रूपले कार्यरत भएकाले पनि वैशेषिक दर्शन मिल्दैन।

रूपादिमत्त्वाच्च विपर्ययो दर्शनात् ॥१५॥

रूपादिमत्त्वात् – रङ्ग इत्यादि भएकाले; च – तथा; विपर्यय – उल्टो; दर्शनात् – देखिएकोले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- परमाणुहरूमा रङ्ग इत्यादि भएकोले यो दर्शन उल्टो देखिन्छ।

उभयथा च दोषात् ॥१६॥

उभयथा – दुवै दृष्टिकोणले; च – तथा; दोषात् – त्रुटिपूर्ण छ।

भावार्थ :- तथा यो दुवै दृष्टिकोणले त्रुटिपूर्ण छ।

अपरिग्रहाच्चात्यन्तमनपेक्षा ॥१७॥

अपरिग्रहात् – अमान्य भएकोले; च – तथा; अत्यन्तम् – अत्यन्तै पूर्णतया; अनपेक्षा – तिरस्कृत हुनुपर्दछ।

भावार्थ :- अणुबाट विश्व ब्रह्माण्डको सृष्टि हुने दर्शन पूर्णतया अमान्य भएकोले तिरस्कृत हुनुपर्दछ।

टिप्पणी :- वैशेषिक दर्शनको खण्डन गर्ने माथिका ७ सूत्रहरूको प्रस्तुतिमा बादरायणले खासै चित्त बुझ्ने बहस गर्नुभएको देखिदैन । ओठे जवाफ लगाएको भान हुन्छ तर शङ्कर भाष्य अनुसार यी सबै तर्कसम्मत देखिन्छन्।

पृष्ठभूमि : बौद्धमार्गीहरू ४ प्रकारका हुन्छन्।

१. सर्वास्तित्वादीन वैभाषिक
२. सौतान्त्रिक
३. विज्ञानवादी (योगाचारि)
४. सर्वशुन्यवादी (माध्यमिक)

३. बौद्ध दर्शनको खण्डन

समुदाय उभयहेतुकेऽपि तदप्राप्तिः ॥१८॥

अपि – तै पनि; समुदाय – सङ्कलित; उभय हेतुके – दुवैका कारणको निम्ति; तत् अप्राप्तिः – त्यो प्राप्त हुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- दुवैका बाह्य संसार तथा अन्तर विश्व कारणको निम्ति सङ्कलित भए पनि त्यो प्राप्त हुँदैन।

टिप्पणी :- यथार्थवादीले बाह्य संसार र आन्तरिक विश्व संयुक्त रूपमा दुवैलाई सम्पूर्ण विश्व मान्दछन्। बाह्य संसार ४ प्रकारको अणुहरूबाट बनेको हुन्छ – पृथ्वी, पानी, आगो र हावा। आन्तरिक संसार रूप, विज्ञान, वेदना, संज्ञा तथा संस्कारबाट बन्दछ। यी दुई अवयवका सङ्कलनबाट विश्व ब्रह्माण्डको सृष्टि भएको मान्यता छ।

इतरेतरप्रत्ययत्वादिति चेन्नोत्पत्तिमात्रनिमित्तत्वात् ॥१९॥

इतरेतर–प्रत्ययत्वात् – क्रमशः कारण भएकाले; इति चेत् – यस्तो सम्झिएमा; न – मिल्दैन (किनभने); उत्पत्ति मात्र–निमित्वात् – तिनीहरू उत्पत्तिका कारण मात्र हुन्छन्।

भावार्थ :- क्रमशः कारण भएकाले (सङ्कलन हुन सक्तछ) भन्ने सोचिए पनि त्यस्तो मिल्दैन किनभने कारणहरू त केवल सङ्कलनको उत्पत्तिको लागि हुन्।

उत्तरोत्पादे च पूर्वनिरोधात् ॥२०॥

उत्तरोत्पादे – तत् पश्चात् उत्पन्न हुने; च – तथा; पूर्वनिरोधात् – पहिले उत्पन्न भएकाको विनाश भैसकेकाले।

भावार्थ :- पहिलेका अवयवको विनाश भैसकेपछि कुनै अवयव उत्पन्न हुन सक्दैन।

असति प्रतिज्ञोपरोधो यौगपद्यमन्यथा ॥२१॥

असति – यदि अस्तित्वहीन मानिएमा; प्रतिज्ञा उपरोध – प्रस्तावको खण्डन; अन्यथा – अन्यथा, नत्र भने; यौगपद्यम् – समकालीन हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- यदि कारणहीन मानिएमा प्रस्तावको खण्डन हुन्छ, अन्यथा कारण र फल समकालीन हुन्छन्।

प्रतिसङ्ख्याऽप्रतिसङ्ख्यानिरोधाप्राप्तिरविच्छेदात् ॥२२॥

प्रतिसङ्ख्या–निरोध–अप्रतिसङ्ख्या–निरोध–अप्राप्तिः – स्वयं नियन्त्रित विनाश तथा अनियन्त्रित स्वतः विनाश; अविच्छेदात् – नरोकिएको कारणले।

भावार्थ :- अनियन्त्रित तथा नियन्त्रित विनाश तथा संहार सँगसँगै हुन सक्दैन।

उभयथा च दोषात् ॥२३॥

च – तथा; उभयथा – दुवै दृष्टिकोणबाट; दोषात् – त्रुटिपूर्ण भएकोले।

भावार्थ :- तथा दुवै दृष्टिकोणबाट यो त्रुटिपूर्ण छ।

आकाशे चाविशेषात् ॥२४॥

च – तथा; आकाशे – आकाश (अन्तरिक्षको) निम्ति; अविशेषात् – फरक नपरेकाले।

भावार्थ :- तथा आकाश अन्तरिक्षको निम्ति पनि फरक पर्दैन।

अनुस्मृतेश्च ॥२५॥

अनुस्मृतेः – स्मरणीयताको आधारले पनि; च – तथा।

भावार्थ :- स्मरणीयताको आधारले पनि यो मिल्दैन। भएको र नभएको, उत्पन्न भइरहेको र विनाश भइरहेको दुवैको एकै साथ सम्झना हुन सक्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नासतोऽदृष्टत्वात् ॥२६॥

न – होइन; असतः – अस्तित्व नभएको; अदृष्टत्वात् – नदेखिने हुँदा।

भावार्थ :- त्यसो होइन किनभने अस्तित्व नै नभएकोलाई देख्न सकिँदैन।

उदासीनानामपि चैवं सिद्धिः ॥२७॥

च – तथा; एवं – यो प्रकारले; सिद्धिः – सफलता; अपि – तैपनि; उदासीनानाम् – निरपेक्ष (अकर्मण्य) हरूका लागि पनि।

भावार्थ :- यस प्रकारले हेर्ने हो भने त सफलता पनि अकर्मण्य व्यक्तिले त्यसै पाउनेछ।

टिप्पणी :- माथिका ७ सूत्रहरूले बौद्धमार्गी अस्तित्ववादी (यथार्थवादी) का दर्शनलाई वाक्पटुताद्वारा खण्डन गरेको देखिन्छ। तलका ५ सूत्रहरूले विज्ञानवादी बौद्ध दर्शनलाई खण्डन गर्ने प्रयास गर्दछन्।

नाभाव उपलब्धेः ॥२८॥

न – हुँदैन; अभाव – अस्तित्वहीन (नभएको); उपलब्धेः – देखिएको कारणले।

भावार्थ :- देखिने भएकोले अस्तित्वहीन हुँदैन।

वैधर्म्याच्च न स्वप्नादिवत् ॥२९॥

च – तथा; वैधर्म्यात् – गुण प्रकृति फरक भएकोले; न – होइन; स्वप्न आदि वत् – सपना इत्यादि अवस्थामा तथा सपना आदि अवस्था र चेतन अवस्थाको प्रकृति फरक भएकोले नभएको कुरा देखिदैन, भएको कुरा देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न भावोऽनुपलब्धेः ॥३०॥

न – होइन; भावः – भएको; अनुपलब्धेः – नदेखिने भएकोले।

भावार्थ :– त्यसो होइन, बाहिरैबाट प्रवृत्ति नदेखिने भएकोले।

क्षणिकत्वाच्च ॥३१॥

च – तथा, क्षणिकत्वात् – क्षणिक भएकोले।

भावार्थ :– तथा, क्षणिक भएकोले (आलय विज्ञान) पनि।

सर्वथाऽनुपपत्तेश्च ॥३२॥

सर्वथा – हरेक तरहले; अनुपपत्तेः – असङ्गत भएको; च – तथा।

भावार्थ :– तथा हरेक तरहले असङ्गत भएको छ (शून्यवाद)।

टिप्पणी :– माथिका १५ सूत्रहरूले बौद्धमार्गीहरूको विभिन्न धारणालाई काट्ने प्रयास गरेका छन् । अनियन्त्रित र नियन्त्रित विनाश, उत्पत्ति र संहार, कर्मठ व्यक्ति र निष्क्रिय व्यक्ति भएको र नभएको सपना र विपना इत्यादि एकै समयमा हुन सक्दैनन्, यसरी शून्यवादी तथा ज्ञानवादीहरूलाई नाउत्तर गरिएको छ।

४. जैन दृष्टिकोणको खण्डन

पृष्ठभूमिः– जैनहरू ७ प्रकारका मान्यता अवलम्बन गर्दछन्ः– ती हुन्, आत्मा (अनुभव गर्ने), अनात्मा (अनुभव गरिने), अनुराग (ज्ञानेन्द्रियको आकर्षण), संयम (भावना र इन्द्रियहरूका), अनुष्ठान (सुख दुःखको अनुभूति हटाउने), बन्धन (कर्म) तथा मुक्ति (माथि उठाउने प्रयास) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वास्तवमा त्यहाँ केवल दुई मुख्य हुन्, आत्मा र अनात्मा। बाँकी त त्यसै जोडिएका हुन्। त्यसैले यी ७ तरिकाले तर्क गर्दछन्; कुनै पनि हुन सक्तछ; यसको अस्तित्व छ; अस्तित्व छैन; छ र छैन पनि; अवर्णनीय छ; छ तर अवर्णनीय छ; छैन र अवर्णनीय छ।

तलका ४ सूत्रहरूले जैन दर्शनलाई खण्डन गर्ने प्रयास गरेका छन्।

नैकस्मिन्नसम्भवात् ॥३३॥

न – हुँदैन; एकस्मिन् – एउटैमा; असम्भवात् – असंभव भएकोले।

भावार्थ :– परस्पर विरोधी तत्त्व एउटैमा हुन असम्भव छ।

एवं चात्माकात्स्र्न्यम् ॥३४॥

एवं – यसप्रकारले; च – पनि; आत्म–आकात्स्र्न्यम् – आत्मा सर्वव्यापी नमानिएको हुनाले।

भावार्थ :– यस्तै गरी, आत्मा सर्वव्यापी हुनुपर्ने हो। सर्वव्यापी नमानिएको हुनाले जैन दर्शन सत्य होइन।

न च पर्यायादप्यविरोधो विकारादिभ्यः ॥३५॥

न च – न त; पर्यायात् – पालो अनुसार; अपि – पनि; अविरोध – विरोध नभएकोले; विकारादिभ्यः – रूप परिवर्तन इत्यादि हुने हुँदा।

भावार्थ :– परिवर्तन हुने कुरामा विरोध नभए पनि पालो अनुसार आत्मामा परिवर्तन नहुने हुँदा यो मिल्दैन।

अन्त्यावस्थितेश्चोभयनित्यत्वादविशेषः ॥३६॥

च – तथा, अन्त्य अवस्थितेः – अन्तिम परिमाणको स्थायित्व भएकोले, उभय नित्यत्वात् – दुवैको नित्यता हुने हुँदा, अविशेषः – फरक छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- अन्तिममा मुक्तिको अवस्थामा आत्माको परिमाण स्थायी हुने हुँदा तथा प्रारम्भ र मध्यको दुवैको पनि नित्यता हुने हुँदा केही फरक छैन।

टिप्पणी :- यी ४ सूत्रहरूले जैन दर्शनको सातै तरिकाका तर्कहरूलाई काटेर जैन दर्शनलाई महत्त्वहीन बनाएको देखिन्छ।

५. ईश्वर निर्देशक मात्र होइन

पृष्ठभूमि :- वेदान्तका अनुसार ईश्वर कर्ता पनि हो, कारण पनि हो तर वैशेषिक, योग, माहेश्वर, नैयायिकाहरू भने ईश्वरलाई केवल कर्ता मान्दछन्। कारण त अणु वा प्रकृतिलाई मान्दछन्। तलका ४ सूत्रहरूले ईश्वरलाई नै कर्ता र कारण सिद्ध गर्ने प्रयास गरेका छन्।

पत्युरसामञ्जस्यात् ॥३७॥

पत्युः – ईश्वरको निम्ति; असामञ्जस्यात् – बेमेलको; असङ्गति भएकोले।

भावार्थ :- दर्शन अनुसार ईश्वरलाई केवल कर्ता मात्र मान्न यी दर्शनहरूमा बेमेल वा असङ्गति देखिएकोले यी दर्शनहरूमा भएका धारणाहरू मिल्दैनन्।

सम्बन्धानुपपत्तेश्च ॥३८॥

सम्बन्ध–अनुपपत्तेः – सम्बन्ध हुन असंभव छ; च – पनि।

भावार्थ :- ब्रह्म, प्रकृति र आत्मा यी तीनै सर्वव्यापी र आकारहीन मानिएको हुनाले यिनीहरूको सम्बन्ध पनि हुन सक्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अधिष्ठानानुपपत्तेश्च ॥३९॥

च – पनि; अधिष्ठान–अनुपपत्तेः – निर्देशन दिन असंभव भएकोले।

भावार्थ :– ब्रह्मले प्रकृतिलाई निर्देशन दिएर सृष्टि गराउँछ भन्ने कुरा पनि मिल्दैन किनभने प्रकृतिमा कुनै आकार वा साधन हुँदैन । कुमालेले मूर्ति बनाउँदा माटाको उपयोग गर्छ, त्यस्तो साधन प्रकृतिसँग छैन।

करणवच्चेन्न भोगादिभ्यः ॥४०॥

करणवत् – इन्द्रियहरू झैँ; चेत् – सम्झिएमा; न – होइन; भोग – आदिभ्यः– भोगिएको अनुभव इत्यादिबाट।

भावार्थ :– ईश्वरले प्रकृतिलाई मानिसले आफ्ना इन्द्रियहरू झैँ उपभोग गरेमा त्यसबाट पाइने अनुभूति ईश्वरमा हुनुपर्छ तर त्यस्तो हुँदैन।

अन्तवत्त्वमसर्वज्ञता वा ॥४१॥

अन्तवत्त्वम् – विनाशाधीन; असर्वज्ञता – सबै नजान्ने; वा – अथवा।

भावार्थ :– त्यस्तो मानिएमा ईश्वर विनाशशील र असर्वज्ञ ठहर्छ । तसर्थ यो तर्क मिल्दैन।

भागवत धर्म वा पाञ्चरात्रलाई खण्डन गर्ने सूत्रहरू

टिप्पणी :– भागवत वा पञ्चरात्र अनुसार वासुदेव परम परमेश्वर हुन् र यिनै कर्ता र कारण पनि हुन् । यो वेदान्तले मान्दछ तर यसका केही पक्षहरू छन्, जुन मिल्दैन।

पञ्चरात्रानुसार वासुदेवबाट सङ्कर्षण, जीव जन्मिन्छन्, जीवबाट प्रद्युम्न, मन र मनबाट अनिरुद्ध, (अहं) जन्मन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदि जीव, (आत्मा) जन्मन्छ भने अन्तिम मोक्षको अवसरमा यो जीवको अन्त्य हुनुपर्थ्यो तर आत्माको त अन्त हुँदैन। त्यसैले यो तर्क मिल्दैन।

६. पञ्चरात्रको खण्डन

उत्पत्त्यसम्भवात् ॥४२॥

उत्पत्ति – असम्भवात् – उत्पत्ति हुन असम्भव भएकोले।

भावार्थ :– आत्माको ईश्वरबाट उत्पत्ति हुन असम्भव छ।

न च कर्तुः करणम् ॥४३॥

न च – न त; कर्तुः – कर्ताबाट निस्केको; करणम् – उपकरण।

भावार्थ :– कर्ताबाट उपकरण निस्कन पनि सक्तैन।

विज्ञानादिभावे वा तदप्रतिषेधः ॥४४॥

वा – अथवा; विज्ञान – आदि – भावे – ज्ञान इत्यादि भए पनि; तत् अप्रतिषेधः – त्यो दोषको प्रतिकार हुँदैन।

भावार्थ :– वासुदेव तथा अन्य सबैमा ज्ञान भएको मानिए पनि यो दोषको प्रतिकार हुँदैन।

विप्रतिषेधाच्च ॥४५॥

विप्रतिषेधात् – अन्तर्विरोध परेकोले; च – पनि।

भावार्थ :– पाञ्चरात्र दर्शन मै अन्तर्विरोध देखिएको र वेदान्तबाट पनि फरक परेकाले यी मान्यताहरू असङ्गत छन्।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वितीय-अध्याय

तेस्रो पाउ

वेदान्ती तथा शङ्कालुको वादविवाद

पृष्ठभूमि :

अन्तरिक्ष र वेदान्त बाहिरका विभिन्न मतहरूलाई खण्डन गर्दा तिनमा भएका अन्तर्विरोधलाई औंल्याइएका छन् । यो खण्डमा उपनिषदहरूमा पनि त्यस्तै अन्तर्विरोधहरू पाइन्छन् भन्ने शङ्का समाधान गर्ने प्रयास गरिएको छ । यी सूत्रहरूलाई कुनै वेदान्ती र शङ्कालुका बीचमा भएको वादविवादको रूपमा प्रस्तुत गरिएको देखिन्छ।

१. अन्तरिक्ष निर्मित होइन

शङ्कालुः

न वियदश्रुतेः ॥१॥

न – होइन; वियत् – आकाश, अन्तरिक्ष; अश्रुतेः – श्रुतिमा छैन।

भावार्थ :- वेदमा अन्तरिक्षको सृजना देखाइएको छैन।

वेदान्तीः

अस्ति तु ॥२॥

तु – तर; अस्ति – छ।

भावार्थ :- तर त्यस्तो बताउने श्रुति छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेदान्तीः

गौण्यसम्भवात् ॥३॥

गौणी – अमुख्य; असम्भवात् – असम्भव भएकोले।

भावार्थ :– अन्तरिक्ष त गौण छ र रूप, आकार, रङ्ग केही नभएकोले यसको सृजना असम्भव छ। यो शाश्वत छ।

वेदान्तीः

शब्दाच्च ॥४॥

च – पनि; शब्दात् – वेदबाट।

भावार्थ :– यो वेदमन्त्रबाट पनि पुष्टि हुन्छ।

वेदान्तीः

स्याच्चैकस्य ब्रह्मशब्दवत् ॥५॥

स्यात् – सम्भव छ; च – तथा; एकस्य – एकै शब्दबाट; ब्रह्मशब्दवत् – ब्रह्म शब्द जस्तै।

भावार्थ :– ब्रह्म शब्द जस्तै एउटै शब्दलाई मुख्य र अमुख्य रूपमा प्रयोग गर्न सम्भव छ।

प्रतिज्ञाऽहानिरव्यतिरेकाच्छब्देभ्यः ॥६॥

प्रतिज्ञा अहानिः – प्रस्तावको खण्डन हुँदैन; अव्यतिरेकात् – फरक नपरेकाले; शब्देभ्यः – शब्द; (श्रुति) अनुसार।

भावार्थ :– फरक नदेखिएकोले प्रस्तावको खण्डन हुँदैन र यो श्रुति अनुसार नै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी :- ब्रह्मज्ञान प्राप्तिबाट सबै ज्ञान प्राप्त हुन्छ, कारण र फलमा फरक हुँदैन भन्ने श्रुतिमा वचनहरू छन्।

यावद्विकारं तु विभागो लोकवत् ॥७॥

यावत्-विकारं – सम्पूर्ण परिणामहरू; तु – तर; विभागः – विभिन्नता छ; लोकवत् – लोकमा देखिए अनुसार।

भावार्थ :- लोकमा देखिएअनुसार सम्पूर्ण परिणामहरूमा विभिन्नता छ।

टिप्पणी :- छान्दोग्य उपनिषद्को ६.२.३ र तैत्तिरीय २.१. लाई लिएर माथिका ७ सूत्रहरूमा अन्तरिक्षलाई सृजना गरिएको हो वा होइन भन्ने वादविवाद हुँदा अन्त्यमा अन्तरिक्षको सृजना गरिएको हो र यो ब्रह्मकै परिणाम हो भन्ने निष्कर्ष देखाइएको छ।

२. वायुको उत्पत्ति

एतेन मातरिश्वा व्याख्यातः॥८॥

एतेन – यसैबाट; मातरिश्वा – वायु; व्याख्यातः – सम्झाइन्छ।

भावार्थ :- यसैबाट, अगाडिका सूत्रहरूबाट, वायुको उत्पत्ति पनि स्पष्ट हुन्छ।

३. ब्रह्म विपरीत

असम्भवस्तु सतोऽनुपपत्तेः ॥९॥

असम्भवः – हुन नसक्ने; तु – तर; सतः – सत् (अस्तित्व) को; अनुपपत्तेः – तर्कसम्मत हुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :– तर सत्को, ब्रह्मको, अस्तित्व तर्कसम्मत नहुँदा असम्भव हुन्छ।

तेजोऽतस्तथा ह्याह ॥१०॥

तेजः – फिलिङ्गो, आगो; अतः – यसबाट; तथा – तथा; हि – निश्चय नै; आह – भन्दछ।

भावार्थ :– तथा आगो पनि यसैबाट उत्पन्न हुन्छ, श्रुति भन्दछ।

४. पानीको उत्पत्ति

आपः ॥११॥

आपः – पानी।

भावार्थ :– पानी पनि आगोबाटै उत्पन्न हुन्छ।

५. पृथ्वीको उत्पत्ति

पृथिव्यधिकाररूपशब्दान्तरेभ्यः ॥१२॥

पृथिवी – पृथ्वी; अधिकार – रूप – शब्दान्तरेभ्यः – विषय रङ्ग, रूप; तथा श्रुतिका अन्य शब्दहरूबाट पनि।

भावार्थ :– पानीबाट पृथ्वी, अन्नको सृष्टि भएको तथ्य विषय, रङ्ग तथा अन्य मन्त्रहरूबाट पनि पुष्टि हुन्छ।

६. दैवेच्छा

तदभिध्यानादेव तु तल्लिङ्गात्सः ॥१३॥

तु – तर; तत् अभिध्यानात् – त्यहाँ गहन ध्यान गरेबाट; सः – त्यो; तत् लिङ्गात् – त्यसले सङ्केत दिएबाट।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- उसैले सङ्केत दिए अनुसार उसको गहन ध्यानबाट प्रत्येक वस्तुको सृजना भयो।

७. प्रलय

विपर्ययेण तु क्रमोऽत उपपद्यते च ॥१४॥

विपर्ययेण – विपरीत क्रमले; तु – तर; क्रमः – क्रमानुसारको व्यवस्था; अतः – त्यसपछि; च – तथा; उपपद्यते – सङ्गत हुन्छ।

भावार्थ :- शुरुमा क्रमानुसार सृष्टिको व्यवस्था हुन्छ तर त्यसपछि प्रलय हुँदा विपरीत व्यवस्था क्रमले सबै ब्रह्ममै लीन हुन्छन्।

८. मन र बुद्धि

अन्तरा विज्ञानमनसी क्रमेण तल्लिङ्गादिति चेन्नाविशेषात् ॥१५॥

अन्तरा – अन्तरालमा (बीचको अवधिमा); विज्ञानमनसी – ज्ञान र मन; क्रमेण – क्रमानुसार; तल्लिङ्गात् – त्यस्तो सङ्केत भएकोले; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; अविशेषात् – फरक नपरेको कारणले।

भावार्थ :- बुद्धि र मनको अन्तरालमा सृष्टि र प्रलय बीचको समयमा क्रमानुसार स्थान रहन्छ भन्ने सङ्केत भएको सम्झिएमा त्यस्तो होइन किनभने बुद्धि र मन अन्य सृष्टिभन्दा फरक होइनन्।

९. जन्म र मृत्यु

चराचरव्यपाश्रयस्तु स्यात्तदव्यपदेशो भाक्तस्तद्भावभावित्वात् ॥१६॥

तु – तर; तत् – व्यपदेशः – ती बारेको उपदेशबाट; स्यात् – अवश्यै; चर अचर व्यपाश्रय – चल अचल वस्तु सम्बन्धी; भाक्तः – गौणरूपले प्रयोग गरिएको; तत् – भाव – भावित्वात् – तब मिल्दछ जब त्यो हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- तर जन्म मृत्यु बारेको उपदेशबाट आत्मालाई अवश्यै पनि गौणरूपमा प्रयोग गरिएको छ। जब यस्ता उपदेश चल अचल वस्तुसम्बन्धी हुन्छन् तब ती उपयुक्त देखिन्छन्।

टिप्पणी :- छान्दोग्य ६.११.३. बमोजिम जीवलाई जीवात्मा भनेर आत्मा पनि मर्दछ भन्नु एउटा गौण अर्थ मात्र हो, आत्मा मर्दैन, शरीर मर्दछ।

१०. आत्मा अनन्त अनादि हुन्छ

नात्माऽश्रुतेर्नित्यत्वाच्च ताभ्यः ॥१७॥

न – हुँदैन; आत्मा – आत्मा; अश्रुतेः – श्रुतिमा नभएको; नित्यत्वात् – अनादि अनन्त भएकोले; च – पनि; ताभ्यः – ती स्मृतिबाट।

भावार्थ :- अनादि अनन्त हुने हुँदा आत्मा जन्मदैन, श्रुति तथा स्मृतिले पनि आत्मा जन्मन्छ भनेका छैनन्।

११. ज्ञान र आत्मा

पृष्ठभूमि :-

यी सूत्रहरूले क्रमशः आत्माको व्याप्तता, गुण तथा उद्देश्यको बारेमा बताउने प्रयास गरेका छन्। यिनीहरू उपनिषद्को आधारमा प्रस्तुत गरिएका छन्। आत्मालाई अणुवत् वा विशाल अथवा निराकार मात्राहीन जे पनि भन्न मिल्दछ।

ज्ञोऽत एव ॥१८॥

ज्ञः – बुद्धि; अतः एव– यसकारणले हो।

भावार्थ :- यही कारणले, अनादि अनन्त भएकोले आत्मा बुद्धि हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्क्रान्तिगत्यागतीनाम् ॥१९॥

उत्क्रान्ति – गति – आगतीनाम् – छोड्ने शरीरलाई जाने र फर्कने।

स्वात्मना चोत्तरयोः ॥२०॥

च – तथा; स्व आत्मना – आफ्नै आत्मासँगको सम्बन्धले; उत्तरयोः – पछाडिका दुई, जाने र फर्कने भएकाले अणुवत्।

नाणुरतच्छ्रुतेरिति चेन्नेतराधिकारात् ॥२१॥

न अणुः – अणुवत् होइन; अतत् श्रुतेः – श्रुतिले त्यो नभनेको; इति चेत् – यस्तो सम्झिएमा; न – त्यस्तो होइन किनकि; इतर अधिकारात् – सन्दर्भ फरक छ।

स्वशब्दानुमानाभ्यां च ॥२२॥

च – तथा; स्वशब्द – अनुमानाभ्यां – तथा अत्यन्तै सूक्ष्मतालाई श्रुतिले स्पष्ट पारेका अनुसार।

भावार्थ :– यी ३ सूत्रहरूमा आत्माले शरीर छोड्छ, देवलोक, पितृलोक इत्यादिमा जान्छ तथा फर्कन्छ भन्दै तथा उपनिषद्बाट यसको अत्यन्तै सूक्ष्मता, अणुवत् भएको पनि स्पष्ट पारिएको छ।

अविरोधश्चन्दनवत् ॥२३॥

अविरोधः – विरोध नभएको; चन्दनवत् – चन्दनको लेप जस्तो।

अवस्थितिवैशेष्यादिति चेन्नाभ्युपगमाद्हृदि हि ॥२४॥

अवस्थिति – वैशेष्यात् – स्थानविशेषले; इति चेत् – यस्तो सम्झिएमा; न – त्यस्तो होइन; अभ्युपगमात् – श्रुतिले स्वीकार गरिकोले; हृदि – हृदयमा; हि – साँच्चिकै।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुणाद्वा लोकवत् ॥२५॥

गुणात् – यसका गुण; (चैतन्यानुसार), लोकवत् – संसारमा भएको जस्तो।

व्यतिरेको गन्धवत् ॥२६॥

व्यतिरेकः – टाढा फैलिने; गन्धवत् – सुगन्ध जस्तै।

तथा च दर्शयति ॥२७॥

तथा – यसरी; च – पनि, दर्शयति – देखाउँछन्।

भावार्थ :– अलिकति चन्दनको लेप लगाउँदा पूरै शरीर चिसो हुने जस्तै सूक्ष्मातिसूक्ष्म आत्मा हृदयमा रहे पनि सबै तिर व्याप्त हुन्छ। तथा संसारभरी आत्माको चैतन्य फैलिएको हुनाले यसको शरीरबाट बेग्लै अस्तित्व भएको, जस्तो कि चन्दन तथा यसको टाढा फैलिने सुगन्ध, मान्नमा कुनै विरोध छैन।

पृथगुपदेशात् ॥२८॥

पृथक् – फरक; उपदेशात् – उपदेश गरिएबाट।

तद्गुणसारत्वात्तु तद्व्यपदेशः प्राज्ञवत् ॥२९॥

तु – तर; तत् व्यपदेशः – त्यस्तो शिक्षा, प्राज्ञवत् – ब्रह्म ज्ञानी झैं।

यावदात्मभावित्वाच्च न दोषस्तद्दर्शनात् ॥३०॥

च – पनि; यावत् आत्म भावित्वात् – आत्मा तथा चैतन्यको सापेक्षता रहेसम्म; न – छैन; दोषः – त्रुटि; तत् दर्शनात् – त्यस्तो देखिएकोले स्मृतिमा।

भावार्थ :– स्मृतिले माने अनुसार, फरक शिक्षा दिइएको भए पनि ब्रह्मलाई ज्ञानी जस्तै सम्झनु पर्दछ र जबसम्म आत्मा र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धिको सापेक्षता रहन्छ तबसम्म यी धारणाहरूमा कुनै दोष हुँदैन।

टिप्पणी :- आत्माको सूक्ष्मताको बारेको बहसमा ब्रह्म पनि सूक्ष्म मानिएको र ब्रह्मलाई पनि सर्वज्ञ मानिएको हुनाले कौषीतकी उपनिषद् ३.६ लाई बृहदारण्यक ४.३.७ ले समर्थन गरेको छ।

पुंस्त्वादिवत्त्वस्य सतोऽभिव्यक्तियोगात् ॥३१॥

तु – तर; अभिव्यक्ति योगात् – प्रत्यक्ष सम्भव भएकोले; अस्य – यसको; सतः – भैरहेको (सुषुप्ति अवस्थामा); पुंस्त्व आदिवत् – पुरुषत्व इत्यादि (जस्तो वाल्यावस्थामा नदेखिने) हुन्छ।

नित्योपलब्ध्यनुपलब्धिप्रसङ्गोऽन्यतरनियमो वाऽन्यथा ॥३२॥

अन्यथा – अन्यथा; नित्य – उपलब्धि – अनुपलब्धि – प्रसङ्गः – निरन्तर ज्ञान अज्ञानको प्रसङ्ग; वा – अथवा; अन्यतर नियमः – दुइ मध्य एक नहुने हुन्छ।

भावार्थ :- तर यसको अस्तित्व प्रत्यक्षमा मात्र सम्भव भएको देखिए पनि पुरुषत्व जस्तो सुषुप्त रहनसक्ने सम्झनुपर्दछ नत्र भने निरन्तरको ज्ञान अज्ञानको प्रसङ्गले दुई मध्ये एकलाई बहिष्कार गर्नुपर्ने हुन्छ।

टिप्पणी :- बुद्धि र आत्मा एउटै हो भन्दा सुषुप्ति अवस्थामा त बुद्धि हुँदैन नि ! भन्ने प्रश्न उठ्न सक्तछ। यसैलाई माथिका २ सूत्रहरूले खण्डन गरेका छन्। बाल्यावस्थामा पुरुषत्व नदेखिए पनि त्यो त भई नै रहेको हुन्छ। त्यस्तै सुषुप्त अवस्था भए पनि बुद्धि त्यसरी नै सुषुप्त रहन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१२. आत्मा मध्यस्थ हो

कर्ता शास्त्रार्थवत्त्वात् ॥३३॥

कर्ता – मध्यस्थ; शास्त्र अर्थवत्त्वात् – शास्त्रको उद्देश्य होस् भन्नाको निम्ति ।

विहारोपदेशात् ॥३४॥

विहार उपदेशात् – भ्रमणको उपदेश गरेकोले ।

उपादानात् ॥३५॥

उपादानात् – अङ्ग ग्रहण गरेकोले ।

व्यपदेशाच्च क्रियायां न चेन्निर्देशविपर्ययः ॥३६॥

व्यपदेशात् – उपदेश गरिएकोले; च – पनि; क्रियायां – काम गर्नको लागि; न चेत् – यस्तो नभएमा; निर्देश – विपर्ययः – सन्दर्भ फरक पर्ने थियो ।

उपलब्धिवदनियमः ॥३७॥

उपलब्धिवत् – ज्ञानको कारणले; अनियमः – नियम छैन ।

शक्तिविपर्ययात् ॥३८॥

शक्ति विपर्ययात् – शक्ति विपरीत हुने हुँदा ।

समाध्यभावाच्च ॥३९॥

समाधि अभावात् – समाधिको असम्भाव्यताले; च – पनि ।

यथा च तक्षोभयथा ॥४०॥

यथा – जस्तो; च – पनि; तक्षा – सिकर्मी; उभयथा – दुवैको ।

भावार्थ :– शास्त्रले आफ्नो उद्देश्य प्राप्तिको लागि मध्यस्थको रूपमा आत्मालाई उपयोग गरेको छ। शास्त्रमा आत्माको विभिन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ठाउँमा भ्रमण हुने देखाइएको छ। यसले उपयुक्त अङ्ग/रूप लिन्छ भन्ने उपदेश छ। शास्त्रले आत्माबाट यी सबै कामहरू गराएको छ र नगराएको भए विषय सन्दर्भ फरक पर्ने थियो। किनभने ज्ञानको जस्तै त्यहाँ पनि नियम छैन। आत्मा मध्यस्थ नभए बुद्धिले निर्देशन गर्न थाल्दछ र शक्ति विपरीत हुन्छ। तथा त्यस्तो नभए समाधिको असम्भाव्यता हुन्छ। त्यसैले शास्त्र र आत्मा यी दुवै सिकर्मी जस्ता छन्।

१३. ईश्वरमा निर्भरता

परात्तु तच्छ्रुतेः ॥४१॥

तु – तर; परात्तु – सबैभन्दा उच्चबाट; तत् – त्यो; श्रुतेः – श्रुतिले त्यही भन्दछ।

कृतप्रयत्नापेक्षस्तु विहितप्रतिषिद्धावैयर्थ्यादिभ्यः ॥४२॥

तु – परन्तु; कृत – प्रयत्न – अपेक्षा – परिश्रमका साथ गरिएकामा आधारित; विहित – प्रतिषिद्ध– अवैयर्थ्य – आदिभ्यः – आधिकारिक तथा निषेधित कर्महरू त्यसै अर्थहीन हुने हुँदा।

भावार्थ :– आत्मा सबैभन्दा उच्च ईश्वरबाट प्राप्त भएको भनि श्रुति भन्दछन्। परन्तु ईश्वर परिश्रमका साथ गरिएका आधिकारिक तथा निषेधित कर्महरूमा आधारित छन्। नत्र यी सबै कर्महरू अर्थहीन हुन्छन्।

१४. आत्मा र ब्रह्मको सम्बन्ध

अंशो नानाव्यपदेशादन्यथा चापि दाशकितवादित्वमधीयत एके ॥४३॥

अंशः – आंशिक भाग; नाना – धेरै प्रकारको; व्यपदेशात् – उपदेश गरिएकोले; च अपि – भए जस्तो पनि; अन्यथा – अन्यथा; एके – कुनै; अधीयते – पढिन्छ; दाश–कितव – आदित्वम् – माझी; दास; जुवाडे इत्यादि जस्तै।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- पूर्णरूपले होइन केवल आंशिकरूपले उपदेश गरिएकाले यसलाई दास, जुवाडे, माझी इत्यादि धेरै प्रकारको भए जस्तो अन्यथा पनि सम्झिएको छ।

टिप्पणी :- अथर्व – वेदमा सबै जीवात्मालाई ब्रह्मको अंश हो भनेर माझी, दासदासी जुवाडे इत्यादिलाई समेत उपमाको रूपमा पढिएको हुनाले वास्तवमा आत्मा र ईश्वरको सम्बन्ध कस्तो हुन्छ भन्ने विवेचना गरिएको हो।

मन्त्रवर्णाच्च ॥४४॥

च – तथा; मन्त्र – वर्णात् – मंत्रले वर्णन गरेकोले।

भावार्थ :- मन्त्रले पनि यही वर्णन गरेको छ।

टिप्पणी :- छान्दोग्य उपनिषद ३.१२.६ ले यस्तो सङ्केत गर्दछ।

अपि च स्मर्यते ॥४५॥

अपि – तथा; च – पनि; स्मर्यते – स्मृतिले पनि।

भावार्थ :- स्मृतिले पनि यही भन्दछ। गीता १५.७

प्रकाशादिवन्नैवं परः ॥४६॥

परः – परमेश्वर ब्रह्म; न – हुँदैन; एवम् – यो प्रकारले; प्रकाश – आदिवत् – प्रकाश इत्यादि जस्तो।

भावार्थ :- जीवात्मा जस्तो परम परमेश्वर प्रकाश इत्यादिबाट, दुःख सुखबाट यस प्रकारले आक्रान्त हुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्मरन्ति च ॥४७॥

स्मरन्ति – स्मृतिले; च – पनि

भावार्थ :– स्मृतिले पनि यही भन्दछ।

टिप्पणी :– ब्रह्मलाई अल्पज्ञानीले विभिन्न रूप दिए पनि यो स्मृति तथा श्रुति अनुसार दुःख सुख इत्यादिबाट आक्रान्त हुँदैन।

अनुज्ञापरिहारौ देहसम्बन्धाज्ज्योतिरादिवत् ॥४८॥

अनुज्ञा – परिहारौ – (शास्त्रबाट) निर्देशित तथा निषेधित; देहसम्बन्धात् – शरीरसँग सम्बन्धित भएकोले; ज्योतिः आदि वत् – प्रकाश आगो इत्यादिबाट।

भावार्थ :– आत्माको शरीरसँग सम्बन्ध भएपछि शास्त्रबाट निर्देशित तथा निषेधित कुराहरू जस्तो कि प्रकाश – आगो इत्यादिबाट प्रभावित हुन्छ।

असन्ततेश्चाव्यतिकरः ॥४९॥

असन्ततेः – नफैलिने (शरीरभन्दा बाहिर); च – पनि; अव्यतिकरः – संशय वा अन्योल हुँदैन।

भावार्थ :– आत्माको शरीरसँग सम्बन्धन भएपछि व्यक्ति विशेषसँग रहन्छ र सार्वभौम हुँदैन। त्यसैले शास्त्र वर्जित वा निर्देशित अरुले गरेका कामहरूले आत्मा प्रभावित हुन्छ कि भन्ने संशय या अन्योल पर्दैन।

आभास एव च ॥५०॥

आभासः – आभास प्रतिबिम्ब छाया; एव – मात्रै; च – पनि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अदृष्यनियमात् ॥५१॥

अदृष्ट – अनियमात् – नदेखिने; सिद्धान्त नियमानुसार नहुने हुँदा ।

अभिसन्ध्यादिष्वपि चैवम् ॥५२॥

अपि – तै पनि; अभिसन्धि – आदिषु – सङ्कल्प इत्यादि गरिएको; च – पनि; एवम् – यस्तो प्रकारले ।

प्रदेशादिति चेन्नान्तर्भावात् ॥५३॥

प्रदेशात् – ठाउँ ठाउँको फरकबाट; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; अन्तर्भावात् – सबैभित्र भएकोले ।

भावार्थ :- आत्मा त केवल परमेश्वरको छाया मात्रै पनि हो । त्यसैले अरू कसैले गरेका विभिन्न सङ्कल्पहरूबाट यो प्रभावित हुँदैन किनभने नदेखिने सिद्धान्तअनुसार यस्तो हुनुपर्छ भन्ने कुनै नियम छैन । शरीरका विभिन्न भागहरूबाट प्राप्त अनुभूतिहरू सबै शरीर भित्रै रहने हुनाले यहाँ कुनै संशय अथवा अन्योल पर्दैन ।

टिप्पणी :- यी सूत्रहरूले ब्रह्म अन्तःस्करणमा रहने हुँदा र हरेकको अन्तःस्करण फरक हुने हुँदा सबैमा एउटै प्रतिबिम्ब देखिँदैन भन्दछन् । सांख्य, वैशेषिक र नैयायिकहरूले आत्माको बहुसंख्यता मान्दछन् । त्यसबाट शङ्का वा अन्योल मात्र हुन्छ ।

❖❖

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वितीय-अध्याय

चौथो पाउ

प्राण तथा इन्द्रियहरूको विवेचना

परिचय :-

यो खण्डमा मुख्यतः प्राण र इन्द्रियहरूबारे विवेचना गरिएको छ। सर्वप्रथम प्राणका उत्पत्तिको विवेचना भएको छ। विभिन्न अङ्ग, इन्द्रियहरू र तिनका कामहरूलाई पनि एउटै संज्ञा 'प्राण' भनिएकोले उपनिषद्मा निकै विवाद देखिन्छ। यसलाई बादरायणले स्पष्ट गरिदिएका छन्।

१. ब्रह्मबाट उत्पत्ति

तथा प्राणाः ॥१॥

तथा – त्यस्तै गरी; प्राणाः – अङ्गहरू।

गौण्यसम्भवात् ॥२॥

गौणी – गौण; असम्भवात् – असंभव भएकोले

तत्प्राक्श्रुतेश्च ॥३॥

तत् – त्यो; प्राक् – पहिला; श्रुतेः – सुनिएकोले; च – पनि।

तत्पूर्वकत्वाद्वाचः ॥४॥

वाचः – वचन वाणी; तत् – त्यो; पूर्वकत्वात् – पहिल्यै भएकोले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- त्यस्तै गरी अङ्गहरू पनि उत्पन्न भएका हुन् भन्ने सम्झनुपर्दछ किनभने यी गौण हुन सक्दैनन् । सृष्टिबारे त्यो पहिले पनि सुनिएको हो । वाणी सबैभन्दा पहिला उत्पन्न भएको हो ।

टिप्पणी :- तत्त्वबाट अङ्गहरूको प्रादुर्भाव भएको हुनाले तिनीहरूलाई बेग्ला बेग्लै सृष्टि भएको भनिएको छैन यसको सन्दर्भ छा.उ. ६.३.३. सँग देखिन्छ ।

२. अङ्गहरू, प्राणहरूको संख्या र नाप

सप्त गतेर्विशेषितत्वाच्च ॥५॥

सप्त – सात ओटा; गतेः –थाहा भएको; विशेषितत्वात् – निर्धारण गरिएको हुनाले; च – पनि

हस्तादयस्तु स्थितेऽतो नैवम् ॥६॥

तु – तर; हस्त – आदयः – हात इत्यादि त्यहाँ छन्; स्थिते – तथ्य हो; अतः – त्यसकारण; न एवम् – यस्तो होइन ।

अणवश्च ॥७॥

अणवः अति सूक्ष्म; च – पनि

भावार्थ :- प्राण सातवटा छन् भन्ने निर्धारण भएको छ तर हात इत्यादि भएको पनि त तथ्य नै हो भन्नु हुँदैन किनभने प्राणहरू अति सूक्ष्म हुन्छन् ।

३. मुख्य प्राण

श्रेष्ठश्च ॥८॥

श्रेष्ठः – मुख्य (प्राण); च – पनि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न वायुक्रिये पृथगुपदेशात् ॥९॥

न वायु – क्रिये – न हावा न कार्य; पृथक् – फरक भएको; उपदेशात् – उपदेश गरिएको हुनाले।

चक्षुरादिवत्तु तत्सहशिष्ट्यादिभ्यः ॥१०॥

तु – तर; चक्षुः आदिवत् – दृष्टिका अङ्गहरू जस्तै; तत् – सह – शिष्टि आदिभ्यः – तिनीहरू सँगै सिकाइएको तथा अन्य कारणहरूले पनि।

अकरणत्वाच्च न दोषस्तथाहि दर्शयति ॥११॥

च – पनि; अकरणत्वात् – कर्मेन्द्रिय नभएकोले; न दोषः – यसमा दोष लाग्दैन; हि – किनभने; तथा – यसरी; दर्शयति – देखाऊँछ (उपनिषद्ले)।

पञ्चवृत्तिर्मनोवद्व्यपदिश्यते ॥१२॥

व्यपदिश्यते – उपदेश गरिएको छ; पञ्चवृत्तिः – पाँच प्रकारका; मनोवत् – मन जस्तै।

अणुश्च ॥१३॥

अणुः च – सूक्ष्म पनि छ।

भावार्थ :– मुख्य प्राण हावा वा काम होइन, फरक हो भन्ने सिकाइएको छ तर आँखा इत्यादि अङ्गहरूसँगै सिकाइएकोले यो अरु अङ्ग जस्तै स्वतन्त्र छैन भन्न मिल्दैन। किन भने यो कर्मेन्द्रिय होइन र उपनिषद्ले पनि यही देखाउँछ। यो अत्यन्तै सूक्ष्म पनि छ। यसका पनि मनका जस्तै पाँच प्रकार छन्।

टिप्पणीः– मुख्य प्राणलाई पनि उपनिषद्मा अन्य अङ्गहरूसँगै उल्लेख गरिएकोलाई लक्ष गर्दै माथिका सूत्रहरूले मुख्य प्राण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्माको मातहतमा नभई फरक तर सूक्ष्म र स्वतन्त्र छ भनेर देखाएका छन्।

मनका पाँच प्रकार छन् – सही ज्ञान, गल्ती, मिथ्या ज्ञान, निद्रा र सम्झना, (योग सूत्र पतञ्जलि १.१.६) । प्राण वायुका पाँच प्रकार छन् – प्राण, अपान, व्यान, उदान तथा समान।

४. प्राणका अङ्गका देवताहरू

ज्योतिराद्यधिष्ठानं तु तदामननात् ॥१४॥

तु – तर; ज्योतिः आदि अधिष्ठानम् – अग्नि इत्यादिको मातहतमा भएको; तत् आमननात् – उपनिषद्ले त्यो सिकाएकोले।

प्राणवता शब्दात् ॥१५॥

प्राणवता – प्राण अङ्ग भएका; शब्दात् – उपनिषद्बाट।

तस्य च नित्यत्वात् ॥१६॥

तस्य – त्यसको; च – पनि; नित्यत्वात् – अनन्त भएकोले।

भावार्थ :– तर अन्य प्राण अङ्गहरू अग्नि आदि देवताहरूको अधीनमा रही काम गर्दछन् भन्ने उपनिषद्ले सिकाएको छ तापनि श्रुतिको वचन अनुसार यी अङ्गहरू आत्मासँग सम्बन्धित हुन्छन् र यो सम्बन्ध अनन्त हुन्छ।

टिप्पणी :– बृ. उ. ४,४,२ अनुसार अब आत्माले शरीर छोड्छ त्यसबेला मुख्य प्राण पनि पछाडि लाग्छ र अन्य प्राणहरू त्यसका पछाडि लाग्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. प्राणहरू

त इन्द्रियाणि तद्व्यपदेशादन्यत्र श्रेष्ठात् ॥१७॥

अन्यत्र – अलग्गै; श्रेष्ठात् – मुख्य प्राणबाट; ते – तिनीहरू छन्; इन्द्रियाणि – अङ्गहरू; तत् व्यपदेशात् – त्यस्तो उपदेश गरिएकोले।

भेदश्रुतेः ॥१८॥

भेद श्रुतेः – श्रुतिले पनि फरक देखाएकोले।

वैलक्षण्याच्च ॥१९॥

वैलक्षण्यात् – विलक्षणताले गर्दा; च – पनि।

भावार्थ :- अन्य प्राणहरू आफ्ना विलक्षणताले गर्दा पनि मुख्य प्राणभन्दा अलग्गै भएको र तिनलाई इन्द्रियहरू हुन् भनेर उपनिषद्ले भनेको छ।

६. निर्माण गर्ने र पहिचान दिने परमेश्वर हो

संज्ञामूर्तिक्लृप्तिस्तु त्रिवृत्कुर्वत उपदेशात् ॥२०॥

संज्ञा – मूर्ति – क्लृप्तिः – नाम आकार तोक्ने निर्माण गर्ने; तु – तर; त्रिवृत् कुर्वत – जसले तीन तत्त्व बनाए; उपदेशात् – यस्तो सिकाइएको छ।

मांसादि भौमं यथाशब्दमितरयोश्च ॥२१॥

मांस आदि – मासु इत्यादि; भौमं – पृथ्वीबाट उत्पन्न; यथा शब्दम् – उपनिषद्मा देखिएको जस्तो; इतरयोः – अरु दुईको; च – पनि।

वैशेष्यात्तु तद्वादस्तद्वादः ॥२२॥

तु – तर; वैशेष्यात् – विशेषताको कारणले; तत् वादः – त्यो नाम रहन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- उपनिषद्ले सिकाएअनुसार जुन परमेश्वरले तीन तत्त्व बनाए उनैले नाम र आकार तोकेका छन् । मासु हाड इत्यादि पृथ्वीबाट र अन्य दुई तत्त्वबाट पनि उत्पन्न भएका छन् र तीनको विशेषतानुसार नाम रहन्छ भन्ने उपनिषदले बताएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेस्रो-अध्याय

पहिलो पाउ

आत्मा र शरीरको सम्बन्ध

परिचय :

शरीर छोडेपछि आत्मा कहाँ जान्छ भन्ने बारेमा यो अध्यायमा विवेचना गरिएको छ। त्यसैगरी आत्मा कसरी शरीरमा प्रवेश गर्दछ र त्यस समयमा यो कस्तो हुन्छ भन्ने बारे पनि विवेचना गरिएको छ। बृ. ४, ४, ४ बाट के देखिन्छ भने आत्माले एउटा अशक्त र अचेतन शरीरलाई छाडेर अर्को शरीर बनाउँदछ।

१. शरीर त्याग

तदन्तरप्रतिपत्तौ रंहति सम्परिष्वक्तः प्रश्ननिरूपणाभ्याम् ॥१॥

तत् अन्तर – प्रतिपत्तौ – त्यसपछि अर्को प्राप्त गर्न खोज्दै; रंहति – बाहिर निस्कन्छ; सम्परिष्वक्तः – राम्रोसँग ढाकिएको; प्रश्ननिरूपणाभ्याम् – प्रश्न तथा त्यसको उत्तर थाहा पाइएको छ।

त्र्यात्मकत्वात्तु भूयस्त्वात् ॥२॥

त्र्यात्मकत्वात् – पानीमा तीन तत्त्व भएकोले; तु – तर; भूयस्त्वात् – बाहुल्यता भएकोले।

प्राणगतेश्च ॥३॥

प्राणगतेः – इन्द्रियहरू प्राणहरूको प्रस्थानको कारणले; च – पनि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अग्न्यादिगतिश्रुतेरिति चेन्न भाक्तत्वात् ॥४॥

अग्न्यादिगति – आगोमा जाँदा; श्रुतेः – शास्त्रबाट; इति चेत् – यस्तो जानिन्छ; न – होइन; भाक्तत्वात् – परोक्ष रूपले भनिएको हुनाले।

प्रथमेऽश्रवणादिति चेन्न ता एव ह्युपपत्तेः ॥५॥

प्रथमे – पहिलोमा तर्पण; अश्रवणात् – नसुनिएकोले; इति चेत् – यस्तो जनिएमा; न – होइन; ता एव – त्यो मात्र पानी; हि – किनभने; उपपत्तेः – उपयुक्त देखिएकोले।

अश्रुतत्वादिति चेन्नेष्यदिकारिणां प्रतीतेः ॥६॥

अश्रुतत्वात् – शास्त्रमा नभएकोले; इति चेत् – यस्तो सम्झिएमा; न – यस्तो होइन; इष्टादिकारिणां – यज्ञ इत्यादि गर्नेहरूका लागि, प्रतीतेः– देखिनाले ।

भाक्तं वानात्मवित्त्वात्तथा हि दर्शयति ॥७॥

वा – अथवा; भाक्तं – परोक्ष रूपले; अनात्म वित्त्वात् – आत्मबोध नभएकोले; तथा – तथा; हि – यसकारणले; दर्शयति – देखाऊँछ।

भावार्थ :– पानीमा भएका ३ विशेष सूक्ष्म तत्त्वहरूले राम्रोसँग ढाकिएको त्यो आत्मा, अर्को माध्यम प्राप्त गर्न खोज्दै बाहिर घुम्छ भन्ने प्रश्नको उत्तर शास्त्रमा पाइन्छ। बाहुल्य भएकोले पानीको मात्र चर्चा गरिएको हो, अन्य सूक्ष्म इन्द्रियहरू पनि सँगै जान्छन्। सम्पूर्ण इन्द्रियहरू आगोले भष्म भएका हुन्छन् भन्न हुँदैन किनभने शास्त्रमा यो परोक्षरूपले भनिएको मात्र हो। पहिलो तर्पणमा उल्लेख भएको नसुनिए पनि यो उपयुक्त भएकोले पानी नै हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीवात्मा भनेर नतोकिए पनि यज्ञ इत्यादि गर्ने भनेको कारणले यसलाई परोक्षरूपले बुझ्नुपर्दछ भन्ने शास्त्रले देखाऊँछ।

टिप्पणी :- शरीर मरेपछि आगोले भष्म भए पनि आत्मा आफ्ना सूक्ष्म तत्त्वहरू सहित अन्य शरीरमा प्रवेश गर्छ र त्यसको पुनर्जन्म हुन्छ भन्ने धारणा छान्दोग्य उपनिषद्को ५.५.३ तथा बृहदारण्यक उपनिषद्को ४.४.२ बाट गरिएका प्रश्न तथा उत्तरमा आधारित छन्। ऋग्वेदको पितृसूक्तमा यस्तो कुनै आधार भेटिंदैन। ऋ. १०.१४/१५

२. पुनर्जन्म

कृतात्ययेऽनुशयवान्दृष्टस्मृतिभ्यां यथेतमनेवञ्च ॥८॥

कृत आत्यये – गरेको कर्मफल सकिएपछि; अनुशयवान् – शेष कर्मफल सहित कर्मफल; दृष्ट – स्मृतिभ्यां – स्मृतिमा देखिए बमोजिम यथा इतम् – यो बाटोमा जाँदा; अनेवन् – फरक परेको; च – पनि।

चरणादिति चेन्नोपलक्षणार्थेति कार्ष्णाजिनिः ॥९॥

चरणात् – व्यवहारद्वारा; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; उपलक्षणार्था – उपमाको रूपमा प्रयोग गर्नको निम्ति; इति – यसरी; कार्ष्णाजिनिः – मुनि कार्ष्णाजिनि भन्दछन्।

आनर्थक्यमिति चेन्न तदपेक्षत्वात् ॥१०॥

आनर्थक्यम् – असङ्गत; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; तत् अपेक्षत्वात् – त्यो कर्ममा आधारित भएकोले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुकृतदुष्कृते एवेति तु बादरिः ॥११॥

सुकृतदुष्कृते – असल तथा दुष्ट कार्यले; एव – केवल; इति – यसरी; तु – तर; बादरिः – बादरी भन्दछन्।

भावार्थ :- धेरै कर्मफल सकिएपछि आत्मा शेषकर्मफल लिई उही बाटो वा फरक बाटोबाट फर्कन्छ। स्मृतिले यही देखाउँछ। व्यवहारद्वारा, कर्मफल होइन भन्ने सम्झिएमा मुनि कार्ष्णाजिनि 'यो केवल उपमा दिइएको हो वास्तवमा कर्मफल नै हो' भन्दछन् । व्यवहार मात्रै हो भन्ने सम्झिएमा त्यो क्रममै आधारित हुने हुँदा बादरी यिनलाई केवल असल र दुष्ट कार्यहरू सम्झनुपर्दछ भन्दछन्।

टिप्पणी :- पुनर्जन्मको निम्ति आत्मा फर्कंदा के लिएर फर्कन्छ भन्ने बारेको यो विवेचना हो । यो प्रश्न छान्दोग्य उपनिषद्को ५.१०.५ बाट निस्केको हो तर आफैंलाई ५, १०, ७ मा यसले खण्डन गरेको छ। बृहदारण्यक ४, ४, ५ मा पनि यसको विरोध पाइन्छ । त्यसैले यसलाई समाधान गर्न कार्ष्णाजिनिले यो कर्म र व्यवहार उपमाको रूपमा प्रयोग गरिएका हुन् भनेर सम्झाऊँछन्, बादरी चाहिं असल कर्म सकिएपछि दुष्ट कर्मले गर्दा आत्माको पुनर्जन्म हुन्छ भन्दछन्। ऋग्वेदका पितृसूक्त वा कुनै पनि सूक्तहरूमा यो धारणाको पुष्टि भएको पाइन्न।

३. सोमलोक प्राप्ति

अनिष्यदिकारिणामपि च श्रुतम् ॥१२॥

अपि च – भए पनि; अनिष्ट–आदि–कारिणाम् – दुष्ट कर्म गर्नेहरूको निम्ति; श्रुतम् – सुनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संयमने त्वनुभूयेतरेषामारोहावरोहौ तद्गतिदर्शनात् ॥१३॥

तु – तर; इतरेषां – अरुको; अनुभूय – अनुभव गरेबाट; आरोह–अवरोहौ – चढ्ने ओर्लने; तत्–गति–दर्शनात् – उपनिषद्ले यस्तो बाटो देखाएकोले।

स्मरन्ति च ॥१४॥

स्मरन्ति – स्मृतिले यही भन्दछ; च – पनि।

अपि च सप्त ॥१५॥

अपि च – त्यसमाथि पनि; सप्त – सात ओटा।

तत्रापि च तद्व्यापारादविरोधः ॥१६॥

तत्र – त्यहाँ; अपि – अझै; च – पनि; तत्–व्यापारात् – त्यसको (मृत्यु) को पकड भएकोले; अविरोधः – विरोध छैन।

विद्याकर्मणोरिति तु प्रकृतत्वात् ॥१७॥

विद्याकर्मणोः – ज्ञानको तथा व्यवहारको; इति – यसरी; तु – तर; प्रकृतत्वात् – बहसको विषय भएकोले।

न तृतीये तथोपलब्धेः ॥१८॥

न – होइन; तृतीये – तेश्रोमा; तथा – त्यसरी; उपलब्धेः – यो देखिन्छ।

स्मर्यतेऽपि च लोके ॥१९॥

स्मर्यते – स्मरण, अभिलेख, विवरण; अपि – पनि; च – तथा; लोके – संसारमा।

दर्शनाच्च ॥२०॥

दर्शनात् – देखिएको हुनाले; च – पनि; (तथा)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तृतीयशब्दावरोधः संशोकजस्य ॥२१॥

तृतीय – शब्द – अवरोधः – तेस्रो अवस्था शास्त्रले मान्दछ; संशोकजस्य – ओसबाट (पसिनाबाट पनि) उत्पन्न भएका हो।

भावार्थ :- उपनिषद्‌ले देखाएको बाटो अनुसार दुष्टकर्म गर्नेहरू पनि सोम लोक जान्छन् भन्ने सुनिन्छ तर माथि चढ्ने र तल ओर्लने त उनीहरूको अनुभव कर्मफलबाट हुन्छ। त्यसैले दुष्ट सोमलोक जाँदैनन्। स्मृतिले पनि यही भन्दछन्। त्यसमाथि सात वटा नरक पनि देखाइएको र त्यहाँ पनि मृत्युको पकड भएकोले यसमा विरोध छैन तर यहाँ ज्ञान तथा कर्मफलको बाटो बारे बहस छ। तेस्रो प्रकारको प्राणीका जन्मको निम्ति तर्पण उपलब्ध नभए पनि हुन्छ। यस्ताको संसारमा उपलब्धि पनि छ। देखिएका पनि छन्। ओसबाट उत्पन्न हुने कुरा शास्त्रले मान्दछ।

टिप्पणी :- यहाँ कौशितकी १.२, पुराण, कठोपनिषद, छान्दोग्य उपनिषद्‌का बुँदाहरूमा फरक देखिएकोले तिनमा फरक छैन। दुष्टको आत्मा सुखको अनुभव गर्न सोमलोक जान सक्दैन। ७ प्रकारका नर्कहरू रौरव, महारौरव, अतिशीत, निकृन्तन, अपरितिष्ट, असिपत्रवन, तप्तकुम्भ (गरुडपुराण उत्तरकाण्ड, ३,२१८) मध्ये कुनै नर्कमा जान्छ। त्यहाँ पनि यमको पकडमै रहन्छ तथा ५ पटक तर्पण नगरेको हुनाले माथिल्ला जुनिहरूमा होइन– ओसबाट हुने तथा वनस्पतिको रूपमा उत्पन्न हुन्छन्। अग्रज, पिण्डज, वनस्पति तथा ओसबाट उत्पन्न हुने भनेर ४ प्रकारका प्राणीहरू देखाइएकोमा वनस्पति र ओसबाट उत्पन्न हुने दुवैलाई मिलाएर तेस्रो प्रकारको बताइएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शङ्कराचार्यले यहाँ महाभारत कथाको २ पात्रहरूको उपमा दिनु भएको छ।

दृष्टद्युम्न– यज्ञकुण्डबाट स्वतः जन्मिएको,

द्रोणाचार्य – ऋषि भरद्वाजको वीर्य स्खलन भएर एउटा कमण्डलुबाट जन्मिएको,

४. प्रकृतिसँग मिल्ने

तत्साभाव्यापत्तिरूपपत्तेः ॥२२॥

साभाव्य – आपत्तिः – समान भएको; प्रकृति जस्तै भएको; उपपत्तेः – तर्कयुक्त भएकोले।

भावार्थः – आत्मा तल झर्दा अन्तरिक्ष; वायु; आकाश; इत्यादि जस्तै समान भएको तर्कसङ्गत हुन्छ।

५. आत्माबारे

नातिचिरेण विशेषात् ॥२३॥

न – होइन; अतिचिरेण – दीर्घकालमा; विशेषात् – घोषणा गरिएको हुनाले।

भावार्थ :– आत्माको पतनको निम्ति लामो समय लाग्दैन भन्ने स्मृतिको घोषणा छ।

अन्याधिष्ठितेषु पूर्ववदभिलापात् ॥२४॥

अन्य – अधिष्ठितेषु – अरुबाट शासन गरिएको; पूर्ववत् – पहिले कै जस्तो; अभिलापात् – किनभने यस्तो भनिएकोले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- झर्दै गरेको आत्मा अरुको अधीनमा रहेको जीवमा पहिलेकै (अन्तरिक्ष; आकाश; वायु सरह भएको) सरह पस्दछ; किनभने शास्त्रले यस्तो भनेको छ।

अशुद्धमिति चेन्न शब्दात् ॥२५॥

अशुद्धम् - अशुद्ध; इति चेत् न - यस्तो सम्झिनु हुँदैन; शब्दात् - शास्त्रानुसार।

भावार्थ :- यज्ञ गर्दा बलि चढाएकोमा हत्याको पाप लाग्छ। यस्तो अशुद्ध सम्झनु हुँदैन किनभने शास्त्रले यो सम्मति दिएको छ।

रेतःसिग्योगोऽथः ॥२६॥

रेतः-सिक्-योगः - वीर्यदानीसँग सम्बन्धित हुन्छ; अथ - त्यसपछि ।

भावार्थ :- आत्मा त्यसपछि जसले वीर्यदान गर्दछ; ऊसँग सम्बन्धित हुन्छ।

योनेः शरीरम् ॥२७॥

योनेः - गर्भबाट; शरीरम् - शरीर।

भावार्थ :- गर्भबाट नयाँ शरीर प्राप्त हुन्छ।

टिप्पणी :- माथिका ६ सूत्रहरू केवल कल्पनामा आधारित देखिन्छन्। छान्दोग्य ५.१०.५/६ लाई लिएर केवल कर्मकाण्डको चलनचल्तिका हिसाबले दिइएका देखिन्छन्।

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेस्रो-अध्याय

दोस्रो पाउ

तत् त्वम् असि : महावाक्य

परिचय :

आत्माका तीन अवस्था हुन्छन् भन्ने मान्यता छ – जाग्रत, स्वप्न तथा सुषुप्ति। यो खण्डमा आत्माका यी तिनै अवस्था अवास्तविक माया हुन् भनेको र जीव र ब्रह्मको वास्तविक परिचय दिने प्रयास गरिएको छ।

१. स्वप्नावस्था

संध्ये सृष्टिराह हि ॥१॥

संध्ये – मध्य अवस्थामा; सृष्टि – सृष्टि हुन्छ; आह – श्रुतिले भनेको छ; हि – किनभने; साच्ची नै (सत्य)।

निर्मातारं चैके पुत्रादयश्च ॥२॥

च – तथा; निर्मातारं – निर्माता (सृष्टिकर्ता); च – तथा; एके – केही (अरु शाखा अनुशरण गर्ने व्यक्तिहरू); पुत्रादयः – छोरा; सन्तान इत्यादि।

मायामात्रं तु कात्स्न्येनानभिव्यक्तस्वरूपत्वात् ॥३॥

तु – परन्तु; माया मात्रं – केवल माया; कात्स्न्र्येन – पूर्णतया; अन – भिव्यक्त – स्वरूपत्वात् – स्वरूप स्पष्ट नदेखिएकोले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूचकश्च हि श्रुतेराचक्षते च तद्विदः ॥४॥

सूचकः – सूचना दिने, सकुन; च – तथा; हि – किनभने; श्रुतेः – शास्त्रबाट; आचक्षते – यस्तो भन्दछन्; तद्विदः – त्यसका विद्वान्हरू (सपनाको अर्थ लगाउने विज्ञहरू) (स्वप्नविदः)।

पराभिध्यानात्तु तिरोहितं ततो ह्यस्य बन्धविपर्ययौ ॥५॥

पराभिध्यानात् – परम् परमेश्वरमा ध्यान गर्नाले; तु – तर; तिरोहितं – त्यो जुन छोपिएको (ढाकिएको) छ; ततः – उनीबाट; ही – किनभने; अस्य – यसको (आत्माको); बन्ध–विपर्ययौ – बन्धन तथा मुक्ति।

देहयोगाद्वा सोऽपि ॥६॥

देहयोगात् – शरीरसँग जोडिएको; वा – तथा; सः – त्यो; अपि – पनि।

भावार्थ :- शास्त्रले (जाग्रत तथा सुषुप्तिको मध्यको) मध्य अवस्थामा सृष्टि हुन्छ भनेको सत्य हो। कसै –कसैले सन्तान आदि त्यही अवस्थामा उत्पन्न हुन्छन् पनि भन्दछन् तर यो अवस्था मिथ्या (माया) मात्र हो। किनभने यो सम्पूर्ण रूपले स्पष्ट देखिंदैन। स्वप्नविद्हरूले तथा शास्त्रले यिनलाई सकुन मात्र हो भन्दछन् तथा सो सम्बन्ध शरीरसँग भएकोले यो केवल माया मात्र हो। तर परमेश्वरमा ध्यान गर्नाले जुन (अज्ञानताले) ढाकिएको छ सो उजागर हुन्छ र उनमा बन्धन तथा मुक्ति हुन्छ।

टिप्पणी :- स्वप्नावस्था मिथ्या वा माया मात्र हो भन्ने प्रमाण गर्ने प्रयास गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय : सुषुप्ति तथा मूर्छित अवस्था।

तदभावो नाडीषु तच्छ्रुतेरात्मनि च ॥७॥

तत्–अभावः – त्यसको अभाव; नाडीषु – नसाहरूमा; च – तथा; आत्मनि – आत्मामै; तत्–श्रुतेः – त्यो शास्त्र बाट थाहा पाइएको हुनाले।

अतः प्रबोधोऽस्मात् ॥८॥

अतः – त्यसकारणले; प्रबोधः – जागरण; अस्मात् – यसबाट।

स एव तु कर्मानुस्मृतिशब्दविधिभ्यः ॥९॥

तु – तर; सः एव – त्यो (आत्मा) स्वयं नै (फर्कन्छ); कर्म अनुस्मृतिशब्द–विधिभ्यः – शास्त्रको वचन, निर्देशन, कर्म र स्मरण अनुसार।

मुग्धेऽर्धसम्पत्तिः परिशेषात् ॥१०॥

मुग्धे – मूर्छित अवस्थामा; अर्धसम्पत्तिः – आधा मात्रै पुग्छ; परिशेषात् – त्यही मात्र विकल्प भएकोले।

भावार्थ :– शास्त्रानुसार सपनाको अभावमा त्यो अवस्था (अर्थात् गहिरो निद्रा–सुषुप्ति), नसाहरूमा तथा आत्मामा हुन्छ। आफ्नो कर्म, सम्झना र शास्त्रको निर्देशनअनुसार त्यहींबाट यो फर्कन्छ र जाग्रत अवस्थामा आइपुग्छ। तर मूर्छा पर्दा सो केवल आधा मात्रै को अवस्था हुन्छ।

टिप्पणी :– पानीको थोपा समुद्रमा मिसिएपछि त्यसलाई अलग्गै निकाल्न सकिंदैन। त्यसैले आत्मा सुषुप्ति अवस्थामा ब्रह्ममा पुगिसकेपछि फेरी कसरी फर्कन सक्तछ त भन्ने प्रश्नको उत्तर दिने प्रयास गरेको देखिन्छ। त्यो आत्मामा सम्झना र कर्मफल रहने हुँदा शास्त्रले यही निर्देशन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिएको छ। मूर्छित अवस्थालाई अर्ध सुषुप्तिको अवस्था हो भन्ने सम्झाइएको छ।

२. ब्रह्मको प्रकृति

न स्थानतोऽपि परस्योभयलिङ्गं सर्वत्र हि ॥११॥

न – होइन; स्थानतः – (फरक) ठाउँबाट; अपि – भए पनि; परस्य – (परमेश्वर परमात्मा) ब्रह्मको; उभय – दुइ ओटा; लिङ्गम् – प्रकृति; हि – साँच्चिकै; सर्वत्र – सर्वत्र (शास्त्रहरूमा)।

न भेदादिति चेन्न प्रत्येकमतद्वचनात् ॥१२॥

न – होइन; भेदात् – फरक भएको हुनाले (शास्त्र अनुसार); इति – यस्तो; चेत् – सम्झिएमा; न – होइन; प्रत्येकम् – हरेकमा; अ–तत्–वचनात् – त्यसको उल्टो बताइएकोले।

भावार्थ :– ब्रह्मलाई फरक फरक ठाउँ बाट हेरिएको भए पनि यसको दुई स्वरूप हुँदैन भनेर शास्त्रले सर्वत्र भनेको छ। केही व्यक्तिहरू त सोझै यसरी नै सिकाउँछन्।

टिप्पणी :– कठोपनिषद् १.३.१५, १.४.११, वृ. २.५.१

अपि चैवमेके ॥१३॥

अपि च – पनि; एवम् – यसरी; एके – कसै – कसैले।

अरूपवदेव हि तत्प्रधानत्वात् ॥१४॥

अरूपवत् – रूपहीन; एव – मात्र; हि – सत्य हो; तत्प्रधानत्वात् – त्यो मुख्य भएकोले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशवच्चावैयर्थ्यात् ॥१५॥

प्रकाशवत् – प्रकाश जस्तो; च – तथा; अ–वैयर्थ्यात् – नत्र व्यर्थ हुने हुँदा।

आह च तन्मात्रम् ॥१६॥

आह – घोषणा गर्छ; च – पनि; तत् मात्रम् – त्यो (बुद्धि) मात्र।

दर्शयति चाथो अपि स्मर्यते ॥१७॥

च – पनि; दर्शयति – देखाऊँछ; अथो – यस्तो; स्मर्यते – स्मृतिले; अपि – पनि।

अत एव चोपमा सूर्यकादिवत् ॥१८॥

अत एव – यसकारणले; च – पनि; उपमा – उदाहरण; सूर्यक आदिवत्- सूर्यका प्रतिविम्बहरू जस्ता।

अम्बुवदग्रहणात्तु न तथात्वम् ॥१९॥

अम्बुवत् – पानी जस्तो; अग्रहणात् – कुनै अनुभव नगरिएको; तु – तर; न – होइन; तथात्वम् – त्यो जस्तो (समानान्तर)।

वृद्धिह्रासभाक्त्वमन्तर्भावादुभयसामञ्जस्यादेवम् ॥२०॥

वृद्धि–ह्रास–भाक्तत्वम् – बढ्ने घटने क्रममा; अन्तर्भावात् – भित्र भएकोले; उभय – सामञ्जस्यात् – दुईटै उस्तै देखिएकोले एवम् – यस्तो, स्यात् – हुन्छ।

दर्शनाच्च ॥२१॥

दर्शनः – (वेदबाट) देखाइएकोले; च – पनि ।

भावार्थ :- शास्त्रको मुख्य उपदेशानुसार ब्रह्म साच्चिकै रूपहीन हुन्छ। यो प्रकाश जस्तो हो (जसबाट अरु देखिन्छन्) नत्र शास्त्रहरू व्यर्थ हुन्छन्। ब्रह्म (चैतन्य) बुद्धि मात्र हो भनेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शास्त्रले घोषणा गर्दछ । स्मृति र शास्त्र दुवैले यो देखाउँछन् । पानीमा सूर्यका प्रतिविम्बहरू विभिन्न रूपमा देखिए पनि सूर्य त एउटै हुन्छ, त्यो उदाहरण मात्र दिएको हो । पानीको जस्तो ब्रह्मको अनुभव नहुने हुँदा त्यसमा समानता हुँदैन । ब्रह्म त अन्तरकरणमा हुने हुँदा बाहिरबाट बढेको वा घटेको रूप देखिएको हो, शास्त्रमा दुईवटै वचनहरू उस्तै हुन् ।

टिप्पणी :- उपनिषद्हरूमा ब्रह्मलाई कतै निर्गुण र कतै सगुण बताइएको भए तापनि ती केवल उदाहरणको रूपमा लिनुपर्दछ । ब्रह्म निर्गुण र प्रकाशपुञ्ज जस्तो हुन्छ जसबाट सबै देखिन्छ तर जो स्वयं देखिन्न । यी सूत्रहरू क. १,३,१५, बृ. ३,२,५,१, क. उ. १,४,१९, बृ. ४,४,१९, २,३,६ तथा गीता १३,१२;२,२५ मा आधारित छन् । अगाडीका सूत्रहरूमा थप व्याख्या पाइन्छ ।

३. नेति नेति

प्रकृतैतावत्त्वं हि प्रतिषेधति, ततो ब्रवीति च भूयः ॥२२॥

प्रकृत–एतावत्त्वम् – अहिलेसम्म जुन उल्लेख भएको छ; प्रतिषेधति – मान्दैन; ततः – त्यसकारणले; भूयः – केही धेरै; ब्रवीति – बोल्दछ; च – पनि ।

तदव्यक्तमाह हिं ॥२३॥

तत् – त्यो (ब्रह्म); अव्यक्तम् – अप्रत्यक्ष; आह – (शास्त्रले) भनेको छ; हि – सत्य नै ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

अपि च संराधने प्रत्यक्षानुमानाभ्याम् ॥२४॥

अपि च – तथापि; संराधने – राम्रोसँग गरिएको आराधनामा; (अनुभव गरिन्छ); प्रत्यक्ष–अनुमानाभ्याम् – प्रत्यक्ष तथा अनुमानबाट।

प्रकाशादिवच्चावैशेष्यं प्रकाशश्च कर्मण्यभ्यासात् ॥२५॥

च – तथा; प्रकाश – तेजीलो; कर्मणि – काम गर्दा (उपासना); प्रकाश-आदि–वत् – प्रकाश इत्यादि बारे; च – पनि; अ–वैशेष्यम् – फरक छैन; अभ्यासात् – पटक–पटक उल्लेख गरिएकोले।

अतोऽनन्तेन तथा हि लिङ्गम् ॥२६॥

अतः – यसकारणले; अनन्तेन – अनन्तसँग; हि – साच्चिकै; तथा – तथा; लिङ्गम् – प्रकृति।

उभयव्यपदेशात्त्वहिकुण्डलवत् ॥२७॥

तु – तर; उभय–व्यपदेशात् – दुवैको (फरक र समानता) उल्लेख भएकोले; अहि – सर्प; कुण्डलवत् – गुडुल्किएको जस्तै (सम्बन्ध)।

प्रकाशाश्रयवद्वा तेजस्त्वात् ॥२८॥

वा – अथवा; प्रकाश आश्रयवत् – प्रकाश तथा त्यसको स्रोत जस्तै; तेजस्त्वात् – दुवै तेजिलो भएकोले।

पूर्ववद्वा ॥२९॥

पूर्ववद्वा – पहिले नै बताइसकिएकोले।

प्रतिषेधाच्च ॥३०॥

प्रतिषेधाच्च – मान्यता नदिएकोले पनि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- ब्रह्मको बारेमा अहिलेसम्म जे उल्लेख भएको छ, त्यो सबैले मान्दैनन्, त्यसकारणले कोही धेरै पनि बोल्दछन् । शास्त्रले ब्रह्मलाई अप्रत्यक्ष हुन्छ भनेको छ । यसको अनुभव राम्रोसँग गरिएको आराधनाबाट प्रत्यक्ष हुन्छ तथा अनुमान पनि गर्न सकिन्छ । उपनिषद्मा पटक पटक उल्लेख गरिएको, (नेति नेति) हुनाले प्रकाश र काम गर्दा प्रकाशले देखिनेमा केही फरक छैन । यसकारणले ब्रह्म साँच्चिकै अनन्त छ । आत्मा र ब्रह्म, सर्प र यसको गुडुल्किएको प्रकृति, दुवैको फरक र समानता उल्लेख भए जस्तै हो । यो तेज हो । पहिले नै बताइएको छ र फरक मतलाई मान्यता दिएको छैन ।

टिप्पणी :- उपनिषद् र ब्राह्मणहरूमा ब्रह्मको प्रकृतिलाई निर्गुण र सगुण दुबै बताइएको छ । फेरि ब्रह्मलाई "यस्तो पनि होइन, यस्तो पनि होइन" भनेर पटक पटक उल्लेख पनि गरिएको पाइन्छ । यिनैको विवेचना गरिएको हो । देखिने र देखाउने एउटै हुन्, वा फरक पनि हुन सक्तछन् तर दुईवटै एकैचोटी हुँदैनन् । त्यसैले ब्रह्मलाई केवल अनुभव वा अनुमान मात्र गर्न सकिन्छ । वृ. २.३.१; २.३.६ तैत्ति. २.६.१; २.३.६; ३.९.२६; गीता २.२५; कठोपनिषद् २.१.१.; मुंडक ३.१.५; छा.-६,८-१६ मा विस्तृत विवेचना गरिएका छन् ।

४. एक्लो सत्यता

परमतः सेतून्मानसम्बन्धभेदव्यपदेशेभ्यः ॥३१॥

परम् - बढी श्रेष्ठ; अतः - यो भन्दा; सेतु-उन्मान-सम्बन्ध-भेद-व्यपदेशेभ्यः - पुल; नाप; सम्बन्ध; तथा विभिन्नता भएकोले ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सामान्यात्तु ॥३२॥

तु – तर; सामान्यात् – सामान्य भएकोले ।

बुद्ध्यर्थः पादवत् ॥३३॥

बुद्ध्यर्थः – बुझ्नको लागि; पादवत् – खुट्टा जस्तै ।

स्थानविशेषात्प्रकाशादिवत् ॥३४॥

स्थान–विशेषात् – विशेष (सीमित) स्थान भएकोले; प्रकाश–आदि–वत् – प्रकाश इत्यादि जस्तो ।

उपपत्तेश्च ॥३५॥

उपपत्तेः – तर्क सम्मत भएकोले; च – पनि ।

तथान्यप्रतिषेधात् ॥३६॥

तथाः – त्यस्तै; अन्य – प्रतिषेधात् – अरु अमान्य भएकोले ।

अनेन सर्वगतत्वमायामशब्दादिभ्यः ॥३७॥

अनेन – अब उप्रान्त; सर्वगतत्वम् – सर्वव्यापी; आयाम–शब्द–आदिभ्यः – फैलावट (क्षेत्र) बारेमा शास्त्र वचन तथा अन्यबाट ।

भावार्थ :– पुल, नाप, सम्बन्धन तथा विभिन्नता भएको हुनाले ब्रह्मभन्दा बढी श्रेष्ठ पनि केही छ (भन्ने शङ्का गर्नु हुन्न किनभने) यस्तो समानता देखिएको मात्रै हो, बुझ्नको लागि हो, खुट्टा इत्यादि जस्तो हुँदैन । सीमित स्थानमा प्रकाश इत्यादि जस्तै यो तर्क सम्मत पनि छ। अरु सबै अमान्य भएकोले यो सर्वव्यापी छ भन्ने शास्त्रको र अरुको वचन छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी :- उपनिषद्हरूमा ऐक्य नदेखिएको हुनाले ब्रह्मबारे केही सन्देह उत्पन्न हुन सक्छ। छा. ८.४.१/२ ले ब्रह्मलाई पुल भनेको छ। यसको चार खुट्टा, आठ खुर र सोह्र भाग छन् भनेको छ। यसैगरी छा. ६.८.१ मा ब्रह्मको आत्मासँग सम्बन्ध छ भनिएको छ। त्यसैले माथिका ७ सूत्रहरूले यी सबै भनिएको त केवल बौद्धिक ज्ञानको निम्ति हो। ब्रह्मभन्दा श्रेष्ठ कुनै छैन, ब्रह्म नै एकमात्र छ भनेर तर्क साथ सिद्ध गर्ने प्रयास गरेको पाइन्छ।

५. ईश्वरदत्त फल

फलमत उपपत्तेः ॥३८॥

फलम् – फल; कामको; अतः – यसकारणले; उपपत्तेः – तर्क सङ्गत छ।

श्रुतत्वात् ॥३९॥

श्रुतत्वात् – शास्त्रले यस्तो भन्दछ; च – पनि।

धर्मं जैमिनिरत एव ॥४०॥

अतः एव – यसकारणले; जैमिनिः – जैमिनि (को धारणा छ); धर्मं – धर्म कार्यहरू।

पूर्वं तु बादरायणो हेतुव्यपदेशात् ॥४१॥

तु – तर; बादरायणः – बादरायण (को धारणा छ); पूर्वम् – पहिलो (ईश्वर); हेतु–व्यपदेशात् – कारण हो भनी उपदेश गरिएकोले ।

भावार्थ :- गरेको कर्म अनुरूप फल प्राप्त हुन्छ। यो तर्क सङ्गत छ। शास्त्रले पनि यस्तो भन्दछ। जैमिनिको पनि यही धारणा छ तर बादरायणले सर्वप्रथम कारण ईश्वर नै हो भनेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी :- कर्मबाट स्वतः कर्मफल हुन्छ किनभने यो ईश्वरदत्त हुन्छ भन्ने बारेमा यी सूत्रहरूले सबै कार्यको फल ईश्वरबाटै प्राप्त हुन्छ तथा जैमिनि र बादरायणको पनि यही सम्मति भएकोले यो तर्कसम्मत मानिएको छ । बृ. ४.४.२४; कौशितकी ३,८ तथा गीता ७,२१-२२ का सन्दर्भहरूमा यी सूत्रहरू आधारित छन् ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेस्रो-अध्याय

तेस्रो पाउ

उपनिषद् र ब्राह्मणग्रन्थहरूको सामञ्जस्य

परिचय

यो खण्डमा आवृत्ति र निवृत्ति पद्धति अनुसार साधनाका पक्षहरूमा विवेचना गरिएको छ। सबै विद्या ब्रह्म प्राप्तिको निम्ति गरिने भए पनि एउटै होइनन्, ब्रह्मको विभिन्न पक्षबाट परिचय गरिएकोले तदनुसार उपासना गर्ने विभिन्न विद्याहरू बताइएका छन्।

उपनिषद् र ब्राह्मणहरूमा ऐक्य नभएकोले तिनीहरूमा कसरी सामञ्जस्य छ सो देखाउने प्रयास गरिएको छ। तलका मुख्य मुख्य साधनाहरू (विद्या) मा लक्ष गरिएको देखिन्छ। जस्तैः-

पञ्चाग्नि विद्या
वैश्वानर विद्या
सगुण उपासना
निर्गुण उपासना
समवर्ग विद्या
अग्नि - रहस्य, - शाण्डिल्य विद्या, अतिरात्र, प्राण - विद्या, पुरुष - विद्या

यसैसाथ सूत्रहरूमा तैरियक, कौशितक, सात्यायनक, अग्निहोत्र, कारीरि, अतिरात्र, शोडषी, अग्निष्टोम, ज्योतिष्टोम, राजसूय, बृहस्पति -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सव, ब्रह्मवर्चस्, वाजपेय, पूर्णमास आदि यज्ञ अनुष्ठानको पनि सन्दर्भ आउँछ।

सामवेदका उदगाता, यजुर्वेदका अध्वर्यु, ऋग्वेदका होत्र, इत्यादिमा वास्तविकता एउटै हो भन्ने, सम्झाउने प्रयास पनि गरिएको छ।

(पूर्व मीमांसकहरूको निम्ति यो अध्याय तयार गरिएको जस्तो देखिन्छ।)

१. सर्वसम्मति

सर्ववेदान्तप्रत्ययं चोदनाद्यविशेषात् ॥१॥

सर्व–वेदान्त–प्रत्ययं – सबै उपनिषद्हरूमा भएका धारणाहरू; चोदना–आदि–अविशेषात् – निर्देशन इत्यादि फरक नपरेका हुनाले।

भेदान्नेति चेन्नैकस्यामपि ॥२॥

भेदात् – फरक परेकोले; न – (एउटै) होइनन्; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; एकस्याम् अपि – एउटैमा पनि (फरक देखिन्छ)।

स्वाध्यायस्य तथात्वेन हि समाचारेऽधिकाराच्च सववच्च तन्नियमः ॥३॥

स्वाध्यायस्य – वेद अध्ययनको निम्ति; हि – किनभने; समाचारे – समाचारमा; तथा त्वेन – त्यस्तो भएको; च – पनि; अधिकारात् – हक योग्यता भएको हुनाले; च – पनि; तत–नियमः – त्यो नियम (छ); सववत् – यज्ञ जस्तो।

दर्शयति च ॥४॥

दर्शयति – देखाउँछ; च – पनि (शास्त्रले)।

भावार्थ :– उपनिषद्मा विभिन्न विद्याहरू बताइए पनि ब्रह्मज्ञानको प्रयास गर्ने उद्देश्यमा केही भिन्नता छैन। समाचारमा यज्ञ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वा वेद अध्ययन इत्यादि गर्ने योग्यतामा केही फरक देखिएको भए पनि सबै उपनिषद्हरूमा भएका धारणा तथा उपासनाको निम्ति दिइएका निर्देशनहरूमा फरक छैन भन्ने शास्त्रले पनि देखाउँछ। एउटै विद्यामा पनि त केही फरक देखिन्छ।

टिप्पणी :– छान्दोग्य ५.१०.१० बृहदारण्यक ६.९.९ तथा मुण्डक २.२.९९ मा देखिएका फरक विद्या तथा विधिहरूको समाधान गर्ने प्रयास गरिएको हो। त्यसैले सूत्र ५ मा यस्ता सबै विद्याहरूलाई संयुक्त गर्नुपर्छ भन्ने सल्लाह दिइएको छ।

विषय : संयुक्त रूप

उपसंहारोऽर्थाभेदाद्विधिशेषवत्समाने च ॥५॥

च – पनि; उपसंहार – संयोजन संयुक्त (गर्नुपर्ने); समाने – उस्तै (विद्याहरूको); अर्थ – अभेदात् – उद्देश्यमा फरक नभएकोले; विधि – शेष – वत् – मुख्य अनुष्ठानको निर्देशनमा; मातहतमा; च – पनि।

भावार्थ :– कुनै पनि विधि मुख्य अनुष्ठानको अन्तर्गत (मातहतमा) नरहेको तथा सबैको उद्देश्य समान भएकोले यिनलाई संयोजन गर्नुपर्दछ।

२. पृथक् विषय तथा ध्यान

अन्यथात्वं शब्दादिति चेन्नाविशेषात् ॥६॥

अन्यथात्वं – (ध्यानमा) भिन्नता छ; शब्दात् – शास्त्र अनुसार; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; अविशेषात् – मुख्यमा फरक नभएकोले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न वा प्रकरणभेदात् परोऽवरीयस्त्वादिवत् ॥७॥

न वा – बरु हुँदैन; प्रकरण भेदात् – विषयमा फरक भएकोले; परः-अवरीयस्त–आदि–वत् – सबैभन्दा उच्च तथा महान् जस्तो।

संज्ञातश्चेत्तदुक्तमस्ति तु तदपि ॥८॥

संज्ञातः – (उस्तै) नामका कारणले; चेत् – यदि; तत् – त्यो; उक्तम् – भनी सकिएको; अस्ति – छ; तु – तर; अपि – ता पनि।

भावार्थ :- शास्त्रका शब्द अनुसार विषय फरक भएको हुनाले, ध्यानमा फरक हुनुपर्छ, कुन ठूलो र महान् भनेर छुट्ट्याउनु पर्दछ भन्ने सम्झिएमा त्यसो होइन नाम उस्तै भएकोले त्यो भनिएको भए तापनि उस्तै हो (केही फरक छैन)।

टिप्पणी :- छान्दोग्य १.१.१. मा ॐ मा ध्यान गर्नुपर्छ भनेकोमा बृ.उ. को १.३.२ मा पूरै उदगीत प्राणमा केन्द्रित भएको छ। त्यसैले नाम उस्तै भए पनि विषय फरक परेको देखिन्छ त्यसलाई माथिका तीन सूत्रहरूले स्पष्ट पार्ने प्रयास गरेको देखिन्छ।

३. ॐ सबैमा मिल्ने

व्याप्तेश्च समञ्जसम् ॥९॥

व्याप्तेः – सम्पूर्ण वेदमा व्याप्त भएको; च – पनि; समञ्जसम् – उपयुक्त हुन्छ।

भावार्थ :- ॐ मा ध्यान गर्नु उपयुक्त हुन्छ किनभने यो पूरै वेदमा व्याप्त छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय : प्राण विद्या

सर्वाभेदादन्यत्रेमे ॥१०॥

सर्व–अभेदात् – सबैमा फरक नभएकोले; इमे – यिनीहरूलाई; अन्यत्र – अन्यत्रै।

प्रश्न : "यसरी" यदि कुनै फरक छैन भने अन्यत्रमा पनि जोड्ने हो कि?

उत्तर : हो; जोड्नु पर्छ।

टिप्पणी :– छान्दोग्य र बृहदारण्यक उपनिषद्मा प्राण – विद्यालाई – उच्चाति – उच्च भनिएको छ, तर कौशितकीमा छैन। त्यसैले त्यसमा पनि त्यही स्थान दिनुपर्छ।

विषय : परमानन्द

आनन्दादयः प्रधानस्य ॥११॥

आनन्द–आदयः – परम आनन्द इत्यादि; प्रधानस्य – मुख्यको (ब्रह्मको ध्यान गर्दा) हुन्छ।

प्रश्नः ब्रह्मका (मुख्यका), परम आनन्द तथा अन्य गुणहरू सबैको संयोजन गर्नु पर्छ र? जस्तो कि, तैत्तीरीय उपनिषद् २.५.१ मा भनिएको छ।

प्रियशिरस्त्वाद्यप्राप्तिरूपचयापचयौ हि भेदे ॥१२॥

प्रिय–शिरस्त्व–आदि – टाउकोमा आनन्द हुने इत्यादि, अप्राप्तिः – अन्यत्र लैजान मिल्दैन, हि – किनभने, उपचय–अपचयौ – बढी घटी हुने हुँदा, भेदे – फरक (संभव) हुन्छ।

उत्तरः टाउकोमा आनन्द हुने इत्यादि भनिएकोले त्यो वचनलाई अन्यत्र संयोजन गर्न मिल्दैन किनभने ब्रह्ममा कुनै गुण हुँदैन र केही घटी बढी हुने हुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इतरे त्वर्थसामान्यात् ॥१३॥

इतरे - अन्य (गुणहरू), तु - तर, अर्थ सामान्यात् - उद्देश्य समान भएकोले।

उत्तरः तर ब्रह्मको उपासना नभएर ब्रह्मको अरु ज्ञान बताउने भएकाले, (जस्तै बुद्धि, सर्वत्र व्याप्ति इत्यादि), यिनको संयोजन गर्नुपर्छ।

टिप्पणी :- 'निर्गुण ब्रह्म' र 'सगुण ब्रह्म' को विवेचनामा यी सूत्रहरूको सन्दर्भ देखिएको छ।

४. प्रयोजन रहित

आध्यानाय प्रयोजनाभावात् ॥१४॥

आ-ध्यानाय - गहिरो ध्यानको निम्ति; प्रयोजन - आभावात् - प्रयोजन नभएको हुनाले।

उत्तरः (कठोपनिषद् १.३.१० मा बताइएको) गहिरो ध्यान गर्नको निमित्त हो, त्यसको अन्य उद्देश्य छैन।

आत्मशब्दाच्च ॥१५॥

आत्मशब्दात् – 'आत्मा' भनिएकोले, च – पनि।

उत्तरः यही कुरा कठोपनिषद्को १.३.१२ मा भनिएको छ- 'आत्मा सबैमा लुकेको हुन्छ र बेग्लै देखिँदैन।'

५. पुरुष र हिरण्यगर्भ

आत्मगृहीतिरितरवदुत्तरात् ॥१६॥

आत्म - गृहीतिः - परमात्मा (पुरुष) बुझ्नुपर्दछ (ऐतरेय उपनिषद्मा); इतर-वत् – अन्यत्र जस्तै; उत्तरात् – पछाडिका (उद्गारहरूबाट)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्वयादिति चेत्स्यादवधारणात् ॥१७॥

अन्वयात् – तर्कसम्मत सन्दर्भ – अनुसार; इति चेत् – यस्तो सम्भिफएमा; स्यात् – हो; अवधारणात् – निर्णायक वक्तव्य भएकोले ।

प्रश्नः ऐतरेय उपनिषद्मा भनिएको आत्मालाई हिरण्यगर्भ र सृष्टिकर्ता भन्न मिल्दैन ?

उत्तरः निर्णायक वक्तव्य अनुसार तथा तर्कसम्मत र सान्दर्भिक पनि भएकोले त्यहाँ भनिएको आत्मा "पुरुष" अर्थात् "ब्रह्म" हो ।

६. आचमन र प्राण

कार्याख्यानादपूर्वम् ॥१८॥

कार्य–आख्यानात् – (आचमनको) उल्लेख भैसकेकोले; अपूर्वम् – नयाँ (पहिले नभएको) नै हो ।

प्रश्नः प्राणविद्यामा आचमनलाई ब्रह्मको पहिरन बताइएको हुनाले स्मृतिमा निर्देशन गरिएको आचमन पनि एउटै हो ?

उत्तरः स्मृतिमा सिकाइएको आचमन र प्राणविद्याको उपासनाको आचमन फरक हो ।

टिप्पणी :– छा. ५.२.२ तथा त्यस्तैगरी बृ. ६.१.४ मा उल्लेख भएको आचमनी र बृ. ६.१.१४ मा भनिएको विद्याको सन्दर्भमा यो सूत्रले आफ्नो निर्णय दिएको छ। यी दुई अलग हुन् ।

७. समान विद्या (ध्यान)

समान एवं चाभेदात् ॥१९॥

समाने – एउटै (शाखामा); च – पनि; एवम् – यस्तै; अभेदात् – फरक नभएकाले ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- वेदको एउटै शाखामा भएका विभिन्न ध्यानहरू उही परमपुरुषको ध्यान गर्ने बारे भएकाले तिनीहरूलाई पनि संयोजन गर्नुपर्छ।

८. बेग्लै विद्या

सम्बन्धादेवमन्यत्रापि ॥२०॥

सम्बन्धात् – सम्बन्ध भएकोले; एवम् – यस्तै हुनुपर्छ; अन्यत्र – अन्यत्र अपि – पनि।

न वा विशेषात् ॥२१॥

न – होइन; वा – अथवा; विशेषात् – विशेष भएकोले विशिष्टता।

दर्शयति च ॥२२॥

दर्शयति – देखाएका छन् (शास्त्रले); च – पनि।

प्रश्नः अन्यत्र पनि यस्तै फरक–फरक ध्यान पाइन्छ, त्यसैले यिनलाई पनि संयोजन गर्नुपर्छ ?

उत्तरः हुँदैन – शास्त्रले पनि देखाइएको छ किनभने यिनका बेग्ला–बेग्लै विशेषता देखाएको छ।

टिप्पणी :- बृहदारण्यक उपनिषद्को ५.५.१२ मा ब्रह्मलाई सूर्यको वरिपरिको आभामा तथा मानिसको दायाँ आँखामा बस्ने हुने बताइएकोले (यो तोकेरै फरक फरक परेकोले) यसलाई (शाण्डिल्य विद्यालाई) एउटै शाखामा राख्न मिल्दैन। "अहर्" र "अहम्" फरक हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्भूतिद्युव्याप्त्यपि चातः ॥२३॥

सम्भृतिः थाम्ने (टेवा दिने); द्युव्याप्ति – आकाश ढाक्ने; अपि – पनि; च – तथा; अतः – त्यसै कारणले।

उत्तरः त्यसै कारणले रापायनीयखिलमा उल्लेख गरिएको ब्रह्मले विश्वलाई थाम्ने, आकाश ढाक्ने जस्तो कुराहरू पनि उपनिषद्मा संयोजन गर्न मिल्दैन।

पुरुषविद्ययामिव चेतरेषामनाम्नानात् ॥२४॥

पुरुषविद्यायाम्–इव – (छान्दोग्यको) पुरुष विद्यामा जस्तै; च – पनि; इतरेषाम् – अरुको; अनाम्नानात् – नामको उल्लेख नभएकोले (तैत्तिरीय उपनिषद्)।

प्रश्नः दुई प्रकारका पुरुष विद्यालाई संयोजन गर्न मिल्छ?

उत्तरः तैत्तिरीय उपनिषद्मा यिनीहरूको उल्लेख नभएकोले मिल्दैन, यी दुवै फरक हुन्।

टिप्पणी :– तैत्तिरीय ब्रह्मको महत्त्व प्राप्ति हो, छन्दोग्यमा दीर्घ जीवन प्राप्ति हो।

वेधाद्यर्थभेदात् ॥२५॥

वेधादि – घोच्ने इत्यादि; अर्थभेदात् – किनभने तिनीहरूको उद्देश्य फरक छ।

प्रश्नः शाण्डिल्य विद्यालाई संयोजन गर्न मिल्छ। (त्यसैले उद्देश्य फरक छ?)

उत्तरः शरीर घोच्ने इत्यादि यज्ञका विधिहरू हुन्, उपासना होइन, त्यसैले मिल्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

टिप्पणी :- उपनिषद्मा (शास्त्रमा) सँगसँगै अमिल्दा कुराहरू पनि पाइन्छन् । त्यसकारणले तिनको उद्देश्यअनुसार अर्थ लगाउनु पर्दछ। त्यसै "सबै उस्तै हुन्" भनेर संयोजन गर्न हुँदैन।

९. कर्मफल त्याग्नुपर्ने (असल र खराब)

हानौ तूपायनशब्दशेषत्वात्कुशाच्छन्दस्तुत्युपगानवत्तदुक्तम् ॥२६॥

तु – तर; हानौ – दुवै – असल र खराबको त्याग; उप – अयन – शब्द शेषत्वात्– सम्बन्धित शब्दसँग जोडिएको हुनाले; कुशात् छन्द – स्तुति – उपगानवत् – कुश; छन्द, प्रार्थना भजन जस्तै; तत् – त्यो; उक्तम् – बताइएको छ।

साम्पराये तर्तव्याभावात् तथा ह्यन्ये ॥२७॥

साम्पराये – मृत्युको समयमा; तर्तव्य अभावात् – दुवै उपलब्धि गर्नु छैन; हि – किनभने; तथा – यस्तै; अन्ये – अरूले।

छन्दत उभयथाविरोधात् ॥२८॥

उभयथा– अविरोधात् – दुवैमा परस्पर विरोध नभएकोले; छन्दतः – स्वेच्छाले (त्याग्दछ)।

शङ्का :- शरीर छोड्दा असल र खराब दुवै छुट्छन् । असल कर्मफल मित्रहरूमा लाग्छ र खराब, दुष्टहरूमा लाग्छ, इत्यादि भनिएको छ । मृत्युको समयमा कुनै उपलब्धि गर्नु छैन भनेर अरूले भन्दछन् ।

उत्तर :- कुश, छन्द, प्रार्थना, भजन इत्यादिलाई अन्यत्रबाट ल्याएर प्रयोग गरे जस्तै न त्यागिकन अरूले पाउने भन्ने कुरै उठ्दैन किनभने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राप्त गर्ने र त्याग गर्ने दुवै सम्बन्धित छन्-यस्ता विषयबारे अरूले पनि भनेका छन् र बताइएको पनि छ। उपासकले मृत्युको समयमा स्वेच्छाले असल र खराब दुवै त्याग्दछ।

टिप्पणी :- कौशितकी १.४ तथा छान्दोग्य ८.१३.१ मा आधारित यी दुई सूत्रहरूलाई जैमिनिले पूर्वमीमांसा १०.८.१५ मा दिएको आदेशानुसार बुझ्नुपर्दछ।

१०. आत्माको गति र मार्ग

गतेरर्थवत्त्वमुभयथाऽन्यथा हि विरोधः ॥२९॥

अर्थवत्त्वम् – उद्देश्ययुक्त; गतेः – (आत्माको) गति; उभयथा – दुइ बाटो; हि – साँच्चिकै; अन्यथा – नत्रभने; विरोधः – विरोध हुनेछ।

उपपन्नस्तल्लक्षणार्थोपलब्धेर्लोकवत् ॥३०॥

उपपन्नः – तर्क सम्मत छ; तत्–लक्षण–अर्थ–उपलब्धेः – त्यस्तो गुण भएको उद्देश्य प्राप्त भएकोले; लोकवत् – संसारमा देखिएको अनुसार।

अनियमः सर्वेषामविरोधः शब्दानुमानाभ्याम् ॥३१॥

अनियमः – वर्जित छैन; सर्वेषाम् – सबैमा लागू हुन्छ; अविरोधः – विवाद छैन; शब्द–अनुमानाभ्याम् – शास्त्र तथा स्मृतिबाट।

प्रश्नः मृत्युपछि आत्माको फरक फरक उद्देश्य र मार्ग पनि हुनुपर्दछ, नत्र विरोध देखिन्छ।

उत्तरः निर्गुण ब्रह्मको निम्ति एउटै बाटो हुन्छ, सगुणको निम्ति देवयान तर्क सम्मत हो। यो कुरामा कुनै विरोध छैन- यो सबै उपासनामा लागू हुन्छ र शास्त्र तथा स्मृतिले पनि यही भनेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

११. पुनर्जन्म

यावदधिकारमवस्थितिराधिकारिकाणाम् ॥३२॥

यावत्–अधिकारम् – जबसम्म लक्ष प्राप्तको निम्ति आवश्यक हुन्छ; आधिकारिकाणाम् – लक्ष (उद्देश्य); भएका व्यक्तिहरूलाई; अवस्थितिः – (शारीरिक) अस्तित्व।

प्रश्नः ब्रह्म प्राप्त भैसकेपछि किन पुनर्जन्म हुन्छ?

उत्तरः यस्तो केवल विशेष लक्ष भएका आत्मालाई जबसम्म लक्ष प्राप्तिको निम्ति आवश्यकता पर्दछ, तबसम्म शारीरिक अस्तित्व रहन्छ।

टिप्पणी :– पुराण अनुसार ऋषि अपरान्तरतम, वशिष्ठ, दक्ष, नारद इत्यादि सबैले ब्रह्म प्राप्ति पछि पनि विशेष उद्देश्यको निम्ति फेरी शरीर धारण गरेका हुन्। यसलाई प्रारब्ध कर्म पनि भनिन्छ।

१२. ब्रह्मको स्वभाव

अक्षरधियां त्ववरोधः सामान्यतद्भावाभ्यामौपसदवत्तदुक्तम् ॥३३॥

अक्षर–धियाम् – ब्रह्मबारे नकारात्मक धारणा; तु – जे भए तापनि; अवरोधः – संयोजित (हुनुपर्दछ); सामान्य – तत्–भावाभ्याम् – समान रूप भएकोले र त्यो पनि त्यही भएकोले; पउसदवत् – उपसद् जस्तै; उक्तम् – भनिएको छ (जैमिनि)।

शङ्काः – उपनिषद् (बृ.३.३.८) मा ब्रह्म यो पनि होइन, त्यो पनि होइन भनेकोले यस्ता सबै उपनिषद्का सूत्रहरूलाई अलग राख्नुपर्छ ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तरः – जे भए तापनि, समान रूपले भएका तथा मुख्य ब्रह्म नै भएकोले उपसद् यज्ञमा उद्गाता र अध्वर्युले गरेको जस्तै यस्ता नकारात्मक श्लोकहरू पनि संयोजित हुनुपर्दछ।

टिप्पणी :– सूत्र ३.३.१९ मा सकारात्मक पक्षहरू संयोजन गर्नुपर्छ भनिएको छ । त्यसरी नै नकारात्मक पक्षहरूको पनि विषयवस्तु एउटै भएको (ब्रह्म) ले संयोजित हुनुपर्दछ।

१३. मतैक्यता

इयदामननात् ॥३४॥

इयत्–आमनतात् – एउटैलाई यस्तो उस्तो भनिएकोले।

अन्तरा भूतग्रामवत् स्वात्मनः ॥३५॥

स्व–आत्मनः – आफ्नो स्वयंको आत्मा; अन्तरा – सबैभन्दा भित्र; भूत–ग्राम–वत् – अन्य तत्त्वहरू जस्तै (सबै प्राणीहरू जस्तै) हुन्छ।

अन्यथा भेदानुपपत्तिरिति चेन्नोपदेशान्तरवत् ॥३६॥

अन्यथा – अन्यथा; भेद अनुपपत्तिः – फरक–फरक दोहोऱ्याइएका वाक्यहरूको औचित्य हुँदैन; ईति चेत् – यस्तो सम्झिएमा; न – होइन; उपदेश–अन्तरवत् – (अर्कै) उपदेश गरे जस्तो।

व्यतिहारो विशिंषन्ति हीतरवत् ॥३७॥

व्यतिहारः – पारस्परिकताको; हि – निम्ति; विशिंषन्ति – (उपनिषद्का पाठकहरू) पाठ गर्दछन्; इतर–वत् – अन्यत्र जस्तै।

सैव हि सत्यादयः ॥३८॥

हि – किनभने; सा एव – त्यही नै (विद्या); सत्य–आदयः – सत्य इत्यादि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कामादीतरत्र तत्र चायतनादिभ्यः ॥३९॥

कामादि – इच्छा इत्यादि; इतरत्र – अर्कोमा; तत्र – त्यहाँ; च – पनि; आयतनादिभ्यः – वासस्थान बारे।

भावार्थ :– शङ्काः उपनिषद्हरूमा दोहोऱ्याएर फरक फरक धारणा देखिएकोले तिनलाई नमानेमा तिनको औचित्य रहदैन।

समाधानः त्यसो होइन, ब्रह्म एउटै हो र एउटैलाई यस्तो उस्तो भनिएको हो । उपदेश फरक भए पनि पारस्परिकताको निम्ति अन्यत्र त्यस्तै पाठ गर्दछन् यही नै सत्य हो। आफ्नो सबैभन्दाभित्र बासस्थान भएको (सबैमा जस्तै) छान्दोग्य उपनिषद्मा बताइएको इच्छा इत्यादि बारे, अर्कोमा पनि (बृहदारण्यकमा) स्थापना गर्नुपर्दछ।

१४. अग्निहोत्र

आदरादलोपः ॥४०॥

आदरात् – आदर देखाइएकोले; अ–लोपः – छुटाउन/हटाउन मिल्दैन।

उपस्थितेऽतस्तद्वचनात् ॥४१॥

उपस्थिते – जब उपस्थित छ; अतः – त्यसबाट; तत्–वचनात् – शास्त्रले यही भन्दछ।

प्रश्नः उपवास वसेको दिन अग्निहोत्र नैवेद्य दिन मिल्छ कि मिल्दैन।

उत्तरः अग्निहोत्र छुटाउन मिल्दैन किनभने यसलाई आदरणीय काम भनेर शास्त्रले भनेको छ। यदि छ भने त्यसैबाट नैवेद्य चढाउनु पर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी :- वैश्वानर विद्याको उपासना गर्दा प्राणा अग्निहोत्र विधि गर्नुपर्छ। त्यस विधिमा आफूले पनि आचमन गर्नुपर्दछ र जल वा नैवेद्य चढाउनु पर्दछ। उपवास बसेको दिन के गर्ने भन्ने प्रश्नमा यी दुई सूत्रहरूले उत्तर दिएका छन्। छान्दोग्य ५.१९.१ तथा बृहदारण्यक ५.२४.२ मा यसको विवेचना पाइन्छ।

१५. अनिवार्यता

तन्निधारणानियमस्तद्दृष्टेः पृथग्घ्यप्रतिबन्धः फलम् ॥४२॥

तत्–निर्धारण–अनियमः – त्यो हुनैपर्छ भन्ने नियम छैन; तत्–दृष्टेः – किनभने यो देखाएको छ (शास्त्रले); हि – निम्ति; पृथक् – फरक; फलम् – नतिजा (फल) प्राप्त हुन्छ; अप्रतिबन्धः – बाधा हटाउँछ।

भावार्थ :- अनुष्ठान (यज्ञ गर्दा) उपासना पनि गर्नै पर्छ कि भन्ने प्रश्नमा शास्त्रले देखाए अनुसार गर्नैपर्ने नियम छैन तर गरेमा नतिजा फरक पर्न सक्तछ किनभने उपासना गरेमा बाधा हट्दछ।

१६. वायु तथा प्राण उपासना

प्रदानवदेव तदुक्तम् ॥४३॥

प्रदानवत् – नैवेद्य समर्पण गरे जस्तै; एव – त्यही सरह; तत् – त्यो; उक्तम् – भनिएको छ।

भावार्थ :- प्राण र वायुलाई फरक–फरक तरिकाले उपासना गर्नुपर्दछ भनेर शास्त्रले देखाएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी :– जैमिनिका पूर्वमीमांसाको देवता काण्डको आधार लिइएको छ।

१७. अग्निरहस्य (वाजसानेयी)

लिङ्गभूयस्त्वात्तद्धि बलीयस्तदपि ॥४४॥

लिङ्ग–भूयस्त्वात् – साङ्केतिक चिह्नहरूको प्रचुरता भएकोले; तत् – त्यो; हि – निम्ति; बलीयः – बढी बलियो छ; तत् – त्यो; अपि – पनि।

पूर्वविकल्पः प्रकरणात् स्यात् क्रिया मानसवत् ॥४५॥

प्रकरणात् – सन्दर्भ अनुसार; पूर्व–विकल्पः – पहिलोको विकल्प; स्यात् – हुनुपर्दछ; क्रिया – यज्ञकार्य; मानसवत् – कल्पना गरिएको जस्तै (सोमपान गरेको जस्तै)।

अतिदेशाच्च ॥४६॥

अतिदेशात् – फैलिएको हुनाले; च – पनि।

विद्यैव तु निर्धारणात् ॥४७॥

विद्या – विद्या (उपासना); एव – साँच्चिकै; निर्धारणात् – निर्धारण गरिएको हुनाले।

दर्शनाच्च ॥४८॥

दर्शनात् – (साङ्केतिक चिह्नहरू) देखिएको अनुसार; च – पनि।

श्रुत्यादिबलीयस्त्वाच्च न बाधः ॥४९॥

श्रुति–आदि–बलीयस्त्वात् – शास्त्र इत्यादि बढी बलियो भएकोले; च – पनि; न बाधः – बाधा पर्दैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुबन्धादिभ्यः प्रज्ञान्तरपृथक्त्ववद् दृष्टश्च तदुक्तम् ॥५०॥

अनुबन्ध–आदिभ्यः – जोडिएको इत्यादि भएकोले; प्रज्ञा–अन्तर–पृथक्त्व–वत् – अरु विद्या फरक भएजस्तै; दृष्टः – देखिन्छ; च – पनि; तत्–उक्तम् – त्यो भनिएको छ। (जैमिनिले)

न सामान्यादप्युपलब्धेर्मृत्युवन्न हि लोकापत्तिः ॥५१॥

न – होइन; अपि – भएपनि; सामान्यात् – समानता भएकोले; उपलब्धेः – देखिएको छ; मृत्युवत् – मरेको खण्डमा; हि – निम्ति; लोक–आपत्तिः – लोक हुँदैन (आगो)।

परेण च शब्दस्य ताद्विध्यं भूयस्त्वात्त्वनुबन्धः ॥५२॥

परेण – तत्पश्चात् (ब्राह्मण); च – पनि; शब्दस्य – शास्त्रको; ताद्विध्यम् – त्यो विद्याको दृष्टिकोणबाट; तु – तर; अनुबन्धः – जोडिएको छ; भूयस्त्वात् – प्राचुर्यले।

भावार्थ :– अग्नि रहस्यका विभिन्न अग्निहरू यज्ञका अङ्ग होइनन् भनेर जैमिनि भन्दछन्। यिनीहरू बेग्लै विद्या हुन्।

प्रश्नः पहिले गएका विकल्पहरू अनुसार यी अग्निहरू पनि मानस रूपले यज्ञकै अङ्ग हुनुपर्दछ किनभने यिनीहरू फैलिएका छन् र वास्तविक अग्निकै रूप हुन्।

उत्तरः तर यी केवल विद्या हुन्, यही साँच्चिकै निर्धारण भएको छ। प्रचुर साङ्केतिक चिह्नहरूले पनि यही देखाउँदछन्। शास्त्रको मन्तव्य बलियो भएकोले यस्तो मान्नमा बाधा हुनेछैन। मानसिक रूपले जोडिएका हुनाले अरु विद्या जस्तै यी पनि अलग हुन् र यज्ञका अग्नि होइनन्। आगोलाई मृत्यु भनेकोमा पृथ्वीलाई नै आगो भनेको होइन। यस पश्चात्का शास्त्र (तथा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्राह्मण) ले पनि त्यसै भनेकाले यी विद्या नै हुन्। मानसिक दृष्टिकोणबाट जोडिएको र प्रशस्त साङ्केतिक चिह्नहरू भएकोले अग्निहरू विद्या मात्र हुन्, यज्ञका अग्नि होइनन्।

टिप्पणी :- बृ. १०.५.२.३; ३.२.१० को सन्दर्भमा उल्लेख गरिएका विभिन्न अग्निहरू तथा जैमिनिको पूर्वमीमांसा (जै. ३.३.१४) ले दिएको निर्णायक तर्क अनुसार छ।

१८. आत्मा तथा शरीर

एक आत्मनः शरीरे भावात् ॥५३॥

एके – कोइ (नामञ्जूर); आत्मनः – आत्माको (अस्तित्व); भावात् – आस्तित्वको निम्ति; शरीरे – जब शरीर हुन्छ।

व्यतिरेकस्तद्भावाभावित्वान्न तूपलब्धिवत् ॥५४॥

व्यतिरेकः – पृथक्ता; तत्–भाव–अभावित्वात् – त्यो (चेतना/आत्मा) भएपनि नभएको; उपलब्धिवत् – अनुभूति भए जस्तो।

भावार्थ :- प्रश्नः आत्माको बेग्लै अस्तित्व छैन, यसको अस्तित्वको निम्ति शरीरको आवश्यकता हुन्छ।

उत्तरः तर त्यस्तो होइन; आत्मा पृथक् हो किनभने शरीर नभए पनि (मृत्युपछि पनि), आत्माको अनुभूति हुन्छ।

टिप्पणी :- यी दुई सूत्रहरूबाट चार्वाक दर्शनलाई लक्षित गरिएको छ। यो दर्शनले आत्मालाई मान्दैन र "शरीरले चैतन्य पैदा गर्दछ । शरीर नरहेमा सो पनि शरीरकै अवयवसँग सम्मिलित भएर नाश हुन्छ" भन्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१९. ध्यान तथा यज्ञ सम्बन्धी

अङ्गावबद्धास्तु न शाखासु हि प्रतिवेदम् ॥५५॥

अङ्ग-अवबद्धः - (यज्ञ को) अङ्गसँग जोडिएका; तु - तर; न - (मात्र) हैन; शाखासु - विभिन्न शाखाहरूसँग पनि; हि - परन्तु; प्रतिवेदम् - प्रत्येक वेदमा।

मन्त्रादिवद्वाऽविरोधः ॥५६॥

वा - अथवा; मन्त्र-आदि-वत् - मन्त्र इत्यादि जस्तै; अविरोधः - बाधा छैन।

भावार्थ :- प्रश्नः- के सबै उपासनाहरू सबै शाखाहरूमा मिल्दछन् ? उपयुक्त छन् ?

उत्तरः- यस्ता उपासनाहरू कुनै एक प्रकारको यज्ञसँग मात्र हैन अन्य विभिन्न शाखाहरूमा पनि मिल्दछन्। मन्त्र इत्यादि जस्तै पनि मिल्ने भएकाले यस्ता उपासनाहरूबारे कुनै बाधा विरोध छैन।

२०. वैश्वानरको ध्यान

भूम्नः क्रतुवज्ज्यायस्त्वं तथा हि दर्शयति ॥५७॥

भूम्नः - सम्पूर्ण हुन्छ; जायस्त्वम् - बढी महत्त्वको; ऋतुवत् - यज्ञको परिवेशमा; हि - निम्ति; तथा - त्यसरी; दर्शयति - देखाउछ (उपनिषदले)।

भावार्थ :- प्रश्नः- यज्ञको परिवेशमा, यसको ध्यान सम्पूर्ण रूपमा वा यसका केही पक्षहरूमा मात्रै गरे हुन्छ ?

उत्तरः वैश्वानरको ध्यान सम्पूर्णरूपमा गरिएको बढी महत्त्वपूर्ण हुन्छ। यस्तो उपनिषद्ले देखाउँछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी :- छान्दोग्य ५.९.१; ५.७.१; १०.१५.२; ५.१२.१ का प्रसङ्गमा यो कौतूहल भएको हो।

२१. ध्यानका विभिन्नता

नाना शब्दादिभेदात् ॥५८॥

नाना - फरक-फरक; शब्द-आदि-भेदात् - 'शास्त्र' इत्यादिमा फरक देखाइएकाले।

विकल्पोऽविशिष्टफलत्वात् ॥५९॥

विकल्पः - एउटाको साटो अर्को; अविशिष्ट-फलत्वात् - फलमा फरक नहुनाले।

भावार्थ :- प्रश्नः- के सबै ध्यान एउटैमा संयोजन गर्नुपर्छ ? के सबै ध्यानहरू उस्तै हुन्छन् ? एउटाको सट्टा अर्को ध्यान गर्न हुन्छ ?

उत्तरः- फरक-फरक उपासनामा फरक-फरक ध्यान गर्नुपर्छ भनेर शास्त्रले देखाएको छ। एउटाको बदलामा अर्को ध्यान गर्नुको औचित्य छैन किनभने सबैको लक्ष ब्रह्म प्राप्ति नै हो। त्यसमा फरक छैन।

टिप्पणी :- छा. ३.१४.२; ४.१०.५; ८.१.५; ४.३.३; ५.१.१; ७.१५.१ इत्यादिमा उल्लेख गरिएका ध्यानहरू प्राणका निम्ति हुन्। त्यसैले सबैलाई एउटैमा संयोजन गर्न मिल्नुपर्छ भन्ने धारणाको खण्डन गर्दै एउटै ब्रह्मका विभिन्न रूपको ध्यान गरिने हुनाले यी ध्यान पनि विभिन्न प्रकारका हुनुपर्दछ भनेर जैमिनिले पू. मी. २.२.१ मा भनेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काम्यास्तु यथाकामं समुच्चीयेरन्न वा पूर्वहेत्वभावात् ॥६०॥

काम्याः – इच्छित फलको निम्ति गरिएको ध्यान; समुच्चीयेरन् – जोडन सकिन्छ; वा – अथवा; न – हुँदैन; यथाकामम् – इच्छानुसार; पूर्व–हेतु–अभावात् – यो भन्दा पहिलेको कारण नदेखाइएको हुनाले।

भावार्थ :- प्रश्नः – इच्छित सांसारिक फलको निम्ति एउटै ध्यान गर्ने कि एकभन्दा बढी पनि गर्न सकिन्छ ?

उत्तरः – सकिन्छ; किनभने यो ब्रह्म प्राप्तिको लागि गरिएको हुँदैन।

टिप्पणी :- अगाडिको सूत्रमा जस्तै उद्देश्य नभएको हुनाले आफूले इच्छाइएको फलको निम्ति विभिन्न ध्यानहरूलाई जोडन सकिन्छ।

अङ्गेषु यथाश्रयभावः ॥६१॥

अङ्गेषु – पुरकमा केन्द्रित (ध्यान); यथा–आश्रय–भावः – मुख्य उद्देश्यमा जस्तै हुन्छ।

शिष्टेश्च ॥६२॥

शिष्टेः – शास्त्रमा; च – पनि (जोडिएका छन्)

समाहारात् ॥६३॥

समाहारात् – संशोधन गरिसकिएकोले (सबै वेदमा)

गुणसाधारण्यश्रुतेश्च ॥६४॥

च – पनि; गुण–साधारण्य–श्रुतेः – श्रुतिले ॐ लाई सबैको अङ्ग भनेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न वा तत्सहभावाश्रुतेः ॥६५॥

वा – परन्तु (अथवा); न – हुँदैन; तत्–सहभाव–अश्रुतेः – श्रुतिले तिनमा समानता देखाएको छैन।

दर्शनाच्च ॥६६॥

दर्शनात् – देखाउँछ; च – पनि।

भावार्थ :– यज्ञका सहायक अथवा पूरक अङ्गहरूको निम्ति गरिने ध्यान उपासनालाई जोडन सकिन्छ किनभने तिनीहरूको उपयोगिता मुख्य उद्देश्य प्राप्तिको लागि हो। शास्त्रमा पनि यी जोडिएका छन्। श्रुतिले सबै वैदिक कार्यको प्रारम्भ ॐ बाट हुन्छ भनेको छ तर श्रुतिले समानता नदेखाएको अवस्थामा चाहिँ जोडन हुँदैन। त्यसैले यस्ता सबैलाई जोडनु चाहिँ हुँदैन।

टिप्पणी :– यी छा. १.५.५. र ४.१७.१० अनुसार गरिएका विवेचना हुन्।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेस्रो-अध्याय

चौथो पाउ

ब्रह्मज्ञानको आधार

१. ब्रह्मज्ञान तथा अनुष्ठानहरू

पुरुषार्थोऽतश्शब्दादिति बादरायणः ॥१॥

पुरुष-अर्थ - मानिसको उद्देश्य (ब्रह्मज्ञान प्राप्ति); अतः - यसबाट; शब्दात् - वेदमन्त्रबाट; इति - यसरी; बादरायणः - बादरायण भन्दछन्।

भावार्थ :- बादरायण भन्दछन् कि वेदमन्त्र अनुसार मानिसको परं उद्देश्य ब्रह्मज्ञान प्राप्ति हो।

शेषत्वात्पुरुषार्थवादो यथाऽन्येष्विति जैमिनिः ॥२॥

शेषत्वात् - पूरक भएकोले; पुरुष-अर्थवादः - कर्ताको गौरव बढाएको मात्र हो; यथा - यसरी; अन्येषु - अरुमा; इति - यसरी; जैमिनिः - जैमिनि भन्दछन्।

आचारदर्शनात् ॥३॥

आचार-दर्शनात् - व्यवहार देखिए अनुसार (काम गरेको) हो।

तच्छ्रुतेः ॥४॥

तत् - श्रुतेः - त्यो श्रुतिले भन्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समन्वारम्भणात् ॥५॥

सम–अनु–आरम्भणात् – दुवैलाई मान्दै ।

तद्वतो विधानात् ॥६॥

तद्वतः – त्यस्तो खालको; विधानात् – आदेश दिइएकोले ।

नियमाच्च ॥७॥

नियमात् – निर्धारित नियमहरूबाट; च – पनि ।

भावार्थ :– जैमिनिका अनुसार ब्रह्मज्ञान इत्यादिलाई भनेर केवल कर्ताको महत्त्व बढाइदिइएको मात्र हो । काम गरेको अनुसार र श्रुतिले भनेको अनुसार, यी दुवैलाई (यज्ञ र ज्ञान) समान मान्दै जानुपर्दछ । यस्तो खालको आदेश पनि दिइएको छ र यस्ता नियमहरू पनि निर्धारण गरिएका छन् ।

टिप्पणी :– बादरायणको धारणालाई जैमिनिले विरोध गरेका छन् । उनले बृ. ४.५.६; ३.१.१; छा. ५.११.५; बृ. ४.४.२; छा. ८.१५.१ तथा ३.२ लाई इङ्गित गरेका छन् ।

अधिकोपदेशात्तु बादरायणस्यैवं तद्दर्शनात् ॥८॥

तु – तर; अधिकोपदेशात् – बढी महत्त्वको भन्ने, बादरायणस्य – बादरायणको (धारणा), एवं – कायमै रहन्छ, तत्–दर्शनात् – त्यस्तै (श्रुतिमा) देखाइएको छ ।

तुल्यन्तु दर्शनम् ॥९॥

तु – तर; दर्शनम् – श्रुतिले देखाएको; तुल्यम् – बराबर छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असार्वत्रिकी ॥१०॥

असार्वत्रिकी – सर्वत्र मिल्दैन

विभागः शतवत् ॥११॥

विभागः – (ज्ञान र काम) को विभाजन छ; शतवत् – शय जस्तो; (दुईजनालाई बाँडेको जस्तो)।

अध्ययनमात्रवतः ॥१२॥

अध्ययन–मात्र–वतः – वेद पढेकोलाई मात्रै; आदेश दिएको छ।

नाविशेषात् ॥१३॥

न – नभएको; अविशेषात् – केही विशेष तोकिएको।

स्तुतयेऽनुमतिर्वा ॥१४॥

वा – अथवा; अनुमतिः – अनुमति (काम गर्न); स्तुतये – महानता बढाउन (ज्ञानको) हो।

कामकारेण चैके ॥१५॥

च – तथा; एके – कोही; कामकारेण – आफ्नै रोजाइको कारणले।

उपमर्दं च ॥१६॥

उपमर्दं – विनाश (संहार); च – पनि ।

ऊर्ध्वरेतस्सु च शब्दे हि ॥१७॥

च – तथा; ऊर्ध्वरेतस्सु – संयममा रहने (सन्यासी); शब्दे – शास्त्रमा; हि – किनभने (साच्चिकै)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- प्रश्नः – ज्ञान तथा कर्म समान हुन्। यज्ञ गर्न छोडनु हुन्न।

उत्तरः – मानिसको परं उद्देश्य ब्रह्म ज्ञान प्राप्त गर्नु हो। यज्ञ कर्म र ज्ञानलाई एक शयलाई दुईजनामा बाँडेजस्तै समान मान्नु पर्ने भने पनि त्यो सबैतिर मिल्दैन। बादरायणको राय यही छ। वेद पढेकालाई मात्र यज्ञ गर्ने आदेश छ र विशेष अरु केही तोकिएको छैन। यज्ञ गर्न अनुमति दिएको तर यज्ञको महत्त्व बढाउनका लागि मात्रै हो जो आफ्नो इच्छाअनुसार मानिसले गर्दछ। ज्ञानले ता सबै सांसारिक वस्तुहरूको नाश गर्दछ अर्थात् केही महत्त्व दिँदैन। यो पनि सन्यासीहरूबाट देखिन्छ।

टिप्पणी :- सूत्र २–७ सम्म मीमांसक जैमिनिले कर्मकाण्डलाई प्रधानता दिएको बादरायणले खण्डन गर्दै ज्ञानलाई नै सर्वोपरी महत्त्व दिएका छन्। प्रमाणको रूपमा मु. १.१.९; वृ. ३.८.९; ३.५.१; ४.४.२/६; ४.५.१५; ४.४.२२ तथा छा. २.२३.१–२; ५.१०.१; मुण्डक १.२.११ लाई लिइएको बुझिन्छ। यस पछाडिका सूत्रहरूमा पनि यी विषयमा छलफल भएको देखिन्छ।

२. के सन्यास शास्त्र सम्मत छ ?

परामर्शं जैमिनिरचोदना चापवदति हि ॥१८॥

जैमिनिः– जैमिनि भन्दछन्; परामर्शं – केवल सान्दर्भिक; अचोदना – त्यस्तो आदेश नभएको; च – पनि; अपवदति हि – साँच्चिकै तिरस्कार गर्दछ; श्रुति ले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- सन्यास आश्रम केवल सान्दर्भिक उल्लेख मात्र हो। त्यस्तो आदेश दिएको छैन। शास्त्रले त्यसको तिरस्कार गरेको छ।

अनुष्ठेयं बादरायणः साम्यश्रुतेः ॥१९॥

अनुष्ठेयं – अनुभव गर्नुपर्छ; बादरायणः – बादरायण भन्दछन्; साम्यश्रुतेः – सबैलाई समान रूपले श्रुतिले मान्यता दिएको छ।

विधिर्वा धारणवत् ॥२०॥

विधिः – आदेश (निर्देशन); वा – अथवा; धारणवत् – लिएको जस्तो (समिधा बोकेर)।

भावार्थ :- बादरायण के भन्दछन् भने शास्त्रले चारै आश्रमलाई समान मान्यता दिएको छ । सन्यास आश्रम ग्रहण गर्नलाई आदेश पनि दिइएको छ।

टिप्पणी :- पूर्व मीमांसकहरूले कर्मकाण्डलाई प्रधानता दिएका छन् भने बादरायर्णले चारै आश्रम वेदको आदेश बमोजिम हुन् र सबैको समान महत्त्व छ भनी देखाएका छन्। यसको निम्ति नारायणीय उपनिषद ७५, जावाल ४ लाई प्रमाणको रूपमा इङ्गित गरिएको देखिन्छ।

३. स्तुतिको महत्त्व

स्तुतिमात्रमुपादानादिति चेन्नापूर्वत्वात् ॥२१॥

स्तुतिमात्रम् – केवल महानता देखाउने साधन; उपादानात् – तिनीहरूको सन्दर्भ भएकोले; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; अपूर्वत्वात् – यो भन्दा पहिले नभनिएकोले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावशब्दाच्च ॥२२॥

भावशब्दाच्च – आदेश सूचक शब्दहरू भएकोले पनि।

भावार्थ :- विभिन्न स्तुतिलाई केवल तिनको सन्दर्भअनुसार महत्त्व दिइएको मात्रै हो भन्ने सम्झिएमा त्यस्तो होइन, यस्तो पहिले भनिएको छैन र शास्त्रमा वचनको आशय – अनुसार यी निर्देशनहरू नै हुन्।

टिप्पणी :- छा. १.१.३; १.१.१; १.६.१ लाई इङ्गित गरिएको छ।

४. आख्यानको महत्त्व

पारिप्लवार्था इति चेन्न विशेषितत्वात् ॥२३॥

पारिप्लव – अर्था – परिप्लवको निम्ति; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; विशेषितत्वात् – विशेष रूपले तोकिएको हुनाले।

तथा चैकवाक्यतोपबन्धात् ॥२४॥

च – तथा; एक–वाक्यता–उपबन्धात् – एकै विषयसँग जोडिएको हुनाले; तथा – त्यस तरिकाले।

भावार्थ :- उपनिषद्का आख्यानहरू परिप्लव जस्ता होइनन् किनभने तिनीहरू विशेष रूपले एकै विषयसँग जोडिएका हुन्छन्।

टिप्पणी :- अश्वमेध यज्ञमा प्रतिदिन पौराणिक कथाहरू भन्ने चलन छ। यसलाई परिप्लव भनिन्छ। यस्ता कथाहरू तोकिएका विशेष उद्देश्यका लागि हुन्छन् तर उपनिषद्मा भएका आख्यानहरू विभिन्न विषयहरूसँग नजोडिएका हुनाले परिप्लव जस्तो हुँदैनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बृ. ४.५.१; कौशितकी ३.१; छा. ४.१.१. लाई सङ्केत गरिएको छ।

५. कर्मकाण्डबाट मुक्त अवस्था

अत एव चाग्नीन्धनाद्यनपेक्षा ॥२५॥

अत एव च – यसै कारणले पनि, अग्नि – इन्धन – आदि – अनपेक्षा – अग्नि प्रज्वलन इत्यादि गर्नुपर्ने आवश्यकता छैन।

भावार्थ :- सूत्र १८/१९ मा सन्यास आश्रमबारे शास्त्रको मान्यता भएको यहाँ दोहोऱ्याएर 'त्यसैकारण अनुसार सन्यासीले कर्मकाण्ड गर्नुपर्दैन' भनिएको छ।

टिप्पणी :- जैमिनी सूत्र ३.४.१।

६. मुक्तिको निम्ति वर्णाश्रम

सर्वापेक्षा च यज्ञादिश्रुतेरश्ववत् ॥२६॥

सर्वापेक्षा – सबै आवश्यक छन्; च – तथा; यज्ञादिश्रुतेः – श्रुतिले यज्ञकर्म इत्यादिको आदेश दिएको छ; अश्ववत् – घोडाको जस्तै।

शमदमाद्युपेतः स्यात्तथापि तु तद्विधेस्तदंगतया तेषामवश्यानुष्ठेयत्वात् ॥२७॥

शम–दम–आदि–उपेतः – शान्त; संयमी इत्यादिले युक्त; स्यात्– हुनुपर्दछ; तथा अपि – तथापि; तु – तर; तत्–विधेः – ती जोडिएका छन्; तत्–अङ्गतया – त्यसकै अङ्गको रूपमा; तेषाम्–अवश्य–अनुष्ठेयत्वात् – त्यसकारण तिनीहरूको अनुष्ठान गर्नै पर्दछ।

भावार्थ :- गन्तव्यमा पुग्न घोडा चाहिए जस्तै वर्णाश्रम तथा यज्ञका अनुष्ठानहरू, यी सबैबाट ज्ञान प्राप्त हुन्छ र अन्ततोगत्वा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्म प्राप्ति हुन्छ। यी सबै ज्ञान कै अङ्गको रूपमा भएको सम्झनुपर्दछ र शान्त चित्त, संयमी भएर यिनको अनुष्ठान गर्नै पर्दछ।

टिप्पणी :- बृ. ४.४.२२/२३/२६ तथा जैमिनी सूत्र ३.३.३४ लाई इङ्गित गरेको देखिन्छ।

७. खाद्याखाद्य बारेका तर्कहरू

सर्वान्नानुमतिश्च प्राणात्यये तद्दर्शनात् ॥२८॥

सर्व–अन्न–अनुमतिः – सबै प्रकारको खाद्य पदार्थको अनुमति हुन्छ; च – केवल; प्राण–अत्यये – जब ज्यानको खतरा छ; तत्–दर्शनात् – श्रुतिले यस्तो देखाएको छ।

अबाधाच्च ॥२९॥

अबाधात् – बाधा हुँदैन; च – पनि।

अपि च स्मर्यते ॥३०॥

अपि च – ले पनि; स्मर्यते – स्मृतिले भन्दछ।

शब्दश्चातोऽकामकारे ॥३१॥

शब्दः – श्रुति (मन्त्रहरूले); च – पनि; अतः – यस्कारणले (अन्य अवस्थामा); अ–काम–कारे – निषेध गरिएको छ।

भावार्थ :- प्राण रक्षाको निम्ति जे जस्तो प्राप्त छ त्यो खान हुन्छ। यसलाई श्रुतिले बाधा दिँदैन। स्मृतिले पनि यही भन्दछ। तर अन्य अवस्थामा यसरी मनपरी खान श्रुतिले निषेध गरेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी :- ऋग्वेदमा वामदेव ऋषिले कुकुरको मासु खाएर प्राण रक्षा गरेको तथा छान्दोग्य उपनिषद् ७.२६.२ को सन्दर्भ छ।

८. मुक्ति नचाहने व्यक्तिले वर्णाश्रमको बाध्यता

विहितत्वाच्चाश्रमकर्मापि ॥३२॥

च - तथा; अपि - पनि; आश्रम कर्म - चारै आश्रमका कर्तव्यहरू गर्नुपर्ने; विहितत्वात् - निर्देशन भएकोले।

सहकारित्वेन च ॥३३॥

सहकारित्वेन - ज्ञान प्राप्तिको निम्ति सहकारित्व; च - पनि।

सर्वथाऽपि तु त एवोभयलिङ्गात् ॥३४॥

सर्वथा अपि -भए पनि; तु ते एव - तर तिनै मात्र (गर्नुपर्दछ); उभय-लिङ्गात् - दुई प्रकारका सङ्केत भएको हुनाले;

अनभिभवं च दर्शयति ॥३५॥

च - तथा; दर्शयति - देखाउँछ; अनभिभवं - वास्तविकतामा (पराजित हुँदैन)।

भावार्थ :- मुक्ति नचाहने सबैले पनि चारै वर्णाश्रममा तोकिएका काम कर्तव्य गर्नुपर्छ भन्ने शास्त्रको निर्देशन छ। यी कर्महरूले ज्ञान प्राप्तिको निम्ति सहकार्य गरेका हुन्छन् र व्यक्तिले पराजय भोग्नु पर्दैन। तोकिएका कर्महरू गर्नुपर्छ भनेर श्रुति तथा स्मृति दुवैले सङ्केत गरेका छन्।

टिप्पणी :- बृ. ४.४.२२; गीता ६.१; तथा छा. ८.५.३ का सन्दर्भ छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९. वर्णाश्रम विना ज्ञान प्राप्ति

अन्तरा चापि तु तद्दृष्टेः ॥३६॥

तु – जे भए पनि; वास्तवमा; अन्तरा – दुईको बीचमा भएको; अपि – पनि; तत् दृष्टेः – त्यस्तो देखिएका छन्।

अपि च स्मर्यते ॥३७॥

अपि च – त्यसमा पनि; स्मर्यते – स्मृतिमा यस्ता पाइन्छन्।

विशेषानुग्रहश्च ॥३८॥

विशेष – अनुग्रह – विशेष अनुमति; च – पनि।

अतस्त्वितरज्ज्यायो लिंगाच्च ॥३९॥

तु – तर; अतः यो भन्दा; इतरत् – अर्कोमा; ज्यायः बढी उत्तम; लिङ्गात् – साङ्केतिक भएकोले; च – पनि।

भावार्थ :- (बिधुर, विवाह नगरेका, इत्यादि व्यक्तिहरू जस्तै रैक्व, गार्गी इत्यादि) दुई आश्रमका मध्यमा परेका भए पनि यिनीहरूले ज्ञान प्राप्त गर्न सक्दछन् किनभने यस्तो देखिएको छ। स्मृतिमा पनि यस्ता दृष्टान्त पाइन्छन्। यिनलाई विशेष अनुमति वा अनुष्ठान पनि उपलब्ध छ। यस्ता व्यक्तिहरू एउटा कुनै आश्रमभित्र बस्नु उत्तम हुन्छ, यस्तो स्मृतिको सङ्केत पनि छ।

टिप्पणी :- छा. ४.१.३; बृ. ३.६.१; ४.४.९; मनुस्मृति २.८७; गीता ६.४५ लाई लिएर यी सूत्रहरू बनाइएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१०. सन्यासीहरू र गृहस्थाश्रम

तद्भूतस्य नातद्भावो जैमिनेरपि नियमातद्रूपाभावेभ्यः ॥४०॥

तु – तर; तत्–भूतस्य – त्यस्तो भएको व्यक्ति; न – हुँदैन; अ तत् भावः – त्यसबाट फर्कन; नियम–अतद्रूप–अभावेभ्यः – निषेध गर्ने नियमानुसार; श्रुति स्मृतिमा नदेखिएकोले तथा त्यस्ता उदाहरण पनि नभएकाले; अपि – पनि; जैमिनेः – जैमिनि भन्दछन्।

भावार्थ :– तर यस्तो भएको व्यक्ति, सन्यासआश्रम त्याग गरेको व्यक्ति, फेरि त्यही अवस्थामा फर्कन हुँदैन किनभने यस्तो निषेध गर्ने नियम छ, श्रुति र स्मृतिमा यस्तो आज्ञा पाइँदैन तथा त्यस्ता उदाहरणहरू पनि छैनन्। यसबारे बादरायण र जैमिनि दुबैको एउटै मत छ।

११. ब्रह्मचारीले पाप गरेमा उसलाई बहिष्कार गर्नुपर्दछ ?

न चाधिकारिकमपि पतनानुमानात्तदयोगात् ॥४१॥

च – तथा; अपि – त्यो पनि; आधिकारिकम् – अधिकार लक्षणमा उल्लेख भएकोमा; न – हुँदैन; पतन – अनुमानात् – उसको पतन ठहर्छ; तत् अयोगात् – त्यस्तो सम्बन्ध नभएकोले।

उपपूर्वमपि त्वेके भावमशनवत्तदुक्तम् ॥४२॥

उप – पूर्वम् – सानो देखाउने चिह्न भएको; उपपातक अर्थात् सामान्य पापी; अपि तु – भए पनि तर; एके – कुनै; भावम् – अस्तित्व (हटाउने); अशनवत् – अभक्ष खाएको अवस्थामा जस्तै; तत् – त्यो; उक्तम् – बताइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बहिस्तूभयथापि स्मृतेराचाराच्च ॥४३॥

बहिः – बाहिर; तु – तर; उभयथा अपि – दुबै अवस्थामा पनि; स्मृतेः – स्मृति अनुसार; आचारात् – व्यवहारबाट; च – पनि।

भावार्थ :– "अधिकार लक्षणम्" मा उल्लेख भएको (प्रायश्चित्त) उसको लागि होइन किनभने उसको पतन भएको निर्णय भइसकेको छ र सोसँग केही सम्बन्ध छैन। अभक्ष खाएको जस्तो सामान्य पाप हटाउने विधि (प्रायश्चित्त) त हुन्छ भनेर जैमिनिले भन्दछन्। तर स्मृतिअनुसार तथा चलन चल्तिको व्यवहार अनुसार त्यस्तो पतित व्यक्तिको बहिष्कार गर्नुपर्दछ।

टिप्पणी :– जैमिनिको पूर्वमीमांसा सूत्र ६.८.२१; १.३.८/९ का आधार लिइएको छ। 'महापाप'–गुरूपत्नीसँग यौन सम्बन्ध बाहेक ब्रह्मचारीको अरु पापलाई सामान्य पाप बताइएको छ।

वेद वा उपनिषद्मा यस्तो उल्लेख पाइँदैन। यो जैमिनिको आफ्नै धारणा हो तर बादरायणले यस्ताको सामाजिक बहिष्कार हुनैपर्छ भन्ने धारणा राखेका छन्।

१२. यज्ञको फल कसले पाउँछ ?

स्वामिनः फलश्रुतेरित्यात्रेयः ॥४४॥

स्वामिनः – साधक, यज्ञकर्ता, यजमानको निम्ति; फलश्रुतेः – श्रुतिअनुसार उसैलाई फल प्राप्ति हुन्छ; इति – यस्तो कुरा आत्रेयः – आत्रेय ऋषि भन्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आर्त्त्विज्यमित्यौडुलोमिस्तस्मै हि परिक्रियते ॥४५॥

आर्त्त्विज्यम् – ऋत्विक (पुरोहित) को काम; इति – यस्तो; औडुलोमिः – औडुलोमि भन्दछन्; तस्मै – त्यसको; हि – किनभने; परिक्रीयते – उसलाई तिरिन्छ (दक्षिणा दिइएको हुन्छ)।

श्रुतेश्च ॥४६॥

श्रुतेः – श्रुतिले भन्छ; च – पनि।

भावार्थ :- आत्रेयले यज्ञमा ध्यान प्रार्थना यजमानले नै गर्नुपर्छ र उसैले त्यसको फल पाउँछ भन्दछन् तर औडुलोमिका अनुसार ऋत्विक्‌लाई नियुक्त गरिएको हुँदा ऋत्विक्‌ले गर्नुपर्दछ भन्दछन्। यसैलाई श्रुतिले पनि समर्थन गरेको छ।

टिप्पणी :- यसमा बादरायणले आफ्नो मन्तव्य दिएको पाइँदैन । आत्रेयले छान्दोग्य २.३.२ को आधारमा आफ्नो राय दिएका छन् तर औडुलोमिले छान्दोग्य १.२.१३ को सहारा लिएका छन् तथा शतपथ ब्राह्मणको पनि । छान्दोग्यमा १.७.८/९ पनि उल्लेख गरिएको छ।

१३. ब्रह्मज्ञानी अवस्थामा पुग्न निदिध्यासना

सहकार्यन्तरविधिः पक्षेण तृतीयं तद्वतो विध्यादिवत् ॥४७॥

सहकारि–अन्तर–विधिः – पूरक साधना निम्ति निर्देशन दिइएको छ, तृतीयम् – तेश्रो (ध्यानशीलता); तत्–वतः – त्यसको निम्ति जो संग यो (ज्ञान) छ; पक्षेण – विकल्प जस्तै; विधि–आदि–वत् – मुख्य निर्देशन सरह नै।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृत्स्नभावात्तु गृहिणोपसंहारः ॥४८॥

तु – तर; कृत्स्न–भावात् – गृहस्थाश्रममा सबै भएको हुनाले; गृहिणा उपसंहारः – अन्त्यमा निर्णायक।

मौनवदितरेषामप्युपदेशात् ॥४९॥

उपदेशात् – निर्देशन भएबाट; अपि – पनि; इतरेषाम् – अरुमा; मौनवत् – ध्यानशीलता (हुनुपर्दछ)।

भावार्थ :– पूरक साधनाको निमित्त मुख्य निर्देशन सरह नै विकल्पहरू प्राप्त छन् निदिध्यासना, (ध्यानशीलता) अवस्थाको निर्देशन ज्ञानीलाई उपलब्ध छ । तर गृहस्थाश्रममा सबै पक्षहरू भएकाले निर्णायक रूपले अन्त्यमा निर्देशन प्राप्त हुन्छ । अरुमा पनि ध्यानशीलता हुनुपर्ने निर्देशन छ।

टिप्पणी :– बृ. ३.५.१ मा आधारित यो शङ्काको समाधान माथिका ३ सूत्रहरूले गर्ने प्रयास गरेका छन् । ज्ञान प्राप्त गरेपछि मुनि भएको अवस्थामा पुगेर ध्यान गर्दा ब्रह्मत्व प्राप्त हुन्छ।

१४. बाल्यावस्था सरह

अनाविष्कुर्वन्नन्वयात् ।५०॥

अनाविष्कुर्वन् – आफ्नो स्पष्ट प्रदर्शन नगरी; अन्वयात् – तर्क सम्मत भएकोले।

प्रश्न : ब्रह्मज्ञानी भएपछि बालकले जस्तो स्वच्छन्द व्यवहार गर्न मिल्छ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तरः ब्रह्मज्ञानीले आफ्नो उपलब्धि इत्यादिको केही प्रदर्शन नगरी निर्बोध बालक सरह रहनुपर्दछ।

टिप्पणी :– बृ. उ. ३.५.१ मा यसको सन्दर्भ छ।

१५. ज्ञानको फलप्राप्ति

ऐहिकमप्यप्रस्तुतप्रतिबन्धे तद्दर्शनात् ॥५१॥

ऐहिकम् – यही जीवनमा; अपि – पनि; अप्रस्तुत–प्रतिबन्धे – यदि वर्जित गरिएको छैन भने; तत्–दर्शनात् – त्यस्तो शास्त्रमा देखिएको हुनाले (प्राप्त हुन्छ)।

एवं मुक्तिफलानियमस्तदवस्थावधृतेस्तदवस्थावधृतेः ॥५२॥

एवं – यस्तै गरी; मुक्तिफल–अनियमः – ज्ञानको फल मुक्तिको कुनै नियम छैन; तत्–अवस्था–अवधृतेः – त्यो अवस्थाको निर्णय श्रुतिले गरिसकेको छ।

भावार्थ :– प्रश्नः कर्मफल कहिले प्राप्त हुन्छ; कसरी प्राप्त हुन्छ ?

उत्तरः साधना तथा ध्यानको फल अरु कुनैबाट बाधा नपरेमा यही जीवनमा प्राप्त हुन्छ। यसको कुनै नियम छैन। यस्ता अवस्थाको श्रुतिले निर्णय गरिसकेको छ।

टिप्पणी :– क.उ.१.२.७ ले ब्रह्मज्ञान प्राप्त गर्न धेरै पटक जन्म लिनुपर्छ भन्ने धारणालाई यो सूत्रले काटेको छ। वामदेवको उदाहरण दिइएको छ। उनले गर्भ मै ब्रह्मज्ञान प्राप्त गरेका थिए। 'ब्रह्मज्ञानी ब्रह्म हुन्छ' भनाइ अनुसार ब्रह्म एउटै हो, ब्रह्म प्राप्ति नै जीवनको मुक्ति हो। यसमा अरु कुनै नियम छैन।

❁❁

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौथो-अध्याय

पहिलो पाउ

विभिन्न उपासना, विधिहरूबारे

यो अध्यायमा विभिन्न उपासनाहरू, तिनका फल र जप, पाठ, ध्यान इत्यादिको बारेमा जिज्ञासा गरिएको छ।

१. पाठ र प्रार्थना

आवृत्तिरसकृदुपदेशात् ॥१॥

आवृत्तिः – दोहोर्याउनुपर्छ; अ–सकृत्–उपदेशात् – यस्तो निर्देशन पटक पटक दिइएको हुनाले।

लिङ्गाच्च ॥२॥

लिङ्गात् – साङ्केतिक चिह्न भएकोले; च – पनि।

भावार्थ :– प्रश्न– वारम्वार किन दोहोऱ्याई रहनुपर्छ ?

उत्तर– यस्ता सङ्केतहरू तथा निर्देशनहरू वारम्वार भएकाले

टिप्पणी :– यी सूत्रहरूले बृ.२.४.५; छा ४.२.२; बृ.४.५.६ लाई प्रमाण मानेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. स्वयं र ब्रह्मको ऐक्यता

आत्मेति तूपगच्छन्ति ग्राहयन्ति च ॥३॥

तु – तर; उपगच्छन्ति – स्वीकार गर्दछन्; इति – जस्तै; आत्मा – स्वयं; च – तथा; ग्राहयन्ति – सिकाउँदछन्।

न प्रतीके न हि सः ॥४॥

न – हुँदैन; प्रतीके – चिह्नमा; न – हुँदैन; हि – किनकि; सः – त्यो/ऊ।

ब्रह्मदृष्टिरुत्कर्षात् ॥५॥

ब्रह्म दृष्टिः – ब्रह्मको रूपमा हेरिने; उत्कर्षात् – धेरै उच्च भएकोले।

भावार्थ :- प्रश्नः तर आत्मा (प्राणी) र ब्रह्म कसरी एउटै हुन सक्छन् ? स्वयंलाई प्रतीक सम्झिनुहुन्छ?

उत्तरः स्वयंलाई ब्रह्मको रूपमा ध्यान गर्नुपर्छ भनेर सिकाइएको छ र उपनिषद्‌ले पनि यही भन्छ तापनि आफू स्वयंलाई ब्रह्मको अर्को कुनै चिह्नसँग जोड्न या दाँज्न मिल्दैन किनभने यस्ता चिह्नहरूको धेरै उच्च स्थान हुन्छ। यिनलाई निम्नतहका प्रतिकसँग दाँज्न मिल्दैन।

टिप्पणी :- बृ. १.४.१०; तथा छा. ३.१८.१; ७.४.३ मा यी सूत्रहरूको सन्दर्भ पाइन्छ। उदाहरणको निम्ति मनलाई ब्रह्म हो भन्न पाइन्छ तर ब्रह्मलाई मन हो भन्न पाइन्न।

३. पूरक अवयवको उपयोग

आदित्यादिमतयश्चाङ्ग उपपत्तेः ॥६॥

च – तथा; आदित्य आदि मतयः – सूर्य इत्यादिलाई खप्टेर राख्ने विचार; उपपत्तेः – तर्कसङ्गत छ; अङ्गे – सहायक अङ्गहरूमा (अवयवहरूमा)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- प्रश्नः कुन अवयव (अङ्ग) लाई के मा खप्टने?

उत्तरः सूर्य इत्यादिलाई खप्टेर राख्न मिल्छ र तर्कसङ्गत छ तर यज्ञको कुनै अङ्गलाई ब्रह्म सम्झन मिल्दैन।

टिप्पणी :- यो तरिकालाई अध्याय गर्ने भनिन्छ जुन दुवै अवस्थामा मान्य हुँदैन। छा. १.३.१; २.२.१ मा यस्तो उल्लेख पाइन्छ।

४. ध्यान गर्ने आसन

आसीनः संभवात् ॥७॥

बसेर सम्भव भएकोले।

ध्यानाच्च ॥८॥

एकाग्रता हुने हुँदा।

अचलत्वं चापेक्ष्य ॥९॥

स्थिर रहनु पर्ने हुँदा।

स्मरन्ति च ॥१०॥

स्मृतिले पनि भने अनुसार।

भावार्थ :- प्रश्नः ब्रह्मको ध्यान कसरी गर्ने ?

उत्तरः बसेर ध्यान गर्नुपर्छ किनभने यसो गर्दा स्थिर भएर एकाग्रमनले ध्यान गर्न सम्भव हुन्छ र स्मृतिले पनि यही निर्देशन दिएको छ।

टिप्पणी :- ध्यान गर्नु त मानसिक कार्य हो, त्यसैले यसलाई शारीरिक मुद्रा वा स्थिति किन तोकिनु पर्छ भन्ने आशय छ तर स्मृतिले निर्देशन दिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यत्रैकाग्रता तत्राविशेषात् ॥११॥

यत्र – जहाँ; एकाग्रता – एकाग्रता (संभव छ); तत्र – त्यहाँ; अविशेषात् – नतोकिएको हुनाले।

भावार्थ :– जुन ठाउँ एकाग्रमनले ध्यान गर्न पाइन्छ सो ठाउँमा बसेर ध्यान गर्नुपर्दछ। यस्तो उस्तो ठाउँ भनेर केही तोकिएको छैन.।

आप्रायणात्तत्रापि हि दृष्टम् ॥१२॥

आ–प्रायणात् – मृत्युको समयसम्म; हि – निम्ति; तत्र – अपि – त्यहाँ पनि; दृष्टम् – देखिएको छ (शास्त्रमा)।

भावार्थ :– प्रश्न : मृत्युसम्म ध्यान गरिरहनुपर्छ ?

उत्तर : प्राण ननिस्केसम्म ध्यान गरिरहनुपर्छ; यस्तो शास्त्रमा देखिएको छ।

टिप्पणी :– छा. ३.१७. ६. गीता ८.६. मा यसको सन्दर्भ पाइन्छ।

५. ब्रह्म ज्ञान र कर्मका फल

तदधिगम उत्तरपूर्वाघयोरश्लेशविनाशौ तद्व्यपदेशात् ॥१३॥

तत्–अधिगमे – त्यसको यथार्थ बुझेपछि (हुन्छ); अश्लेष–विनाशौ – सम्मोह तथा संहार (क्रमैसँग); उत्तर–पूर्व–अघयोः – पहिलेका र पछिहुने पाप; तत्–उपदेशात्–त्यस्तो उपदेश गरिएको छ।

भावार्थ :– ब्रह्मज्ञान यथार्थमा प्राप्त गरेपछि पहिले गरेका र पछि हुनसक्ने सबै पाप कर्महरूको सम्मोह र संहार क्रमैसँग हुन्छ भनेर उपदेश गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी :- 'पछि हुन सक्ने पापहरू' लाई पहिले गरेका पाप कर्मका भविष्यमा हुने फललाई सम्झनुपर्दछ।

६. पुण्य पनि शेष रहँदैन

इतरस्याप्येवमसंश्लेषः पाते तु ॥१४॥

इतरस्य – अर्कोको (पुण्यको); अपि – पनि; एवं – यसरी नै; असंश्लेषः– सम्पर्क हुँदैन; तु – अवश्य पनि (मुक्ति हुन्छ); पाते – झर्दछ; खस्दछ (शरीर)।

भावार्थ :- प्रश्न : पुण्य कार्यले त ज्ञान प्राप्त हुन्छ। कसरी त्यस्ता पनि छुट्छन्।

उत्तर : मृत्युको समयमा सबै पाप र पुण्य शरीरबाट छुट्दछन्।

टिप्पणी :- बृ. ४.४.२२ तथा मु. २.२.८ मा प्रमाण भेटिन्छन्।

अनारब्धकार्ये एव तु पूर्वे तदवधेः ॥१५॥

तु – तर; पूर्वे – अगाडिका दुई; अनारब्धकार्ये – आरम्भ नभएका कर्मफलहरू; एव – मात्र (नासिन्छन्); तत् अवधेः – त्यही सीमा भएकोले।

भावार्थ :- अगाडि गरेका दुई कर्मफल मध्ये अनारब्ध कर्मफलहरू मात्र रहन्छन् । सञ्चित कर्मफलबाट शरीर बनेकोले त्यसको सीमा त्यही हो, त्यसैले नासिन्छ।

टिप्पणी :- सञ्चित कार्य र प्रारब्ध कार्य मध्ये केवल सञ्चित कार्य मात्र नाश हुन्छन्।

छान्दोग्य ६, १४, २ तथा गीता २, ५४ लाई लिइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आग्निहोत्रादि तु तत्कार्यायैव तद्दर्शनात् ॥१६॥

तु – तर; अग्निहोत्र आदि – अग्निहोत्र इत्यादि; तत् कार्याय – त्यस्तो फलको निम्ति; एव – सत्य नै; तत् दर्शनात् – त्यो (शास्त्रमा) देखाइएको छ।

अतोन्यापि ह्येकेषामुभयो ॥१७॥

अतः – यो बाहेक; अन्या – अरु कर्महरू; अपि –पनि; हि – अवश्यै (हुन्छन्); एकेषां – अरु कसैका अनुसार; उभयोः – दुवैले भन्दछन् (बादरायण तथा जैमिनि)।

यदेव विद्ययेति हि ॥१८॥

यत् एव – जे (गरिएको) भए पनि; विद्यया – ज्ञान सहित; इति – यो; हि – अवश्य पनि (देखाउँछ)।

भावार्थ :– प्रश्न– आग्निहोत्र तथा अन्य विधिहरू, जस्ताको पनि नाश हुन्छ ?

उत्तर– अग्निहोत्र जस्तो फलदायक कर्मको फल रहिरहन्छ भन्ने शास्त्रले देखाएको छ । यो बाहेक अरु यस्ता कर्महरूको फल पनि दिगो रहन्छ भन्दछन् । यो जैमिनि र बादरायण दुवैले पनि भनेका छन् । जे कर्म गरे पनि ज्ञान सहित गरेमा बढी फल प्राप्त हुन्छ।

टिप्पणी :– बृ. ४.४.२२; ४.१.१४; छा ४.९७.१०; १.१.१० का सन्दर्भमा यी सूत्रहरू प्रस्तुत गरिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भोगेन त्वितरे क्षपयित्वा संपद्यते ॥१९॥

भोगेन – अनुभव गरे बाट; तु – तर; इतरे – अरु दुइ (कर्म); क्षपयित्वा – समाएर; संपद्यते – लीन हुन्छ (ब्रह्ममा)।

भावार्थ :- प्रश्नः – ब्रह्मज्ञानी मृत्युपछि ब्रह्मलीन हुन्छ?

उत्तरः – तर ब्रह्मज्ञानी (जीवनमुक्त) आफ्ना पाप पुण्य अनुभव गरेपछि ब्रह्ममा लीन हुन्छ।

टिप्पणी :- छा. ६.१४.२ तथा बृ. ४.४.६ अनुसार ब्रह्मज्ञानी विशेष उद्देश्यले प्राणीको रूपमा आएका हुन्छन् र सो उद्देश्य समाप्त भएपछि ब्रह्म मै लीन हुन्छन् भन्ने आशय छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौथो-अध्याय

दोस्रो पाउ

सगुण ब्रह्मज्ञानीको मृत्युपरान्त गति (यात्रा)

१. वाणी र मनको काम

वाङ्मनसि दर्शनाच्छब्दाच्च ॥१॥

वाक् – वाणी; मनसि – मनमा; दर्शनात् – देखाइएको हुनाले; च – पनि; शब्दात् – शास्त्रबाट।

भावार्थ :– मृत्युको क्रममा वाणी मनमा गएर मिल्दछ भन्ने देखिएको छ र शास्त्रले पनि यही भन्छ।

अतः एव च सर्वाण्यनु ॥२॥

अतः एव – यसै कारणले; च – तथा; सर्वाणि – सबै (अङ्गहरू); अनु – पछि।

भावार्थ :– यसै कारणले सबै अङ्गका कामहरू मनमा विलीन हुन्छन्।

टिप्पणी :– छान्दोग्यमा ६; ८, ६ यी अङ्गका कर्महरू मात्रै मनमा विलीन हुन्छन् भनिएको छ।

प्रश्न उपनिषद्को ३,९ ले यसको पुष्टि गरेको छ। छा. २, ४ को पनि यसको विवेचनामा उपयोग गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. मन प्राणमा विलीन हुन्छ?

तन्मनः प्राण उत्तरात् ॥३॥

तत् – त्यो; मनः – मन; प्राणे – प्राणमा; उत्तरात् – पछाडिको सूत्रबाट।

भावार्थ :– त्यसपछि मन प्राणमा लीन हुन्छ। यो पछाडिको सूत्रमा देखाइएको छ।

टिप्पणी :– छा. ६.२.४ मा लाई सङ्केत गरेको छ।

३. प्राण जीवात्मामा मिल्दछ?

सोऽध्यक्षे तदुपगमादिभ्यः ॥४॥

सः – त्यो (प्राण); अध्यक्षे – प्रमुख (जीवात्मामा); तत् उपगम – आदिभ्यः – त्यसको नगिचै पुगेको (बताइएकोले)।

भूतेषुच्छ्रुतेः ॥५॥

भूतेषु – तत्त्वहरूमा (विलीन हुन्छ); तत् श्रुतेः – श्रुतिबाट; च – पनि।

भावार्थ :– प्राण सहितको जीवात्मा मूलतत्त्वमा गएर मिल्दछ। श्रुतिले पनि यही बताउँछ।

टिप्पणी :– छा.६.८.६ बमोजिम प्रश्नकर्ताले शङ्का व्यक्त गरेकोमा यसपछिको सूत्रबाट सम्झाइएको छ।

नैकस्मिन् दर्शयतो हि ॥६॥

न – होइन; एकस्मिन् – एउटैमा; दर्शयतः – दुवैले देखाउँछन्; हि – यथार्थमा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- एउटै तत्त्वमा होइन; सबै तत्त्वहरूमा गएर जीवात्मा मिल्दछ, यो श्रुति र स्मृति दुवैले यथार्थ देखाएका छन्।

४. के सबै आत्माहरू एउटै बाटोबाट जान्छन् ?

समाना चासृत्युपक्रमादमृतत्वं चानुपोष्य ॥७॥

समाना – सबै सरह; च – तथा; आ – सृति – उपक्रमात् – बाटोको शुरूवात सम्म; च – पनि; अमृतत्वं – अमरता; अनुपोष्य – अज्ञानतालाई नजलाइकन (प्राप्त हुँदैन)।

भावार्थ :- शुरुमा देवयानको शुरुसम्म दुवै (ज्ञानी तथा अज्ञानी) को बाटो एउटै हुन्छ, अज्ञानतालाई नजलाइकन अमरत्व प्राप्त हुँदैन।

५. अग्निदाह तथा ब्रह्म प्राप्ति

तदापीतेः संसारव्यपदेशात् ॥८॥

तत् – त्यो; आ – अपीः – अन्तिम मोक्षसम्म; संसार व्यपदेशात् – सापेक्षित अस्तित्व भएको उपदेश गरिएकाले (त्यो समय सम्म)।

भावार्थ :- त्यो (सूक्ष्म शरीर) अन्तिम मोक्षसम्म रहन्छ भन्ने शास्त्रको उपदेश भएकोले (अग्निदाहमा सबै नाश हुँदैन)।

सूक्ष्मं प्रमाणतश्च तथोपलब्धेः ॥९॥

सूक्ष्मं – मिहिन (अत्यन्त सानो); प्रमाणतः – परिमाणमा भएको हुन्छ; तथा – त्यसरी; उपलब्धेः – अनुभव भएकोले।

भावार्थ :- त्यो सूक्ष्म शरीरको प्रकृति र परिणाम त्यसरी अनुभव भएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नोपमर्देनातः ॥१०॥

न – हुँदैन; उपमर्देन – नाशबाट (स्थूल शरीरको); अतः – यसकारणले।

भावार्थ :- यसकारणले स्थूल शरीरको नाश भए पनि यसको नाश हुँदैन।

अस्यैव चोपपत्तेरेष ऊष्मा ॥११॥

अस्य एव – यसैको (यही सूक्ष्म शरीरको); च – तथा; उपपत्ते – सम्भाव्यताले; एषः यो, ऊष्मा – ताप (शारीरिक ताप)।

भावार्थ :- जीवित शरीरको तातोपन संभवतः यही सूक्ष्मशरीरको ताप हो।

टिप्पणी :- तापसँग अग्नि बलेर नष्ट हुने प्रश्न नै हुँदैन। त्यसैले यो सूक्ष्म शरीर आफ्नो ताप सहित ब्रह्म वा जीवात्मामा लीन हुन्छ। यसको सन्दर्भ कठोपनिषद् २.५.७ मा पाइन्छ।

६. निर्गुण ब्रह्मज्ञानीको मृत्युको अवस्थामा हुने प्रक्रिया

प्रतिषेधादिति चेन्न शारीरात् ॥१२॥

प्रतिषेधात् – प्रतिषेध (नमानिएको) गरिएकोले; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; शारीरात् – आत्माबाट।

स्पष्टो ह्येकेषाम् ॥१३॥

स्पष्टः – स्पष्टसँग; एकेषाम् – कुनै कसैले।

स्मर्यते च ॥१४॥

स्मर्यते – स्मृतिले; च – पनि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तानि परे तथा ह्याह ॥१५॥

तानि – तिनीहरू; परे – परमात्मामा (परंब्रह्ममा); तथा – त्यसरी; हि – साँच्चिकै; आह – भन्दछ (शास्त्र)।

अविभागोः वचनात् ॥१६॥

अविभागः – नछुट्टिएको हुँदैन; वचनात् – वक्तब्यबाट (शास्त्रको वचनबाट)।

भावार्थ :– "श्रुतिले प्रतिषेध गरेको हुनाले ज्ञानीको प्राण जाँदैन" यस्तो सम्झिएमा त्यसो होइन, निर्गुण ब्रह्म ज्ञानीको प्राण जान्छ। कुनै शाखामा कसैले त्यो नमाने पनि स्मृतिले पनि यही भनेको छ। त्यस्ता ज्ञानीहरू सोझै परमब्रह्ममा पुग्दछन्। शास्त्रले यो साँच्चिकै भन्दछ। यो ब्रह्मबाट छुट्टिएको हुँदैन।

टिप्पणी :– मध्यानन्दिनी शाखाको बृ. ३.४.४.६ मा "यसको प्राण जाँदैन" भनेको खण्डन गर्दै निर्गुण ब्रह्मको ज्ञान प्राप्त गर्नेहरूको आत्मा सोझै ब्रह्ममा पुग्दछ भनेर वर्णन गरिएको छ। बृ. ३१.११

७. सगुण ब्रह्मज्ञानीको मृत्युको अवस्थामा हुने प्रक्रिया

तदोऽकोग्रज्वलनं तत्प्रकाशितद्वारो विद्यासामर्थ्यात्
तच्छेषगत्यनुस्मृतियोगाच्च हार्दानुगृहीतः शताधिकया ॥१७॥

तत् – ओक – अग्रजलनं – त्यसको (ब्रह्मको) वासस्थानको (मुटुको) टुप्पोमा उज्यालो हुन्छ; तत् – प्रकाशित – द्वारः – त्यसरी उज्यालो पारिएको ढोकाबाट (देखिएको बाटोमा); विद्या सामर्थ्यात् – आफ्नो ज्ञानको सामर्थ्यद्वारा; तत् शेष – गति – अनुस्मृति – योगात् – ज्ञानको निम्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपयुक्त निरन्तरको ध्यान; च – तथा; हार्द – अनुगृहीतः – मुटुमा रहनेको अनुकम्पाले; शताधिकया – सयभन्दा बढी (को बाटोबाट जान्छ)।

रश्म्यनुसारी ॥१८॥

रश्मि – अनुसारी – सूर्यका किरणको अनुशरण गर्दै।

निशि नेति चेन्न सम्बन्धस्य यावद्देहभावित्वाद् दर्शयति च ॥१९॥

निशि – रातमा; न – हुँदैन; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; यावत् – देह – भावित्वात् – शरीर रहेसम्म सम्बन्ध रहने कारणले; दर्शयति – श्रुतिले देखाएको छ; च – पनि।

अतश्चायनेऽपि दक्षिणे ॥२०॥

अतः – यसकारणले; च – तथा; अयने – सूर्यको गति; अपि – पनि; दक्षिणे – दक्षिण तर्फ।

योगिनः प्रति च स्मर्यते स्मार्ते चैते ॥२१॥

योगिनः प्रति – योगिहरूको निम्ति; च – तथा; स्मर्यते – स्मृति अनुसार; च – पनि; एते – यी दुई (हुन्); स्मार्ते – स्मृति मानिन्छन्।

भावार्थ :- सगुण ब्रह्मको ज्ञान भएको व्यक्तिको प्राण निस्कँदा त्यसको मुटुको टुप्पामा उज्यालो हुन्छ। त्यसरी प्रकाशित ढोकाले देखाएको बाटोबाट आफ्नो ज्ञानको सामर्थ्यद्वारा ज्ञानको उपयुक्त निरन्तरको ध्यान तथा मुटुभित्रको ब्रह्मको अनुकम्पाले सयभन्दा बढीको सुषुम्नाको बाटोबाट निस्कन्छ। त्यसपछि सूर्यको किरणहरूको अनुशरण गर्दछ। राति सूर्यको किरण हुँदैन भन्ने सम्झनु हुँदैन, किनभने शरीर रहेसम्म सम्बन्ध रहिरहन्छ भन्ने श्रुतिले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देखाएको छ । यस्तै कारणले सूर्य दक्षिणायन भए पनि केही फरक पर्दैन । यस्तो ज्ञान, सांख्य र योग, योगीहरूको निम्ति स्मृति सरह मानिन्छ ।

टिप्पणी :- सूत्र ७ बमोजिम मृत्यु आरम्भ हुँदा ज्ञानी र अज्ञानी दुबैको प्राण छोड्ने एउटै बाटो हुन्छ । त्यो समयमा मुटुमा उज्यालो हुँदा आत्मामा एउटा विचित्र प्रकारको चैतन्य जागृत हुन्छ । जसबाट आत्माले आफ्नो अगाडिको बाटो निर्धारण गर्दछ र मुटुका नसाहरूबाट आँखा, कान, टाउको हुँदै उपयुक्त ठाउँबाट निस्कन्छ । त्यो अवस्थामा ज्ञानीको आत्मा, आफ्नो प्राप्त ज्ञान, ध्यान र परब्रह्मको कृपाले गर्दा टाउकोबाट जान्छ र देवयानको बाटो लिन्छ । छान्दोग्य ८.६.६ मा एक सय एक नशाद्वारा गएर अमरत्व प्राप्त गर्दछ भन्ने सन्दर्भलाई लिइएको छ तर वेदमा यस्तो कुनै कुराको उल्लेख छैन । त्यसैले यो धारणालाई हामीले स्मृति सम्झनु पर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौथो-अध्याय

तेस्रो पाउ

आत्मा जाने बाटो

यो अध्यायमा आत्मा जाने बाटोको विवेचना गरिएको छ। विभिन्न उपनिषद्मा विभिन्न बाटाहरू बताइएको हुनाले फरक फरक आत्मा जाने बाटा पनि फरक हुन्छन् ? भन्ने मुख्य प्रश्न हो।

१. ब्रह्मलोकको बाटो (देवयान)

अर्चिरादिना तत्प्रथितेः ॥१॥

अर्चिः आदिना – (ज्वाला); प्रकाशसँग सम्बन्धित बाटोबाट; तत प्रथितेः – त्यो राम्ररी जानिएकोले (श्रुतिबाट)।

वायुमब्दाद् अविशेषाविशेषाभ्याम् ॥२॥

वायुम् – वतासको देवता; अव्दात् – वर्षको देवताबाट; अविशेष – विशेषाभ्यां – तोकिएको तथा नतोकिएको भए तापनि।

तडिऽतोधि वरुणः सम्बन्धात् ॥३॥

वरुणः वरुण; तडितः अधि – बिजुली पछि; संबंधात् – सम्बन्ध भएकोले (बिजुली चम्केपछि पानी वर्षन्छ)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आतिवाहिकाः तल्लिङ्गात् ॥४॥

आति – वाहिकाः – पथ प्रदर्शनकारी देवताहरू; तत् – लिङ्गात् – त्यस्तो साङ्केतिक चिह्नहरू भएकाले।

उभयव्यामोहात्तत्सिद्धेः ॥५॥

तत् सिद्धेः त्यो सिध्द भएकोले; उभय व्यामोहात् – दुबैको अचेतन अवस्था भएको।

वैद्युतेनैव ततः तच्छ्रुतेः ॥६॥

ततः – त्यहाँबाट; वैद्युतेन एव – त्यही बिजुलीसँग सम्बन्धित (महापुरुष); तत् श्रुतेः त्यो श्रुतिले भन्दछ।

भावार्थ :- "श्रुतिले आत्मा प्रकाशसँग सम्बन्धित बाटोबाट जान्छ" भन्ने सिकाएको छ। त्यसपछि तोकिए वा नतोकिए पनि, वर्षको देवताबाट बतासको देवतामा पुग्छ। यस्तो सम्बन्ध भएको हुनाले बिजुली पछि वरुण कहाँ पुग्छ, यसरी विभिन्न देवताहरूले पथ प्रदर्शन गर्दछन्। दुबै व्यक्ति र बाटो, अचेत भएको हुँदा बिजुलीले बाटो देखाउँछ, त्यही श्रुतिले भनेको छ।

टिप्पणी :- उपनिषद्हरूमा मतैक्य नभएकोले सगुण ब्रह्ममा पुग्न मृतकको आत्मा कुन बाटोबाट कसरी पुग्छ र कहाँ पुग्छ भन्ने बारेमा तर्क वितर्क उठेका छन्। छा. ५.१०.१ र बृ. ६.२.५ ले शुरुको ज्वाला (ज्योति) बताएका छन्। कौशितकी १.३ ले अग्निलोक बताउँछ। मुण्डक १.२.९९ ले सूर्यलोकको बाटो बताएका छन्। छा. ५.१०.१ तथा बृ. ६.२.१५ मा पनि यी सन्दर्भ भेटिन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कार्यं बादरिरस्य गत्युपपत्तेः ॥७॥

बादरिः बादरी; अस्य – यसको; गति उपपत्तेः – लक्ष हुनसक्ने सम्भावना भएकाले; कार्यं – कार्य (सगुण) ब्रह्म।

विशेषितत्वाच्च ॥८॥

विशेषितत्वात् – तोकिएका विशेष गुणहरू भएबाट; च – पनि।

सामीप्यात् तु तद्व्यपदेशः ॥९॥

सामीप्यात् नजिकै (सामीप्य) भएकोले; तु – तर; तत् व्यपदेशः – त्यो निर्दिष्ट गरिएको हो।

कार्यात्यये तदध्यक्षेण सहातः परमभिधानात् ॥१०॥

कार्य अत्यये – सगुण ब्रह्मकै लय हुँदा; तत् अध्यक्षेण सह – त्यो लोकको मुख्यसँगै (परब्रह्मसँग); अतः परम् – त्यो भन्दा माथि; अभिधानात् – त्यो तय गरिएकोले (श्रुति द्वारा)।

स्मृतेश्च ॥११॥

स्मृतेः – स्मृतिले भन्दछ; च – पनि।

परं जैमिनिर्मुख्यत्वात् ॥१२॥

जैमिनिः – जैमिनि भन्दछन्; परं – परंब्रह्ममा; मुख्यत्वात् – मुख्य अर्थ भएकोले।

दर्शनाच्च ॥१३॥

दर्शनात् – श्रुतिले; च – पनि।

न च कार्ये प्रतिपत्त्यभिसन्धिः ॥१४॥

न–होइन; च–तथा; कार्ये–सगुण ब्रह्ममा; प्रतिपत्ति – अभिसन्धिः– उत्कृट अभिलाषा (ब्रह्मप्राप्तिको)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- सगुण ब्रह्मको लक्ष परब्रह्म हुनसक्ने भएको बादरी बताउँछन् । तोकिएका विशेषताहरूबाट पनि यो मिल्दछ तर सगुण ब्रह्म परब्रह्मसँग नजिकै भएकोले त्यो निर्दिष्ट गरिएको हो । लोकको विलय हुँदा आत्मा र सगुण ब्रह्म त्यो भन्दा माथि पुग्दछन्; यस्तो शास्त्रले तय गरेको छ । स्मृतिले पनि यही भन्दछ । जैमिनिले यसको मुख्य अर्थ परब्रह्म लगाएका छन् । उपनिषद्ले पनि यही भन्दछ । मृत्युको समयमा सगुण ब्रह्म प्राप्तिको निम्ति उत्कट अभिलाषा हुँदैन तर परब्रह्म प्राप्तिको लागि हुन्छ ।

टिप्पणी :- सगुण ब्रह्म, निर्गुण ब्रह्म, परमब्रह्म, तल्लो ब्रह्म, माथिल्लो ब्रह्म इत्यादि । विभिन्न तर्क वितर्कलाई खण्डन गर्दै केवल सगुण ब्रह्म र निर्गुण ब्रह्मलाई बादरि तथा जैमिनिले मान्यता दिएका छन् ।

प्र.उ. ५,२ मा यो प्रश्न उठाइएको छ ।

२. सगुण ब्रह्म र उपासना

अप्रतीकालम्बनान्नयतीति बादरायण उभयथा दोषात् तत्क्रतुश्च ॥१५॥

अप्रतीक आलम्बनात् – चिह्न नलिई ध्यान गर्नेहरूलाई; नयति – लैजान्छ; इति बादरायणः – यस्तो बादरायण भन्दछन्; उभयथा – यस्तो विभाजन गरिएमा; अदोषात् – कुनै बाधा पर्दैन; तत् क्रतुः – जे इच्छित छ; सोही प्राप्त हुन्छ; च – पनि ।

विशेषं च दर्शयति ॥१६॥

विशेषं – भिन्नता; च – पनि; दर्शयति – शास्त्रले देखाएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- जसरी ध्यान गरिएको छ तदनुसार नै लक्ष प्राप्त हुन्छ। बादरायण के भन्दछन् भने प्रतीक नराखिकन ध्यान गरेमा त्यो महान् अस्तित्वले ब्रह्मलोक लैजान्छ। यसरी ध्यान गर्ने विधिको विभाजन गरेमा कुनै बाधा छैन । शास्त्रले पनि यही देखाएको छ।

टिप्पणी :- छा. ७.१.५ र ७.२.२ मा बताइएअनुसार ब्रह्मलोक पुग्न प्रतीक नराखिकन नै ध्यान गर्नुपर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौथो-अध्याय

चौथो पाउ

ब्रह्म प्राप्ति अथवा मोक्ष

यो अध्यायमा ब्रह्म प्राप्ति अथवा मोक्ष बारे विवेचना गरिएको छ।

१. के ब्रह्म प्राप्ति नयाँ उपलब्धि हो ?

संपद्याविर्भावः स्वेन शब्दात् ॥१॥

संपद्य – प्राप्त गरेपछि; आविर्भावः – प्रत्यक्ष हुन्छ; स्वेम शब्दात् – स्वयं शब्दअनुसार।

मुक्तः प्रतिज्ञानात् ॥२॥

मुक्तः – मुक्त भएको; प्रतिज्ञानात् – त्यहीं घोषणा गरिएकोले।

आत्मा प्रकरणात् ॥३॥

आत्मा – परमात्मा; प्रकरणात् – सन्दर्भ भएबाट।

भावार्थ :- छान्दोग्य १.३.४ मा भनिएको उच्चातिउच्च प्रकाश प्राप्त गरेपछि आफू स्वयंको प्रत्यक्ष हुन्छ। शास्त्रले यही घोषणा गरेको छ। यसै सन्दर्भबाट यो प्रकाश परमात्मा हो भन्ने बुझ्नुपर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी :– छा. ८,१२,३ मा यस उच्चतम प्रकाशको उल्लेख गरिएको छ।

२. किन "तत् त्वं असि" भनिएको ?

अविभागेन दृष्टत्वात् ॥४॥

अविभागेन – नछुट्टिने; दृष्टत्वात् – शास्त्रमा देखिएको हुनाले।

भावार्थ :– शास्त्रमा देखिएको हुनाले मुक्त आत्मा र ब्रह्म एउटै हो; अलग होइन।

टिप्पणी :– पटक पटक 'तत् त्वं असि' भन्ने गरिएकोले यहाँ मुक्त आत्मा (जीवनमुक्त) लाई र ब्रह्मलाई अलग देखाइएको छ तर माथिको सूत्रले त्यसो होइन दुइटै एउटै हो भन्दछ। यसको प्रमाणको रूपमा छान्दोग्य उपनिषद ४,४,६ को सन्दर्भ छ।

३. निर्गुण ब्रह्म प्राप्त गर्ने आत्माको विवेचना

ब्राह्मेण जैमिनिरूपन्यासादिभ्यः ॥५॥

ब्राह्मेण – ब्रह्मको जस्तै विशेषता भएको; जैमिनिः – जैमिनि भन्दछन्; उपन्यासादिभ्य : – सन्दर्भ इत्यादि अनुसार।

चितितन्मात्रेण तदात्मकत्वादित्यौडुलोमिः ॥६॥

चिति – तन्मात्रेण – चैतन्यमा त्यति मात्रै; तत् आत्मकत्वात् – त्यो यसको सत्य विशेषता भएकोले; इति – यस्तो; औडुलोमि – औडुलोमि भन्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवमप्युपन्यासात् पूर्वभावादविरोधं बादरायणः ॥७॥

एवं – यसरी; अपि – पनि; उपन्यासात् – सान्दर्भिक भएकोले; पूर्वाभावात् – पहिले अस्तित्व भएका विशेषताहरूको; अविरोधम् – त्यहाँ बाधा विरोध छैन; बादरायणः बादरायण भन्दछन्।

भावार्थ :– सन्दर्भअनुसार निर्गुण ब्रह्मप्राप्त गरेकोमा ब्रह्मकै जस्तो विशेषता हुन्छ भन्ने जैमिनिको धारणा छ। चैतन्यमा त्यति मात्रै हुने यो सत्य नै विशेषता भएको औडुलोमिको भनाई छ। यसरी सबै सान्दर्भिक भएकाले बादरायणले पनि, पहिलाका विशेषताहरू हुन् त्यहाँ कुनै बाधा विरोध छैन भन्दछन्।

टिप्पणी :– निर्गुण ब्रह्मलाई दुई प्रकारले वर्णन गरिएको छ। विशुद्ध ज्ञान र चैतन्य तथा अर्को – द्वेष, क्लेश, मृत्यु, भोक,प्यास इत्यादिबाट मुक्त अवस्था इत्यादि। माथिका ३ सूत्रहरूले यसबारे विवेचना गरेका छन्। जैमिनिको तथा औडुलोमि दुवैका धारणाहरू मध्ये वास्तवमा केही विरोध छैन भन्ने बादरायणको मन्तव्य छ। छा. ७.२५.२; ८.१२.३ तथा ८.१२.३ लाई इङ्गित गरिएको छ।

४. सगुण ब्रह्म प्राप्त आत्माले चिताए मात्रै पुग्छ?

संकल्पादेव तु तत्–श्रुतेः ॥८॥

तु – तर; संकल्पात् एव – इच्छाशक्ति ले मात्र; तत् श्रुतेः – त्यस्तो श्रुतिले भन्दछ।

अत एव चानन्याधिपतिः ॥९॥

अतः एव – यसै कारणले; च – पनि; अनन्य – अधिपतिः – अरु कुनै मालिक नभएकोले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- मुक्त आत्माले चिताए अनुसार सबै प्राप्त गर्छ यस्तो श्रुतिको भनाइ छ। यस्तो मुक्तात्मा अरु कसैको आधिपत्यमा नरहने हुनाले पनि यो सम्भव छ।

टिप्पणी :- मुक्तात्माको इच्क्षाशक्ति र हामी सामान्य व्यक्तिको इच्छाशक्तिमा धेरै फरक हुन्छ भन्ने मान्यता छ।

५. शरीर धारण गर्ने इच्छा

अभावं बादरिराहः ह्येवम् ॥१०॥

अभावम् – (शरीरको) अभावमा; बादरीः – बादरी; आह – (श्रुतिले) भन्दछ; ही – सत्य नै; एवं – यसरी।

भावं जैमिनिर्विकल्पामननात् ॥११॥

भावं – अस्तित्व; जैमिनिः – जैमिनि; विकल्प – आमननात् – किनभने उपनिषद्ले विकल्प हुन्छ भनेको छ।

द्वादशाहवदुभयविधं बादरायणोकतः ॥१२॥

द्वादशाह – वत् – बाह्रदिने यज्ञ जस्तो; उभय – विधं – दुबै विधिहरू; बादरायणः – बादरायण भन्दछन्; अतः – यस कारणले।

तन्वभावे संध्यवदुपपत्तेः ॥१३॥

तनु अभावे – शरीरको अभावले; संध्यवत् – स्वप्नावस्थामा जस्तो; उपपत्तेः – तर्क सम्मत छ।

भावे जाग्रद्वत् ॥१४॥

भावे – (शरीर) भएमा; जाग्रत् – वत् – जागृत अवस्थामा जस्तै।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- बादरायणले शरीरको अभावमै पनि मुक्तात्माले चाहेको सबै अनुभव गर्न सक्तछ भन्दछन् र श्रुतिले पनि यही भन्दछ तर जैमिनिका अनुसार श्रुतिले विकल्प पनि हुन्छ भनेकोले शरीर धारण गर्न पनि सक्छ भन्ने बुझिन्छ। बादरायणले दुबै अवस्था मिल्दछ जस्तो कि द्वादश यज्ञ (यो सत्र वा अहनी दुबै हुन सक्तछ) भन्दछन्। त्यसैले स्वप्नावस्थामा शरीरको आवश्यकता हुँदैन, जागृत अवस्थामा हुन्छ, त्यसैले मुक्तात्माका निम्ति शरीर धारण गर्ने वा नगर्ने दुबै विकल्प छन्।

टिप्पणी :- ब्रह्मलोक प्राप्त आत्माको इच्छा बाँकी नै रहन्छ भन्ने यी सूत्रहरूले देखाउँछन्।

६. शरीर प्रवेश

ब्रह्मलोक पुगेको आत्माले एकै चोटिमा धेरै शरीर धारण गर्न सक्दछ ?

प्रदीपवदावेशः तथा हि दर्शयति ॥१५॥

प्रदीपवत् – बलेको बत्ती जस्तो; आवेशः – प्रवेश गर्न सक्तछ; हि – साँच्चिकै; दर्शयति – (शास्त्रले) देखाउँछ।

स्वाप्ययसम्पत्त्योरन्यतरापेक्षमाविष्कृतं हि ॥१६॥

अन्यतर – अपेक्षम् – दुबै दृष्टिकोणबाट; स्व – अप्यय – सम्पत्त्योः – गहिरो निद्रा र ब्रह्ममा लीन भएको; हि – निम्ति; आविष्कृतं – (श्रुतिमा यो) स्पष्ट पारिएको छ।

भावार्थ :- बलिरहेको दियोबाट अरु बत्ती पनि बाले जस्तो, एउटा आत्मा अरु शरीरमा पनि प्रवेश गर्न सक्तछ भनेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपनिषद्ले भन्दछन्। श्रुतिले गहिरो निद्रामा तथा ब्रह्मलीन भएको दुवै अवस्थामा सबै चैतन्य हराउने कुरा उपनिषद्ले स्पष्ट पारेको छ। यो सन्दर्भ त्यस्तो सगुण आत्माको निम्ति हो जो ब्रह्मलोक त पुगेको छ तर परब्रह्ममा लीन भएको छैन।

टिप्पणी :- धेरै शरीर धारण गर्दा एउटामा आत्मा र चैतन्य रहन्छ, तर अरुमा रहँदैन, त्यसैले के अरु शरीरहरू लाश मात्र हुन् त? यस प्रश्नको उत्तरमा माथिका दुई सूत्रहरूले आफ्नो धारणा दिएका छन्।

७. दैवीशक्ति प्राप्ति

ब्रह्मलोक पुगेको आत्मामा दैवीशक्ति भए पनि सृष्टि गर्ने क्षमता हुँदैन।

जगद्व्यापारवर्जम् प्रकरणादसन्निहितत्वाच्च ॥१७॥

जगद्व्यापारवर्जम् – सृष्टि गर्ने क्षमता बाहेक; प्रकारणात् – विषय (सन्दर्भ) अनुसार (परमेश्वरबारे); असन्निहितत्वात् – नजिकै नभएकाले।

प्रत्यक्षोपदेशादितिचेन्नाधिकारिकमण्डलस्थोक्तेः ॥१८॥

प्रत्यक्ष – उपदेशात् – स्पष्ट सिकाइएको हुनाले; इति चेत् – यस्तो सम्झिएमा; न – होइन; आधिकारिक – मण्डलस्थ – उक्तेः – उपनिषद्ले के भनेको छ भने परमेश्वरले अरुलाई अधिकार दिएर सृष्टि गराउँछ र त्यस्तो मण्डलमा निवास गर्दछ।

विकारावर्ति च तथा हि स्थितिमाह ॥१९॥

च – पनि; विकार – अवर्ति – फलमा रहँदैन; हि – किनभने; आह – उपनिषद्ले भनेको छ; स्थितिम् – (परमेश्वरको) अस्तित्व; तथा – त्यसरी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दर्शयतश्चैवं प्रत्यक्षानुमाने ॥२०॥

च - तथा; प्रत्यक्ष - अनुमाने - प्रत्यक्ष ज्ञान, प्रमाण-उपनिषद् तथा स्मृति; दर्शयतः - देखाउँछन्; एवं - यसरी ।

भोगमात्रसाम्यलिङ्गाच्च ॥२१॥

च - तथा; भोग - मात्र - साम्य - लिङ्गात् - उपनिषद्ले सङ्केतबाट अनुभवको मात्र समानता भनेकाले ।

अनावृत्तिः शब्दादनावृत्तिः शब्दात् ॥२२॥

अनावृत्तिः - फेरी आउने हुँदैन; शब्दात् - शास्त्रबाट (थाहा भएअनुसार); अनावृत्तिः शव्दात् - दोहोरिएको अर्थात् समाप्त भएको सङ्केत ।

भावार्थ :- मुक्त आत्माले सृष्टि गर्ने क्षमता बाहेक दैवी शक्ति पाउँछ भन्ने परमेश्वर सृष्टिकर्ताको सन्दर्भ भएको र यस्तो कतै नजिकै नदेखिएको तर प्रत्यक्ष उपदेशबाट यस्तो आत्माले अरु पनि सृष्टि गर्दछ भन्ने सिकाइएको छ । त्यस्तो सम्भिफएमा, त्यसो होइन, परमेश्वरले सूर्य इत्यादिलाई सृष्टिको अधिकार दिएकोले त्यही विशेष मण्डलमा बास गर्दछन् भनेर उपनिषद्ले भन्दछन् । परमेश्वरको अस्तित्व फलमा रहँदैन भनिएको छ। सबै श्रुति तथा स्मृतिले यही देखाउँछन् । केवल आनन्दको भोग गर्न मात्र दैवी समानता भएको शास्त्रले बताउँछ । अन्त्यमा बादरायणले के भन्दछन् भने यस्ता मुक्त आत्मा फेरी फर्कँदैनन् ।

(वेदान्त दर्शन पूर्ण भयो ।)

□□

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट

(ब्रह्मसूत्रमा दिइएका सूत्रहरूका आधार)

परिशिष्ट - १

प्राचीन संस्कृत साहित्य परिचय

यसै सन्दर्भमा हामीले प्राचीन संस्कृत साहित्यबारे पनि ध्यान दिनुपर्दछ । प्रायः अनभिज्ञ व्यक्तिहरूले संस्कृतमा लेखिएका सबै श्लोकहरूलाई धार्मिक शास्त्र भन्ने गर्दछन् । शास्त्रको वास्तविक अर्थ विधि वा प्रक्रिया हो। सबै संस्कृत साहित्य "धार्मिक शास्त्र" हुनै सक्दैन। त्यसैगरी, रुढीवादी अन्धविश्वासी परम्परामा संस्कृतका तालिम प्राप्त प्रोफेसरहरू समेत संस्कृत वाङ्मय (भाषा) लाई नै शास्त्र मान्दछन्। तर निम्न दुई तरिकाले अध्ययन गरेमा यी सबैको यथार्थ बुझ्न सकिन्छ।

१. धार्मिक पद्धतिबाट

२. वैज्ञानिक वा बौद्धिक पद्धतिबाट

१. धार्मिक पद्धतिबाट प्राचीन संस्कृत साहित्यको विवेचना

यो विश्व ब्रह्माण्ड श्रीलक्ष्मीसँग शेषनागको विछ्यौनामा आराम गरी रहनुभएका भगवान् विष्णुको नाभीबाट चार मुख भएका ब्रह्माजी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्पन्न हुनुभयो । उहाँले विश्व ब्रह्माण्डको सृष्टि गर्नुभयो र मानव कल्याणको निम्ति वेदका मन्त्रहरू दिनुभयो।

उहाँले आफ्ना चारै मुखहरूबाट वेद मन्त्रहरू उच्चारण गर्नुभएको हुनाले ४ वेद भएका हुन् यसलाई ऋषिहरूले सुनेकाले श्रुति भनिन्छ। यी सबै मिसिएका थिए त्यसैले वेद व्यासले आफ्ना चेलाहरूलाई यी सबैमन्त्रहरू सङ्कलन गर्न लगाएर यिनलाई ऋग्वेद, यजुर्वेद, सामवेद तथा अथर्ववेद बनाउनु भएको हो।

महर्षि वेदव्यासले नै श्रीमद्भागवत महापुराणसहित सम्पूर्ण पुराणहरू, ब्रह्मसूत्र र महाभारतको रचना गर्नुभयो।

चारै वेदका ब्राह्मण ग्रन्थहरू बने। त्यसपछि सबैका आरण्यकहरू पनि बने । तत्पश्चात् उपनिषदहरू निस्के । यी सबै वेदका अंश हुन् र श्रुति हुन् । ब्राह्मण ग्रन्थबाट कल्पसूत्रहरूको निर्माण भयो । यिनैका विभिन्न रूपबाट विभिन्न शास्त्रहरूको रचना भयो जस्तै- श्रौत शास्त्र, आवस्तम्ब धर्मशास्त्र इत्यादि । त्यसपछि विभिन्न स्मृतिहरू, जस्तो- याज्ञवल्क्य स्मृति, पराशर स्मृति, मनुस्मृति इत्यादिका रचना भए।

यी धारणाहरूबारे उत्सुकता देखाएर "जब केही पनि थिएन भने क्षीर समुद्र कसरी थियो; सत्ययुगमा यदि सबै सुख शान्ति अमनचैन थियो भने किन शुंभ निशुंभ, महिषासुर जस्ताको लडाइ भयो। यदि प्रलय भएर सबै खतम भएको थियो भने त्यो मन्वन्तरमा के कस्तो थियो भन्ने बारे कसरी थाहा भयो ?" जस्ता प्रश्नहरू सोधेमा गुरुहरू रुष्ट हुन्छन् र हप्काई खानुपर्दछ, यी सबै आस्था र विश्वासका कुरा हुन् र यस्ता प्रश्नहरूले सामान्य व्यक्तिहरू डराउँदछन् । यस्ता धार्मिक धारणाहरू आजको यो अन्वेषिक युगमा कतिसम्म स्वीकार्य छ सो पाठकहरू स्वयंले निर्णय गर्नुपर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. वैज्ञानिक वा बौद्धिक पद्धतिबाट प्राचीन संस्कृत साहित्यको विवेचना

पूर्व वैदिक कालमा, सम्भवतः ६ सहस्राब्दी अगाडि, भारतीय उपमहाद्वीपमा विभिन्न जातिका समूहहरू बस्तथे । उनीहरू प्राकृतिक प्रकोपबाट भयभीत हुन्थे र आगोको देवता, पानीको देवता, आँधी तुफानको देवता इत्यादिमा विश्वास गर्दथे र तिनको प्रार्थना गर्दथे । उनीहरूको सम्पत्ति हुँदैनथ्यो, सबै सामूहिक हुन्थ्यो, जनसंख्या सानो हुन्थ्यो, समाज विकसित भैसकेको थिएन । त्यसैले सद्भावना हुन्थ्यो । शायद त्यही नै सत्ययुग थियो । विस्तारै-विस्तारै तिनीहरूको जमात ठूलो भयो, स्थिति बस्यो र राम्रा राम्रा भावनाहरू आउन थाले । वेद मन्त्रहरूको प्रारम्भ भयो । वेदमन्त्रहरू अपौरुषेय भए तापनि ती मन्त्रहरूलाई सुन्ने ऋषिहरूको नाम हेर्दा यी मन्त्रहरू धेरै पुस्तासम्म आइरहेका थिए भन्ने स्पष्ट देखिन्छ । त्यसैले सबै वेदमन्त्रहरू एकै चोटि प्राप्त भएका होइनन् ।

वेदमन्त्रहरू प्राप्त हुन थालेपछि समाज व्यवस्थित भयो । "पुरुषसूत्र" अनुसार समस्त समुदायलाई ४ वर्णहरूमा विभाजन गरियो । अत्यन्त उच्चकोटिका व्यक्ति जो विद्वान् थिए, बुद्धिमान थिए, उच्चाति उच्च सद्व्यवहारी थिए, उनीहरूलाई ब्राह्मण भनियो । आफ्नो समुदायको रक्षा गर्न सक्षम, अस्त्रशस्त्रमा निपुण, निडर व्यक्तिहरूलाई क्षत्रीय वर्ण दिइयो । व्यवसायी, व्यापारी, किसान तथा कारिगरहरू वैश्य वर्णमा राखिए । बाँकी सबै शूद्र वर्णमा राखिए । सबैलाई बराबरकै आदर प्राप्त थियो । जन्मैदेखि यो जात, त्यो जात, भन्ने हुँदैनथ्यो । समाज आदर्श रूपमै थियो, अर्थात् सत्ययुग थियो । त्यो वैदिक कालमा धर्म भनेको आफ्नो कर्तव्य गर्नु नै हुन्थ्यो- कुनै बेग्लै सम्प्रदाय थिएन । त्यही कर्तव्यलाई नै सनातन धर्म भनिन्थ्यो । आफ्नो भगवान् र आफू बीच कुनै पुरोहित-पुजारी हुँदैनथ्यो । केवल राजाको मात्र पुरोहित हुन्थे र उनले सर्वसाधारण र राज्यको सुख समृद्धिको कामना गर्दै यज्ञहरू गराउँदथे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो अत्यन्तै उपलब्धिमूलक काल थियो। हरेक क्षेत्र, जस्तै गणित, ज्योतिष, धनुर्वेद, आयुर्वेद, अस्त्र - शस्त्र इत्यादिका साथै दुर्भाग्यवस शक्तिपिपासा तथा धनलोलुपता पनि विकसित हुन थाले।

प्रत्येक वेदमा २ काण्ड छन्- ज्ञानकाण्ड तथा कर्मकाण्ड तर कर्मकाण्डलाई बढी प्रधानता दिन थालियो । तदनुसार ब्राह्मणहरू आफूलाई धर्माधिकारी सम्भिन थाले तथा राजाहरू आफूलाई विष्णुको अंश सम्भेर दण्डाधिकारी भए। पुरोहित र राजाहरूको परस्पर पूरक सम्बन्ध बन्यो।

सिन्धुघाटीमा ४० वर्षसम्म चलेको युद्ध "दसराजा युद्ध" मा विजय प्राप्त गरे पश्चात् राजा सुदासको राज्याभिषेक भयो । गुरु वसिष्ठ, भरद्वाज, विश्वामित्र तथा पराशर ऋषिहरू राजगुरु र सेनापति समेत भए। त्यस समयदेखि ब्राह्मणहरू अति शक्तिशाली धर्माधिकारी हुन थाले। थरीथरीका नयाँ नयाँ यज्ञहरूको उत्पत्ति भयो। यी सबै कर्मकाण्डका विधिहरूलाई व्यवस्थित गर्न ब्राह्मण ग्रन्थहरूको निर्माण भयो । यी ग्रन्थहरूलाई वेदमा आधारित छन् भनिए तापनि यिनको अध्ययनबाट सो धारणाको पुष्टि हुँदैन । यी ग्रन्थहरूबाट विभिन्न शास्त्रहरू बने । ऋषिहरूले आफ्नो धारणा राखेर स्मृतिहरूको रचना गरे।

वेदले दिएको एक परम परमेश्वर "पुरुष" को सट्टा अब धैरै देवी देवताहरूको पूजा हुन थाल्यो। ती देवी देवताहरूको पहिचान गराउन तथा उपयुक्त प्रार्थनाहरू राखेर पुराणहरूको निर्माण गरियो । राजाहरूको वंशावली पनि राखिएको हुनाले यी पुराणलाई पुराण-इतिहास पनि भनिन्छ तर यिनको वैधताको कुनै पनि प्रमाण (दर्शन शास्त्र बमोजिम) भेटिंदैन। तसर्थ यिनलाई काल्पनिक ग्रन्थहरू भन्ने अनुमान गर्न सकिन्छ। यस्ता आख्यानहरू मिश्रदेश, ग्रीस, चीन इत्यादि मुलुकहरूमा पनि पाइन्छन्।

ब्राह्मण ग्रन्थलाई संशोधन र परिमार्जनद्वारा आरण्यक ग्रन्थहरू तयार गरिए। यिनमा भएका ज्ञानका विषयलाई उपनिषद् भनिन्छ। हाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राप्त उपनिषदहरू आरण्यकबाट अलग भएका अंशहरू हुन्। वेदमन्त्रको सन्दर्भमा आधारित यी उपनिषदहरूले नयाँ सिद्धान्तको प्रतिपादन गरे जुन हो "ब्रह्म" । कर्मकाण्डीले देवता वा पुरुषको उपासना गरेजस्तै ज्ञानकाण्डीले ब्रह्मको उपासना गर्दछन् । यी सबै ग्रन्थहरूको नाम परिशिष्ट १ (ख) मा दिइएको छ।

ब्राह्मणवाद सुरु भएपश्चात् प्रतिदिन तोकिएअनुसार प्रत्येक वर्णाश्रमको कर्तव्यको कडाइका साथ पालन गर्नुपर्ने अनिवार्यता भयो र दैनिक ३ पटक अग्नि प्रज्वलन गर्ने प्रथा बस्यो । यसलाई त्रेता युग भनिन्छ । आज आएर यो त्रेतायुगमा पालन गरिएको ब्राह्मणवादलाई सनातन हिन्दु धर्म भनिन्छ। वास्तवमा सनातन धर्म त वैदिक धर्म हो जुन लुप्त भैसकेको छ।

दर्शनशास्त्रको समग्ररूपले प्रारम्भ उपनिषद्हरूबाट भएको मान्न सकिन्छ । यिनीबाट विद्यार्थीहरूलाई वाद, विवाद, शास्त्रार्थ गर्न प्रेरणा मिल्यो । प्रश्न गर्ने परम्परा यसरी सुरु भएपछि यसलाई पुनर्जागरणको काल अर्थात् द्वापर (शङ्का गर्ने) युग भनिन्छ । तन्त्रशास्त्रको पनि यसै पुनर्जागरण कालमा व्यवस्थित ढङ्गबाट स्थापना भयो । यसको साहित्यलाई आगम र निगम भनिन्छ।

यस युगमा निस्केका अरू साहित्यहरू हुन् (१) प्रातिशाख्य, (२) पूर्वमीमांसा (३) (व्याकरण) निरुक्त, (४) महाभारत तथा (५) रामायण।

शौनक ऋषिले वेद मन्त्रहरूका अशुद्ध उच्चारण तथा प्रयोग भैरहेको देखेर सही तरिका र सही अर्थ लगाउने पद्धति सर्वमान्य होस् भन्नाको निम्ति सबै वेदहरूका प्रातिशाख्यको रचना गरे।

त्यसैगरी यास्कमुनिले निरुक्तको रचना गरेर वेदका ४०० जति शब्दहरूको व्याख्या गर्नुका साथै शब्दको उत्पत्तिका वैज्ञानिक धारणाहरूको प्रतिपादन गरे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तात्कालीन समाजमा सामाजिक कुरीतिहरू र अनैतिक, व्यभिचारी, दृष्टतापूर्ण व्यवहार इत्यादिलाई छर्लङ्ग पारेर देखाउन श्रीकृष्ण द्वैपायनले कुरुक्षेत्रको युद्धको वृत्तान्त "जय" लेखे। त्यसैलाई बृहत्‌रूपमा भारतको दक्षिण पश्चिमतिरका राजाहरूको इतिहास समेत थपेर उनका शिष्य पैल र उग्रश्रवाले क्रमशः भारत र महाभारतको रचना गरे। विष्णुलाई श्री कृष्णको रूपमा अवतरण गराएर समस्त वैदिक दर्शनको निचोडको रूपमा भगवद् गीताको रचना गरे।

त्यसैगरी, केही वर्ष पश्चात् उत्तर भारतको पूर्व दक्षिणतर्फका राज्यहरूमा देखिएको विकृतिलाई लिएर वाल्मीकिले आदर्श राज्य कस्तो हुनुपर्दछ, राजाले कस्तो व्यक्तिगत वलिदान गर्नसक्नु पर्दछ, कुनै पनि आदर्श पुरुष कस्तो हुनुपर्दछ भन्ने दर्शाउन रामायणको रचना गरे। उनले पनि विष्णुलाई रामको रूपमा अवतरण गराए।श्रीमद्भागवत तथा रामायण दुवैमा राजा जनकको ठूलो भूमिका देखिएकाले यी दुवै ग्रन्थको रचनाकालमा धेरै फरक नभएको देखिन्छ।

यी उत्कृष्ट साहित्य पश्चात् दर्शनका ग्रन्थहरूको रचना भयो। क्रमशः कणादको वैशेषिक, गौतमको न्याय, पतञ्जलिको योग दर्शन तथा कपिलको सांख्य दर्शन प्रस्तुत भए। गीतामा ब्रह्मसूत्र, सांख्य, योग इत्यादि पनि भएकोले यी ग्रन्थहरूको रचनाकालको सही किटान हालसम्म हुन सकेको छैन।

केही मुख्य-मुख्य ग्रन्थहरू

(क) वेदहरू:

(i) ऋग्वेद संहिता (शाकाल्य शाखा उपलब्ध छ।)

(ii) यजुर्वेद संहिता (यसमा शुक्ल यजुर्वेद र कृष्ण यजुर्वेद छन्) शुक्ल यजुर्वेद अन्तर्गत माध्यान्दिनी शाखा पनि छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(iii) कृष्ण यजुर्वेदको तैत्तिरीय संहिता

(iv) सामवेद

(v) अथर्ववेद

(ख) ब्राह्मण ग्रन्थहरू: – ऐतरीय तथा कौशितकी ऋग्वेदको सन्दर्भमा
– शतपथ तथा तैत्तिरीय ब्राह्मण यजुर्वेदको सन्दर्भमा
– ताड्य, पञ्चविंश तथा षड्विंश, सामवेदसँग सम्बन्धित
– गोपथ ब्राह्मण, अथर्ववेदसँग सम्बन्धित

(ग) शास्त्रहरू: श्रौत सूत्र, आपस्तम्ब, कल्पसूत्र, गृह्यसूत्र, धर्मशास्त्र इत्यादि ।

(घ) स्मृतिहरू: मनुस्मृति, अत्रिस्मृति, याज्ञवल्क्यस्मृति, पराशरस्मृति, इत्यादि ।

(ङ) वेदाङ्गहरू: शिक्षा, निरुक्त, ज्योतिष, व्याकरण तथा छन्द ।

(च) पुराणहरू: श्रीमद्भागवत, विष्णु, अग्नि, शिव, देवी, गरुण, नारदीय, कूर्म, लिङ्ग, स्कन्द, मत्स्य, ब्रह्माण्ड, मार्कण्डेय, ब्रह्मवैवर्त, भविष्य आदि (धेरै उपपुराणहरू पनि छन्) ।

(छ) उपनिषदहरू: बृहदारण्यक, छान्दोग्य, ईशोपनिषद्, कठ, प्रश्न, केन, मुण्डक, माण्डुक्य, ऐतरीय, तैत्तिरीय, महानारायणीय, कौशितकि, श्वेतश्वेताश्वतर, जाबाल, अमृतबिन्दु, तेजबिन्दु, ब्रह्मनोपनिषद्, कैवल्योपनिषद्, सर्वोपनिषद् इत्यादि ।

(ज) महाभारत तथा भगवद गीता

(झ) रामायण

❑❑

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट - २

प्राचीन पूर्वीय दर्शन परिचय

पृष्ठभूमि

पूर्वीय दर्शनबारे अनेकौं प्रश्न, कौतुहल र जिज्ञासा छन्। कमसेकम गत ४५०० वर्ष पहिले प्रारम्भ भएको पूर्वीय दार्शनिक शृङ्खलाको आजको यो वैज्ञानिक र भौतिक विश्वमा अझै पनि उत्तिकै महत्त्वपूर्ण स्थान छ। यो अवधिमा अनेकौं ऋषि, मुनि, दार्शनिकहरू भएका छन्। तिनीहरूका धारणा, विश्वास, तर्क, शिक्षा इत्यादि सङ्कलित छन्। यसकारणले यो दर्शनमा विविधता र विचारहरूको बाहुल्य हुनु आश्चर्यको कुरा होइन।

यसै सन्दर्भमा बौद्ध र जैन साहित्यमा भएको एउटा कथा यहाँ दोहोऱ्याउनु अनुपयुक्त नहोला। पाँच जना अन्धा विद्वान्हरू, बेग्ला-बेग्लै हात्ती हेर्न पुगेछन्। कसैले सूँड छामेर हात्ती खम्बा जस्तो हुन्छ भनेछन्, कसैले कान छामेर हात्ती नाङ्लो जस्तो हुन्छ भनेछन्। एउटाले भुँडी छामेछ र हात्ती डम्फु जस्तो हुन्छ भनेछ। यसरी ५ जनाले हात्तीको बारेमा पाँचवटा धारणा बनाएछन्। समग्रमा हात्ती कस्तो हुन्छ त भन्ने निष्कर्षमा भने पुग्न सकेनछन्। पूर्वीय दर्शनबारे पनि धेरै विद्वान् दार्शनिकहरूको यस्तै धारणा भएको पाइन्छ।

पूर्वीय दर्शनको कुनै एक पक्षमा शोध कार्य गरी त्यसको प्रस्तुतिको आधारमा समग्र दार्शनिक विचारधाराहरूबारे धारणा बनाउने तथाकथित विद्वान्हरू, खासगरी आधुनिक गुरूहरू तथा पाश्चात्य विद्वान्हरूले ज्ञानको साटो भ्रम फैलाउन समर्थ भएको पाइन्छ। त्यसैले हाम्रो अगाडि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आज अनेकौं गुरूहरू छन् जो फरक फरक सिद्धान्तको प्रतिपादन गरिरहेका छन्।

पूर्वीय दर्शनलाई आत्मसात् गर्न आवश्यक पूर्वाधारहरू, अर्थात् प्राचीन साहित्य, सबैबाट सङ्कलन गर्दै मुख्य–मुख्य महत्त्वपूर्ण दार्शनिक पद्धतिका रूपरेखा संक्षिप्त रूपमा तल प्रस्तुत गरिएको छ।

परिचय

"अज्ञानताको परिभाषाबाट नै 'ज्ञान के हो?' भन्ने बारेमा हाम्रो धारणा बन्न सक्दछ" भन्ने महान् दार्शनिक वेदवेत्ता श्री अरविन्दोले जीवनको उद्देश्य त्यही हो र वेदले प्रतिपादन गरेको पनि त्यही हो भन्ने शिक्षा दिएका छन्।

दर्शनशास्त्रको मूल उद्देश्य अज्ञानतालाई हटाएर यथार्थलाई प्रस्तुत गर्नु हो। यो अज्ञानतालाई चिन्न वा चिनाउन अति नै कठिन छ। त्यसैले गत ६/७ सहस्राब्दीबाटै शुरू भएको मनन, चिन्तन र विवादित विषयहरू जस्तै, परमात्मा, आत्मा, ब्रह्म, जीव, जीवन, मृत्यु, सृष्टि, संहार, प्रलय, पुण्य, मोक्ष इत्यादिबारे हालसम्म भएका प्रस्तुतिहरू तथा धारणाहरूलाई समग्रमा पूर्वीय दर्शनशास्त्र मान्न सकिन्छ। अरु सभ्यतामा पनि यस्ता विषयको विवेचना भएको छ। यी पश्चिमी दर्शन, मिश्र देशको दर्शन, ग्रीक र एथेनियन, चिनियाँ, मायन र इन्का, अमेरिकन आदिवासीहरू इत्यादि हुन्।

यस्ता सबै दर्शनहरू समग्र रूपले हेरेर सर्वमान्य धारणाहरू बनाउन सकिएको छैन। यी दर्शनका आधारमा विभिन्न धर्म सम्प्रदाय उत्पन्न भएका छन्। कति त लोप पनि भै सके। प्रायः सबै धर्म समुदायहरूमा आपसी विवाद र समन्वयको अभावले गर्दा कलह र अशान्ति पनि विश्वमै व्याप्त छ। यसको कारण मानव समाजले वास्तविकरूपमा अज्ञानताको परिभाषा गर्न नसकेर नै हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्वीय दर्शनशास्त्र कुनै न कुनै धार्मिक सम्प्रदायसँग जोडिएको हुनाले निष्पक्ष विवेचना गर्न सकिन्न । धर्म, आस्था र विश्वासमा आधारित हुने हुँदा स्वतन्त्र रूपले कुनै परहेज नराखी यथार्थ पहिल्याउने प्रयास गर्ने दार्शनिकहरूलाई नास्तिक भनेर सामाजिक बहिष्कार गरिएको छ वा यातना पनि दिइएको छ। यो विश्वकै इतिहास पनि हो।

पूर्वीय दर्शनशास्त्र त्यसैकारणले आस्तिक र नास्तिक दुई समूहमा बाँडिएको छ।

(क) आस्तिक दर्शनहरू निम्न बमोजिम छन्:

१. मीमांसा (पूर्व मीमांसा, उत्तर मीमांसा) २. न्याय

३. वैशेषिक ४. सांख्य

५. योग ६. तन्त्र

७. नकुलीशपाशुपत दर्शन

पूर्णप्रज्ञदर्शन, प्रत्याभिज्ञादर्शन, रसेश्वर दर्शन इत्यादिबारे माधवाचार्यद्वारा लेखिएको सर्वदर्शन सङ्ग्रहमा वर्णन गरिएको छ।

नास्तिक दर्शनहरू:

१. चार्वाक वा लोकायत

२. जैन

३. बौद्ध

यी मुख्य दर्शनहरू बाहेक अन्य साना साना सम्प्रदाय पनि छन्, जस्तैः सिक्ख, आनन्द मार्ग, स्वामीनारायण, साईबाबा, हरेकृष्ण, इत्यादि। प्रायः यी सबै सनातन धर्मकै रूपान्तरण हुन्।

कुनै पनि दार्शनिकले कुनै पनि विषयमा ठोस धारणा बनाउन त्यसको प्रमाण खोज्दछ । यदि प्रामाणिक नभए त्यो धारणालाई काल्पनिक वा अतिशयोक्ति मानिन्छ। पूर्वीय दर्शनले वेद मन्त्र, श्रुतिलाई प्रमाण मानेको छ। त्यसैले पूर्वीय दर्शन पूर्णरूपले स्वतन्त्र र तटस्थ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चिन्तन होइन । यसमा थप जटिलता वेदको दुई पक्षले दिएका छन् । ज्ञानकाण्ड र कर्मकाण्ड । कर्मकाण्डलाई पनि ज्ञानकाण्डकै रूपले प्रस्तुत गरेर ब्राह्मणहरूले आफ्नो महत्ता देखाउन सफल भएको देखिन्छ। त्यसैले ईसापूर्व अन्तिम सहस्राब्दीमा भारत वर्षमा अत्यन्त ठूलो बौद्धिक क्रान्ति भएको बुझिन्छ।

एकातिर वेदको आधारमा "ब्राह्मण" ग्रन्थहरू बनाएको हुनाले तिनलाई पनि प्रमाणको रूपमा लिनुपर्दछ, अर्थात् "श्रुति" मान्नुपर्दछ भन्ने अनधिकार प्रयास भयो भने अर्कोतिर यी ब्राह्मण ग्रन्थहरूमा थप विवेचना गर्नुपर्दछ भनेर अवकास प्राप्त विद्वद्वर्गले "आरण्यक" ग्रन्थहरूको रचना गरे । अरण्यमा बसेर गुरुकुल पद्धतिअनुसार त्यहाँ अध्ययनरत मेधावी छात्रछात्राहरूलाई शिक्षा दिने क्रममा आरण्यकको कर्मकाण्ड भागबाट निकालेर पूर्ण बौद्धिक विवेचना गरिने अंशहरूलाई उपनिषद्को रूपमा प्रस्तुत गरिएको देखिन्छ। यस्ता उपनिषद्हरू धेरै छन्। ब्राह्मणग्रन्थ जस्तै यी उपनिषदहरूलाई पनि श्रुतिको मान्यता दिइन शुरू भयो । अफसोसको कुरो के हो भने ब्राह्मण, आरण्यक तथा उपनिषद् ग्रन्थहरूमा मुख्यतया ऋग्वेद (वेदको ज्ञान काण्ड) को सामान्य आभास मात्र पाइन्छ।

त्यसैले, जैन सम्प्रदाय स्थापना गर्ने महावीर (ई.पु. ६००) को जन्मकाल सम्ममा भारतवर्षमा ६५ जति सम्प्रदायहरूको प्रादुर्भाव भैसकेको बुझिन्छ । त्यसवेलासम्म लिपिको आविष्कार र प्रयोग नभएकाले सबै शिक्षा सूत्ररूपमा कण्ठस्थ गराउने परम्परा बस्यो । ती सूत्रहरूलाई अर्थ्याउन गुरु चाहिने हुँदा यिनका अनर्थ र अपव्याख्या पनि हुन थालेको देखिन्छ।

यो परिचयात्मक रचनामा यी सबै पक्षबारे विस्तृत विवेचना गर्न सकिँदैन। जिज्ञासुले यसबारे गहिरो अध्ययन गर्नुपर्दछ। सन्दर्भमा उल्लेख गरिएका ग्रन्थहरूले यो कार्यको निम्ति सहयोग पुऱ्याउनेछन् । यो प्रस्तुतिमा दुई समूहमा विभाजित यी दर्शनहरूको सङ्क्षिप्त परिचय दिइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्वीय दर्शनको विस्तारमा महत्त्वको योगदान गर्ने ई.पू. का महान् ऋषि, मुनि, विद्वान्हरूमा श्री कृष्णद्वैपायन, बादरायण, जैमिनि, कपिल, शौनक, पतञ्जलि, बृहस्पति, वात्सायन, उग्रश्रवा, वैशम्पायन, पैल, जनक, कणाद, गौतम, मधुच्छन्दा, अत्रि, वशिष्ठ, मनु, याज्ञवल्क्य, गार्गी, मैत्रेयी, वाक्देवी, महावीर, सिद्धार्थ, रैक्व, औडुलोमि इत्यादिको नाम सर्वोपरी छ।

गत दुई सहस्राब्दीमा आद्य शङ्कराचार्य, सायणाचार्य, वल्लभाचार्य, माध्वाचार्य, वाचस्पति मिश्र, ईश्वरकृष्ण, प्रशस्तपाद, अक्षपाद गौतम, उद्योतकर, समन्तभद्र, हरिभद्र सूरी, हेमचन्द्र, रामानुज, नानक, राधाकृष्णन्, डिउसन, विल्सन, म्याम्समुलर, विवेकानन्द, बालगङ्गाधर तिलक, श्री अरविन्दो, स्वामी दयानन्द सरस्वती, कृपालानी आदि दार्शनिकहरूले महत्वपूर्ण योगदान गरेका छन्। गत २०० वर्षभित्र स्वामी योगानन्द, स्वामी भक्ति वेदान्त, आचार्य रजनीश इत्यादिले पनि आधुनिक बौद्धिक समाजमा प्रभाव पारेका छन्।

दर्शन शास्त्रमा कुनै पनि सिद्धान्त प्रतिपादन गर्न त्यसको वैधताको प्रमाण चाहिन्छ । यो बाध्यता ऋषि जैमिनिको समयदेखि नै सबैले मानिआएको हो।

प्रमाण

पाँच वा छ प्रकारका प्रमाणले मान्यता पाएका छन्। यी हुन् प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अभाव, अर्थापत्ति।

शब्द

वेदमन्त्र वा श्रुतिलाई सबैले मानेका छन्। पछि गएर ब्राह्मण ग्रन्थ, आरण्यक, उपनिषद्, स्मृति ग्रन्थहरू तथा महाभारत र रामायणलाई समेत श्रुतिकै जस्तो महत्त्व दिन थालिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रत्यक्ष

स्वतः प्रमाणित, देखिएको, अनुभव गरिएको वस्तु, धारणा, सबैलाई प्रत्यक्ष प्रमाणको रूपमा लिइन्छ । "आगोले पोल्छ" भन्ने स्वतः स्पष्ट छ, प्रत्यक्ष छ ।

अनुमान

कुनै धारणा वा कुनै वस्तुको वर्णनबाट त्यसप्रति बनाइएको निर्णयलाई अनुमान भनिन्छ । उदाहरणको निम्ति गुलाफको बगैंचामा सुगन्ध हुन्छ भन्दा गुलाफबाट सुगन्ध आएको हुनुपर्छ भन्ने अनुमान हो ।

उपमान

सामान्य रूपले भन्दा यो उपमा हो । कुनै वस्तु कस्तो छ भन्दा यो जस्तो छ भनेर देखाउँदा उपमान हुन्छ ।

अभाव

कुनै सिद्धान्तको कसैबाट पनि पहिले प्रतिपादन भएको थिएन भने त्यो अभाव अर्थात् "नभएको" थियो । त्यो पनि प्रमाण हो ।

अर्थपत्ति

धारणा वा विश्वास । उदाहरणः पींधमा तरकारी डढेको रहेछ भने राम्ररी चलाएको रहेनछ भन्ने धारणा लिन सकिन्छ ।

♦ माथि दिइएको संक्षिप्त जानकारी केवल ब्रह्मसूत्रको व्याख्याको निमित्त आवश्यक छ । यो विषयमा विस्तृत जानकारीको लागि यस पुस्तकका अनुवादकको *'Indian Philosophy, What I always wanted to know'* भन्ने पुस्तक हेर्नुहोस् । यस पुस्तकको अनुवाद गर्न इच्छुक महानुभावले लेखकसँग सम्पर्क गर्नुहुन पनि अनुरोध गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मीमांसा

मीमांसाका दुई भाग छन्, (क) कर्म मीमांसा र (ख) शारीरिक – मीमांसा।

यो पूर्व मीमांसा र उत्तर मीमांसाको रूपमा प्रस्तुत भएको छ। सबै दर्शनहरू मध्ये सबैभन्दा पुरानो दर्शन पूर्व मीमांसा हो।

(क) पूर्व मीमांसा (कर्म मीमांसा)

जैमिनि मुनीले ई.पू. ५०० मा रचना गरेको यो दर्शनले मुख्यतया ब्राह्मण ग्रन्थहरूमा भएका वाक्यहरूका सही अर्थ निरूपण गर्ने वैज्ञानिक तरिका देखाउँछ। यस्ता नियमहरू संस्कृत भाषाका अन्य ग्रन्थहरू, प्रायः धर्मशास्त्रहरूको विवादित शब्द वा वाक्यहरूको सही अर्थ निरूपण गर्न पनि उपयोगी छन्। कर्मकाण्ड र यज्ञसम्बन्धी विवेचनाका निम्ति रचना गरिएको यस ग्रन्थमा मौलिक तथा स्वतन्त्र दार्शनिक सिद्धान्तहरूको पूर्णतया अभाव छैन । यसैकारण यसलाई पूर्वीय दर्शनको अग्रज मानिएको हो।

जैमिनि सूत्रको शवर स्वामीले ई. ४०० तिर गरेको भाष्यबाट पूर्व मीमांसाले बढी महत्ता प्राप्त गर्‍यो । कुमारिल भट्टले त्यसैमा आधारित भएर बाह्यार्थवाद (वा यथार्थवाद) को सिद्धान्त प्रतिपादन गरे। कुमारिल भट्टले शबर भाष्यको टीकाको रूपमा तीन रचना गरेका छन्। १. तर्कपाद २. तन्त्र वार्तिक र ३. तुपटीका त्यसैमा आधारित भएर उनले बाह्यार्थवाद वा यथार्थवादको सिद्धान्त प्रतिपादन गरे । उनका शिष्य प्रभाकरले कुमारिलको तर्क पाद नामक ग्रन्थको टीका 'बृहती'को रचना गरे । कालान्तरमा पूर्व मीमांसकहरू दुई समूहमा विभाजित भएका छन् । कुमारिल समुदाय र प्रभाकर समुदाय।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाह्यार्थवादमा यथार्थ ज्ञान र मिथ्या ज्ञानबारे विवेचना गरिएको छ। यो तरिकालाई न्याय वैशेषिक सिद्धान्तअनुसार 'अन्यथा ख्याति' बताइएको छ। प्रभाकर अनुसार कुनै पनि ज्ञान मिथ्या ज्ञान हुन सक्दैन तर त्यसलाई बुद्धिले के हो भनेर विवेचना गर्छ, फरक देखाउँछ। त्यसैकारण पदार्थ अथवा वस्तुको ज्ञानको आधारमा बाह्यार्थवाद सिद्ध गर्न सकिन्छ। गुडुल्किएर रहेको डोरी वास्तवमा सर्प होइन भनेर बुद्धिले ठहर गर्छ तर त्यो डोरी नै होइन भन्न सकिन्न। सर्प सर्प नै हो, डोरी डोरी नै हो। त्यसमा फरक देखाउने बुद्धि विवेकले हो। त्यसैले ज्ञानले, जे देखाउँछ सो सत्य हो, मिथ्या होइन।

ब्राह्मणवादको "यज्ञ गर्नु नै धर्म गर्नु हो" भन्ने सिद्धान्तको प्रतिपादन गर्नाले कर्मकाण्ड विकसित हुँदै जाँदा प्रतिदिन एउटा न एउटा यज्ञ गर्ने प्रथा बस्यो। त्यसपछि, साप्ताहिक, मासिक, ऋतुअनुसार, अर्धवार्षिक, वार्षिक तथा कतिपय लामो अवधिसम्म चल्ने यज्ञ अनुष्ठान शुरू भए। तिनका विधिहरू पनि फरक–फरक भए। ब्राह्मण ग्रन्थले अर्थ, विधि तथा निर्देशन पनि दिए तर विभिन्न ब्राह्मण ग्रन्थ भएकाले सबै पक्षमा ऐक्य भएन। त्यसैले पूर्व मीमांसाले यी सबैमा एकरूपता ल्याउने प्रयास गरेको छ। खास गरेर ४ प्रकारका विधिहरूमा निर्णय दिइएको छ। यी हुन्:

(क) उत्पत्ति विधि, (ख) विनियोग विधि,

(ग) प्रयोग विधि, र (घ) अधिकार विधि।

यिनलाई सङ्कर्षण काण्ड वा देवता काण्ड पनि भनिन्छ। एघारौं र बाह्रौं अध्यायहरूमा तन्त्र पनि समावेश गरिएको छ। ब्राह्मणवादसँगै तान्त्रिक पद्धति पनि प्रारम्भ भैसकेको व्यहोरा यसैबाट स्पष्ट हुन्छ।

पूर्व मीमांसाले प्रमाणको रूपमा वेद मन्त्र 'शब्द' लाई अङ्गीकार गरेको छ। प्रभाकर समुदायले प्रत्यक्ष, अनुमान, उपमान र अर्थपत्तिलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि लिएको छ । भट्ट समुदायले अनुपलब्धि वा अभावलाई पनि प्रमाणको रूपमा मानेको छ।

(ख) उत्तर मीमांसा अथवा वेदान्तसूत्र

गीता, उपनिषद् र ब्रह्मसूत्र यी ३ रचनाहरूलाई, "प्रस्थानत्रयी" भनिन्छ र वेदान्तको आधार नै यी तीन हुन् । ब्रह्मसूत्रको भावानुवाद अगाडि नै प्रस्तुत गरिएको छ।

वेदको अन्त्यमा (वेदान्त) जुन ज्ञान उपलब्ध भयो सो वेदान्त हो । यसलाई सम्पूर्ण वैदिक साहित्यको निचोड पनि मानिएको छ । साधारणतया ब्रह्मसूत्रलाई उत्तर मीमांसा वा वेदान्त दर्शन भनिन्छ तर ब्रह्मसूत्रको सर्वमान्य भाष्य छैन। वेदान्तलाई पाँच दृष्टिकोणबाट व्याख्या गरिएको छ। ती हुन्:

१.	अद्वैत वेदान्त,	शङ्कराचार्य, ई. ८००
२.	विशिष्टाद्वैत,	रामानुजाचार्य, ई. १०००/११००
३.	द्वैताद्वैत,	निम्वार्क, ई. १२००
४.	द्वैत,	माध्वाचार्य, ई. १३००
५.	शुद्धाद्वैत,	बल्लभाचार्य, ई. १५००

१. अद्वैत सिद्धान्त

माण्डुक्य ऋषिका शिष्य शङ्कराचार्यले प्रतिपादन गरेको सिद्धान्त अनुसार केवल एक ब्रह्म मात्र सत्य हो, यो बाहेक दोश्रो कुनै वा केही छैन । अ– नभएको, द्वैत– दोश्रो तर ब्रह्मसूत्रमा पाञ्चरात्र बाहेक अरु मतहरूलाई पनि समन्वय गर्ने प्रयास गरेको देखिन्छ। नवौं शताब्दीमा रचना गरिएको शङ्करभाष्यबाट प्रभावित भएर, प्रकाण्ड विद्वान् वाचष्पति मिश्र तथा प्रकाशात्मन्‌ले दशौं शताब्दीमा अद्वैत सम्प्रदायहरू नै स्थापना गरे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. विशिष्ट्य द्वैत

रामानुजाचार्यको ब्रह्मसूत्र भाष्य अनुसार ब्रह्म र ब्रह्मको प्रत्यक्ष प्रकटीकरणबाट नै सम्पूर्ण ब्रह्माण्डको आविर्भाव भएको हो । निराकार निर्लिप्त ब्रह्म विष्णु हुन्, यसमा निहीत तत्त्वत्रय सत्, चित् र जडबाट ६ द्रव्य भएको विश्व ब्रह्माण्डको निर्माण भएको हो। यही ब्रह्म (ईश्वर) को भक्ति र उपासनाबाट मोक्ष प्राप्त हुन्छ। रामानुजका वैष्णव अनुयायीहरू पञ्चरात्र अगमहरू पनि मान्दथे।

३. द्वैत सिद्धान्त

माध्वाचार्यको मत अनुसार ब्रह्म र आत्माको गहिरो सम्बन्ध छ। यस विश्वमा पाँच पृथकता छन्, जीव, विष्णु, विष्णु र जड पदार्थ, जीव र जीव, जड र जड। यिनले यो सिद्धान्तलाई तत्त्ववाद बताएका छन्।

४. द्वैताद्वैत

द्वैत – दुईटा, अद्वैत – दुई हैन। परम परमेश्वर विष्णु नै ब्रह्मस्वरूप भएकाले निगुण र सगुण दुईटै विष्णु नै हुन्। यिनकै भक्ति भगवद्भक्ति मोक्षको मार्ग हो भनेर आफ्नै सम्प्रदाय स्थापना गरे। यसलाई कुमार सम्प्रदाय भनिन्छ। यो सिद्धान्तलाई स्वाभाविक भेदाऽभेद सिद्धान्त भनिन्छ।

५. शुद्ध अद्वैत

यो सिद्धान्त पनि वैष्णव सम्प्रदायकै सदस्य हो। यसलाई पुष्टिमार्ग पनि भनिन्छ। यो सम्प्रदायले कृष्णको उपासना गर्दछ। शङ्कराचार्यको अद्वैतवादलाई अझ शुद्धरूपले लिएको छ। उदाहरणको लागि आगोको ज्वाला तथा आगोको फिलिङ्गो वास्तवमा केवल आगो मात्रै हो। श्रीकृष्ण र आत्माको पनि त्यही सम्बन्ध हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्र

तन्त्र पनि भारतीय दर्शन हो। यसलाई रहस्य विद्या पनि भनिन्छ। तान्त्रिक साहित्यअनुसार श्रुतिहरू दुई प्रकारका छन्, ब्रह्मबाट प्राप्त भएकालाई वैदिक मन्त्र भनिन्छ र शक्ति (शम्भु) बाट प्राप्त भएकालाई आगम भनिन्छ। वैदिक मन्त्रहरू र आगम निगमको उद्देश्य एउटै हो – महानिर्वाण, मोक्ष, ब्रह्मज्ञान, ब्रह्ममा लीन हुनु। पुराणहरू, विशेष गरेर देवी पुराण, स्कन्द पुराण, कालिका पुराण अनुसार विद्या पनि काल अनुसार हुन्छ। त्यसैले सत्ययुगको निम्ति श्रुति, त्रेताको निम्ति स्मृति, द्वापरको निम्ति पुराण, रामायण, महाभारत र कलियुगको निम्ति तन्त्र भन्ने मान्यता छ। कलियुगमा अर्थात् राग, द्वेष, हिंसा र लोभ बढेर वर्णाश्रम पनि भ्रष्ट भएको अवस्थामा, वेद उपनिषद्अनुसार वैदिक शिक्षाको पालन गर्न असम्भव प्रायः भएको हुन्छ। जस्तै दुष्ट सन्तान भए पनि आमाबाबुले तिनको भलो चाहन्छन्। त्यसैले आदिशक्ति शिव र शक्तिले आफूले उत्पन्न गरेको मनुष्य जातिलाई उपयुक्त शिक्षा दिएर उनीहरूका मुक्तिको निम्ति आगम र निगम दिएका हुन् भन्ने विश्वास गरिएको छ।

पार्वतीले शिष्य भएर सोधेको प्रश्नको उत्तर शिवले दिएको शिक्षालाई आगम र शिव शिष्य भएर सोधेको प्रश्नहरूमा पार्वतिले दिएको उत्तरलाई निगम भनिन्छ। शिव र शक्ति आदिशक्ति अथवा परब्रह्म कै दुई रूप हुन्। वास्तवमा तिनमा केही फरक छैन। तन्त्रको महामन्त्र 'ॐ सच्च्येको ब्रह्म' हो। (ॐ सत् चित् एकं ब्रह्म)।

तन्त्रले द्वैत मार्गबाट अद्वैत ब्रह्म प्राप्त गर्दछ। सिद्धि र साधनाबाट परमानन्द खोज्दछ। यो तन्त्र शास्त्र धेरै पुरानो हो। यसको महाभारत शान्ति पर्वमा युधिष्ठिर र भीष्म संवाद, २५९ अध्याय श्लोक ७, ८, ९ तथा शान्ति पर्वकै १२१, १२२, १२३, १२४ मा महादेवले दक्षलाई पाशुपत व्रतबारे बताउँदा तन्त्रलाई सांख्य योग र वेदबाट निर्माण गरिएको भनिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाशुपत शैव दर्शन

अथर्ववेद, श्वेताश्वेतर तथा अथर्वशिर, जावाल, कैवल्य, उपनिषद्को पृष्ठभूमिमा यो सम्प्रदाय ई.पू. २०० वर्षतिर प्रतिपादन भएको सूचना माधवाचार्यको सर्वदर्शन सङ्ग्रहमा पाइन्छ। यो दर्शन अनुसार यो विश्वब्रह्माण्ड नै शिवशक्ति हो। त्यसैले यसको सृष्टि, पालना र संहार गर्ने एक मात्र तत्त्व शिव, पशुपति हो। जीव (पशु) सबै सांसारिक, मानसिक र आध्यात्मिक बन्धन अर्थात् पासले आक्रान्त छ। सो पासबाट छुटाउने पशुपति हुन्।

यस दर्शनको सूत्रकार महेश्वरलाई मानिन्छ। यसका ५ अध्याय थिए भन्ने अनुमान गरिएको छ। पञ्चार्थ भाष्यको रचनाकार श्री रसिकरलाई मानिन्छ र यो संभवतः ई.पू. ४०० तिर निस्केको हो। श्री अभिनव गुप्ताले (ई. १० शताब्दी) तन्त्रालोकमा यसको विवेचना गर्नुभएको छ।

पाशुपत सूत्रलाई रुद्रले लकुलिस रूपमा रहेर दिएको श्रुति मानिन्छ। पाशुपत सम्प्रदायका अनुयायीहरू विभिन्न समुदायमा विभक्त छन्। कश्मीरी, गोरखनाथ, नाथ, वीर, इत्यादि। शैव सम्प्रदायका अनुयायीहरूले आफ्नो शरीरमा खरानी घस्दछन्। खरानी साङ्केतिक हो। यसले आगो, पानी, पृथ्वी, अन्तरिक्ष (आकाश), मन, आँखा, अनुभूति, तथा अन्य सबैलाई समेट्दछ। यिनीहरूको साधना (चर्या) दुई प्रकारको हुन्छ।

१. व्रत – यसलाई तपस्या वा प्रतिज्ञा भनिन्छ। खरानी स्नान, खरानी शैया, गीत, हाँसो, नृत्य, हुँकार, नमस्कार, जप, तप र प्रदक्षिणाबाट पूर्ण गरिन्छ।

२. द्वार – पापबाट मुक्ति पाउने द्वार अथवा मार्ग यी हुन्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऋथन – निद्रामा हिँड्ने;

स्पन्दन – कामने;

मण्डन – लङ्गडोलेझैं हिँड्ने;

श्रृङ्गारण – अश्लील व्यवहार गर्ने; र

अभितदभाषण – प्रलाप गर्ने।

यी अनुयायीहरूलाई कलामुख, शैव र कापालिक भनिन्छ। यिनीहरू मध्ये श्मशानघाटमा बस्ने र विभत्स खानपिन व्यवहार गर्ने साधकलाई अघोरी भनिन्छ।

तान्त्रिक योगसाधनाको मुख्य आधार षट्चक्र भेद हो। यी चक्रहरूका नाम हुन् – मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध र आज्ञा। यी सबै जाग्रत भएपछि अन्तिम कुण्डलिनी जाग्रत हुन्छ।

तन्त्र विद्या विभिन्न ठाउँमा फरक–फरक तरिकाले प्रस्तुत भएका छन्। यिनलाई मुख्यतया ३ समूहमा राखिएका छन्। यी हुन् – विष्णुक्रान्ता, रथक्रान्ता र अश्वक्रान्ता। प्रत्येक समूहमा ६४ वटा तन्त्रहरू छन्। गुरु र शिष्य दुवैले आफ्नो विद्या गोप्य राख्ने परम्परा भएकाले यसरी धेरै प्रकारका तन्त्रहरूको सृजना भएको हुनुपर्दछ। समलिंगी शब्द ब्रह्मलाई पुरुषमा लिइँदा महादेव, सदाशिव, "पुरुष", आद्यशक्ति, शम्भु, शङ्कर, विष्णु, परमेश्वर भनिन्छ। स्त्री रूपमा लिँदा पार्वती, तारा, काली, षोडशी, छिन्नमस्ता, धूमावती, बगलामुखी, भैरवी, कमला, त्रिपुरसुन्दरी, भुवनेश्वरी र मातङ्गी भनिन्छ। साधकहरूले यी शक्तिहरूलाई इच्छाएको सिद्धि अनुसार साधना गर्न सक्दछन्।

शक्तिलाई दुई रूपमा प्रस्तुत गरिएको छ – वाच्यशक्ति र वाचकशक्ति। यी सबै शक्तिहरू शिवको वरिपरि दशै दिशामा व्याप्त भएको हुनाले जताबाट पनि उपासना गर्न सकिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



तन्त्रलाई "गुप्तविद्या", "दानव विद्या" इत्यादि भनेर धेरैले बदनाम गरेका छन् । तर कर्मकाण्डमा साधना र यज्ञ दुवै गरिने प्रथा र तन्त्रमा गरिने साधना तथा क्रिया उस्तै हुन् । शिव–शक्तिको उपासना गर्दा गुरुले साधक शिष्यलाई विभिन्न विधि (तन्त्र) सिकाउँदछ र अनधिकारीलाई सो विद्या प्राप्त नहोस् भनेर यसलाई गोप्य राख्ने आदेश दिन्छन् । त्यसैले यसलाई रहस्य विद्या वा गोप्य विद्या पनि भनिएको हुन सक्दछ ।

अङ्ग्रेजहरूको उपनिवेशको रूपमा भारतलाई पाश्चात्यकरण गर्ने हर तरहले प्रयास गरिएको थियो । त्यसैले पाश्चात्य विद्वान्हरूले वेदान्त पट्टि नै बढी मान्यता देखाए । शैव सम्प्रदाय ओझेलमा पर्‍यो तापनि विशुद्ध शैव सम्प्रदायका अनुयायीहरू भारत तथा नेपालमा अझै पाइन्छन् ।

पुराणमा भएका धेरै ऋषिहरूले आफ्नो सिद्धिअनुसार विभिन्न शक्ति र पुरुषार्थ देखाएको सन्दर्भ पाइन्छ । यी सबै साधनाबाट (तन्त्रबाट) प्राप्त भएको मान्यता छ । परशुरामले आफ्नो बञ्चरोलाई आफ्नो शक्तिद्वारा महान् अस्त्र बनाएर क्षत्रियहरूको सर्वनास गरे । रावणलाई महान् तान्त्रिक (मायावी) मानिएको छ । यसरी तन्त्रबाट प्रत्यक्ष र चाँडै सिद्धि वा इच्छित फलप्राप्त हुने देखाइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्रलाई कलियुगको शास्त्र भनिएकोले यसको दीक्षा लिनेको जन्म, गोत्र, जात, इत्यादि जान्नुपर्ने आवश्यकता हुँदैन । वेदान्तीले जस्तो पहिले उपनयन, वेदाध्ययन, इत्यादि वर्णाश्रमका अनिवार्यताको पनि आवश्यकता पर्दैन । भक्षाभक्षको लेखाजोखा हुँदैन । तन्त्रले सबैलाई समान अधिकारी मान्दछ ।

तान्त्रिकहरूले पञ्चतत्वले पूजा गर्दछन् – यी हुन्, रक्सी, मासु, माछा, अन्न र स्त्री (शक्ति) । पूजा ५ देवताको गरिन्छ, यी हुन् शिव, विष्णु, सूर्य, गणेश र देवी । यिनलाई पञ्चोपासना भनिन्छ ।

ललिता सहस्रनाममा २८ शैव तन्त्रहरू छन् । शिवको ८ रूप बताइएको छ; वामदेव, अघोर, तत्पुरुष तथा ईशानरूपसहित । प्रत्येकको पाँच पाँच गरी जम्मा २८ शैव तन्त्र छन् ।

तन्त्रका धेरै साहित्यहरू प्रकाशमा छैनन् – दुःखको कुरा त के हो भने यस्ता अमूल्य रचनाहरू दुर्लभ छन् ।

तान्त्रिकहरू भन्दछन्, "यज्ञ उसको साधना हो, जसलाई मृत्युपछि आनन्द, धन र स्वर्ग चाहिन्छ । तर तान्त्रिकलाई यही जीवनमा सिद्धि चाहिन्छ जसबाट ऊ परमब्रह्म शिवशक्तिमा पुग्न सक्दछ ।" त्यसैले उसलाई कुनै परहेज छैन । दुःखको कुरा के हो भने तल्लो तहको सामान्य सिद्धि प्राप्त गर्ने लक्ष राखेर तन्त्रसाधकहरूले हिंसात्मक तथा राक्षसी विधिहरू पनि गरेको देखिन्छ । त्यसकारणले पनि तन्त्रशास्त्रलाई वेदान्त जस्तो सम्मान दिइएको पाइन्न ।

हाल पाश्चात्यजगतमा तन्त्रलाई यौन उच्छृङ्खलता तथा सामर्थ्य बढाउने अभ्यासको रूपमा प्रस्तुत गरिएको देखिन्छ । अन्त्यमा, "अमेरिकन तन्त्र" को खुबै प्रचार भैरहेको छ । यो ठूलो दुरूपयोग हो । आद्यशक्ति पार्वतीले आद्ययोगी शिवलाई भनेको –

"हिताय यानि कर्माणि कथितानि त्वया प्रभो । मन्ये तानि महादेव विपरीतानि मानवे ।" आज चरितार्थ भएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सांख्य दर्शन

मनुष्य आध्यात्मिक, आदिभौतिक तथा आदिदैविक यी तीन तरहका दुःखले आक्रान्त छ। यी दुःखहरूका अनुभूति बुद्धिको कारणले हुन्छ। दुःख र सुख जोडिएका हुन्छन्। यस्तैगरी ज्ञान, उद्देश्य, व्यवहार, प्रयास वा चेष्टा, स्मृति इत्यादि पनि सबै बुद्धिबाटै परिचालित हुन्छन्। यो "बुद्धि" नै "महत् तत्त्व" हो जसलाई व्यक्त प्रकृति वा केवल प्रकृति भनिन्छ। प्रकृतिमा सत्व, रज तम यी तीन गुण हुन्छन्। पुरुषको सान्निध्य नहुञ्जेल यी गुण अव्यक्त रहन्छन्। सान्निध्यमा आएपछि यो क्रियाशील हुन्छ।

यसै सन्दर्भमा एउटा छोटो आख्यान छ। एक दुःखी व्यक्तिले कपिलमुनिको आश्रममा पुगेर मुनिलाई सोधेछ – "यो संसारमा सबैभन्दा बढी महत्त्वको के छ ? सत्य के हो ? आफूलाई बचाउन मैले के गर्नु पर्दछ ?" कपिल मुनिले त्यो व्यक्तिलाई यी तीन प्रश्नहरूको उत्तर दिएछन् र त्यही शिक्षालाई सांख्य दर्शन भनिन्छ।

कपिलमुनिले दिएको उत्तरमा सबैभन्दा बढी महत्त्वको "पुरूष" हो जो केवल चैतन्यमा मात्र हुन्छ तर यो निर्लेप, निराकार, सर्वव्यापी, सर्व नियन्ना भएर पनि सर्वत्र छ। अनगिन्ती छ। मूल प्रकृति यसको सम्पर्कमा आएपछि सृष्टि शुरू हुन्छ। यही सत्य हो। पुरुष र मूल प्रकृतिमा भएको भिन्नतालाई विवेकको ज्ञान अर्थात् 'प्रसंख्यान' भनिन्छ। यही 'प्रसंख्यान' बाट 'सांख्य' भएको हो भन्ने धारणा पनि पाइन्छ, तर २५ को संख्यामा कपिलमुनिले उपदेश दिएकाले संख्याबाट सांख्य भएको भन्ने धारणा पनि पाइन्छ।

यी २५ बूँदाहरू निम्न बमोजिम छन्–

१. पुरुष – निराकार, निर्गुणी, निर्लेप, सर्वव्यापी, सर्वनियन्ता, अनगिन्ती;

२. मूलतत्त्व – अव्यक्त प्रकृति;

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३.	महत् तत्त्व – वुद्धि, व्यक्त प्रकृति;

४.	अहङ्कार;

५–९.	तन्मात्रा (पाँच) – शब्द, स्पर्श, रूप, रस, गन्ध

१०–१९. इन्द्रिय (दस) – ५ ज्ञानेन्द्रिय, कान, छाला, आँखा, जिब्रो, नाक;

– ५ कर्मेन्द्रिय, बोल्ने (जिब्रो), समात्ने (हात), हिँड्ने (खुट्टा), मलमूत्र त्याग्ने, प्रजनन गर्ने अङ्ग;

२०–२४. पञ्च महाभूत – अक्षर (शब्द), वायु (हावा), तेजस् (आगो), आप (पानी), पृथ्वी (माटो)।

२५.	मानस – मन।

मोक्ष नै उद्देश्य हो, त्यसैले सांख्यको ज्ञानबाट कर्तव्य गर्दै जानाले मोक्ष्य प्राप्त हुन्छ । यसै सांख्य दर्शनको उपदेश कृष्णले अर्जुनलाई गीताको दोश्रो अध्यायमा दिएका हुन् । यहाँ महत् तत्त्वलाई आत्माको रूपमा लिइएको देखिन्छ।

सांख्यमा किटेर आत्मा परमात्मा र ईश्वर कहीं भनिएको छैन । वेदान्तमा "पुरुष" लाई एउटै मात्र भनिएको छ तर सांख्यमा अनगिन्ती भनिएको छ।

सांख्यले प्रत्यक्ष, अनुमान र आप्तवचनलाई प्रमाणको रूपमा लिएको छ। यहाँ ईश्वर कृष्णको वचनलाई आप्तवचन मानिएको छ। "तत्त्व समास" का प्राचीन सूत्रहरूको श्री ईश्वरकृष्णले ई. ४०० तिर भाष्य गर्नुभएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. पुरुष

↓

२. मूल तत्त्व, अव्यक्त प्रकृति

↓

३. महतत्त्व (बुद्धि)

↓

४. अहंकार

↓

५. तन्मात्रा	१०. इन्द्रिय		१. मनस्	५. महाभूत
	५ कर्मेन्द्रिय +	५ ज्ञानेन्द्रिय		
शब्द	बोल्ने	कान		अक्षर (शब्द)
स्पर्श	समात्ने	छाला		वायु (हावा)
रूप	हिंड्ने	दृष्टि		तेजस (आगो)
रस	मलमूत्र त्याग्ने	जिब्रो		आप (पानी)
गन्ध	प्रजनन् गर्ने	नाक		पृथ्वी (माटो)
				(शब्द, स्पर्श, रूप, गन्ध, रस)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्याय दर्शन

गौतम (ई.पु. ३५०–४०० तिर), ले यो दर्शन प्रतिपादन गरेका हुन्। यिनैको शिक्षा र धारणालाई अक्षपादले न्याय सूत्रको रूपमा प्रस्तुत गरेका हुन् भन्ने आन्वीक्षिकी सम्प्रदायका अनुयायीहरूको मान्यता छ। त्यसपछि वात्सायनले यसको भाष्य गरे। उनका अनुसार 'प्रमाणद्वारा अर्थको परीक्षा गर्नु न्याय हो।' न्याय र वैशेषिक दर्शनको नजिकैको सम्बन्ध छ र धेरैले यी दुईलाई संयुक्त रूपमा न्याय–वैशेषिक दर्शन पनि भन्दछन्। अन्वीक्षा भनेको दोहोऱ्याएर हेर्नु हो। यसरी प्रत्येक धारणालाई दोहोऱ्याएर हेरेर निष्कर्षमा पुग्ने व्यक्तिलाई आन्वीक्षिकी भनिन्छ।

न्यायले आत्मालाई मन, शरीर र बुद्धिभन्दा अलग मान्दछ। मोक्ष प्राप्तिको निम्ति भौतिक विश्वको यथार्थ ज्ञान चाहिन्छ। यस्तो ज्ञानलाई चार प्रकारको प्रमाण चाहिन्छ। यी हुन्, प्रत्यक्ष, अनुमान, उपमान, तथा शब्द। प्रत्यक्ष प्रमाण सर्वोत्तम हो तर अनुमान, उपमान तथा शब्दबाट पनि प्रमाणित गर्न सकिन्छ। यसरी पाँच तहबाट प्रत्येक अर्थलाई दोहोऱ्याएर हेर्नुपर्दछ। यी हुन्, प्रतिज्ञा, हेतु, उदाहरण, उपनय तथा निगम अथवा निष्कर्ष।

निम्न विषयमा यथार्थ ज्ञान हुनुपर्दछ। शरीर, आत्मा, ज्ञानेन्द्रिय, गुण, पहिचान, मन, इच्छा, द्वेष, मृत्यु, भोग, दुःख र मोक्ष। यिनलाई प्रमेय भनिन्छ।

यदि सत्य ज्ञान नभएर आत्मा, शरीर, मन र बुद्धिलाई समग्र रूपमा हेर्ने हो भने मिथ्या ज्ञान हुन्छ, जसबाट मोक्ष प्राप्ति हुन सक्दैन। आत्मा शरीर, मन र बुद्धिभन्दा अलग भएकाले त्यसको मुक्ति हुन सक्दछ।

क्रमबाट छुटेपछि मात्र सम्भव छ। यसलाई अपवर्ग भनिन्छ।

मोक्षको निम्ति निम्न सोह्र बुँदाहरूबाट सत्य ज्ञान प्राप्त गर्नुपर्दछ।

१. प्रमाण – सत्यज्ञानको श्रोत वा उपाय;
२. प्रमेय – सत्य ज्ञानको विषय (माथि दिइएका १२ विषयहरू);

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. संशय – शङ्का, असमञ्जस;
४. प्रयोजन – उद्देश्य;
५. दृष्टान्त – उदाहरण;
६. सिद्धान्त – मूल विचार, सार, मत;
७. अवयव – सहायक पदार्थहरू, भागहरू;
८. तर्क – विवाद;
९. निर्णय – निष्कर्ष;
१०. वाद – वहस;
११. जल्प – मिथ्या भाषण, कपटी आशय;
१२. वितण्डा – व्यर्थको विवाद;
१३. हेत्वाभाष – भ्रामक प्रस्तुति;
१४. चल – अस्थिर;
१५. गति – आंशिक समरूपता, उस्तै उस्तै; र
१६. निग्रहस्थान – बहसको निम्ति अनुपयुक्त, असम्बद्ध।

न्याय सूत्रहरूमा ब्रह्म, परमेश्वर, वेदान्त इत्यादिको उल्लेख पाइँदैन। कपिलले सांख्यमा मौलिक सिद्धान्तको प्रतिपादन गरे जस्तै गौतमले न्याय दर्शनबाट संसारको सत्यता, आत्माको भिन्नता र मोक्ष प्राप्तिको निम्ति ज्ञानको नितान्त आवश्यकता भएको देखाएका छन्।

नव्यन्याय

ई. १२०० तिर मिथिलामा जन्मेका गङ्गेशले प्रत्यक्ष, अनुमान, उपमान, र शब्दलाई प्रमाण मानेर अत्यन्तै तार्किक रूपमा 'तत्त्व-चिन्तामणि' ग्रन्थ रचना गरेर नव्यन्याय पद्धतिको स्थापना गरे। यसमा सूक्ष्मरूपले प्रत्येक शब्दको तार्किक विश्लेषण गर्ने पद्धति देखाइएको छ। आधाररहित धारणाहरू तथा तार्किक वाक्पटुताले परिपूर्ण यस पद्धतिले कुनै नयाँ वा मौलिक सिद्धान्त दिएको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैशेषिक दर्शन

यो न्यायदर्शन भन्दा पूर्वको सिद्धान्त हो । यसका प्रवर्तक कणादलाई मानिन्छ । यसलाई औलुक्य (ई. १००-२००) दर्शन पनि भनिन्छ । किंवदन्तीअनुसार कणाद मुनिको तपस्याबाट प्रसन्न भएर शिवले लाटोकोसेरोको (उलुकको) रूपमा दर्शन दिएर वैशेषिकका ६ द्रव्यहरूको उपदेश दिएकोले यिनको नाम औलुक तथा यस दर्शनलाई औलुक्य दर्शन पनि भनिएको हो।

यस दर्शनको मान्यता अनुसार यो संसार बहुसंख्यक द्रव्यहरूद्वारा निर्मित भएको सत्य हो। यसको विस्तृत विश्लेषण गर्न सकिन्छ। यसको ज्ञान लिन सकिन्छ। आत्मा पनि द्रव्य हो। बुद्धि या चेतना भएको गुण हो। यस्तो ज्ञानको उपलब्धिबाट मोक्ष प्राप्त गर्न सकिन्छ।

यस दर्शनले केवल प्रत्यक्ष र अनुमानलाई प्रमाण मान्दछ। विश्व ब्रह्माण्ड जम्मा ६ पदार्थहरूले बनेको हो । यी हुन् द्रव्य, गुण, कर्म, सामान्य, विशेष तथा समवाय।

द्रव्यः - यो परमाणुबाट निर्माण भएको छ - दुई परमाणुबाट अणु बन्दछ । ३ अणुहरू (त्रयअणु) मिलेर त्र्यणुक बन्दछ जुन देख्न सकिन्छ। पृथ्वी, पानी, आगो, हावा, अन्तरिक्ष, काल, दिशा, आत्मा, र मन यी सबै द्रव्य हुन्।

गुणः - परत्व, अपरत्व, संयोग, विभाग, पृथक्त्व, परिमाण, संख्या, स्पर्श, गन्ध, रस, रूप, इच्छा, द्वेष, प्रयत्न, बुद्धि, सुख, दुःख, यी गुण हुन्।

कर्मः - कर्महरू पाँच प्रकारका हुन्छन् - माथितिर जाने, तलतिर जाने, फैलिने, खुम्चिने तथा गतिशील।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सामान्यः – उदाहरणको निम्ति कलमलाई लिन सकिन्छ । कलमले लेखिन्छ तर सबै कलम उस्तै नभए पनि लेख्ने त एउटै हो - सामान्य हो। सार्वभौमिक हो।

विशेषः – प्रत्येक द्रव्यको बेग्लै विशेषता हुन्छ। यो विशेषता द्रव्यको परमाणुमा भर पर्दछ । पानीको त्र्यणुकमा भएका अलग अलग परमाणुका बेग्ला बेग्लै विशेषता हुन्छन्।

समवायः– यसले सम्बन्ध र सहअस्तित्व बताउँछ। उदाहरणको लागि मसी र अक्षर, रङ्ग र चित्र, हात र औंला इत्यादि।

३७३ सूत्रहरूमा कणाद मुनिले दिएको यस दर्शनका अनुसार आत्मालाई बुद्धिसँग अलग गर्न सके अचेतन अवस्थामा पुग्न सकिन्छ। त्यहाँ सुख, दुःख, केही कुराको अनुभूति हुँदैन। किनभने यी त आत्माको मन, वुद्धि र इन्द्रियहरूसँगको समवायले भएका हुन्छन् । त्यसैले त्यहाँ धर्म, अधर्म, कर्म, इत्यादि केही नभएपछि पुनर्जन्म हुने प्रश्न नै उठ्दैन र मोक्ष प्राप्त हुन्छ । प्रत्येक आत्मा विशेष हुने हुँदा उसको बेग्लै अक्षुण्ण अस्तित्व भने रहिरहन्छ।

यस दर्शनले पनि देवता, ब्रह्म, वेदान्त, इत्यादि उल्लेख गरेको पाइन्न। यी सूत्रहरूको प्रशस्तपादले व्याख्या गरेका छन्। यिनले ७ गुण थपेका छन्। ती हुन् – संस्कार, द्रवत्व, गुरुत्व, शब्द, धर्म, अधर्म, तथा स्नेह। धर्म र अधर्मलाई अदृष्ट मानेर तिनको सञ्चय भएमा पुनर्जन्म हुन्छ भन्ने तिनको भनाइ छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

योग दर्शन

योग दर्शनले पनि सांख्यले जस्तै प्रकृति र पुरुषलाई मान्दछ। पुरुष चैतन्य हो । यसैको सान्निध्यमा अव्यक्त प्रकृतिको महत् उत्पन्न हुन्छ, जसलाई योगमा चित्त भनिन्छ। पतञ्जलिले दिनुभएको परिभाषा त्यसैले "चित्तवृत्तिनिरोध : योग" हो अर्थात् चित्तका वृत्तिहरूको नियन्त्रण वा संयम नै योग हो। यो केवल दार्शनिक विचार मात्र नभएर भौतिक कार्य प्रणाली, मानसिक अभ्यास तथा अनुष्ठान गर्ने पद्धति पनि हो।

महर्षि पतञ्जलिले दिनुभएको योग सूत्र भाष्यमा १९४ सूत्रहरूलाई चार भागमा प्रस्तुत गरिएका छन्।

१. समाधि पाद

यसमा ५१ सूत्रहरू छन् । ती सूत्र अनुसार चित्तका ५ प्रकारका वृत्तिहरू हुन्छन्। यी हुन् :

(क) ज्ञान (प्रमाण) (ख) मिथ्या (विपर्यय)

(ग) विकल्प (घ) निद्रा

(ङ) स्मृति।

यी सबै मानसिक विविधतालाई नियन्त्रण गर्न सके मोक्ष प्राप्त हुन्छ।

(क) ज्ञान (प्रमाण): योग शास्त्रले प्रत्यक्ष, अनुमान र अगमलाई प्रमाण मान्दछ।

(ख) विपर्यय (मिथ्या वा त्रुटि): भ्रान्ति वा मिथ्यालाई सत्य वा यथार्थ सम्झने प्रवृत्तिलाई विपर्यय भनिन्छ।

(ग) विकल्प: केवल शब्दको आधारमा गरिएको निर्णय जस्तैः त्यसको आमा बाँझी छिन् । (बाँझी भए कसरी उनले त्यसलाई जन्माइन ?)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(घ) निद्रा : ज्ञानेन्द्रियहरूले नगरे पनि मानसिक रूपले आलम्बन गरेको चैतन्यको अवस्था।

(ङ) स्मृति : पूर्व अनुभव सम्झेर त्यो वस्तुलाई चैतन्यमा ल्याउने क्रियालाई स्मृति भनिन्छ।

यी ५ वृत्तिहरूलाई संयममा राख्ने विधिलाई समाधि भनिन्छ। यी निम्न बमोजिम छन्।

(क) संप्रज्ञ समाधि

(ख) असंप्रज्ञ समाधि

(ग) सवितर्क समाधि

(घ) निवितर्क समाधि

यी चार समाधिहरूलाई सबीज समाधि भनिन्छ किनभने यी चारै कुनै न कुनै वस्तु, चेतना, भावना इत्यादि (बीज) मा आधारित छन् अर्थात् कुनै बिउ (बीज) मा आधारित छन्। यी समाधिहरू पछि साधक निर्बीज समाधिमा पुग्छन् जसमा पुगेर ऊ ब्रह्मलीन हुन सक्दछ।

२. साधना पाद

यो भागमा ५५ सूत्र भएको श्वास नियन्त्रण, प्राणायाम तथा शारीरिक व्यायाम (हठ योग) बारे निर्देशन गरिन्छ। यसैलाई योगानन्दले क्रिया योगको संज्ञा दिनुभएको हो । पीडालाई शुद्धिको साधना मानेर, परमेश्वर प्रतिको आस्था, ईश्वर प्रणिधार र स्वाध्याय गरेकै प्राणायाम तथा अनुष्ठान गर्नुपर्दछ। यस प्रकारले सात प्रकारको ज्ञान प्राप्ति हुन्छ। यी हुन्:

(क) नयाँ जान्ने चाहना हुदैन।

(ख) सबैसँग अलग्ग रहने चाहना हुन्छ।

(ग) कुनै नयाँ वस्तु प्राप्त गर्ने इच्छा हुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(घ) केही गर्ने इच्छा रहँदैन।

(ङ) दुःख हुँदैन।

(च) डर हुँदैन।

(छ) भ्रान्ति हुँदैन।

यिनलाई "सप्तधा प्राप्तभूमिः प्रज्ञा" भनिन्छ। यसरी क्रियायोगद्वारा अशुद्धि हट्छ। यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारण, समाधयः ध्यान यी आठ योगका पाउहरू हुन्। त्यसैले यस योगलाई अष्टाङ्ग योग पनि भनिन्छ। अहिंसा, सत्य, सदाचार, ब्रह्मचर्य, अस्तेय (चोरी नगर्ने), लोभ नगर्ने (अपरिग्रह), शौच, सन्तोष इत्यादिले समाधि प्राप्त गर्न सहायता गर्दछन्। यसरी ईश्वर प्रणिधान हुन्छ। द्वन्द्व हट्दछ। हृदयभित्रको प्रकाशको आवरण हट्दछ।

३. विभूतिपाद

५५ सूत्र भएको यो भागमा सिद्धि प्राप्तिबारे बताइएको छ। धारण, ध्यान र समाधिबाट सिद्धि प्राप्त हुन्छ।

४. कैवल्य पाद

यसमा ३४ सूत्रहरू छन्। यस भागमा कैवल्य प्राप्तिको विवेचना गरिएको छ । यस अनुसार पूर्वजन्मका पुण्यकर्महरू, जडिबुटीहरू, मन्त्रोच्चारण, अनुष्ठान वा समाधिबाट सिद्धि प्राप्त भएपछि साधकले कैवल्य प्राप्त गर्न सक्दछ।

अन्त्यमा, प्रकृति र पुरुषको योगबाट मानवको सृष्टि भएको हो- सो संयुक्तरूपले गर्दा संसार चक्र चलिरहन्छ। योग शास्त्रले पुरुष र प्रकृतिलाई छुट्याइदिने उपाय बताएको छ। यसरी छुट्याइ दिन सकेमा आत्मा केवल पुरुषमा विलीन हुन्छ। त्यही नै मोक्ष हो। कैवल्य हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चार्वाक दर्शन

यसको प्रतिपादन बृहस्पति ऋषिबाट भएको मानिन्छ । यसले आत्मा (शरीर)लाई पृथक् मान्दैन । आत्मा भनेकै शरीरको चेतना वा बुद्धि हो । यो माटो (पृथ्वी), पानी, आगो, वायुबाट शरीर बन्दछ । यिनै चारको सामूहिक अन्तर्क्रिया र गुणबाट चेतना (बुद्धि) बन्छ । चेतना (बुद्धि) र शरीर दुवै मिलेर जीवन (स्वयं) बन्दछ । जब शरीर–अर्थात् चारै पदार्थहरू बिग्रेपछि आत्माको पनि नाश हुन्छ । यो फेरि फर्कदैन ।

यस्तो तर्कलाई बृहदारण्यक उपनिषदको ४.५.१३ ले पुष्टि गर्दछ "यो यस्तो होः नूनको ढीको गुदी र बोक्रा हुँदैन– सबै एउटै हुन्छ । त्यस्तै हे मैत्रेयी ! यो स्वयंको (शरीरको) पनि एउटै हो– एउटै अनुभूति हो– यो चारै तत्त्वबाट निस्कन्छ र समग्ररूपले बन्दछ र यिनै तत्त्वमा हराउँछ । त्यसैले म भन्छु– मृत्युपछि केही अनुभूति बाँकी रहँदैन" ४.४.१२ मा पनि यस्तै तर्क गरिएको छ । चार्वाकका सूत्रहरू आंशिक रूपमा पाइएका छन् । माधवाचार्यका अनुसार बृहस्पतिबाट प्राप्त श्लोकहरूको सारांशः

"त्यहाँ स्वर्ग छैन, मोक्ष छैन, अर्को जगत्मा आत्मा पनि छैन । चारै वर्णका काम धामले केही नाप्दैनन् । अग्निहोत्री, त्रिवेदी, खरानी घसेका त्रिदण्डी यी सबलाई यस्ता ज्ञानहीन तथा पुरुषार्थ विहीनको निम्ति प्रकृतिले दिएको जीविकोपार्जनका साधन हुन् । यदि ज्योतिष्टोम यज्ञमा बलि चढाइएको जन्तु स्वर्ग पुग्छ भने यज्ञ गर्ने यजमानले आफ्नै पितालाई किन बलि दिँदैन ? यदि श्राद्धले नै मृतात्मालाई सन्तुष्ट पार्छ भने सफरमा जानेले किन खानपिनका सामान लानु पर्‍यो र?

यदि स्वर्गमा भएकाले यहाँ दिइएका पिण्डले सन्तुष्टि पाउँछन् भने छत माथि भएकाको पेट तल भएकाले खाएर भरिन्छ त ? बाँचुन्जेल सुखी भएर बाँच, ऋण लिएरै भएपनि घ्यू पिउ । मरेर खरानी भएपछि यो शरीर कसरी फर्कन सक्छ र ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कमनीय वस्तुहरूको अनुभवबाट सान्निध्यमा सुखको अनुभूति हुन्छ, तर त्यस्तालाई "त्याग्नु र दुःख भोग्नुपर्छ भन्छन् मूर्खले। सफा/शुभ्र उत्तम दाना भएका धानका बालीलाई धुलो र भूस पनि छ भनेर कसले मिल्काउँछ र ?"

यस्तो परस्पर विरोधी मत देखिएकाले बृहस्पति, बार्हस्पत्य र बृहस्पति लौक्य एउटै व्यक्ति होइनन् भन्ने शङ्का उठ्दछ तर सायणाचार्यले "लौकनाम्नः पुत्रो बृहस्पतिरांगिरस एव वा बृहस्पतिऋृषिः" भनेका छन्।

चार्वाक दर्शनलाई कर्मकाण्डले पूर्णतया घृणा गर्दछ तर यो दर्शनलाई परोक्षरूपले अधिकांश मानव समाजले अँगालेको देखिन्छ।

यिनै बृहस्पतिले ऋ. १०.७.२ मा शब्द नै ब्रह्म हो र असत्बाट नै सबै सत् उत्पन्न भएका हुन् भनेर किटान गर्ने मन्त्रहरू पनि दिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जैन दर्शन - अनेकान्तवाद

गौतमबुद्ध भन्दा झण्डै २ सय वर्ष अगाडि जन्मेका राजकुमार वर्धमानले प्राचीन महात्मा (तीर्थाङ्कर) हरूले प्रतिपादन गर्दै आएको जैन दर्शनलाई समग्ररूपमा प्रस्तुत गर्नुभयो । राजपट, सुखदुःखको अनुभूति, इच्छालाई जितेर सिद्धि प्राप्त गर्नुभएकोले उहाँलाई महावीर भनियो ।

उहाँको मृत्युपश्चात् सम्राट् विम्विसारले जैन सम्प्रदाय अङ्गीकार गर्नुभयो तर राष्ट्रिय रूपमा यसको प्रचार भएन ।

अन्य वैदिक दर्शन सरह यो आत्मवादी हो । तर भगवान् र वेदलाई मान्दैन । आत्मा तथा बाह्यवस्तुलाई द्रव्य भन्दछन् ।

अरु दर्शनहरू 'एकान्त– एउटै अन्त' सिद्धान्तको प्रतिपादन गर्दछन् ।

अनेक अन्त– एउटै द्रव्यको विभिन्न दृष्टिकोणबाट विभिन्न स्वरूप हुन सक्छ । स्थिर धर्मलाई गुण भनिन्छ र बदलिनेलाई "पर्याय" भनिन्छ ।

तर्क वा न्याय अनुसार यसलाई "सप्तभङ्गी नय" भनिन्छ । यसलाई स्याद्वाद पनि भनिन्छ । कुनै पनि वस्तुबारे ७ वटा दृष्टिकोण हुन सक्तछन् ।

१. त्यो छ (स्याद् अस्ति)

२. त्यो छैन (स्याद् नास्ति)

३. त्यो छ र छैन पनि (स्याद् अस्ति नास्ति च)

४. केही भन्न सकिन्न (स्याद् अवक्तव्य)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अब अव्यक्त अर्थात् केही ठोस भन्न नसकिने पहिलेका ३ दृष्टिकोणमा मिलाइएमा

५. त्यो छ र अव्यक्त छ (स्याद् अस्ति च अवक्तव्यश्च)

६. त्यो छैन र अव्यक्त छ (स्याद् नास्ति च अवक्तव्यश्च)

७. त्यो छ, छैन र अव्यक्त पनि छ (स्याद् अस्ति च, नास्ति च, अवक्तव्यश्च)

विश्व वास्तविक हो र यसमा अनेक रूप छन्। मुख्यतया यसका ५ तत्त्व छन्। (अस्तिकाय)

१. जीव
२. पुद्गल
३. आकाश (अन्तरिक्ष)
४. धर्म (गति)
५. अधर्म (विश्राम)

कर्म अव्यक्त रूपमा अन्तरिक्षमा रहेको हुन्छ । यो जीवको इच्छानुसार शरीरमा जोडिन्छ (आश्रव)। कर्म यसरी शरीरसँग जोडिएपछि (बन्ध), कर्मका अवयवहरू फष्टाउन र फैलन थाल्दछन् र अन्त्यमा यिनैबाट जन्म र पुनर्जन्मको चक्र चालु रहन्छ - संसारचक्र।

जैनहरू दिगम्बर र श्वेताम्बर सम्प्रदायमा विभक्त छन्। तर सबै निम्न संयममा विश्वास गर्दछन्।

१. अहिंसाव्रत;
२. सत्य- असत्य नबोल्ने, नगर्ने;
३. अस्तेय- चोरी, बेइमानी नगर्ने;
४. ब्रह्मव्रर्त- अवैध यौन सम्बन्ध वर्जित; र
५. अपरिग्रह व्रत- न्यूनतम सम्पत्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मान्यता

तपद्वारा कर्मको ह्रास हुँदै जान्छ र अन्त्यमा "केवल ज्ञान" को अवस्था प्राप्त हुन्छ। त्यस अवस्थामा संसार चक्रबाट हामी बाहिरिन्छौ।

यस सम्प्रदायले अहिंसा, प्रकृतिको संरक्षण, त्याग, शान्ति इत्यादिको महत्त्व देखाउँछ। यसका अनुयायीहरू दिगम्बर (नग्न) तथा श्वेताम्बर (सामान्य सेतो पहिरन लगाउने) सम्प्रदायमा बाँडिएका छन् तर यिनको आस्था, व्यवहार इत्यादिमा केही फरक हुँदैन। नेपालमा पनि यसका अनुयायीहरू हजारौं छन्।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बौद्ध दर्शन

ई.पू. ५०० वर्ष तिर लुम्बिनी, कपिलवस्तुमा जन्मिएका राजकुमार सिद्धार्थ आफ्नो पत्नी, पुत्र, सम्पत्ति इत्यादि सबै त्यागेर सत्यको खोजीमा दृढ प्रतिज्ञ भएर निस्किए। ब्राह्मणहरूको सङ्गत गरे; धेरै साधु सन्यासी, ब्रह्मज्ञानीहरूसँग शास्त्रार्थ गरे, सत्य खोज्ने प्रयास गरे; उपवास र तपस्या गर्दै मरणासन्न पनि भए तर यी सबैबाट उनलाई इच्छित ज्ञान प्राप्त भएन। अन्त्यमा एउटा रुख मुनी बसेर ध्यान गर्दा उहाँमा पूर्ण ज्ञान स्वतः स्फुर्त भयो। यसरी आत्मज्ञान प्राप्त गरेपछि उहाँलाई "बुद्ध" भनेर आदरसूचक सम्बोधन हुन सुरु भयो। आत्मज्ञान प्राप्त भैसकेको तर पूर्णतः ब्रह्मज्ञान प्राप्त नभएका महात्मालाई बोधिसत्व भनिन्छ। उहाँले दिनुभएको शिक्षालाई बौद्ध दर्शन भनिन्छ। यो दर्शनका मुख्य सिद्धान्त यस प्रकार छन्:

१. सर्वमनित्यम् – सबै अनित्य (क्षणिक) छन्।

२. सर्वमनात्मम् – सबै आत्माहीन छन्।

३. निर्वाणं शान्तम् – गति शून्यता वा क्षणिकताबाट निर्वाण प्राप्त हुन्छ।

बुद्धको मृत्युपश्चात् उनका अनुयायीहरूमा पनि मतभिन्नता सुरु भयो। कर्मकाण्ड र तन्त्रहरू पनि मिसिन थाले। देवतालाई नमान्नेले समेत बुद्धलाई नै देवता मानेर उनको पूजा गर्न थाले। बुद्धको उपदेशहरूलाई धम्मपादमा सङ्कलन गरिएको छ। गहिरिएर हेर्दा वेदको मन्त्रहरूसँग बुद्धको शिक्षा धेरै मिल्दछ। उनी कर्मकाण्ड, जातपात, छुवाछुत, अधिकारी, अनाधिकारी इत्यादिमा विश्वास गर्दैनथे। बौद्ध संघमा पुरुष र स्त्री दुवै सामान्य ठानिन्थे र भिक्षु भिक्षुणीहरू दुवैको एउटै दिनचर्या हुन्थ्यो।

बुद्धको मृत्युको २ सय वर्षपछि सम्राट अशोकले ब्राह्मण धर्मको तिरस्कार गरेर बुद्ध दर्शन ग्रहण गरे। उनैको प्रयासले यस धर्मको रूपमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूरै उपमहाद्विप भरी फैलियो र कर्मकाण्डको प्रतिपादन गर्ने ब्राह्मण धर्मका अनुयायीहरूको संख्या धेरै घट्यो।

बुद्धको पहिलो उपदेश अनुसार यो संसारमा दुःखै दुःख छ। यसको कारण जरा, जन्म र मृत्यु हो। दुःख; दुःख हेतु; दुःख विरोध तथा दुःख निरोधको उपाय- आर्य सत्य।

जरा मृत्यु रूपबाट दुःख हुन्छ। यसको कारण जन्म हुनु हो। जन्म पूर्वकालीन अस्तित्व (भव) मा आधारित छ। पूर्वकालीन अस्तित्व, भव, को कारण हो उपादान अर्थात् आशक्ति। आशक्तिको कारण हो तृष्णा अर्थात् इच्छा, कामना। तृष्णाको कारण वेदना अर्थात् अनुभव। यसको कारणले स्पर्श, अर्थात् इन्द्रिय र विषयका संयोग। स्पर्शको कारण हो षडायतन (६ ज्ञानेन्द्रियहरूको अनुभव)। यिनमा कारण हुन् नामरूप (भौतिक तथा मानसिक अनुभूति)। नामरूपको कारण हो - विज्ञान अर्थात् चेतना। यसको कारण हो - संस्कार। संस्कारको कारण हो - अविद्या। यसैले मध्यमार्ग अङ्गीकार गर्नुपर्दछ। यो निम्न आठ सिद्धान्तमा आधारित छ।

१. सत्य दृष्टिकोण २. सत्य उद्देश्य
३. सत्य वाक्य-वचन ४. सत्य कर्म
५. सत्य जीवनयापन ६. सत्य परिश्रम
७. सत्य मनस ८. सत्य एकाग्रता

बौद्ध दर्शनलाई धेरै दार्शनिकहरूले विभिन्न रूपले हेरेका छन्। हाल निम्न ४ सम्प्रदाय मान्य छन्।

१. वैभाषिक २. सौत्रान्तिक ३. योगाचार ४. माध्यमिक

तर १४ औं शताब्दीमा प्रकाशित सर्वदर्शन सङ्ग्रहमा आधारित यो विभाजन श्री माधव विद्यारण्यको आफ्नै धारणा मात्र भएको देखिन्छ किनभने यस्तो दृष्टिकोण पुराना बौद्ध साहित्यमा पाइन्न।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महायान बौद्ध साहित्यमा ६ रत्नहरू उल्लेख गरिएका छन्। यी नागार्जुन, आर्यदेव, असङ्ग, बसुबन्धु, दिङ्नाग तथा धर्मकीर्ति हुन्। वसुबन्धुलाई दोश्रो बुद्ध पनि भनिएको छ।

दुःखको हेतुः



संसार चक्र

अविद्याको नाश भएमा संसारचक्रको नाश हुन्छ। त्यसरी दुःखको नाश हुन्छ। अर्थात् दुःख निरोध हुन्छ। यही आर्यसत्य हो।

पालीमा रचना भएको त्रिपिटक, संभवतः श्रीलङ्कामा भएको पहिलो विश्व बौद्ध जमघटबाट ई.पू. २ दोस्रो शताब्दीमा सङ्कलन गरिएको कृति हो भन्ने मान्यता छ। यसका ३ भाग छन्ः

पहिलो भाग : सुत्तपिटक– बुद्धको उपदेश;

दोस्रो भाग : विनयपिटक– भिक्षुको निम्ति नियम; र

तेस्रो भाग : अभिधम्भ पिटक– सुत्तपिटकमा भएका दार्शनिक पक्षको विवेचना।

पालीमा लेखिएको त्रिपिटकलाई बौद्ध थेरवादी सम्प्रदायले मान्दछन्। त्यसपछि संस्कृतमा रचना गरिएको त्रिपिटकलाई सर्वास्तिवादी वा महायन सम्प्रदायले अङ्गीकार गरेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महायान सम्प्रदाय

योगाचार बौद्ध दर्शन

यो महायान बौद्ध धर्मावलम्बीहरूको दर्शन हो। यस अनुसार सबै अनुभूति चित्त मात्रै हो। तिनीहरूको कुनै बेग्लै अस्तित्व हुँदैन। यसलाई असङ्ग तथा बसुबन्धुले प्रतिपादन गरेका हुन्।

अनुभूति ३ प्रकारको हुन्छ।

१. परिकल्पित स्वभाव – कल्पना गरिएको;

२. परतन्त्र स्वभाव – अरुमा आधारित; र

३. परिनिठपन्न स्वभाव – विशिष्ट्यावस्था।

यी ३ स्वभावहरू पार गरेपछि निर्वाण प्राप्त हुन्छ।

माध्यमिक बौद्ध दर्शन

यो पनि महायान बौद्ध दर्शनको शाखा हो। यस अनुसार धर्म, अर्थात् सबै वस्तुहरूमा स्वभाव हुँदैन। त्यसैले सत् अथवा असत् केही हुँदैन। यस सिद्धान्तलाई नागार्जुनले प्रतिपादन गरेका हुन्। तिब्बत र जापानमा यो सम्प्रदाय बढी पाइन्छ।

हीनयान सम्प्रदाय

थेरावाद – यसको साहित्य पालीमा छ।

सर्वास्तिवाद – बसुबन्धुको अभिधर्म कोषमा विवेचना गरिएको छ।

दिङ्नागको बौद्ध– न्याय–वादलाई सौद्धान्तिक योगाचार पनि भनिएको छ।

□□

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिशिष्ट - ३

उपनिषद्‌का सन्दर्भ मन्त्रहरूको भावानुवाद

(क) बृहदारण्यक उपनिषद् : (बृउ.)

परिचय :

सुरुका छ अध्याय, कण्डव शाखाको शतपथ ब्राह्मणको १७ औं काण्डको ३ – ८ अध्याय हुन् । अन्य अध्यायहरू माध्यन्दिनी शाखाको ब्राह्मणबाट लिइएका हुन् । यसका ३ खण्ड छन् । पहिलो खण्डलाई मधु काण्ड, दोस्रोलाई मुनि काण्ड र तेश्रोलाई खिल काण्ड भनिन्छ ।

१.१.१ ॐ । बलिको घोडाको टाउको उषा हो । यसका आँखा, सूर्य, यसको प्राण, वायु, यसका खुलेका मुख, वैश्वानर अग्नि, तथा शरीर, संवत्सर हुन् । यसको पिठ्यूँ स्वर्ग, पेट आकाश, खुर पृथ्वी, पार्श्वभाग चारै दिशाहरू, करङ् बीचका दिशाहरू, यसका भाग ॠतुहरू, जोर्नीहरू महिना र पक्षहरू, खुट्टा दिन र रात, हाड तारा तथा मासु बादल हुन् । आधा पचेको आहार बालुवा, नसा नदीहरू, कलेजो र फियो पहाडहरू, यसको रौं लहरा र रुखहरू हुन् । यसको अग्रभाग उदाउँदै गरेको सूर्य, पछाडिको भाग अस्ताउदै गरेको सूर्य, यसको हाई (मुख बाउनु) बिजुली, यसको कम्पन चट्याङ, पिसाब वर्षा र यसको आवाज शब्द हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१.३.२ उनीहरूले बोलीको अङ्गलाई भने 'उद्गीत पाठ गर' । हवस् भनेर उसले पाठ गर्यो । उसले यसबाट प्राप्त हुने असल फल देवतालाई उपलब्ध गरायो तर मधुरो आवाज आफैंसँग राख्यो। यो पाठले देवताहरू लाभान्वित भए भनेर असुरले यसलाई आक्रमण गरेर दुष्टतासँग हिर्काए। त्यही दुष्टता हामीमा आउँछ जब हामी खराब कुरा बोल्छौं।

१.४.१० शुरुमा साँच्चिकै यो मात्रै ब्रह्म थियो। यसले आफैलाई म ब्रह्म हुँ भन्यो। त्यसैले उ ब्रह्म भयो। देवताहरू जसले यो बुझे, ती पनि ब्रह्म भए। ऋषिमुनिहरू पनि त्यस्तै भए। वामदेवले पनि आफूलाई त्यही भएको चिनेर "म नै मनु हुँ, सूर्य हुँ भने।"

१.४.१ पहिले यो ब्रह्माण्ड मानिसको रूपमा आत्मा मात्रै थियो। उसले ध्यानबाट आफूबाहेक कसैलाई देखेन। उसले घोषणा गर्यो – म त्यो हुँ। त्यसैले उसलाई म भनियो।

२.३.१ ब्रह्मका दुई रूप देखिन्छन् – स्थूल र सूक्ष्म, नश्वर र अमर, सीमित तथा असीमित, निश्चित वा अनिश्चित।

२.३.६ त्यसको रूप निम्न प्रकारको छ; बेसारले रङ्गाएको कपडा जस्तो, अथवा खैरो भेडाको ऊन जस्तो, अथवा रातो 'इन्द्रगोप' जुन्किरी जस्तो, अथवा आगोको ज्वाला जस्तो, अथवा सेतो कमल जस्तो अथवा बिजुलीको चमक जस्तो। जसले यसलाई यसरी जान्दछ त्यो व्यक्ति बिजुलीको चमक जस्तो तेजिलो हुन्छ। त्यसकारण, ब्रह्मलाई 'यो हैन यो हैन' भनिएको हो। किनभने 'यो म' भन्दा सुहाउँदो अर्को नाम नै हुँदैन। यही यसको नाम हो र यही यसको सत्य हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२.४.५ मैत्रेयी ! यो सबै आत्मा नै बुझ्नुपर्दछ, सुन्नुपर्दछ, मननीय छ र ध्यानयोग्य छ। हे मैत्रेयी ! सुनेर, मनन गरेर, ध्यान गरेर आत्माको ज्ञान भएपछि सबै ज्ञान प्राप्त हुन्छ।

२.४.६ यी ब्राह्मण क्षेत्री इत्यादि, यी सांसारिक वस्तुहरू, यी देवताहरू, प्राणीहरू तथा सम्पूर्ण विश्वहरू आत्मा नै हुन्।

२.४.१३ मैत्रेयीले भनिन् 'तपाईंले यहाँ मलाई अन्योलमा पार्नुभयो, आत्मामा विलीन भएपछि कसरी चेतना रहित हुन्छ?' याज्ञवल्क्यले भने 'मैले अन्योल पार्ने कुनै कुरा भनेको छैन। हेर, यो शरीर पो चेतन हुने हो, शरीर नै नभएपछि कसरी चेतना अनुभव हुन्छ?'

२.४.१४ 'त्यो जुनबाट सबै जानिन्छ, उसलाई केले जान्ने? हे मैत्रेयी ! जान्नेलाई कसरी जान्ने?'

२.५.१ यो पृथ्वी सबै प्राणीहरूको लागि मह जस्तै छ र सबै प्राणीहरू यो पृथ्वीको निम्ति मह जस्ता छन्। त्यस्तै गरी यस पृथ्वीमा भएका तेजस्वी अमर प्राणीहरू शरीरभित्र रहेको तेजस्वी आत्मा हुन्। यी दुवै एउटै हुन्। यो ज्ञानले अमरत्व प्राप्त हुन्छ, यही ज्ञान नै ब्रह्म हो। यही पूर्ण हो।

३.१.१ विदेहका सम्राट् जनकले धेरै दान गर्दै यज्ञ गरे। कुरु र पाञ्चालका वेदवेत्ताहरू त्यहाँ जम्मा भएका थिए। सम्राट्लाई जान्ने इच्छा भयो। "वेदको सबैभन्दा ठूलो ज्ञानी को हो?" उनका एकहजार गाईहरू गोठमा जम्मा थिए। हरेक गाईको सिङ्मा दश पाद सुनको पोका बाँधिएको थियो।

३.२.१० अर्थभागले सोधे "याज्ञवल्क्य यी सबै मृत्युका आहार हुन्, त त्यो कुन देवता हो जसको आहार मृत्यु हो?"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"मृत्यु अग्नि हो, यो पानीको आहार हो । (जसले यसलाई जान्दछ) त्यसको दोश्रोपटक मृत्यु हुँदैन।"

३.२.१ उनले भने – "जब यो मानिस मर्दछ, उसका प्राणहरू उसलाई छोडेर माथि जान्छन् कि जाँदैनन्?"

(होइन, होइन याज्ञवल्क्यले भने, "ती उसकै शरीरमा रहन्छन्। शरीर त्यसैले सुन्निन्छ र टुल्ल पर्छ, त्यसैले मरेको व्यक्ति सुन्निन्छ।")

३.४.१ त्यसपछि चक्रको छोरा उषस्तले सोधे – याज्ञवल्क्य मलाई अर्थ्याउ, ब्रह्म जो साक्षात् छ। तिमी स्वयं सबै विज्ञ छौ। सबै भित्र कुन छ? याज्ञवल्क्य !

"त्यो जुन प्राणबाट सास फेर्दछ, त्यो तिम्रो आत्मा सबै भित्र छ। त्यो जुन अपानबाट तल सास फेर्छ, त्यो तिम्रो आत्मा सबै भित्र छ। त्यो जुन उदानबाट बाहिर निस्कन्छ, त्यो तिम्रो आत्मा सबै भित्र छ। यो तिम्रो आत्मा सबै भित्र छ।"

३.५.१ कुसितका छोरा कहोलले सोधे – "याज्ञवल्क्य ! मलाई बताऊ, त्यो ब्रह्म जो प्रत्यक्ष कि अप्रत्यक्ष छ ? त्यो आत्मा जो सबै भित्र छ ?"

"यो तिम्रो आत्मा हो ? जो सबैभित्र छ।" सबैभित्र कुन छ ? याज्ञवल्क्य !

त्यो भोक, प्यास, दुख, माया, नास र मृत्यु भन्दा पर छ। यही आत्मालाई चिनेर ब्रह्मज्ञानीहरू छोरा, धन र अन्य सांसारिक सबैलाई त्यागेर सन्न्यासीको जीवन बिताउँछन् । छोराको कामना गर्नु धनको कामना गर्नु हो, धनको कामना गर्नु संसारको कामना गर्नु हो। किनभने यी दुबै केवल इच्छा मात्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन् । त्यसकारण ब्राह्मणले आफ्नो पण्डित्याईं त्यागेर बालक जस्तो भएर बस्नुपर्दछ । त्यसरी बसेपछि ऊ मुनि हुन्छ । मुनि भएर बाँचिसकेपछि अथवा त्यो भन्दा पहिलेको जस्तो भएपछि उ ब्रह्मज्ञानी हुन्छ।

"त्यस ब्रह्मज्ञानीले कसरी व्यवहार गर्दछ? जसरी व्यवहार गरे पनि त्यो केवल त्यस्तै रहन्छ । यो बाहेक सबै नश्वर हो ।" त्यसपछि कुसितको छोरा कोहल चुप लागे।

३.६.१ त्यसपछि वाचक्नवी की छोरी गार्गीले सोधिन् । "याज्ञवल्क्य ! यदि यो सम्पूर्ण विश्व पानीमा व्याप्त छ भने पानी केमा व्याप्त छ?"

"हावामा, गार्गी !"

त्यसोभए हावा के मा व्याप्त छ?

"आकाशमा "

आकाश के मा व्याप्त छ?

"गन्धर्वहरूको लोकबाट ।"

गन्धर्व लोक केबाट व्याप्त भएको छ?

आदित्य लोकबाट, गार्गी !

"आदित्यलोक केबाट व्याप्त भएको छ?"

चन्द्रलोकबाट, गार्गी !

"चन्द्रलोक लाई?"

ताराहरूको लोकले गार्गी !

"ताराहरूको लोकलाई?"

नक्षत्रहरूको लोकले, गार्गी !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"नक्षत्रहरूको लोकलाई?"

देवलोकले।

"देवलोकलाई?"

इन्द्रलोकले, गार्गी !

"इन्द्रलोकलाई?"

प्रजापति लोकले, गार्गी !

"प्रजापति लोकलाई?"

ब्रह्मलोकले, गार्गी !

याज्ञवल्क्यले भने, "हे गार्गी ! आफ्नो जिज्ञासा धेरै परसम्म नबढाउ, किनभने टाउको खस्ला । तिमी त्यसको विषयमा सोद्धछ्यौ जुन बारे सोध्न हुँदैन। त्यसैले गार्गी ! धेरै नसोध। त्यसपछि गार्गी वाचक्नवी चुप लागिन्।

३.८.९ है गार्गी ! यो अनन्त छ। यसैको आदेशानुसार सूर्य र चन्द्र, आकाश र पृथ्वी, पल र घण्टा, दिन र रात, पक्ष र महिना, ऋतु र संवत्सर अलग्गै–अलग्गै रहन्छन् । यो अक्षुण्ण छ गार्गी! यसैको आदेशानुसार हिमशिखरबाट निस्केका नदीहरू आफ्नो आफ्नो दिशा, पूर्व वा पश्चिमतर्फ बगिरहन्छन् । यसैको प्रशासनमा गार्गी! देवताले आफ्नो भाग पाउँछन्। पितृले पिण्ड र दानीले मान प्रशंसा पाउँछन्।

३.९.२६ "तिमी र तिम्रो आत्मा केमा आधारित छ?"

"प्राणमा"

प्राण के मा आधारित छ?

"अपान वायुमा"

अपान वायु के मा रहन्छ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"व्यानमा"

व्यान के मा रहन्छ?

"उदानमा"

उदान के मा?

"समान वायुमा"

यो "नेति नेति" भनिने आत्मालाई पक्डन सकिन्न, किनभने यो पकड बाहिर छ। यो नष्ट हुँदैन किनभने यो शाश्वत छ, यो कुनैमा गाँसिएको छैन किनभने यो केहीमा टाँसिदैन, यो बाँधिएको छैन। न यसलाई दुख्छ न डरले कम्पन गराउँछ।

यी आठ ठाउँहरू छन्, आठ लोकहरू छन्, आठ देवता छन्, आठ व्यक्तिहरू छन्। म तिमीलाई सोध्छु – उपनिषद्बाट मात्र चिनिने त्यो कुन हो जसले यी सबैलाई लैजान्छ र फेरी आफैं भित्र समाहित पनि गर्दछ? यदि तिमीले यो राम्ररी बताउन सकेनौ भने तिम्रो टाउको फुटेर चकनाचुर हुनेछ। शाकल्यले त्यसलाई चिनेको थिएन। उसको टाउको फुट्यो र खस्यो। डाँकाहरूले के सम्झेर हो उसको अस्थिपञ्जर लुटेर लगे।

४.३.२१ उसको रूप त्यै हो – इच्छा, द्वेष र भयरहित। जसरी प्रिय पत्नीको आलिङ्गनमा बाँधिएको व्यक्तिले भित्र वा बाहिरको केही अनुभूति गर्न सक्दैन, त्यस्तै यो व्यक्ति परम आत्माद्वारा आलिङ्गन भएपछि भित्री वा बाहिरी केही पनि थाहा पाउँदैन। स्पष्ट छ, यसरी अन्य सबै मनोकामना पूर्ण भएको हुन्छ। किनभने ब्रह्म नै कामना हो। अन्य कामनाबाट मुक्ति र दुखबाट पनि मुक्ति हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४.३.७ आत्मा के हो? अनन्त, सर्वज्ञानी, प्राणमा रहने, मुटुभित्रको ज्योति "पुरुष" यही हो। दुवै लोकको भएकाले यो दुवै लोकमा विचरण गर्दछ । यो कहिले ध्यानावस्थित हुन्छ, कहिले चलिरहेको हुन्छ। स्वप्नावस्थामा मृत्युलाई पनि पार गर्दछ।

४.४.२ अन्तिम अवस्थामा पुगेपछि त्यो व्यक्ति देख्न, सुँघ्न, स्वाद थाहा पाउन, बोल्न, छुन, सुन्न, अनुभव गर्न सक्दैन। त्यसपछि मुटुको टुप्पो ज्योतिर्मय हुन्छ। आत्मा त्यो ज्योतिद्वारा आँखा वा टाउको वा अन्य भागबाट बाहिरिन्छ। बाहिरिएर प्राण पनि निस्कन्छ। प्राणवायु निस्कँदा सबै प्राणहरू, ज्ञानेन्द्रिय, कर्मेन्द्रियहरू पनि निष्क्रिय हुन्छन् । त्यसपछि आत्मा चैतन्य हुन्छ र चैतन्यको स्रोतमा जान्छ । योसँगै ज्ञान, कर्म तथा पूर्व अनुभवहरू पनि जान्छन् ।

४.४.३/४ जसरी घाँसमा झुण्डिएको झुसिलकिरोले खुम्चिएर अगाडि बढ्दै अर्को घाँसको टुप्पोमा सहारा लिन्छ र त्यसैमा पस्दछ।

४.४.४ जसरी बाँडाले गहनाबाट एउटा टुक्रा सुन झिकेर अर्को राम्रो गहना बनाउँछ त्यसैगरी आत्माले यो शरीर त्यागेर कुनै गन्धर्व, देवता, हिरण्यगर्भ, ब्राह्मण वा कुनै अन्य सुहाउँदो शरीर लिन्छ।

४.४.५ स्पष्ट छ, त्यो आत्मा नै ब्रह्म हो जुन मनोमय छ, ज्ञानमय छ, दृष्टिमय छ, श्रवणमय छ, पृथ्वीमय छ, जलमय छ, वायुमय छ, आकाशमय छ, ज्योतिर्मय छ, काम तथा निष्काममय छ, क्रोधमय र क्रोधरहित छ, धर्ममय र अधर्मी छ, सबैबाट निर्मित छ। त्यसैले भनिन्छ – त्यो यसले बनेको हो, त्यसले बनेको हो। जस्तो व्यवहार गर्दछ त्यो त्यस्तै हुन्छ। असल काम गर्ने असल हुन्छ। पाप कर्म गर्ने पापी हुन्छ। पुण्य काम गर्नाले पुण्य हुन्छ, पाप गर्नाले पाप हुन्छ। अरूले भन्दछन् – आत्मा कामनाबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनेको हुन्छ, आफ्नो कामनाद्वारा उसले प्रयास गर्दछ र अन्त्यमा इच्छित उद्देश्य प्राप्त गर्दछ।

४.४.६ त्यसैले यो श्लोक छः

इच्छा शक्ति साथ कर्म गर्दै

प्राप्त गर्छ त्यसले चाहे जस्तै।

कर्मफल सिध्यायर यो जुनीमा,

फर्कन्छ यहीं फेरी कर्म गर्न।

यो त त्यो आत्मा बारे हो जो कामना पूर्ण छ। कामनारहित आत्मा, अर्थात् जसको कामना पूर्ण भइसकेको छ, जसको कामना ब्रह्म मात्र छ, त्यसको प्राण जाँदैन, त्यो ब्रह्मज्ञानी हो त्यो ब्रह्म मैं मिल्दछ।

४.४.९ यसैमा छ सेतो र नीलो उनी भन्छन्,

सुनौलो, रातो र हरियो पनि छन्,

ब्रह्मको बाटो हो त्यो ब्रह्मज्ञानी हिंड्दछ

सबैको भलो गर्ने हो त्यो दिव्य ज्ञानी।

४.४.१६ वर्षहरू जसको तल आफ्ना दिनका साथ परिक्रमा गर्दछन्, त्यो दिव्य ज्योतिमा देवता अमरत्वको ध्यान गर्दछन्।

४.४.१७ पाँचैमा रहेका अन्तरिक्ष साथै, त्यही आत्मा हो। म भन्छु त्यही हो ब्रह्म, त्यही हो अमर ब्रह्म।

४.४.१९ मनले मात्रै आत्मसात् गर्नुपर्छ

यसमा केही फरकै छैन।

"मृत्युबाट मृत्युमा गइरहन्छ" भन्नेले

मात्र केही फरक देख्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४.४.२२ बृहत् अजन्मा आत्मा जो बुद्धिले चिनिन्छ र विभिन्न अङ्गहरू (प्राण) भित्र रहेको हुन्छ, त्यो मुटुभित्रको अन्तरिक्षमा रहेको हुन्छ। यो सबैको नियन्त्रक, सबैको अधिपति र सबैको शासक हो। यो सबैको रक्षक हो। यो त्यो किनारा हो जसले विभिन्न लोकलाई अलग्ग राख्दछ। यो त्यही हो जसलाई ब्राह्मणहरूले जप, पाठ, दान, तप र उपवासद्वारा चिन्ने प्रयत्न गर्दछन्। यो त्यही हो जसलाई चिन्न सके मनुष्य ऋषि बन्दछ। यो त्यही हो जसलाई फिरन्ता जोगीहरूले आफ्नो संसार सम्झेर आफ्नो घरवार त्याग्छन्। यही सब जानेर पुराना विद्वान्हरूले सन्तानको इच्छा गरेनन्। हाम्रो संसार यही हो, हाम्रो इच्छा यही हो, सन्तानको के प्रयोजन? त्यसैले तिनले सन्तानको, सम्पत्तिको र लोकको इच्छा छोडिदिए र सन्यासी भए। सन्तानको इच्छा र सम्पत्तिको इच्छा एउटै हो। सम्पत्तिको इच्छा गर्नु लोकको इच्छा गर्नु हो, दुबै केवल इच्छा मात्र हुन्।

यस आत्मालाई केवल "यो हैन, यो हैन" मात्र भन्न सकिन्छ। यसलाई समात्न सकिन्न, किनभने यो पकडमा आउँदैन। यो नाश हुँदैन किनभने यो नाशवान् होइन। यसमा केही टाँसिदैन किनकि यो कुनैमा टाँसिदैन। यो बन्धनमा छैन। यो कष्टले दुखी हुँदैन, डरले काम्दैन। यी दुई विचारहरूले यसलाई कहिल्यै छुँदैनन्। "मैले यसका लागि खराब काम गरें अथवा मैले यसका लागि असल काम गरें।" यसले यी दुबैलाई जितेको हुन्छ। गरिएको वा नगरिएको कामले यसलाई केही फरक पार्दैन।

४.४.२३ यही कुरा ऋग्वेदको मन्त्रमा भनिएको छ। ब्राह्मणहरूमा भएको सनातन महत्ता यही ब्रह्म हो। यो कर्मले सानो वा ठूलो हुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसैले मानिसले यो बुझ्नुपर्दछ। यो बुझेपछि उसलाई दुष्कर्म हुँदैन। यो जसले बुझेको छ, त्यो व्यक्ति शान्त, सहनशील तथा अन्तरकेन्द्रित हुन्छ। उसले ब्रह्मलाई आफैंमा देख्दछ र सबैलाई ब्रह्म नै देख्दछ। दुष्टताले उसलाई छुँदैन र परै रहन्छ। दुष्टले उसलाई दुख पुऱ्याउँदैन, उल्टो सबै दुष्टता उसले पचाइदिन्छ। उ पाप मुक्त, दाग रहित, संशयहीन, तथा ब्रह्मज्ञानी हुन्छ। ब्रह्मको संसार यही हो। हे सम्राट्! यो तिमीले उपलब्ध गरेका छौ – याज्ञवल्क्यले भने। ... 'म तपाईंको सेवामा यो विदेह राज्य तथा स्वयंलाई समर्पण गर्दछु' राजा जनकले विनति गरे।

४.४.२४ त्यो महान् अजन्मा आत्मा, जर, अमर, डरबाट मुक्त छ। यो जान्ने अवश्य पनि ब्रह्म हुन्छ जो पनि मुक्त छ।

४.५.६ याज्ञवल्क्यले भने – हे मैत्रेयी! कुनै पनि पत्नीले पतिको प्रेमले गर्दा पतिलाई माया गरेको हैन। यो त उनले आफैलाई माया गरेको हो।

हेर, ए मैत्रेय! आफ्नै आत्मालाई हेर्नुपर्छ, सुन्नुपर्छ, त्यसैमा विवेचना र ध्यान गर्नुपर्दछ। यसरी सुनेर, हेरेर, विवेचना र ध्यान गरेर आत्मज्ञानी भएपछि यी सबैको ज्ञान हुन्छ।

४.५.१ याज्ञवल्क्यका मैत्रेयी र कात्यायनी दुई पत्नी थिए। मैत्रेयी ब्रह्मवादिनी थिइन् तर कात्यायनीलाई गृहस्थीमा रुचि थियो। एक दिन याज्ञवल्क्यले अर्को वृत्ति (सन्यास) लिने मनसुवा गरे।

४.५.१५ जहाँ वास्तवमा दुईटा छ (दोहोरो), त्यहाँ एउटाले अर्कोलाई देख्न सक्दछ, चाख्न सक्दछ, सुँघ्न सक्दछ, सुन्न सक्दछ, विचार गर्न सक्दछ, छुन सक्दछ, र जान्न सक्दछ। तर ब्रह्मज्ञानीलाई त सम्पूर्ण नै ब्रह्म भएपछि, त्यहाँ के हेर्ने छ र के ले हेर्ने ? त्यहाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुँघ्न के छ र के ले सुँघ्ने? त्यहाँ चाख्ने के छ र के ले चाख्ने? त्यहाँ कसको अभिवादन गर्ने र के ले बोल्ने? त्यहाँ कसको सुन्ने र के ले सुन्ने? त्यहाँ छुन को छ र कसरी छुने? त्यहाँ जान्नुपर्ने के छ र के ले जान्ने?

यो ब्रह्मको लागि केवल "नेति नेति ! यो हैन, यो हैन" मात्र भन्न सकिन्छ । उसलाई समात्न सकिन्न । किनभने ऊ पकडमा आउँदैन। उसको नाश हुँदैन किनभने ऊ नश्वर छ। उसमा केही टाँसिदैन किनभने टाँसिन सक्दैन । ऊ बन्धनमा छैन तै पनि डरले काम्दैन न त चोटपटकले दुःखी हुन्छ।

हेर जान्नेलाई के ले जान्ने? ल मैले तिमीलाई सिकाएँ । अमरत्वको लागि त्यति नै हो। यति भनेर याज्ञवल्क्य गए।

६.२.५ उनले (आरुणिले) भने "तिमीले मलाई यो वर दिने वाचा गरेका छौ। मलाई कृपया बताऊ, मेरो छोरालाई के भन्यौ?"

६.२.१५ जसले यो जानेको छ र ती जो जङ्गलमा बसेर सत्यब्रह्ममा निष्ठापूर्वक ध्यान गर्दछन्, ती व्यक्तिहरू आगोको ज्वालामा चिनिने देवतामा पुग्छन्। त्यसबाट उनीहरू दिनको देवता, उनबाट कृष्णपक्षको देवता, उनबाट छ महिना उत्तरायण हुने देवता, उनबाट दैवलोक, उनबाट सूर्यमा र सूर्यबाट दिव्यलोकको देवता बिजुलीमा पुग्दछन् । त्यहाँबाट, परमपुरुषको मानसबाट कोही आएर उनलाई ब्रह्मलोक लैजान्छन् । उनीहरू त्यहीं लामो समयसम्म रहन्छन् र त्यहाँबाट फर्कँदैनन्।

ईशोपनिषद: (ई उ.)

कुर्वन्नेन्वेह कर्माणि जिजिविषेच्छतं समाः ।
एवं त्वयि नान्यथेतो न कर्म लिप्यते नरे ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भावार्थ :- कर्म गर्दै १०० वर्ष बाँच्ने इच्छा व्यक्त गर्नुपर्दछ । यस्तो चाहना गर्ने व्यक्तिको निम्ति यस्तो गर्नु बाहेक अर्को कुनै उपायले कर्म टाँसिदैन ।

ऐतेरीय उपनिषद्:

भावार्थ :- ॐ ! प्रारम्भमा यही परम आत्मा एक्लो थियो । त्यो बाहेक आँखा झिम्क्याउने अन्य कुनै पनि थिएन । यसले विचार गऱ्यो "ल संसारको सृष्टि गर्नुपऱ्यो" ॥१॥

भावार्थ :- उनले यी लोकहरू सृष्टि गरे– स्वर्गभन्दा माथिको 'अभ्यास' हो, स्वर्ग यसको आधार हो; आकाश 'मरीचि' हो । यो पृथ्वी 'मर' हो । यी सबैभन्दा तलका लोकहरू 'आप' हुन् ॥२॥

मुण्डक उपनिषद्: (मुउ.)

१.१.९ **भावार्थ :-** सर्वव्यापी, सर्वज्ञानी जसको तपस्या नै ज्ञानमय छ, त्यसैबाट यो नाम, रूप, भोज्य पदार्थसहित बह्म भएको हो । (हिरण्यगर्भ पनि भनिएको छ ।)

२.१.१० **भावार्थ :-** हे सौम्य ! यी सबै कर्म, ज्ञान आदि 'पुरुष' मात्रै हुन् । यो अमर परम ब्रह्म हृदयमा रहनेलाई जो जान्दछ उसले अविद्याको गाँठोको नाश गर्दछ ।

२.२.५ **भावार्थ :-** आकाश, पृथ्वी, अन्तरिक्ष, मन तथा सबै प्राणहरू गुथिएको त्यो मात्र एउटै आत्मा हो भन्ने जान । अरु सबै त्यागिदेउ, किनभने यही नै अमृततत्त्वको लागि तार्न सक्ने पुल हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२.२.११ **भावार्थ :–** त्यो अमृतमय ब्रह्म नै अगाडि छ, पछाडि छ, दायाँ छ, बायाँ छ, माथि र तल पनि उही छ। यो विश्व नै परम ब्रह्म हो।

३.१.१ **भावार्थ :–** दुईटा उस्तै नाम र राम्रा पखेटा भएका (चराहरू) एउटै रुखमा छन्। ती मध्ये एउटाले स्वादिला फलहरू चाख्छ, तर अर्को हेरिरहन्छ।

१.२.११ **भावार्थ :–** निष्ठापूर्वक जप र ध्यान गर्दै जङ्गलमा बसेका शान्त अनि भिक्षाटन गरेर हिँड्ने व्यक्तिहरू सूर्यको बाटोबाट त्यो अमृतमय पुरुषमा पुग्दछन्।

२.२.८ **भावार्थ :–** मुटुको गाँठो काटिन्छ, सबै शङ्का हट्दछन्, सबै कर्महरू पनि सकिन्छन् जसलाई वरपर सर्वत्र देखिन्छ।

प्रश्नोपनिषद्: – ३.९, ५.२ (प्र.उ.)

३.९ **भावार्थ :–** त्यो ज्योतिरूपमा जानिन्छ, त्यो उदान हो। त्यसकारण त्यो तेज गएपछि, त्यस व्यक्तिका इन्द्रियहरू मनभित्रै पुग्दछन् र फेरी पुनर्जन्म हुन्छ।

५.२ **भावार्थ :–** हे सत्यकाम ! यही नै दुवै सगुण र निर्गुण ब्रह्म हो। त्यसैले, जसले यो बुझेको छ उसले एउटै कर्मबाट दुबैलाई प्राप्त गर्न सक्तछ।

केन उपनिषद्: –१.४ १.५, (के.उ.)

१.४/१.५ **भावार्थ :–** त्यो "जानिएको" भन्दा अवश्यै पनि फरक छ। "नजानिदो भन्दा पनि माथि छ" भन्ने पनि उपदेश गरिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ। जसलाई बोलीले बोल्न सकिन्न, जसबाट वाणी प्रस्फुटित हुन्छ, त्यही नै ब्रह्म हो भन्ने जान, पूजा गरिएकोलाई होइन।

कठोपनिषद्ः– १.२.६, १.३.१५, २.४.११, २.१.१, २.५.७, २.४.१०, २.४.११, २.३.२ (क.उ.)

१.२.६ **भावार्थ :–** यमले भन्दछन् : "धन लोलुप व्यक्तिले अर्को लोक प्राप्त गर्ने तरिका थाहा पाउँदैन; त्यो मूर्ख गल्ती गरिरहन्छ। "अर्को लोकै छैन" भन्ने व्यक्ति मेरो वशमा फेरि फेरि आइनै रहन्छ।

१.३.१५ **भावार्थ :–** जसले सुन्न नसकिने, छुन नसकिने, देख्न नसकिने, ननासिने, स्वाद नभएको, अनन्त, गन्धहीन, अनादि, "महत्" (बुद्धि) भन्दा बेग्लै यसलाई (ब्रह्मलाई) जानेको छ, त्यो मृत्युको मुखबाट बाँच्दछ।

२.४.११ **भावार्थ :–** मनले मात्र के बुझ्नुपर्छ भने त्यहाँ केही फरक छैन; जसले यस्तो फरक देख्छ, त्यो पटक–पटक मर्दछ।

२.१.१ **भावार्थ :–** शुद्ध चेतना भएको त्यो अजन्मा एघार द्वार भएको सहरमा बस्दछ। यसमा ध्यान गर्नेले दुःख पाउँदैन र दुःखबाट मुक्ति प्राप्त गरेपछि पूर्ण मुक्ति पाउँछ। यो सत्य हो।

२.५.५ **भावार्थ :–** प्राण वा अपानबाट कोही जीवित रहँदैन–तर यी दुई जसमा आधारित छन्, त्यसबाट ऊ जीवित रहन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तैत्तिरीय उपनिषद्: २.७.१, २.९

२.७.१ **भावार्थ :-** प्रारम्भमा यो विश्व असत् थियो । त्यसबाट सत् (ब्रह्म) निस्क्यो । त्यो ब्रह्मले आफूलाई आफैबाट सृष्टि गर्यो । त्यसले यसलाई 'सुकृतम्' अर्थात् स्वयं स्रष्टा भनिन्छ ।

२.९.१ **भावार्थ :-** त्यहाँ पुग्नुभन्दा मनसँग शब्दहरू फर्किन्छन् । विद्वान्ले ब्रह्मानन्द प्राप्त गरेपछि कसैसँग डराउँदैन ॥१॥

कौषीतकि उपनिषद्: ३.६ (कौउ.)

छान्दोग्य उपनिषद्:

१.१.१ जपको प्रारम्भमा ॐ मा ध्यान गरौं ॥१॥

१.१.३ यो तत्त्वको पनि तत्त्व हो - उच्चतम, आठौं खुड्किलोको आदरणीय र पवित्र छ । ॐ नै सबैको आत्मा हो ।

१.१.१० जसले यसलाई जान्दछन् जसले जान्दैनन्, दुवै थरी त्यही कर्म गर्दछन् तर ज्ञान र अज्ञानमा धेरै फरक छ । ज्ञानपूर्वक निष्ठाका साथ र यसमा लुकेर बसेका सम्बन्धहरूको चेतनाका साथ गरेका कर्महरू (यज्ञहरू) बढी सक्षम छन् । यही अविनाशी ॐ को महत्त्व हो ।

१.२.१३ त्यसपछि बकदाल्भ्यले त्यो थाहा पाए । उनी नैमिषाका बासिन्दाहरूका उदगात्र भए र आफ्नो प्रार्थनाले उनीहरूको मनकामना प्राप्त गराए ।

१.५.१ त्यसैले महान् जप ॐ हो । ॐ महान् जप हो । किनभने जब यो चल्छ, यसले ॐ ध्वनि निकाल्छ ।

१.५.५ त्यसैले महान् जप ॐ हो । ॐ महानतम जप हो । त्यसैले अशुद्धसँग पाठ गरिएको महान् जपलाई होत्रले सच्याउँछन् ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१.६.१ ऋक् – यो पृथ्वी हो सामन जप अग्नि हो। त्यसैले सामन ऋक् माथि छ र त्यसकारणले सामन ऋक्भन्दा पहिले गाउनुपर्दछ। 'सा' पृथ्वी हो 'अम' आगो हो। यसरी सामन बन्दछ॥१॥

२.३.२ जब कोही यो जान्दछ र वर्षामा पाँच पत्रे सामनको निष्ठापूर्वक पाठ गर्दछ, उसको निम्ति पानी पर्दछ र उसले पानी पार्छ।

२.१३.१–२ यी वामदेव्य सामन यौनक्रिया हो। यसमा पुरुषले रितपूर्वक यौन क्रिया गरेमा दीर्घायु हुन्छ र जीवनमा सफलता प्राप्त गर्छ भन्ने आशय छ।

३.९.१ चौथो अमृतलाई चन्द्रमाको मुखबाट मरुत्हरूले खान्छन्। देवताहरूलाई खान पिऊन पर्दैन–हेरेरै तृप्त हुन्छन्।

३.१४.२ यो मेरो आत्मा मेरो मुटुको गहिराइमा रहन्छ। यो मनले बनेको हो। यसको प्राण, यसका भौतिक अङ्गहरू हुन्। यो दिव्य छ, दृढ प्रतिज्ञ छ, अन्तरिक्ष यसको मर्म हो। यसैमा सबै कर्म, इच्छा, गन्ध, स्वाद निहित छन्। यसले सम्पूर्ण विश्व जितेको छ। न यो बोल्छ, न त कसैको वास्ता गर्दछ।

३.१५.१ शरीरको सन्दर्भमा 'ब्रह्म मन हो' भनेर ध्यान गर्नुपर्छ। दैवी पक्षमा 'ब्रह्म अन्तरिक्ष हो' भन्ने सम्भिनुपर्छ। यसरी दुवै पक्षमा सट्टा गर्न सकिन्छ।

३.१७.६ छोरा अंगिरसले यही शिक्षा देवकी पुत्र कृष्णलाई दिएका थिए। उनी त्यस समय पूर्णरूपले इच्छाविहीन र मरणासन्न थिए। उनले भने सुरक्षाको निम्ति यिनैमा भर पर्नुपर्छ। 'तिमी अविनाशी छौ, तिमी प्राणबाट शक्तिमान् छौ, तिमीमा कुनै विकार छैन।' यसै सन्दर्भमा ऋग्वेदमा दुई मन्त्रहरू छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३.१९.१ 'ब्रह्मसूर्य हो' – सट्टा गर्ने (अध्यास) नियम अनुसार । यसको थप व्याख्याः प्रारम्भमा यो विश्व केवल केही थिएन । भैरहेको पनि त्यही नै थियो । त्यसपछि यो एउटा फल (अण्ड) मा परिणत भयो र एक वर्षसम्म त्यसै बसेपछि यो कोरल्यो र दुई टुक्रामा फुट्यो । एक भाग सुनौलो भयो, अर्को भाग चाँदीको भयो ।

शरीरको सन्दर्भमा (आत्मा)

४.३.३ त्यो सबै बटुल्ने श्वास हो । सुतेको मानिसको बोली श्वासमा पुग्छ, दृष्टि, श्रवणशक्ति र मन पनि श्वासमै पुगेको हुन्छ । किनभने यो श्वास नै हो जसले यो सबै बटुल्छ ।

४.४.५ हरिद्रुमतले भने – ब्राह्मण बाहेक यस्तो कसले भन्न सक्तछ र? समिधा लिएर आउ – म तिमीलाई दीक्षा दिन्छु । दीक्षा दिएपछि ४०० अति रुग्ण, दुब्ला गाईहरू उसलाई पाल्न दिए । सत्यकामले भने – यी १००० पुगेपछि म फर्कनेछु ।

४.१०.१ अरु चेलाहरूलाई दश वर्षपछि घर जान दिए पनि सत्यकाम जावालले उपकोशल कात्यायनलाई भने आज्ञा दिएनन् ।

४.१०.५ उसले जवाफ दियो– ब्रह्म नै श्वास हो भन्ने म बुझ्दछु तर यो कसरी अन्तरिक्ष पनि हुन्छ?

४.१५.१ उसले बतायो – 'यो आँखामा देखिने' आत्मा हो । त्यो अमर र भय रहित छ, त्यो ब्रह्म हो । त्यसैले यदि कसैले घ्यू अथवा पानी आँखामा हालिदिएमा त्यो दुईतिरबाट बग्छ ।

४.१७.१० यो जसले जान्दछ, त्यो ब्रह्मण पुरोहित हुन्छ । त्यसैले यज्ञको रक्षा गर्दछ । यजमानको तथा अन्य पुरोहितहरूको पनि रक्षा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्दछ । त्यसैले केवल ब्रह्मज्ञानी ब्राह्मणलाई मात्र पुरोहित बनाउनुपर्दछ – ब्रह्म नजान्ने अज्ञानीलाई होइन।

५.१.१ सत्य हो जसले सबभन्दा पहिलो र सबभन्दा उत्तम जान्दछ उही नै जेष्ठ र उत्तम हुन्छ । प्राणवायु नै सबैभन्दा पहिलो र उत्तमोत्तम हो।

५.२.२ उसले सोध्यो 'के मेरो लुगा हुन्छ ?' उनले भने 'पानी'। त्यसैले खानुभन्दा अगाडि र खाइसकेपछि पानी खाइन्छ। त्यसरी उसले लुगा पाउँछ र नाङ्गो रहँदैन।

५.५.३ राजसी सोमलाई त्यो अग्निमा देवताहरूले चढाउँछन् र त्यो तर्पणबाट वर्षात् हुन्छ।

५.७.१ हे गौतम ! सत्य नै मनुष्य यज्ञको अग्नि हो, बोली त्यसको समिधा हो, श्वास त्यसको धुवाँ हो, जिब्रो ज्वाला हो आँखाहरू अँगार र कानहरू फिलिंगा हुन्।

५.८.१ हे गौतम सत्य नै स्त्री यज्ञको अग्नि हो। उसको बीचको भाग समिधा हो, केश धुवाँ हो, योनी ज्वाला हो, सम्भोग अङ्गार हो र आनन्द फिलिंगा हुन्।

५.९.१ त्यसकारण, पानीको पाँचौ तर्पण पुरुष हुन्छ भनिन्छ । यो सालले ढाकिएर ९/१० महिना गर्भमा रहेर जन्मिन्छ।

५.१०.५/६ सत्कर्म बाँकी रहुन्जेल ती त्यहीं रहन्छन् र त्यसपछि उही बाटो हुँदै फर्कन्छन्। अन्तरिक्ष, त्यहाँबाट हावा, हावा भएपछि धुवाँ र धुवाँबाट गर्जने बादल बन्दछन्। त्यसपछि मेघ बन्दछन् र वर्षा हुन्छ। पृथ्वीमा पुगेपछि धान, जौ भएर उम्रन्छन्, जडीबुटी र रुखहरू, तिल र वनस्पति, जसबाट उम्कन निकै गाह्रो छ। खाएर जसले बीर्य जम्मा गरिदिन्छ उसकै रूपमा फेरी जन्मन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५.१०.७ अब जसको सभ्य व्यवहार छ उसले राम्रो योनिमा छिर्न पाउँछ, जस्तो कि ब्राह्मण, क्षेत्रीय, वैश्य इत्यादि तर जसको दुष्ट आचरण छ त्यो नीच योनिमा जस्तै कुकुर्नी, सुँगुर्नी वा जाति भ्रष्ट नारीको योनिमा।

५.१०.१० त्यो व्यक्ति जसले यो पञ्चाग्निलाई जानेको छ, ऊ दुष्ट पापीहरूको सङ्गतले पनि ऊ पापी हुँदैन। यो जरूरै जान, त्यो जान्ने मानिस स्वच्छ, शुद्ध, हुँदै पुण्य लोकमा पुग्दछ।

५.१२.१ हे औपमान्यव ! आत्मालाई कसरी पूजा गर्छौ? 'राजन्' 'देवता सरह' तिमी जसलाई पूजा गर्छौ त्यो दिव्य चम्किलो आत्मा हो– जुन सबैमा हुन्छ। त्यसैले तिम्रो वंशले (सोमको तिनै) रूप, प्रसूत, असुत देखेको छ।

६.१.१ आरुणीले छोरा श्वेतकेतुलाई एक दिन भने– 'हेर छोरा जन्मेर मात्र हाम्रो कुलमा कुनै ब्राह्मण हुँदैन ब्रह्मचर्यमा वसेर वेद पढ्नुपर्छ।'

६.१.३ 'त्यो के हो जो नसुनिने पनि सुनिने हुन्छ, विचारै गर्न नसकिने पनि विचारणीय हुन्छ र जान्नै नसकिने जानिन्छ?' 'हे भगवन् त्यो आदेश गर्नुहोस्।'

६.२.१ प्रारम्भमा यो विश्व केवल एक सत् थियो – अरु केही थिएन। कोही भन्दछन् 'प्रारम्भमा केवल असत् एक्लो थियो, अरु केही थिएन। त्यही असत्‌बाट सत् को सृष्टि भएको हो।'

६.२.२ तर हे सौम्य ! त्यस्तो कसरी हुन सक्तछ ? अस्तित्व नै नभएकोबाट अस्तित्व भएको कसरी उत्पन्न हुन्छ? हे सौम्य ! शुरुमा त्यहाँ केवल एउटा सत् मात्र थियो, अरु केही थिएन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६.२.३ त्यसले विचार गर्यो – 'म धेरै बनुँ – म अरु जन्माउँछु', त्यसले तेजको (आगोको) सृजना गर्यो । त्यो तेजले विचार गर्यो – 'म धेरै बनुँ – म अरु जन्माउँछु' । त्यसले पानी उत्पन्न गर्यो । त्यसैले गर्मी भएमा पसिना आउँछ । त्यसरी पानी त्यो तेजबाट उत्पन्न भयो ।

६.२.४ पानीले विचार गर्यो – 'म धेरै बनुँ, म अरु जन्माउँछु ।' त्यसले अन्न उत्पन्न गर्यो । त्यसैले वर्षामा अन्नको प्रचुरता हुन्छ । त्यसरी पानीबाटै अन्न आदि उत्पन्न भएका हुन् ।

६.३.२ ल हेर – केवल ३ प्रकारले जीवनको सृष्टि हुन्छ –
डिम्बबाट (अण्डज), जन्मेर (जन्य), उद्भिज (उम्रेर) ।

६.४.१ आगोको रातो रङ् ताप हो, सेतो रङ् पानी तथा कालो अन्न हो । यसरी आगो आगो नै रहन्न तर यो परिवर्तन केवल नाम मात्रमा हो । सत्य के हो भने यी ३ त केवल रूप मात्रै हुन् (आगो आगो नै रहन्छ) ।

६.४.६ जब रातो देखियो – त्यो ताप हो भन्ने जाने ।
जब सेतो देखे – त्यो पानी हो भन्ने जाने
जब केही कालो देखे – त्यो अन्न हो भन्ने जाने ।

६.५.४ यसको जरो यसको अन्न हो, अरु के हुन सक्तछ र? उद्भिजको अन्न पानी हो । पानीको अन्न आगो हो । आगोको जरा (सत्ब्रह्म) हो । यो सत् नै सबैको जरा हो । सत् मै सबै रहेका हुन्छन्, सबैको आधार यही सत् हो ।

६.५.१ उद्दालक आरुणिले छोरो श्वेतकेतुलाई भने 'हे छोरा ! सपनाको अन्त्यमा के हुन्छ मसँग सिक । त्यो मानिस निद्राको अवस्थामा हुन्छ । त्यस अवस्थालाई अपित भनिन्छ । स्वप्नान्तमा त्यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सतमा मिल्दछ, जसलाई स्वपित भनिन्छ, अर्थात् ऊ स्वयंमा विलीन भएको हुन्छ।'

६.८.६/७ 'मरणासन्न अवस्थामा हे पुत्र ! उसको बोली मनमा पुग्दछ, मन प्राणवायुमा पुग्छ, प्राणवायु तापमा पुग्दछ र ताप परम्परमेश्वरमा (सत् मा) पुग्दछ।

यसको उत्तम मर्म यही हो, त्यो सत् जुन सम्पूर्ण विश्वको आत्मा हो – 'श्वेतकेतु ! त्यो तिमी नै हौ।'

'मलाई अरु सिकाउनुहोस्, भगवन्।'

'ल हुन्छ, सौम्य !'

६.११.३ त्यसरी नै हे सौम्य ! यो शरीर मर्दछ, जब यो आत्मारहित हुन्छ, त्यसबेला आत्मा त मरेको हुँदैन। यसको उत्तम मर्म यही हो, त्यो सत् सम्पूर्ण विश्वको आत्मा हो। त्यही सत्य हो। त्यही आत्मा हो। स्वेतकेतु ! त्यो तिमी नै हौ।

'भगवन् मलाई अरु सिकाउनुहोस्।'

'ल हुन्छ, सौम्य !'

७.१.५ कसैले नाम दिएर ब्रह्मलाई ध्यान गर्दछ भने त्यसको पहुँच त्यो नाम पुग्ने ठाउँसम्म हुन्छ (यदि ब्रह्मलाई नामको रूपमा ध्यान गरेको हो भने।)

'भगवान् ! के नाम भन्दा ठूलो पनि केही छ?'

'हो, छ। नाम भन्दा पनि ठूलो।'

'कृपया मलाई भन्नुहोस् भगवान् !'

७.२.२ कसैले आफ्नो वचनले ब्रह्मलाई ध्यान गर्दछ भने, त्यसको पहुँच त्यो वचन पुग्ने ठाउँसम्म हुन्छ। यदि ब्रह्मलाई वचनको रूपमा ध्यान गरेको हो भने 'के वचन भन्दा पनि ठूलो केही छ?'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'हो छ। वचनभन्दा पनि ठूलो केही छ।'

हे भगवान् त्यो मलाई बताउनुहोस्।

७.४.३ कसैले सङ्कल्पलाई ब्रह्मको रूपमा ध्यान गर्दछ र स्वयंलाई दृढ, प्रतिज्ञ र अटल राख्दछ भने त्यसको पहुँच त्यो सङ्कल्पको पूरै स्थानमा हुन्छ। यदि ब्रह्मलाई आफ्नो सङ्कल्प मानेर ध्यान गरेको हो भने।

'सङ्कल्प भन्दा पनि केही ठूलो छ?'

हो छ। सङ्कल्पभन्दा पनि ठूलो केही छ।

हे भगवान् ! त्यो मलाई बताइदिनुहोस्।

७.१५.१ प्राणवायु आशा भन्दा ठूलो छ। पाङ्ग्रामा तार जोडिएको जस्तै प्राणवायुले सबैलाई जोडेको हुन्छ। प्राणले प्राण दिन्छ, प्राणलाई दिन्छ, प्राण अगाडि प्राण हुन्छ। पिता, माता, दाजुभाइ, दिदीवहिनी, गुरु यी सब प्राणवायु हुन् र ब्रह्म नै प्राण हो।

७.२५.२ अब आत्मा बारे उपदेश गरिन्छ। आत्मा तल छ, माथि छ, अगाडि छ, पछाडि छ, दायाँ पट्टी छ, बायाँमा छ वास्तवमा सर्वत्र छ। जसले यो देखेको छ, जानेको छ, बुझेको छ, उसले आत्मामै आनन्द पाउँछ, साथी पाउँछ र आत्मामै मिल्दछ। उ आफ्नै मालिक हुन्छ र स्वतन्त्र भएर विश्व भरी घुम्न सक्तछ।

तर यस्तो नजान्नेहरूलाई अरूले शासन गर्दछन् र यो नश्वर संसारमा स्वतन्त्र रूपले उनीहरू केही गर्न सक्तैनन्।

८.१.३ उसले भन्नुपर्छ "हामी वरिपरिको यो सबै बृहत् ठाउँ मुटुभित्र अटाएको छ। आकाश र पृथ्वी, आगो र वतास चम्कने बिजुली

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र ताराहरू, यी सबै मुट्ठभित्रै छन्। जे जे छन् र जे जे छैनन्, ती सबै मुट्ठभित्रै छन्।"

८.३.४ यो शान्त छ। शरीरबाट उठेर उच्चतम दिव्यज्योतिमा पुग्दछ के त्यहाँ आफ्नै रूपमा मिल्दछ। यही आत्मा हो। यो अमर छ, भय रहित छ र यही ब्रह्म हो। 'सत्य' नै यस ब्रह्मको नाम हो।

८.४.१/२ अब हेर, यो आत्मा एउटा पुल हो – बाँधले जब लोकहरूलाई अलग्ग राख्दछ। दिन र रात, वृद्धावस्था र दुःख, असल र खराब कर्म, कसैले पनि यो बाँधलाई तर्न सक्दैनन्। दुष्टता (पाप) त्यहाँबाट फर्कन्छ किनभने ब्रह्ममा दुष्टता हुँदैन।

त्यसैले यो बाँध तरेपछि अन्धो अन्धो रहँदैन, घाइते घायल रहन्न, दुःखी दुःखित हुँदैन र रात पनि दिन हुन्छ, किनभने ब्रह्ममा उज्यालै उज्यालो भैरहन्छ।

८.५.३ उपवास गर्नु भनेको ब्रह्मचर्य हो र त्यसबाट ब्रह्म प्राप्ति हुन्छ जुन नाश हुँदैन। वास्तवमा अरण्यायन भनेको पनि ब्रह्मचर्य नै हो। यहाँबाट तेस्रो ब्रह्मलोकमा अर र न्यय नामका दुई समुद्र छन्। त्यही नै ऐरनमदिय ताल, सोमसवन भन्ने बरको रुख, अपराजित भन्ने दुर्ग (किल्ला) र ब्रह्माको सुनौलो सभाकक्षमा प्रभु छन्।

८.१२.३ त्यही तवरले, यो शान्त आत्मा, शरीरबाट उठेपछि, त्यो उच्चातिउच्च प्रकाशपुञ्जमा पुग्छ र आफ्नै रूपमा परिणत हुन्छ। यो उच्चातिउच्च व्यक्ति हो।

त्यो आफ्नो शरीरलाई बिर्सेर, गोरु जोतिएको जस्तै प्राण त्यो शरीरमा जोडिएको हुन्छ। ऊ त्यहाँ घुम्छ, हाँस्छ, खेल्छ, नातेदारहरू, स्त्रीहरू, रथहरूसँग बिर्सेर रमाउँछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८.१३.१ म अन्धकारबाट चकाचक उज्यालोमा र चकाचक उज्यालोबाट अन्धकारमा जान्छु। घोडाले रौं झारे जस्तै दुष्टता त्यागेर राहुको ग्रासबाट चन्द्रमा छूटे जस्तै गरी स्वतन्त्र हुँदै म उत्तम आत्मा यो त्रुटिपूर्ण शरीरलाई त्याग्छु र ब्रह्मत्व प्राप्त गर्दछु।

८.१५.१ जसले गुरुसँग वेद पढेपछि, गृहस्थ भएर स्वयं शास्त्र पनि अध्ययन गर्दै, पुत्र लाभ गरेर, अहिंसापूर्वक आत्मामा ध्यान गर्दै पूर्ण जीवनयापन गर्दछ, त्यो ब्रह्मलोक पुग्दछ र कहिल्यै फर्कदैन– यो तथ्य ब्रह्माले प्रजापतिलाई, प्रजापतिले मनुलाई, मनुले मानवजातिलाई बताएका हुन्।

ऋग्वेद

३.१२.६ यसको महत्ता यस्तो छः

त्यो भन्दा पनि ठूलो त्यो पुरुष हो
त्यसको एक चौथाई सम्पूर्ण जीवात्मा हुन्
र बाँकी ३ चौथाई अमृतमय अन्तरिक्ष हो।

४.१.१ जनश्रुति पुत्रायन अत्यन्त दानी थिए। उनले सबैलाई सर्वत्र खुवाउँथे। उनी भन्थे – 'सबैले म बाटै भोजन गरुन्।'

४.१.३ अर्को हाँसले सोध्यो – 'उ रैक्व जस्तो छ र तिमी त्यस्तो भन्छौ?' त्यो रैक्व कसरी हो?

गीता

२.५४ हे केशव ! अटल ज्ञान प्राप्त गरेको व्यक्तिलाई कसरी वर्णन गर्ने? समाधिमा स्थिर यस्तो व्यक्ति कसरी हिंड्छ, कसरी बोल्छ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६.१ भगवान्ले भन्नुभयोः

जो फलको इच्छा नगरिकन गर्नुपर्ने कर्तव्य गर्छ, त्यो सन्यासी हो– यज्ञ नगर्ने र अग्नि प्रज्वलन नगर्ने मात्र सन्यासी होइन।

६.४५ भगवान्ले भन्नुभयोः

योगी जो परिश्रमका साथ प्रयत्न गर्दछ, सबै पापबाट शुद्ध भएर, धेरै पटक जन्मेर आफूलाई योग्य बनाएपछि परम गतिमा जान्छ।

८.६ भगवान्ले भन्नुभयोः

हे कुन्तीपुत्र ! शरीर त्याग्ने अन्त्यावस्थामा आत्मा त्यसमा जान्छ, जसमा उसले विचार गरिरहेको हुन्छ।

१४.१७ सत्वबाट ज्ञान हुन्छ, रजबाट लोभ, तमबाट प्रमाद, मोह र अज्ञानता जन्मन्छ।

१५.७ भगवान्ले भन्नुभयोः

मेरो अनन्त मनसहित अंश जो जीवात्माको रूपमा संसारमा आउँछ, त्यसले ६ वटै ज्ञानेन्द्रियहरूलाई आकर्षित गर्दछ र प्रकृतिमा रहन्छ।

१५.१२ भगवान्ले भन्नुभयोः

सूर्यको तेज जसले यो विश्वलाई नै उज्यालो पार्दछ, जुन चन्द्रमामा छ, र आगोमा पनि छ, त्यो मैंरै हो भन्ने बुझ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डा. प्रसन्न चन्द्र गौतम

यो ग्रन्थ हाम्रो अत्यन्तै महत्त्वपूर्ण धरोहर हो। वेदान्त सूत्रलाई पूर्वीय दर्शनको सार पनि मानिएको छ। प्राचीन कालदेखि नै बहुचर्चित ब्रह्मसूत्रको यस्तो यथार्थ भावानुवाद तथा टीकासहितको प्रस्तुति विरलै पाइन्छ।

यो पुस्तक सानो भए पनि यसमा प्राचीन संस्कृत साहित्यको परिचय, पूर्वीय दर्शनको परिचय तथा महत्त्वपूर्ण उपनिषदहरूका मन्त्रहरूको भावानुवाद समेत सरल तरिकाले प्रस्तुत गरिएको छ। यिनैबाट टीकाकारको बृहत् अध्ययन तथा अथक अनुसन्धानको आभास पाइन्छ।

ऋग्वेदको शब्दश अनुवाद गर्नुभएका तथा पूर्वीय दर्शन शास्त्रको सारसमेत प्रकाशित गर्नुभएका प्रा.डा. श्री प्रसन्न चन्द्र गौतमलाई हाम्रो हार्दिक बधाई छ।

श्रद्धेय विद्वच्छिरोमणि कुलचन्द्र गौतमको स्मृतिमा यो सह्रानीय रचना कम मूल्यमा समस्त विद्यार्थी तथा विद्वत्वर्गलाई उपलब्ध गराउन पाएकोमा यो संस्था गौरवान्वित भएको छ।

– प्रकाशक

प्रकाशक :
कुलचन्द्र गौतम स्मृति संस्था
गैह्रीधारा, काठमाडौं

9 789937 089265
NPR : 399/-